"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म पालक प्रवेश तृतीय वर्ष (तह ६)

## तृतीय पत्र

# चैत्य-पूजा, आदर्श बौद्ध महिलाहरू, मैत्री-भावना

अखिल नेपाल भिक्षु महासङ्घ

**नेपाल बौद्ध परियत्ति शिक्षा**

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म पालक प्रवेश तृतीय वर्ष (तह ६)

## तृतीय पत्र

## चैत्य–पूजा, आदर्श बौद्ध महिलाहरु, मैत्री–भावना

प्रधान सम्पादक

**भिक्षु धर्मगुप्त महास्थविर**

सम्पादक मण्डल

**भिक्षु बोधिज्ञान महास्थविर**

**भिक्षु निग्रोध महास्थविर**

**अमिता धाख्वा**

**डा. त्रिरत्न मानन्धर**

**डा. रीना तुलाधर बनिया**

https://dhamma.digital

प्रकाशकः अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास समिति

दिवंगत पिता धन बहादुर नकर्मी तथा माता इश्वरी नकर्मीको
पुण्यस्मृतिमा

धिजविर – कृष्णमति स्मृति प्रकाशनको तर्फबाट छोराहरूः चैत्य बहादुर, निर्मल, उत्तम बहादुर, इन्द्र कुमार, बाबुराजा र छोरीः धनमैयाँ नकर्मी सपरिवार (त्यौड, ढोकाबहाल हाल ढल्को, काठमाण्डौ) द्वारा नेपाल बौद्ध परियत्ति शिक्षाको लागि '**परियत्ति शिक्षाः परियत्ति सद्धम्म पालक प्रवेश तृतीय वर्ष तृतीय पत्र (नेपाली)**' प्रकाशनार्थ आर्थिक सहयोग गरिदिनुभएकोमा नेपाल बौद्ध परियत्ति शिक्षा साधुवाद व्यक्त गर्दछ ।

सर्वाधिकार सुरक्षित : नेपाल बौद्ध परियत्ति शिक्षा

चतुर्थ संस्करण : ५५० प्रति (परिमार्जित पाठ्यक्रम)
☸ बु. सं. २५६९ ☸ ने. स. ११४६ ☸ वि. सं. २०८२ ☸ ई. सं. २०२६

सहयोगार्थ रू. ८५।– मात्र । (प्राप्त रकम पुनः प्रकाशनको लागि प्रयोग हुनेछ ।)

सम्पूर्ण कम्प्यूटर कार्य : धिजविर–कृष्णमति स्मृति प्रकाशन, त्यौड, ढोका बहाल, काठमाण्डौ
इन्द्र कुमार नकर्मी, सम्पर्क नं. ९८४१९७३०३०, ०१–५३५३११६
मुद्रक : सिग्मा जनरल अफसेट प्रेस, साँचल, ललितपुर । फोन नं. ०१–५४५४०२९

दिवंगत पिता तुयू नकर्मी तथा माता कान्छी नकर्मी (त्यौड, ढोकाबहाल) को पुण्यस्मृतिमा
दाताः उपासक धन बहादुर नकर्मी तथा उपासिका ईश्वरी नकर्मी (क्षेत्रपाटी, ढल्को)
प्रथम संस्करणः १००० प्रति बु. सं. २५४६ ने. सं. ११२३ वि. सं. २०६० ई. सं. २००३

दिवंगत जहान इश्वरी नकर्मीको पुण्यस्मृतिमा
दाताः उपासक धन बहादुर नकर्मी प्रमुख छोराहरू र छोरी (क्षेत्रपाटी, ढल्को)
द्वितीय संस्करणः ५५० प्रति बु. सं. २५५९ ने. सं. ११३५ वि. सं. २०७३ ई. सं. २०१६

दिवंगत पिता धन बहादुर तथा माता इश्वरी नकर्मीको पुण्यस्मृतिमा
दाताः दि. उपासक धन बहादुर तथा दि. उपासिका इश्वरी नकर्मीका छोराहरु र छोरी (क्षेत्रपाटी, ढल्को)
तृतीय संस्करणः ६०० प्रति बु. सं. २५६५ ने. सं. ११४२ वि. सं. २०७८ ई. सं. २०२२

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति : तृतीय प्रवेश शिक्षा

## कक्षा - ६, भाग - ३, नेपाली

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश तृतीय वर्ष तृतीय पत्रको पाठ्य-पुस्तक)
(बु. सं. २५४६ देखि स्वीकृत)

**सम्पादन तथा संयोजन**

**कोण्डन्य**

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम समिति)

https://dhamma.digital

https://dhamma.digital

# निर्वाण कामना

**दिवंगत बुवा धन बहादुर नकर्मी र दिवंगत आमा इश्वरी नकर्मीको सुगति निर्वाण सुख प्राप्तिको कामना**



**धन बहादुर नकर्मी**

जन्म :
ने. स. १०५३ कछलागा चतुर्दशी
वि. सं. १९९० मंसिर ६ गते, सोमबार
दिवंगत :
ने. स. ११४० तछलागा सप्तमि
वि. सं. २०७७ जेष्ठ ३० गते, शुक्रबार



**इश्वरी नकर्मी**

जन्म :
ने. स. १०५७ कउलागा एकादशी
वि. सं. १९९४ कार्तिक १४ गते, शनिबार
दिवंगत :
ने. स. ११२८ तछलागा सप्तमि
वि. सं. २०६५ असार ११ गते, बुधबार

Dhamma.Digital

धिजविर – कृष्णमति स्मृति प्रकाशनको तर्फबाट
छोराहरूः चैत्य बहादुर, निर्मल, उत्तम बहादुर, इन्द्र कुमार, बाबुराजा र
छोरीः धनमैयाँ नकर्मी सपरिवार

कामनपा – २५, त्यौड, ढोकाबहाल
हाल कामनपा – १७, क्षेत्रपाटी, ढल्को, काठमाण्डौ ।

https://dhamma.digital

https://dhamma.digital

(तृतीय संस्करणबाट)

# केही शब्द

नेपालको बुद्धशासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासङ्घबाट झण्डै ६० वर्षदेखि सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षाको विशिष्ट देन सर्वविदितै छ । यसको श्रेय बुद्धशासनप्रति श्रद्धा र श्रम समर्पित गर्दै आउनु भएका नेपाल बौद्ध परियत्ति शिक्षाका सञ्चालन सम्बन्धि पदाधिकारी, सदस्यहरू, परियत्ति शिक्षाका सम्पूर्ण केन्द्रका प्रबन्धक र शिक्षक-शिक्षिकाहरू, पुस्तक प्रकाशक र पुरस्कार वितरणार्थ श्रद्धालु दाताहरूलाई छ ।

नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यापकरूपमा फैलाउन परिवर्तित परिप्रेक्ष्य अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाका विविधपक्षहरूमा समयानुकूल परिवर्तित र परिवर्द्धित गरिंदै लानुपर्ने कुरालाई ध्यानकेन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको नियमावली बनेको र पाठ्यक्रम निर्माणमा प्रयास भएको छ । यसै अन्तर्गत परियत्ति सद्धम्म पालक प्रवेश तृतीयवर्षको पत्रगत नेपालीभाषामा सिङ्गो एक पुस्तकमा उपलब्ध हुनेगरी पाठ्य-पुस्तक प्रकाशित हुनु “धम्मपीति”को विषय हो ।

अखिल नेपाल भिक्षु महासङ्घबाट सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा नेपालको बुद्धशासनिक क्षेत्रमा आफ्नै विशेषता र देन रहेको कुरा स्पष्ट हुँदै आएको छ । परियत्ति शिक्षाको प्रारम्भ समयमा अध्ययन गर्ने विद्यार्थी, परियत्तिका शिक्षक-शिक्षिका तथा शुभचिन्तकहरू उत्तरोत्तर उन्नति-प्रगति गरिन्दै यसलाई व्यवस्थित ढङ्गले अगाडी बढाई शिक्षा प्रणाली अनुरूप वैज्ञानिकीकरण गरिन्दै पाठ्य-पुस्तकलाई व्यवस्थित गरी अध्ययनार्थीहरूलाई सुलभ गरिन्दै जानुमा सचेतता देखिनु पनि सकारात्मक कदम हो ।

पाठ्य-पुस्तकलाई प्रयोगमा ल्याई अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध श्रोतको सदुपयोग गरी सफलतापूर्वक अध्यापन गर्न सक्ने हुन्छ तापनि सहजरूपमा हाम्रा परियत्ति केन्द्रहरूमा अन्य सहायक सामग्रीहरू उपलब्ध नहुँदा पाठ्य-पुस्तक माथि अत्यधिक निर्भर रहनु परेको छ । परिवर्तित परिप्रेक्ष्य अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिवर्तित र परिवर्द्धित गरिंदै लानुपर्ने लक्ष्यतिर ध्यान केन्द्रित गरी नेपाल बौद्ध

https://dhamma.digital

परियत्ति शिक्षाको प्रवेश स्तरका प्रथम, द्वितीय र तृतीय वर्षका प्रत्येक प्रश्न-पत्रका एउटै सिङ्गो पुस्तक नेपाली भाषामा उपलब्ध गराउने प्रयास भईरहेकोछ । यसै अनुरूप प्रस्तुत पाठ्य-पुस्तकलाई सीमित जनशक्ति र श्रोतलाई प्रयोग गरी सकेसम्म स्तरयुक्त बनाई शिक्षक र विद्यार्थीहरूका आवश्यकतालाई अत्यधिकमात्रामा पूरा गर्न सकियोस् भनी केहीहदसम्म प्रयास गरिएतापनि भाषा, विषयक्रम, शैली जस्ता पाठ्य-पुस्तकमा हुनुपर्ने विविधपक्षमा अझै कमी/कमजोरीहरू यथेष्ट नै नहोलान् भन्न सकिन्न र तापनि शिक्षक, अभिभावक, विद्यार्थी, बौद्ध-विद्वान् तथा शिक्षाविद् लगायत सम्पूर्ण पाठकहरूको सक्रिय सहयोगको महत्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैका लागि रचनात्मक सुझाव, सर-सल्लाहका लागि नेपाल बौद्ध परियत्ति शिक्षा पाठ्यक्रम विकास समिति सदैव हार्दिक स्वागत गर्दछ ।

परियत्ति सद्धम्म पालक प्रवेश तृतीय वर्ष (तृतीय पत्र) को यस पाठ्य-पुस्तक २०६० सालमा पहिलो प्रकाशनको रुपमा छपाई वितरण कार्य हुनुको साथै पठनपाठन पनि भई आएकोमा यस पुस्तक अप्राप्य भएको हुनाले पहिलो प्रकाशनकादाता उपासक धनबहादुर नकर्मीले २०७३ सालमा आफ्नी दिवंगत धर्मपत्नी ईश्वरी नकर्मीको पुण्यस्मृतिमा यस पुस्तकको दोश्रो प्रकाशन गर्नुभएको थियो । सो पश्चात पनि यस पुस्तकको अप्राप्य हुन गएकोले पूर्व पुस्तक दाता परिवारको अग्रजहरूको स्मृतिमा स्थापित संस्था "धिजविर-कृष्णमति स्मृति प्रकाशन", त्यौड, ढोकाबहालको तर्फबाट दिवंगत बुवा धन बहादुर र आमा इश्वरी नकर्मीको सुगति तथा निर्वाण सुख प्राप्तिको कामनार्थ छोराहरूः चैत्य बहादुर, निर्मल, उत्तम बहादुर, इन्द्र कुमार, बाबुराजा र छोरीः धनमैयाँ नकर्मी सपरिवारबाट तेश्रो प्रकाशन गर्नु भएकोमा यस पुस्तकको पुनः अप्राप्य भएकोले सोहि दाता परिवारबाट परिमार्जितरूपमा चतुर्थ संस्करण प्रकाशन हुन गइरहेको खुशीको कुरा हो । यस पुस्तक परिमार्जित गरी पुनः प्रकाशन गर्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनेहरू सबै सम्बन्धित निकाय एवं श्रद्धालु महानुभावहरू तथा प्रकाशन कार्यमा सहयोग गरिदिनु हुने श्रद्धालु दाताप्रति हार्दिक साधुवाद व्यक्त गरिन्छ ।

साधुवाद !

**नेपाल बौद्ध परियत्ति शिक्षा**
**पाठ्यक्रम विकास समिति**

https://dhamma.digital

# साधुवाद

नेपालको बुद्धशाशनमा ऐतिहासिक संस्था 'नेपाल बौद्ध परियत्ति शिक्षा' को प्रारम्भकालदेखि पाठ्यसामग्री श्रृजना गर्दै अटुलनीय योगदान दिएर जानुभएका अति पूज्यनीय हाम्रा गुरुवर्ग श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्रद्धेय भिक्षु सुदर्शन महास्थविर, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय गुरुमां अनागारिका सुशिला तथा धर्मभिरु उपासक धर्मरत्न शाक्य त्रिशुलीको गुणानुस्मरण गर्दै यस साधुवाद पत्रको सुरुवाट गर्दछौं ।

चैत्य-पूजा, आदर्श बौद्ध महिलाहरू, मैत्री-भावना विषयहरू संलग्न रहेको प्रस्तुत पुस्तक, 'अखिल नेपाल भिक्षु महासङ्घ' द्वारा सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा' को 'परियत्ति सद्धम्म पालक' को प्रवेश तृतीय वर्ष (तह ६) तृतीय पत्रको पाठ्यक्रममा आधारित भएर तयार भएको पाठ्यपुस्तक हो । तृतीय पत्रको यस पुस्तकमा पहिलो खण्डको विषयवस्तु 'चैत्य-पूजा' को पाठ्यसामग्रीको लागि भिक्षु सुदर्शन महास्थविरद्वारा लिखत तथा भिक्षु कोण्डन्यद्वारा अनुवाद भएको 'चैत्य-पूजा' पुस्तकबाट साभार गरी लिएको हो ।

दोश्रो खण्डको विषयवस्तु 'बुद्धकालीन आदर्श बौद्ध महिलाहरू' र 'बुद्धको महापरिनिर्वाण पछिका आदर्श बौद्ध महिलाहरू'को पाठ्य सामग्रीको लागि विद्यावती मालिकाद्वारा लिखित तथा सम्यकसम्बोधि प्राणपुत्रद्वारा नेपालीमा अनुवादित (अनागारिका माधवीद्वारा नेपालभाषामा अनुवादित) पुस्तक 'आदर्श बौद्ध महिलायें' पुस्तकबाट साभार गरी लिएको हो । त्यस्तै यस विषयको बाँकि अंश "वर्तमान नेपालका आदर्श बौद्ध महिलाहरू' लोचनतारा तुलाधरबाट लेख्नुभएको अनुसन्धानमूलक लेख "नेपालमा बुद्धधर्मको प्रचारप्रसारमा थेरवादी अनागारिकाहरूको योगदान" बाट आवश्यकता अनुसार सम्पादन गरी लिएको हो ।

तेश्रो खण्डको विषयवस्तु 'मैत्री-भावना' को पाठ्य सामग्रीको लागि भिक्षु विवेकानन्दद्वारा लेख्नुभएको तथा भिक्षु संघरक्षितद्वारा अनुवाद भएको पुस्तकबाट साभार गरी लिएको हो ।

https://dhamma.digital

भिक्षु कोण्डन्य महास्थविरद्वारा सम्पादन तथा संयोजन गरी विगत समय मै प्रकाशनमा आएको यो पुस्तक, परियत्ति शिक्षाको तह ६ मा अध्ययन, अध्यापन हुँदै आएकोमा अबको समयमा पुस्तक अप्राप्य भएको सन्दर्भमा यो पुस्तकको पुनः संस्करण गरिएको हो । भिक्षु कोण्डन्य महास्थविरप्रति 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' सदैव आभार व्यक्त गर्दछ ।

यस पुनः संस्करण पुस्तक प्रकाशन गर्नु अगाडि केही शुद्धाशुद्धि कार्य गर्नुभएकोमा इन्द्र कुमार नकर्मीज्यूमा साधुवाद व्यक्त गर्दछौं । पुस्तक तयार गर्नको लागि संयोजन तथा प्रेस सम्बन्धी इत्यादि कार्यहरू सम्पन्न गर्नको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सबै श्रद्धालुहरूलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं । यस पाठ्यपुस्तक प्रकाशन हुनाले 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक सर्वसुलभ हुने भएको छ । 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको यस पाठ्यपुस्तकको पाठ्यसामग्रीका लेखकहरूलाई 'अखिल नेपाल भिक्षु महासङ्घ' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' विशेष आभार व्यक्त गर्दछ ।

यस पुस्तक प्रकाशन गर्नको लागि आर्थिक सहयोग गर्ने प्रथम र द्वितीय संस्करणका दाता दिवंगत उपासक धन बहादुर नकर्मी, ढल्कोका छोराछोरी परिवारलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं । पुस्तक प्रकाशनको क्रममा प्रेससम्बन्धी कार्य निपुणताका साथ गर्नुहुने सिग्मा जनरल अफसेट प्रेसका प्रेसका सम्पूर्ण परिवारलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्तमा पुनः एकपटक 'नेपाल बौद्ध परियत्ति शिक्षा' को पाठ्यसामग्री निर्माण कार्यमा विगतका दिनदेखि आजसम्म विविध कार्यद्वारा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान दिँदै आउनुभएका श्रद्धेय भिक्षुसङ्घ, श्रद्धेय गुरुमांसङ्घ तथा श्रद्धालु उपासका उपासिकाहरूलाई मैत्रीपूर्ण साधुवाद ।

बु.सं. २५६९
वि.सं. २०८२ भाद्र

प्रधान सम्पादक प्रमुख
सम्पादक मण्डल

https://dhamma.digital

# प्रकाशकीय

'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तकको रूपमा यो पुस्तक प्रस्तुत गर्न पाउँदा धर्मप्रीतिको अनुभव भएको छ। यस पुस्तक अध्ययन गरेर धेरैभन्दा धेरै विद्यार्थीहरू लाभान्वित हुने अपेक्षा गरेका छौं।

वि.सं. २०१९ मा स्थापना भएको 'अखिल नेपाल भिक्षु महासङ्घ' अन्तर्गत सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा' को अध्ययन अध्यापनद्वारा नेपालमा बहुसंख्यक अध्ययनार्थीहरूले गहन रूपमा बुद्धशिक्षा सिक्ने अवसर प्राप्त गरेको छ। 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक तयार गर्न विगतका समयदेखि वर्तमानसम्म धेरैजना भिक्षुहरू, अनागारिका गुरुमांहरू, उपासक तथा उपासिकाहरूबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउँदै आउनुभएको छ।

हाम्रा परमपुज्य गुरुवर्गहरू भिक्षु बुद्धघोष महास्थविर, भिक्षु सुदर्शन महास्थविर, भिक्षु ज्ञाणपूर्णिक महास्थविर, अनागारिका सुशिला गुरुमां तथा श्रद्धालु धर्मभिरु उपासक धर्मरत्न शाक्य, जसले परियत्ति शिक्षाको लागि पुस्तकहरू श्रृजना गर्नुभयो, उहाँ गुरुहरूको गुणानुस्मरण गर्दै उहाँहरूले देखाउनुभएको मार्गमा पाइला चाल्दै 'नेपाल बौद्ध परियत्ति शिक्षा' लाई निरन्तर अगाडि बढाइरहनु भएको चतुपरिषद्लाई साधुवाद दिन्छौं। 'नेपाल बौद्ध परियत्ति शिक्षा' को लागि पाठ्यपुस्तक निर्माण गर्ने वृहत कार्यमा विगतका समयदेखि आजसम्म पाठ्य-सामग्री लेखन, पाठ्य-सामग्री अनुवाददेखि लिएर आवश्यक परिमार्जन, संशोधन, सल्लाह सुझाव दिँदै सँधैभरि योगदान दिँदै आउनुभएका भिक्षु, अनागारिका गुरुमांहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। पाठ्य-सामग्री लेखन, अनुवाद, अनुसन्धान, सम्पादन, शुद्धाशुद्धि, टाइपिंग, प्रुफ रिडिङ्ग आदि विविध कार्यमा सँधैभरि सहयोग गर्दै आउनुभएका श्रद्धालु उपासक उपासिकाहरूप्रति मैत्रीपूर्ण साधुवाद।

'नेपाल बौद्ध परियत्ति शिक्षा' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' को वर्तमान कार्यकारिणी समितिमा रही यस पाठ्यपुस्तक प्रकाशन कार्य

https://dhamma.digital

सम्पन्न गर्नुभएका कार्यकारिणी समितिका संयोजक भिक्षु धर्मगुप्त महास्थविर प्रमुख बाँकि सदस्यहरूको अथक प्रयास प्रशंसनीय रहेको छ ।

भिक्षु कोण्डन्य महास्थविरद्वारा सम्पादन तथा संयोजन गरी प्रकाशनमा आएको यस पुस्तक, परियत्ति शिक्षाको तह ६ मा अध्ययन, अध्यापन हुँदै आएकोमा अबको समयमा पुस्तक अप्राप्य भएको सन्दर्भमा यो पुस्तकको पुनः संस्करण आएको हो । यो पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्ने पूर्व पुस्तक दाता परिवारको अग्रजहरूको स्मृतिमा स्थापित संस्था “धिजविर-कृष्णमति स्मृति प्रकाशन”, त्यौड, ढोकाबहालको तर्फबाट दिवंगत बुवा धन बहादुर र आमा इश्वरी नकर्मीको सुगति तथा निर्वाण सुख प्राप्तिको कामनार्थ छोराहरू: चैत्य बहादुर, निर्मल, उत्तम बहादुर, इन्द्र कुमार, बाबुराजा र छोरीः धनमैयाँ नकर्मी सपरिवारलाई साधुवाद व्यक्त गर्दछौं । प्रेस सम्बन्धी कार्य गरी निरन्तर सहयोग गरिरहनुभएका सिग्मा जनरल अफसेट प्रेसका सम्पूर्ण परिवारप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस शैक्षिक संस्थामा संलग्न भिक्षु, अनागारिका, उपासक तथा उपासिका वर्गले अनवरत रूपमा सेवा गर्दै आएको तथा उस्तै दाताहरूबाट पनि निरन्तर रूपमा दान दातव्यको पुण्य कार्य भइरहेको कुरा उल्लेखनीय छ । यस्तै पुण्यकार्यको फलस्वरुप परियत्ति शिक्षा अध्ययन अध्यापनको लागि आवश्यक पाठ्य-पुस्तक तथा सामग्री आपूर्ति हुँदै आएको छ। यो नेपालको बौद्ध समुदायको लागि धर्म गौरवको कुरा हो । नेपालको बौद्ध जगतका उनै श्रद्धालु महानुभावहरूको निस्वार्थ सेवा, अथक प्रयासको फलस्वरुप ‘नेपाल बौद्ध परियत्ति शिक्षा’ ले सफलपूर्वक ६ दशक पार गरिसक्यो । श्रद्धालुहरूको आस्था, त्याग, मेहनत कै आडमा भविष्यका दिनपनि यस ऐतिहासिक संस्थालाई निरन्तररूपले अगाडि बढाउने छौं भन्ने हाम्रो संकल्प रहेको छ ।

बु.सं. २५६९
वि.सं. २०८२ श्रावण

अखिल नेपाल भिक्षु महासङ्घ
नेपाल बौद्ध परियत्ति शिक्षा

https://dhamma.digital

# विषय-सूची

**विषय** **पृष्ठः**

**प्रथम खण्डः**

## चैत्य-पूजा (१ - २०)


(क) **चैत्य** (१ - १०)

चैत्य : के र कसरी ........ ३
चैत्य : गोलाकारमा ........ ४
चैत्य : बौद्ध वाङ्मयमा ........ ४ - ५
चैत्य : चार प्रकारमा ........ ५ - ९
शारीरिक-चैत्य ........ ५ - ७
परिभोग-चैत्य ........ ७ - ८
धर्म-चैत्य ........ ८
उद्देश्य-चैत्य ........ ८ - ९
चैत्य वन्दना ........ ९
चैत्य-पूजा : अभ्यास – १ ........ १०

(ख) **पूजा** (११ – २०)

दुई प्रकारको पूजा ........ ११
चार प्रकारका आमिस-पूजा ........ १२ - १३
पुष्प र सुगन्ध पूजा ........ १३ - १४
पूजाको प्रतीक रूप ........ १४
बुद्धको महापरिनिर्वाणपछि पूजा ........ १४ - १५
पूजा वरदानको लागि होइन ........ १५ - १६
राजा मिलिन्दको प्रश्न ........ १६
अग्निको उपमामा नागसेनको जवाफ ........ १६ - १७
पंखाको उपमामा नागसेनको जवाफ ........ १७ - १८
प्रतिपत्ति-पूजा ........ १९
चैत्य-पूजा : अभ्यास – २ ........ २०


https://dhamma.digital

**द्वितीय खण्डः**

## आदर्श बौद्ध महिलाहरू (२३ – ११४)

### (क) बुद्धकालीन आदर्श बौद्ध महिलाहरू (२३ – ६६)


१) महाप्रजापती गौतमी ........................................ २५ - २८

२) खेमा ........................................ २९ - ३२

३) सुजाता ........................................ ३३ - ३६

४) काली उपासिका ........................................ ३७ - ४०

५) खुज्जुत्तरा ........................................ ४१ - ४४

६) उत्तरा नन्दमाता ........................................ ४५ - ४९

७) सुप्रिया ........................................ ५० - ५३

८) कात्यायनी ........................................ ५४ - ५७

९) धम्मदिना ........................................ ५८ - ६१

११) भद्रा कुण्डलकेशा ........................................ ६२ - ६६


### (ख) बुद्धको महापरिनिर्वाण पछिका आदर्श बौद्ध महिलाहरू (६७ – ८४)


१) संघमित्रा ........................................ ६७ - ७१

२) चारूमती ........................................ ७२ - ७५

३) भृकुटी ........................................ ७६ - ८०

४) मेरी फोष्टर ........................................ ८१ - ८४


Dhamma.Digital

### (ग) वर्तमान नेपालका आदर्श बौद्ध महिलाहरू (८५ – ११४)


१. धम्मचारी गुरुमां ........................................ ८७ - ९३

२. सुशीला गुरुमां ........................................ ९४ - ९७

३. धम्मवती गुरुमां ........................................ ९८ - ११४


https://dhamma.digital

तृतीय खण्डः

## मैत्री-भावना (११५ – १६६)


**(क) भावना** (११७ – १२४)

भावना कति प्रकारका छन् ? ................................ ११७

द्वेष-चरित्र ................................ ११७ - ११८

द्वेष उत्पत्तिको कारण ................................ ११८ - ११९

मैत्री सम्बन्धमा तथागतको आज्ञा ................................ ११९ - १२०

द्वेषको दुष्परिणाम कथा ................................ १२०

मैत्री-भावना : कसरी र किन ................................ १२१ - १२२

मैत्री आनिशंस ................................ १२२ - १२३

मैत्री ब्रम्हविहार ................................ १२३ - १२४

मैत्री भावना : अभ्यास – १ ................................ १२४

**(ख) मैत्री-भावना विधि** (१२५ – १४१)

चार प्रकारका मैत्री-भावना ................................ १२७ - १२९

क्षमाशील सहनशीलको कथा ................................ १२९ - १३१

द्वेषको कामना तथा दुष्परिणाम ................................ १३१ - १३३

मैत्री-भावना : अभ्यास – २ ................................ १४१

**ग) काय वची मनोकर्म भावना** (१३४ – १४९)

स्वयंलाई उपदेश ................................ १३६ - १३८

प्रतिवेक्षणको विधि ................................ १३८ - १३९

प्रतिवेक्षण ................................ १३९ - १४०

खन्तिवाद जातक कथा ................................ १४० - १४५

चूल धम्मपाल जातक कथा ................................ १४५ - १४८

मैत्री-भावना : अभ्यास – ३ ................................ १४९

**घ) अनादि कालको प्रतिवेक्षण** (१५० – १६६)

धातु विभाजन ................................ १५१ - १५२

सीमा छेदन (समानताको व्यवहार) ................................ १५२ - १५३

मैत्री आनिशंस व्याख्या ................................ १५४

मैत्री प्रभाव देव रक्षा एवं अमनुष्य प्रिय (कथा) ................................ १५४ - १५७

मैत्री-भावना : अभ्यास – ४ ................................ १५८

नमूना प्रश्न-पत्र ................................ १५९ - १६०



https://dhamma.digital

# परियत्ति सद्धम्म पालक प्रवेश तृतीय वर्ष
## (तृतीय पत्र)

पूर्णाङ्क : १०० पढाउने समय : १३० घण्टा

**चैत्य-पूजा :** **१० घण्टा**

– लेखक : भिक्षु सुदर्शन महास्थविर

– अनुवादक : भिक्षु कोण्डन्य

**आदर्श बौद्ध महिलाहरू :** **८५ घण्टा**

(क) बुद्धकालीन आदर्श बौद्ध महिलाहरू : ५० घण्टा

– लेखिका : विद्यावती 'मालविका'

– अनुवादक : सम्यक्सम्बोधि प्राण पुत्र,
(अनुवादक नेपालभाषा: अनागारिका माधवी)

(ख) बुद्ध महापरिनिर्वाण पछिका आदर्श बौद्ध महिलाहरू : २० घण्टा

– लेखिका : विद्यावती 'मालविका'

– अनुवादक : सम्यक्सम्बोधि प्राण पुत्र,
(अनुवादक नेपालभाषा: अनागारिका माधवी)

Dhamma.Digital

(ग) वर्तमान नेपालका आदर्श बौद्ध महिलाहरू : १५ घण्टा

– लेखिका : लोचनतारा तुलाधर

**मैत्री-भावना :** **३५ घण्टा**

– लेखक : भिक्षु विवेकानन्द महास्थविर

– अनुवादक : भिक्षु संघरक्षित

सम्पादन, अनुवाद तथा संयोजन : कोण्डन्य

https://dhamma.digital

# चैत्य-पूजा

Dhamma.Digital

लेखक

**भिक्षु सुदर्शन महास्थविर**

अनुवाद

**कोण्डन्य**

https://dhamma.digital

https://dhamma.digital

**प्रथम खण्ड** :

# चैत्य-पूजा

बुद्ध-पूजा नै चैत्य-पूजा हो किनभने बुद्ध-पूजा गर्नको लागि नै बौद्ध चैत्यको श्रृजना भएको हो । यसरी नै बुद्धको पूजा गर्नु नै तथागतको गुणानुस्मरण गर्नु हो । गुणानुस्मरणले हाम्रो मन स्वच्छ, पवित्र हुन्छ, यसले हामीलाई कुशल कार्य गर्न अभिप्रेरित गर्दछ ।

यस कुरालाई बुझ्न 'चैत्य' र 'पूजा' सम्बन्धी हामीमा ज्ञान हुनु आवश्यक छ । अब वर्गीकरण रूपमा त्यसको अध्ययनतर्फ लागौं ।

## (अ) चैत्य

**चैत्य : के र कसरी ?**

'चैत्य' लाई नेपाल भाषामा 'चीभाः' भनिन्छ । पालि शब्द 'चेत्तिय' यसको समानार्थी शब्द हो भने चेतिय शब्दको गहन अध्ययन र विचारबाट यो स्पष्ट हुन्छ कि कुशल आधार दिने जुनसुकै स्मारकलाई चैत्य भनिन्छ, चीभाः भनिन्छ; र चेतिय भनिन्छ । तर आज व्यावहारिक प्रयोगमा चैत्यको अर्थ बौद्ध स्मारकको रूपमा परिचित भईसकेको छ ।

वस्तुतः चैत्य गोलाकार कै हुनुपर्छ, चतुष्कोणाकार कै हुनुपर्छ अथवा यस्तो आकारको, उस्तो प्रकार कै हुनुपर्छ भन्ने अनिवार्यता छैन । यसरी नै ईट्टा, माटो, काठ, शिला (ढुङ्गा) आदि मध्ये निश्चित त्यसैको, यसैको प्रयोगले मात्र चैत्यको निर्माण गरिनु पर्छ भन्ने अपरिवर्तित मान्यता पनि छैन । बौद्ध दर्शनको विकासक्रममा कलाको उन्नति र विकास सँगसँगै देश, काल र परिस्थिति अनुसार यसको कलापक्ष निर्माण हुँदै गए भने निर्माण र विधि विधान पनि थपिन्दै गए ।



https://dhamma.digital

## चैत्य : गोलाकारमा

बुद्धको जीवनकालमा पनि स्मारक (चेतिय) को प्रथा रहेको देखिन्छ । तर यसको आकार-प्रकारको विषयमा यस्तो-उस्तो नै छ भनी ठोकुवाकासाथ भन्न सजिलो छैन । मानव श्रृष्टिपूर्व अथवा मानव सभ्यताको पूर्व नै कलात्मक चैत्य वा मूर्तिको आविर्भाव (प्रादुर्भाव) लाई मान्न आज कोही तयार छैनन् । त्यसैले वैज्ञानिक पद्धति अनुरूप वा पुरातात्विक विज्ञान अनुसार यसो भन्न सकिन्छ कि ढिस्को स्वरूप गोलाकारमा चुच्चिएको चेतिय वा चैत्य नै आजसम्म पाइएका चैत्यहरूमा प्राचीन स्वरूप वा पुरानो आकार-प्रकारका चैत्य हुन् । यसको नमूनाको लागि धम्मिक स्तूप, साँची स्तूप, स्वेदगौँ फया, थुपाराम, स्वयम्भू चैत्य, पाटनको चारवटा थूरहरू अथवा अजन्ताको गुहा चैत्य र प्राचीन् शिलामा उत्कीर्ण गरिएका रेखा र रङ्गले कुँदिएका चैत्यहरूलाई लिन सकिन्छ ।

## चैत्य : बौद्ध वाङ्मयमा

बौद्ध वाङ्मयमा एकातिर जो कोही इमान्दारी अन्वेषकका लागि धेरै विषयवस्तुहरू छन् भने अर्कोतिर बुद्धप्रति काव्यात्मक श्रद्धाले पूर्ण अभिव्यक्तिहरू अथाह छन् ।

श्रद्धाले अति नै विभोर भई आफूलाई तोलाएर हेरिरहेको वक्कलि स्थविरलाई बुद्ध यसो भन्नु हुन्छ - “यसरी मलाई के हेर्दैछौ ? मोघपुरुष (मूर्ख) ! हेर, मेरो पेट भित्र पनि तिम्रो पेट भित्र पनि मलमूत्रादि अशुचिले भरिएका छन् । त्यसैले धर्मलाई जान, धर्मलाई बुझ्ने प्रयत्न गर । मलाई मात्र हेरेर आखिर के पाउँछौ र ?”

अर्कोतिर भने पालि र संस्कृतका प्राचीन बौद्ध वाङ्मयहरूमा पूजा गर्न चैत्यको प्रतीकात्मक परिकल्पना उहिलेदेखि नै स्थापना भईसकेको प्रतीत हुन्छ । स्वर्गका देवताहरूबाट बुद्धत्व प्राप्त गर्न गरिएको प्रार्थना, सिद्धार्थ कुमारले महाभिनिष्क्रमणको बेला अनोमा नदीको तीरमा केश छेदन



https://dhamma.digital

गरिसकेपछि (काटिएको कपाल) त्यसलाई ईन्द्रले सश्रद्धा स्वर्गमा लगी पूजा-सत्कार गरेको घटना आदि प्रसङ्ग यसको लागि यौटा नमूना हो ।

माथि उल्लेखित दुवै श्रद्धा-आस्थाका मार्गहरू आ-आफ्नो समयमा खूब उन्नति र प्रचार भए । तर जतिबेला दर्शनले प्रतीकवादको बोझ खप्न सकेनन् त्यतिबेला यो स्वयं बुद्धको मौलिक सत्यमा विप्लववाद सिद्ध हुन पुगे । परिणामतः यस्तो कथन पनि देखिनमा आए - “बुद्ध वा बुद्धत्व प्राप्तिको विषय होइन । त्यो तथ्यता हो, अचल हो । यहाँ पहिले कोही बुद्ध भएको पनि छैन, अहिले पनि कोही छैन भने भविष्यमा पनि बुद्ध हुने भन्ने छैन ।” कालान्तरमा गएर, बुद्धवादको प्राचीनता सिद्ध गर्न ध्यानी निर्माणको सोचयुक्त अवधारणा विकास हुन पुग्छ । श्रृष्टिकर्ता ईश्वरको विविध स्वरूप झैँ पञ्चतत्वमय बुद्धधारक, पालक र अधिनायक बुद्धहरूको श्रृजना हुन गयो ।

**चैत्य : चार प्रकारमा**

यस चैत्य-पूजा रचनाको उद्देश्य बौद्ध दर्शन वा संस्कृतिको ऐतिहासिक समीक्षा होइन । ऐतिहासिक तवरमा चैत्य सम्बन्धी सरल रूपमा बुझ्न सक्ने ज्ञान दिनु नै यसको उद्देश्य हो । जसरी चैत्यको चार विभागहरू हुन्छन् त्यसरी नै यसै भित्र राम्रो र सरल चैत्यको विवेचना निहित रहेको छ । जस्तो कि –

क) शारीरिक-चैत्य,

ख) परिभोग-चैत्य,

ग) धर्म-चैत्य र

घ) उद्देश्य-चैत्य (निमित्त-चैत्य)

**शारीरिक-चैत्य**

तथागतको केश आदि वस्तु तथागतको अनुपादिशेष महापरिनिर्वाण पछिका अवशेष अस्थि निधान गरी निर्माण गरिएका स्मारक नै बौद्ध



https://dhamma.digital

शारीरिक-चैत्य हुन् । यसको शुभारम्भ क्रमलाई बुद्धजीवनी भित्र खोतल्दै जाँदा बुद्धत्व प्राप्तिको लगत्तै देख्न पाइन्छ । धर्मचक्र प्रवर्तन गर्न अगावै बुद्धत्व प्राप्ति स्थल उरुवेलमा दुईजना व्यापारीहरूले बुद्धलाई भेटेका थिए । यिनीहरूले बुद्धलाई खानेकुरा भेटीको रूपमा चढाई सकेपछि बुद्धलाई सदा स्मरण गरी राख्न केही चिन्ह सश्रद्धाले मागे । त्यसबेला बुद्धले उनीहरूलाई आफ्नो टाउकोबाट सातवटा केश दिनुभयो । तर यस कुरामा पछि बुद्धले आफ्नो केश, नङ्ग आदि केही दिनुभएको कुरा उल्लेख भएको देखिन्दैन भने अझ बुद्धको महापरिनिर्वाण पश्चात् सम्पूर्ण जीवनी प्रस्तुत गर्ने सङ्घवादले हो-होइन भन्ने कुरामा विचार गर्न बाध्य तुल्याई दिएको छ । त्यसैले यसको मूल ध्येय तथागतको ऐतिहासिक यात्रा क्रमको पद चिन्हलाई नहेरी श्रद्धावश आ-आफ्नो राष्ट्रमा बुद्धको आगमनलाई प्रस्तुत गर्ने जस्तो पनि हुन सक्दछ ।

यस उसले चैत्य सम्बन्धमा यथार्थतः केही बुझ्ने जान्ने हो भने हामीले दीघनिकायको "महापरिनिर्वाण सूत्र" लाई साक्षीभावले अध्ययन गरौं, जुन उत्तरीय तथा दक्षिणीय प्राचीन् एवं प्रामाणिक बौद्ध वाङ्मय अन्तर्गत पर्दछ ।

आनन्दले सोध्नुभयो - 'भगवन्, तथागतको निर्वाणपछि पार्थिव शरीरलाई के गर्ने ?' बुद्धले भन्नुभयो - "आनन्द !, तथागतको शरीरलाई पूजा गर्ने विषयमा तिमी चिन्तित नहोऊ । आनन्द, तिमी यथार्थ काम गर्नेतर्फ केन्द्रित होऊ, साँच्चै सदुपयोग हुने कुरामा उद्योग गर, यथार्थतः मूल्यवान् कुरामा अप्रभावी होऊ, उद्योगी र आत्मसंयमी भई जीवनयापन गर । आनन्द !, क्षेत्रीय पण्डितहरू, ब्राम्हण पण्डितहरू, गृहपति पण्डितहरू छन्, जो तथागतप्रति अत्यन्त प्रसन्न छन् । उनीहरूले नै तथागतको पूजा गर्नेछन् ।"

बुद्धको महापरिनिर्वाणपछि कपडा र कपासले सजिएको सुगन्धित तेल लेपन पश्चात् अग्नि संस्कार सम्पन्न भयो । त्यसपछि महाकाश्यप भन्तेको आज्ञा अनुसार एकजना ब्राम्हणले बुद्धको अस्थिधातुलाई पाथी (द्रोण) ले नापेर आठ भागमा बाँडिदियो । राजगृह, वैशाली, कपिलवस्तु, अल्लकप्पक,



https://dhamma.digital

रामग्राम, वेठदीप, पावा र कुसीनगर गरी आठ क्षेत्रमा अस्थिधातु बाँडिएको थियो । तर पिप्पलीवासीहरूले मात्र गोल र खरानी सङ्कलन गरी लगे । ती अवशेषहरूलाई निधान गरी बुद्ध-स्मारक (चैत्य) निर्माण गरियो । वास्तवमा यही अवस्थालाई नै बौद्ध चैत्य (चीभाः) वा स्तूप निर्माणको प्रारम्भ मान्न सकिन्छ । त्यसपछि सम्राट अशोकले ती चैत्यहरू भित्र निधान गरिएका अस्थि-समूह पुनः निकालेर, व्यापकरूपले चैत्य निर्माण गरी तिनीहरूमा प्रणिधान गर्ने कार्य गरियो । यसरी तथागतको अवशेष अस्थि टाढा-टाढासम्म फिँजिए, फैलिए । स्वयं अशोकका सुपुत्र र सुपुत्री धर्मदूतको रूपमा श्रीलंकामा प्रवेश गरेको घटनाबाट त्यहाँ धेरै अस्थिधातु पुगेको कुरामा आश्चर्यचकित हुनु आवश्यक छैन । ऐतिहासिक यात्रा-विवरण बोकेको बुद्धको दन्त (दाँत) मध्ये एउटा श्रीलंका मै रहेको छ । अर्को एउटा धातु भने तक्षशिलाबाट चीनमा पुगेको छ ।

यसरी नै श्रीलंका कै माध्यम्बाट नेपालको आनन्दकुटी (चैत्यको गर्भ भित्र), गण महाविहार, स्वयम्भू विश्वशान्ति गुम्बा र लुम्बिनीमा अस्थिधातु प्राप्त भएका हुन् ।

**परिभोग-चैत्य**

बुद्धले प्रयोग गरेका पात्र आदि परिष्कार राखी निर्माण गरिएका स्मारकलाई नै परिभोग-चैत्य भनिन्छ । तर यसको ऐतिहासिक विवेचनाको खोजीनिती गर्दा विश्वस्त तथ्य प्राप्त गर्न सकिएको छैन । बुद्धले प्रयोग गरिसकेपछिको पुरानो चीवर कुनैपनि भिक्षुले संस्मृतिका लागि सङ्कलन गर्ने मनसायले थुपारेको देखिन्दैन । त्यसरी नै पात्र पनि कुनै खिइएका वा प्वाल परेर वा साट्दा पुरानो राखेको उल्लेख भएको पनि छैन । यसको अतिरिक्त साँच्चिकै भन्ने हो भने वास्तवमा बुद्धसित अरु कुनै परिष्कार नै कहाँ हुन्थ्यो र ?

परिभोग-चैत्य अनुसार बौद्ध जगतले बोधिवृक्षप्रति ठूलो श्रद्धा र आस्था राख्दछ । त्यसो भनेर बोधिवृक्ष भन्नाले पिपलको वृक्ष जातिलाई इंगित



https://dhamma.digital

गरेको नभई स्वयं बुद्धले जुन वृक्षको छहारीमा बोधिज्ञान लाभ गर्नु भएको थियो निश्चितरूपमा त्यसै वृक्षलाई बोधिवृक्ष भनिन्छ र त्यसैको वंशजः वृक्षलाई नै बोधिवृक्ष भनिन्छ ।

बोधिवृक्ष वा परिभोग-चैत्यको ऐतिहासिक उल्लेख विश्वस्तक्रम अशोकको कालदेखि नै व्याप्त छ । त्यसो त बोधिवृक्षको ऐतिहासिक विवरणलाई उल्लेख गर्दा आयुष्मान् आनन्दले बोधिवृक्षको शाखा श्रावस्तीमा रोपेको विवरण पनि नभएको चाहिँ होइन । हो अवश्य पनि, बोधिवृक्षलाई विस्मय र विभोरले हेर्ने वा श्रद्धा राख्ने विधि बुद्धकालीन अवस्थादेखि नै चलि आएको कुरा प्राचीन् वाङ्मयबाट स्पष्ट हुन्छ । बुद्धले बोधिज्ञान प्राप्तिको लगत्तै बोधिवृक्षलाई आँखा एकपल पनि नझिम्काई हेरीरहेको कुरा बहुप्रचलित कुरा हो । अशोकले आफ्नी सुपुत्री भिक्षुणी संघमित्रालाई बोधिवृक्ष पात्रमा राखी श्रीलंकामा बोधिवृक्ष उपहार पठाएको कुरा साहित्यिक प्रमाण मात्र होइन, उत्कीर्ण गरी चित्रण गरिएको चित्र पनि यसको ज्वलन्त प्रमाण हो । यसपछि बौद्ध जगतमा बोधिवृक्षको अगाध रूपमा पूजा-अर्चना निरन्तररूपमा हुँदै गए । श्रीलंका कै बोधिवृक्षको शाखाले नेपालमा पनि बोधिवृक्ष पदार्पण भयो, जुन पूज्य नारद भन्तेले नेपाल आगमनको समयमा साथमा ल्याउनु भई आनन्दकुटीमा रोप्नु भएको थियो ।

Dhamma.Digital

### धर्म-चैत्य

धर्म-चैत्यको अर्थ बुद्ध वचनादि त्रिपिटकसँग सम्बन्धित छ । धर्म-स्कन्धको पनि गौरव राख्ने श्रद्धामा धर्म-चैत्यको निर्माण भयो । तर धर्म-चैत्यलाई अरुहरूलाई जस्तै परिभाषामा सीमित गर्न कठिन छ । त्रिपिटक ग्रन्थलाई माण्डले (म्यान्मार) र बुद्धमण्डल (बैंकक्) को सम्पूर्ण त्रिपिटकको शिलाभिलेखलाई सजिलैसित धर्म-चैत्य भन्न सकिन्छ ।

तर एउटा धर्मग्रन्थ अथवा आंशिक धर्म उल्लेखलाई कसरी धर्म-चैत्य भन्ने ? जसरी कि - 'धम्मपद' अथवा अशोकको धर्मपरियायको शिलालेख ।



https://dhamma.digital

त्यसो त 'ये धम्मा हेतु पभवा' जस्तो प्रसिद्ध गाथा मात्र निधान गरिएका चैत्यलाई हेर्ने हो भने त्यस्ता चैत्यहरूको संख्या अनगिन्ति छन् । यसको साथै बौद्ध दर्शनको उत्तरीय विकासक्रमले वज्रयानी, तन्त्रयानी र सहजयानीको धर्म दर्शन कलात्मक अभिव्यक्तिमय धर्मधातु वज्रधातु पनि त धेरै छन् नि ? धर्मधातु कै श्रद्धाले चैत्य वा चीभाः भित्र ग्रन्थ निधान गरिने झैँ बुद्धलाई सुनको पात्रमा चामल भरी त्यसको माथि दाम राखी पिण्डपात्र चढाउने जस्तै हो भनी अर्थ्याउन पनि सक्छ ।

## उद्देश्य-चैत्य

उद्देश्य-चैत्यलाई निमित्त चैत्य पनि भनिन्छ । यो चौथो प्रकारको चैत्य उपरोक्त तीनवटै प्रकारका चैत्यभन्दा भिन्नै प्रकारको स्मारक वा चैत्य-उद्देश्य चैत्य हो । चार प्रकारका चैत्यहरूमा सायद् उद्देश्य-चैत्य सबैभन्दा पछि मात्र अस्तित्वमा देखिएको हुनुपर्छ किनभने शारीरिक, परिभोग र धर्म चैत्यमा जति चाँडो जन-श्रद्धा ओइरिने अवसर प्रशस्त छन् त्यति यसको छैन । सर्वप्रथम बुद्धलाई संस्मरण तीन प्रकारको चैत्य निर्माण गरी श्रद्धा-आस्था जगाइसकेपछि मात्र बुद्धको स्मरणको उद्देश्य वा निमित्त मात्रमा केही निर्माण कार्य थालिए । स्वयं बुद्धले प्रातिहार्यमय बुद्ध निर्माण गरिएको उल्लेखबाट अतिरिक्त बुद्धको जीवनकालमा उहाँलाई प्रतिमामा वा चित्रमा प्रतिमूर्तिप्रति लिपिबद्ध गरेको वर्णन पनि पछि भएको देखिन्छ । आजसम्म प्राप्त बुद्ध प्रतिमाहरूमा भने सबैभन्दा प्रामाणिक प्रतिमा वा इतिहासले यही भन्दछ कि बुद्धको विषयमा सुनेका लक्षण र व्यञ्जनको आधारमा नै सर्वप्रथम बुद्ध-प्रतिमा निर्माण भएको हो । त्यसो त यसरी सर्वप्रथम बुद्ध-मूर्ति निर्माण गर्ने कार्य राजा कनिष्कको समयमा व्यापकरूपमा र सुन्दर ढंगमा सुरु भएको हो । यसपछि शान्तिनायक तथागतको शान्ति-मूर्ति यति संख्यामा निर्माण कार्य भए कि त्यति असंख्य मूर्ति अरु कुनैपनि धर्म-प्रवर्तकको मूर्ति यो विश्वमा निर्माण हुन सकेकै छैन ।



https://dhamma.digital

## चैत्य वन्दना

यसरी तथागतको अनन्त गुण स्मरण र पूजन गर्न अनन्त चैत्यहरू बौद्ध-श्रद्धाले निर्माण भए । अझ बुद्धसँगै अतीत बुद्ध दीपंकरादिको अधिकाधिक गाथा अभिनन्दन पनि भए, नेपालमा 'कोनागमन' को चैत्य पनि प्रतिष्ठापना गरिएको छ। यसै चैत्यको विशेषतालाई स्वीकार गरी यहाँ अशोकले आफ्नो सश्रद्धा अनुरूप थप्ने कार्य गरी आफ्नो शिलास्तम्भमा अशोकले यसको पनि उल्लेख गरे ।

Dhamma.Digital



https://dhamma.digital

## चैत्य-पूजा : अभ्यास – १

१) चैत्य भन्नाले के बुझिन्छ ?

२) चैत्यको उत्पत्ति विषयमा प्रकाश पार्नुहोस् ।

३) बौद्ध वाङ्मयमा चैत्यलाई कसरी उल्लेख गरिएको छ ?

४) शारीरिक-चैत्य र परिभोग-चैत्यको परिभाषा लेखी तिनीहरू बिच के अन्तर छ ? स्पष्ट पार्नुहोस् ।

५) धर्म-चैत्यलाई आफ्नै शब्दमा परिभाषित गर्नुहोस् ।

६) उद्देश्य-चैत्यको विषयमा अरुलाई बुझाउनुपर्दा कसरी बुझाउन सकिन्छ ?

७) बोधिवृक्षलाई परिभोग-चैत्यको रूपमा आजसम्म पनि पूजिँदै आइरहेको छ । यसको ऐतिहासिकतालाई कोट्याउनुहोस् ।

८) नेपालको सन्दर्भमा बोधिवृक्षको विषयमा केही चर्चा गर्नुहोस् ।

९) के भगवान् बुद्ध आफूलाई पूजा गरोस् भन्ने चाहनु हुन्छ ? यसलाई आफ्नै शैलीमा स्पष्ट पार्नुहोस् ।

१०) चैत्य वन्दना भन्नाले के बुझ्नुहुन्छ ?

११) उपत्यकामा रहेका प्राचीन चैत्यहरूका विषयमा प्रकाश पार्नुहोस् ।

१२) चैत्यको प्रकार उल्लेख गरी संक्षिप्तमा विवेचना गर्नुहोस् ।

१३) 'चैत्य' को महत्व र विशेषता उल्लेख गरी दुइसय शब्दमा एउटा निबन्ध लेख्नुहोस् ।



https://dhamma.digital

# (आ) पूजा

हामीले यसभन्दा अगाडि "चैत्य-पूजा" अन्तर्गत 'चैत्य' विषयमा अध्ययन गरिसकेकाछौं । अब हामी 'पूजा' को विषय विभिन्न तवरले अध्ययन गर्छौं ।

पूजा भन्ने बित्तिकै विभिन्न पूजा-थाली र फूल, धूप, नैवद्य, अक्षता आदि विविध पूजा सामग्रीको झझल्को अगाडि देखिने हुन्छ । साँचो अर्थमा पूजा भन्ने बित्तिकै यस्तै पूजा-थाली, यस्तै नै पूजा-सामग्री चाहिन्छ नै भन्ने हुँदैन किनभने हामीले कपडाको चामल-झोली साथमा बोकेर हिँडी सक्यौं, चाँदीको चामल-बट्टा पनि बोकी सकेकाछौं । पछि पुनः पूजा गर्न यो भन्दा पनि सजिलो र राम्रो सामग्री देखिन्दै जाने हुन्छ । त्यसरी नै पूजामा चामल वा कनिका नै अनिवार्य रूपमा चाहिन्छ भन्दा हाम्रो राष्ट्र नेपाल मात्रै अलग्ग बसे झैँ हुन सक्छ किनभने चामल चढाई पूजा गर्ने हाम्रो देश नेपालमा बाहेक संसारमा अरु कहिँ कतै पनि छैन ।

## दुई प्रकारको पूजा

त्यसैले, आदरपूर्वक, श्रद्धा राखी मन प्रसन्न हुन्दै गए अनुरूप सेवा सत्कार गर्ने तथा केही न केही चढाउने वा अर्पण गर्नु नै पूजा हो ।

हामी मुख धुन्छौं, त्यसैले श्रद्धापूर्वक मुख पनि धोइदिन्छौ अथवा हामीलाई सुगन्ध प्रिय लाग्छ, त्यसैले हामी फूल चढाउँछौ । त्यसरी नै खाना, लुगा, पहिरन, गहना आदि अर्पण गरी सेवा गर्ने गरिन्छ ।

यसरी को, किन महान-प्रतिष्ठित छन्, किन पूजा गर्न योग्य छन् भन्ने कुरा निहित गुणबाट प्रष्टिने हुन्छ । त्यसैले पूजा गर्न योग्य गुण हामीले आफूहरूमा पनि वृद्धि गर्नु त्यो पनि पूजा नै हो । बुद्धोपदेश र सन्देश अनुरूप कुशल वृद्धि गर्नु वास्तविक बुद्धको पूजा गरेको हुन्छ । यसलाई नै प्रतिपत्ति-पूजा भनिन्छ ।



https://dhamma.digital

## चार प्रकारका आमिस-पूजा

आमिस-पूजा मूलतः चार प्रकारका छन् । यसैलाई नै चार प्रत्यय पूजा वा सेवा पनि भनिन्छ । उपासक-उपासिकाहरूबाट बुद्धलाई चार प्रत्ययको पूजा गरिनु राम्रो पक्ष हो । यसरी नै भिक्षु-भिक्षुणीहरूबाट पनि बहुजन हित र सुखगामी कृयाकलाप हुँदै जानु सबैका लागि सुखद् कुरा हुन् । चार प्रत्यय निम्नानुसार छन् -

१) भोजन (खानपान)

२) परिष्कार (चीवर वस्त्रादि)

३) गिलान प्रत्यय (औषधि)

४) शयनासन (विहार अथवा वासस्थान)

तथागतको जीवनकालमा उहाँलाई स-श्रद्धापूर्वक भोजन दान गर्ने गरिन्छ । कहिले निमन्त्रणा गरी आ-आफ्नो घर मै भोजन गराउने पनि गरिन्छ भने कहिले त तथागत घरको मूलढोकामा उभी भिक्षाटन आउनु हुँदा भिक्षादान दिने गरिन्छ । उहाँले भिक्षाटनको जातीय उँचनीचतालाई ख्याल गर्नु हुन्न । धनी-गरीब, नारी-पुरुष आदि विषयमा भेद्भाव गर्नु हुन्न । मीठो-नमिठोमा निर्लिप्त, उहाँ वर्षाकालमा बाहेक अरु बेला कुनैपनि स्थानमा लामो अवधिसम्म बस्नु हुन्न । उहाँले सकल श्रद्धालुहरूको श्रद्धामा करुणा राख्नुहुन्छ, पहिले जो-जससँग निमन्त्रणा स्वीकार भईसकेको हुन्छ उहाँ त्यहीं जानुहुन्छ । उहाँले आफ्नो शिष्यहरू सदा झैं भोजनमा मत्तञ्ञुता (मात्रा) सम्बन्धी उपदेश गर्नुहुन्छ । उहाँले सुजाताको भोजन सेवन गरी बुद्धत्व ज्ञान लाभ गर्नुभयो । चुन्दको भोजन नै तथागतको अन्तिम भोजनमा परिणत भयो । यसरी श्रद्धाले पूर्ण एक-एक छाक भोजन अथवा त्यागले प्रवाहित एक-एक गाँस भोजन सेवन गरी बुद्धले पैंतालीस वर्षसम्म अनवरत रूपमा अमृतरूपी ज्ञान बाँड्नुभयो ।

भोजनले जस्तै संसारका मानिसहरूलाई उद्धार गर्नुभएका तथागतलाई पनि चीवरादि वस्त्र, गिलान-प्रत्यय (औषधि), शयनासन अथवा



https://dhamma.digital

वासस्थानको आवश्यकता हुन्छ । यी आवश्यक कुराहरू श्रद्धालुहरूले बुद्धलाई सश्रद्धा दान गरेका थिए । बुद्धलाई चीवर दान दिएको घट्नामध्ये प्रजापति गौतमीद्वारा अर्पण गरिएको दान निकै प्रसिद्ध छ । बुद्धलाई जुलाबको ओखती दिने, देवदत्तद्वारा ढुङ्गाले चोट लागेको घाउमा मलम लगाउने काम श्रद्धालु जीवक कुमार भृत्यले गरेको थियो । यसरी नै घ्यू, कस्ति (मह), तेल, चाकुबाट बन्ने चतुमधु अथवा आठ प्रकार फलका रस दान-प्रदान गरिने कार्यलाई गिलान प्रत्यय पूजा भनिन्छ । तथागत बुद्धले राजदरवार परित्याग गर्नुभयो तर सङ्घको लागि वेलुवन, जेतवन, पूर्वाराम, निग्रोधाराम जस्ता विहारहरू स्वीकार गर्नुभयो ।

संक्षिप्तमा वा सरल भाषामा भन्नुपर्दा खाने, पिउने, लाउने, बस्ने र औषधि यी मानव जीवनका लागि आधारभूत आवश्यक वस्तु हुन्, त्यो बुद्धलाई पनि आवश्यक छ, भिक्षुसङ्घलाई पनि आवश्यक छ । यो प्राप्तिको लागि गृहस्थले जस्तै भिक्षुहरूले सिधै परिश्रम गर्दैनन् । यसको बदलामा उहाँहरूले ब्रम्हचर्य पालन गरी आधारभूत आवश्यकता प्राप्तार्थ सिधै परिश्रम गर्ने गृहस्थहरू बिच विद्यमान दुःख, पीडा, अन्याय, अत्याचार निर्मूल पार्न, शान्त र आनन्दपूर्वक जीविकोपार्जन गर्न उपदेश गर्नु हुन्छ र श्रद्धालुहरूको स -श्रद्धा दान-त्याग सङ्घको आधारभूत आवश्यकताको रूपमा परिपूर्ति हुने गर्छ ।

## पुष्प र सुगन्ध पूजा

बुद्धलाई फूल-धूप वा पुष्प र सुगन्धले पनि पूजा गर्ने गरिन्छ । तथागतको उपदेश श्रवण गर्न जाँदा श्रद्धालुहरू हातमा सुगन्धित फूल लिएर जाने चलन पनि रहेको देखिन्छ भने बुद्धबाट देशना हुने अमृतमय उपदेश बुझ्न र धारण गर्न यसले मगमग वासनायुक्त सुगन्धमय वातावरण श्रृजना गरी दिन्छ ।



https://dhamma.digital

तथागत स्वयं विराजमान हुने कोठालाई मूलगन्धकुटी भनिन्छ किनभने यहाँ सधैं सुगन्ध छाइरहेको हुन्छ । त्यहाँ आवश्यक सफा-सुग्घर गर्ने काम आयुष्मान् आनन्दले गर्नुहुन्छ ।

तर बुद्धलाई अनर्थ र अति भन्ने कहिल्यै मन परेन । घाम अस्ताउन अगाडि उपोसथ कर्म (भिक्षुहरूको आचरण सम्बन्धी आलोचना गर्ने विनयानुकूल विधि) गरिन्दा सफा-सुग्घर देखिने गरी कुचो लगाउनैपर्छ भने बत्ति बाल्नु नै पर्छ भन्ने छैन । बोधिराजकुमारले निमन्त्रित बुद्धलाई स्वागत गर्न विशेष प्रकारको भूइँमा ओछ्याउने रातो कपडा (Red Carpet) ओछ्याउन लगाए, तर बुद्धले त्यसैलाई उठाउन लगाएर मात्र द्वारभित्र प्रवेश गर्नुभयो ।

## पूजाको प्रतीक रूप

रूपलाई प्रतीक मानी पूजा गर्ने परम्पराको विकासले नै बुद्ध-पूजाको परम्पराको शुरुवात भयो । अनि देव-देवी देखिन्दै आएपछि, अस्तित्वमा ल्याइएपछि यसको परम्परा प्रतीकमय भावमा टाँसिन्दै गए ।

हाम्रो पूजामा नैवद्य हुन्छ, त्यसैले कसैको विचारमा चामल पुष्पको प्रतीक हो । तर सारभूत साँस्कृतिक अन्वेषकको दृष्टिमा चामलले पूजा गर्नु भोजन कै सरल प्रतीक हो । किनभने केही खानेकुरा प्राप्त हुँदैमा चामल फूलमा परिणत हुँदैन भने अर्कोतिर फूलको फूल अलग विषय हुन् । अझ बुद्धले पिण्डपात्रमा भोजन राखी सेवन गर्ने झैँ पिण्डपात (गुलपा:) मा चामल भरी पिण्डपात समेत चढाउने पनि गरिन्छ । यसरी प्रतीकवाद प्रयोग एकपछि अर्को परिवर्तन हुने क्रममा वस्त्रको जजंका (मसिनो धागोले हातमा बाँध्नको लागि बनाइएको एक प्रकारको धागो वा माला) भयो, क्वखा (रातो कपडाको माला) भयो, जसरी अष्टपरिष्कारको जामा लुगा, ओढ्ने खास्तो, पछ्यौरा मात्रै भयो । पूजा भनेको आफ्नो श्रद्धापात्रको आवश्यकता बहन गर्नु नपर्ने गरी परिपूर्ति गरिदिनु हो । तर प्रतीकवादले यो



https://dhamma.digital

आवश्यक र वान्छनीय सत्यलाई पन्छाई दियो । अनि आफूलाई चाहिए जस्तो, चाहे जस्तो भयो, बरदान प्राप्तिको लागि पूजा गर्ने चलन बस्यो ।

## बुद्धको महापरिनिर्वाणपछि पूजा

बुद्धको जीवनकालमा बुद्धपूजा सम्बन्धी विषय स्पष्ट छ। साँचै भन्ने हो भने आमिस पूजा अनुसार यहाँ बुद्धपूजा पूर्ण भएको छ। यसपछि प्रतिपत्ति अर्थात् बुद्धद्वारा आज्ञा भए मुताविक आचरण गर्नु वा हृदय परिवर्तन गर्नु नै यथार्थमा पूजा हो ।

तर मानव श्रद्धालाई यसरी ज्ञानमा सीमित गर्न सजिलो छैन । त्यसैले तथागतले महापरिनिर्वाणावस्थामा श्रद्धालाई संवेगमा परिणत गर्न यसरी आज्ञा गर्नुभयो - 'आनन्द ! श्रद्धालु कुलपुत्रहरूका लागि यी चार स्थानहरू दर्शनीय हुन्, संवेगनीय वा वैराग्य दायक हुन् :

(१) जहाँ तथागतको जन्म भयो - लुम्बिनी,

(२) जहाँ तथागतले बुद्धत्व ज्ञान लाभ गर्नुभयो - बुद्धगया,

(३) जहाँ तथागतले अनुत्तर धर्मचक्र प्रवतन गर्नुभयो - सारनाथ र

(४) जहाँ तथागतले अनुपादिशेष निर्वाण धातुले परिनिर्वाण प्राप्त गर्नुभयो - कुसिनगर ।'

## पूजा वरदानको लागि होइन

गुणानुस्मरण गरी गर्ने बुद्धपूजा कुशल मनोबल उकास्न वा पवित्र संवेजन प्राप्त गर्ने तवरमा हुनुपर्छ । किनभने बुद्ध मार्गप्रदर्शक हुन्, मोक्षदाता वा वरदाता होइन। यौटा प्रसंग उल्लेख गर्नु प्रासंगिक होला ।

नन्द र राहुल दुवै प्रव्रजित भैसकेपछि शुद्धोदन महाराजलाई असह्य पीडा हुन्छ । बुद्ध समक्ष विन्ति गर्दै - **'एकाहं भन्ते, भगवन्तं वरं याचामि ।'** 'भन्ते भगवन् ! म यौटा वरदान माग्दैछु ।' भनी सविनयपूर्वक याचना



https://dhamma.digital

गर्छन् । प्रतिउत्तर दिनुहुन्दै - '**अभिक्कन्तवरा खो जीवन तथागता'ति**' अर्थात् 'तथागतको जीवन वरदान (प्रथा) रहित छ ।' भनी बुद्धले आज्ञा गर्नुभयो ।

'होइन भगवान् ! जतिबेला हजूरले महाभिनिष्क्रमण गरी राजदरवार त्यागनुभयो त्यतिबेला मेरो छाला खुइलिएको जस्तो भयो, फेरि जतिबेला नन्द भिक्षु भए त्यतिबेला मेरो मासुको चोक्ता काटेसरी वेदना भयो भने अहिले राहुलको प्रव्रज्याले त मलाई आफ्नो हड्डी नै धूलो-धूलो भएसरी असह्य वेदनानुभूति भइरहेको छ । यस उसले अब उप्रान्त आमाबाबुको अनुमति विना कसैलाई पनि प्रव्रजित नगर्नुहोस् ।'

बुद्धले जवाफमा भन्नुभयो - 'यसो त म गर्न सक्छु, अब मबाट यस्तै हुन्छ ।' वास्तवमा यो कुनै वरदान नभई, सकारात्मक सुझाव मात्र हो र त्यसैले यो बुद्धबाट सुझावको लागि स्वीकृत मात्र हो न कि वरदान ।

## राजा मिलिन्दको प्रश्न

यहाँ प्रश्न उठ्न सक्छ कि बुद्ध-पूजा वरदानको लागि होइन भने के को लागि ? बुद्धको नाममा चैत्यादिको पूजा किन ? यस विषयमा केही केही जवाफ माथि पनि चर्चा भइसकेको छ । यसै विषयमा केही जवाफहरू राजा मिलिन्दबाट सोधिएको प्रश्नलाई भन्ते नागसेनले प्रष्ट्याउनु भएको जवाफमा पनि पाउन सकिन्छ ।

राजा मिलिन्दले सोधे, - 'यदि बुद्धले उनीप्रति गरिएको पूजा स्वीकार्दछन् भने उनले अझै निर्वाण पाइनसकेको र उनी अझै यस संसारमा कहीँ न कहीँ, कुनै न कुनै रूपमा रहिरहेको मानिनु पर्दछ । यस्तो हो भने पनि बुद्ध पनि अरु सरह सामान्य प्राणीमात्रै रहे । तब उनको पूजा गर्नु व्यर्थ छ । यदि बुद्धले निर्वाण पाइसकेका छन् र उनको अस्तित्व यस संसारमा बाँकी छैन भने त्यस अवस्थामा पनि बुद्धको पूजा गर्नु व्यर्थ नै छ । किनभने अस्तित्वमा नै नरहने गरी परिनिर्वाण भइसकेकालाई गरिएको पूजा स्वीकारिन्दैन र स्वीकार नै नगरिएको पूजा स्वतः व्यर्थ हुनेछ । पुनः तथागतलाई पूजा गर्नु व्यर्थ हो ।'



https://dhamma.digital

## अग्निको उपमामा नागसेनको जवाफ

प्रतिउत्तरमा नागसने भन्तेले भन्नुभयो, - 'एकपल्ट दन्दन् बलेको आगो बलिसकेर निभेछ । के त्यसरी आगो बलेर निभिसकेपछि थपिएको सुकेको घाँस या दाउरालाई त्यो निभिसकेको आगोले स्वीकार्छ ?'

मिलिन्द : 'भन्ते नागसेन, बलेर निभिसकेको आगोले घाँस-दाउरा स्वीकार्दैन । वास्तवमा भन्ने हो भने दन्दन् बलिरहेको आगोले घाँस-दाउरा स्वीकार नगर्ने भन्ने कुरा हुँदैन ।'

नागसेन : 'त्यसो भए के त महाराज एकपल्ट बलेको आगो निभिसकेपछि यो संसार आगो विहिन रहन्छ ?'

मिलिन्द : 'यो संसारमा कहिल्यै पनि आगो विहिन रहन्दैन, भन्ते नागसेन । एकपल्ट बलेको आगो निभिएपनि आगो चाहनेले कुनैपनि बेला अरणी मथेर (रगडेर) फेरि आगो बाली आफ्नो काम चलाउन सक्छ ।'

नागसेन : 'धेरै आगो बलेपछि आगो निभ्यो । (दाउरा हुँदाहुँदै पनि) त्यो (आफ्सेआफ्) पुनः बल्दैन । तर यसको अर्थ त्यसलाई बाल्नु हुँदैन भनिएको होइन । पुनः अरणी (दाउरा) आपसमा मथेर आगो बाल्न सकिन्छ । जसरी बलेको आगो बलिसकेपछि निभ्छ, त्यसरी नै भगवान् बुद्धले दश हजार लोकहरूसम्म आफ्नो धर्मको प्रभाव छोडेर परिनिर्वाण पाइसकेका छन् । बलेर निभिसकेको आगोले सुकेको घाँस-दाउरा नस्वीकार्ने झैँ परिनिर्वाण पाइसकेको बुद्धले उनीप्रति गरिएको पूजा स्वीकार्दैनन् तर बलेको आगो निभे पनि आगो चाहनेले अरणी मथेर फेरि पनि आगो निकाल्न सक्ने झैँ देवताहरू र मनुष्यहरू बुद्धको शरीर धातुको पूजा गरेर र बुद्धद्वारा प्रतिपादित ज्ञान मार्गको अनुसरण गरेर मार्ग, फल र निर्वाण पाउन सक्छन् ।'



https://dhamma.digital

**पंखाको उपमामा नागसेनको जवाफ**

नागसेन भन्तेले भन्नुभयो, - 'जसरी एकपल्ट बहेको आँधिबेहरी बहेर शान्त भएछ त्यसरी बहेर शान्त भइसकेको आँधिबेहरीमा पुनः दोहोर्‍याएर बहने चाहना हुँदैन ?'

मिलिन्द : 'भन्ते नागसेन, आँधिबेहरीमा पुनः दोहोर्‍याएर बहने चाहना हुँदैन किनभने आँधिबेहरी भनेको चाहना रहित हुन्छ ।'

नागसेन : 'त्यसोभए एकपल्ट बहेको आँधिबेहरी शान्त भइसकेपछि हावा जति जम्मै समाप्त हुन्छ ?'

मिलिन्द : 'त्यसो हुँदैन, हावा त पङ्खा या चमर हम्कने बित्तिकै फेरि चल्न थाल्छ । घामको तापले अथवा जरोको तापले गर्मी सहन नसक्ने मान्छेले कुनैपनि बेला कसैलाई पङ्खा या चमर हम्काउन लगाएर गर्मी हटाउन हावा चलाउन सक्छ ।'

नागसेन : 'आँधिबेहरी बहे झैँ भगवान् बुद्धले दश हजार लोकसम्म अति शीतल, अति स्वच्छ र अति शान्त प्रकृतिको मैत्री रूपी हावा बहाएका छन् । जसरी एकपल्ट बहेको आँधिबेहरी थामिएपछि सम्पूर्ण वातावरण शान्त हुन्छ, त्यसरी नै अति शीतल, अति स्वच्छ र अति शान्त प्रकृतिको मैत्री सर्वत्र फैलाएर भगवान् बुद्धले अनुपादिशेष परिनिर्वाण प्राप्त गरिसकेका छन् । जसरी एकपल्ट बहेर थामिसकेको आँधिबेहरीमा पुनः दोहोर्‍याएर बहने चाहना हुँदैन त्यसरी नै परिनिर्वाण पाइसकेका बुद्ध कसैको पूजा स्वीकार गर्ने अवस्थाबाट पूर्णतयाः मुक्त भइसकेकाछन् । त्यसो भएपनि आँधीबेहरी बहेर थामिसकेपछि गर्मी हटाउन हावा चाहनेले पङ्खा या चमर हम्केर हावा पाउन सक्नेझैँ राग, द्वेष र मोहरूपी सन्ताप हटाउन चाहने देवताहरूले र मनुष्यहरूले बुद्धको शरीर धातुको पूजा गरेर र बुद्धले प्रतिपादन गरेका धर्मानुसार आचरण गरेर कुशल धर्म उत्पन्न गरी राग, द्वेष र मोह हटाउन सक्छन् ।'



https://dhamma.digital

यसबाट स्पष्ट हुन्छ कि बुद्ध-पूजा गर्नु भनेको उहाँको गुणानुस्मरण र गुणानुकरण गर्नु हो । उपरोक्त उल्लेखित कुराहरूबाट अर्को एउटा कुरा यो पनि स्पष्ट हुन्छ कि नागसेन भन्तेले आचरणलाई पूजासँग सम्बन्ध गाँस्नु भएको छ भने राजा मिलिन्दको समयसम्ममा पनि विशेषतः अस्थि अवशेषको पूजा हुने गरेको देखिन्छ । जतिबेलादेखि बुद्धको मूर्ति र चैत्य-पूजाको प्रचूरता देखिए, विस्तारै विस्तारै बुद्धलाई आराध्य देवको रूपमा पूजिने प्रथा प्रारम्भ हुँदै गए । त्यसपछि विस्तारै समय अन्तरालसँगै अनैतिहासिक, काल्पनिक वा प्रतीकमय देव-देवीको क्रममा बुद्धलाई समेत राखिए भने बुद्धलाई श्रेष्ठ मान्ने वा पूजा गरिँदै जाने प्रयास हुँदै गए । यसको प्रमाणका लागि श्रीलंकाका राजा पराक्रमबाहुको समकालीन पं. रामचन्द्र भारतीयको 'भक्तिशक्तम', हर्षदेव भूपतिको 'दशबलास्तव स्तोत्र', अझ प्रतीकात्मक रूपको 'जय नम श्री बुद्ध भगवान् लुम्बिनी वनस् बिज्यात' आदि स्तोत्रहरू हुन् ।

## प्रतिपत्ति-पूजा

बुद्धको आज्ञानुसार प्रतिपत्ति-पूजा नै वास्तविक पूजा हुन् । अर्थात् तथागतद्वारा आज्ञा भए अनुसार कर्म सुधार गरिँदै जानु नै वास्तविक रूपमा बुद्धलाई पूजा गर्नु हो ।

भगवान् बुद्धले भिक्षुहरूका लागि विनयमा आमिस -पूजालाई आपत्ति ज्ञापन गर्नु भएको छ । भिक्षुहरू आमिस -पूजामा मात्र सीमित नरही त्यसभन्दा अगाडि बढी सम्पूर्ण संस्कारगत अनित्यतालाई मनमा धारण गर्ने, ध्यान-भावनाको निरन्तर अभ्यास गर्ने, सत्यासत्यलाई आत्मसात गर्ने, कलुषित भाव हटाई मनको क्लेशलाई नाश गर्दै चित्तलाई शुद्धितर्फ मोड्ने, मनलाई पवित्र गर्ने कार्यमा लीन हुने कर्म अभिवृद्धि गर्दै जानुपर्छ । यही नै भिक्षुहरूको कर्तव्य पनि हो ।

त्यसैले बुद्ध भन्नुहुन्छ - **'अत्त दीप भिक्खवे, विहरत अत्तसरणा अनञ्ञसरणा, धम्म दीपा धम्मसरणा अनञ्ञ सरणा ।'**



https://dhamma.digital

'भिक्षुहरू ! आफ्नो दीप (ज्योति) आफै होऊ, आफ्नो शरण आफै होऊ, धर्म-ज्योतिको शरणमा नै जाऊ, अन्य शरणमा होइन ।'

(बुद्ध सम्बत् २५१० मा भिक्षु सुदर्शन महास्थविरद्वारा नेपाल भाषामा रचित यस 'चैत्य-पूजा' लाई सक्दो लेखकको भावनालाई समेट्ने प्रयास गरिएको छ । बु. सं. २५४३ मा प्रकाशित 'बहुजन हिताय, बहुजन सुखाय' मा पनि उक्त नेपाल भाषामा रचित रचना संग्रह गरिएको छ । मोतिकाजी शाक्यद्वारा अनुदित मिलिन्द प्रश्नको पनि उप-सहयोग गरिएको छ । - अनु., सं.)

**'अस्तु'**

Dhamma.Digital



https://dhamma.digital

## चैत्य-पूजा : अभ्यास – २

१) 'पूजा' भन्नाले के बुझ्नु हुन्छ ? सरल भाषामा प्रस्तुत गर्नुहोस् ।

२) पूजा कति प्रकारका छन् ? संक्षिप्तमा परिचय दिनुहोस् ।

३) आमिस-पूजा भन्नाले के बुझ्नुहुन्छ ?

४) आमिस-पूजा अन्तर्गत भोजन र चीवरको महत्वलाई प्रस्तुत गर्नुहोस् ।

५) गिलान प्रत्यय भन्नाले के बुझ्नुहुन्छ ?

६) सयनाशन भन्नाले के बुझ्नुहुन्छ ?

७) पुष्प र सुगन्धले किन पूजा गरिन्छ ?

८) पूजाको प्रतीक 'रूप' हो । स्पष्ट पार्नुहोस् ।

९) भगवान् बुद्धले आफूलाई पूजा गर्ने वा नगर्ने विषयमा के उपदेश दिनु भएको छ ?

१०) वास्तवमा वरदानको लागि पूजा गर्नु व्यर्थ हो भन्ने कुरालाई आफ्नै भाषामा स्पष्ट पार्नुहोस् ।

११) बुद्ध-पूजा सम्बन्धी राजा मिलिन्दले भन्ते नागसेनसँग कस्तो जिज्ञासा राखेका थिए ?

१२) भन्ते नागसेनले बुद्ध-पूजा सम्बन्धी जिज्ञासामा आगोको उपमा दिई कसरी स्पष्ट पार्नुभयो ?

१३) पङ्खाको उपमालाई आफ्नै भाषामा बुझाउनुपर्दा कसरी बुझाउनु हुन्छ ?

१४) 'बुद्ध-पूजा गर्नु भनेको यथार्थतः उहाँको गुणानुस्मरण र गुणानुकरण गर्नु हो' भन्ने कुरालाई पुष्टि गर्नुहोस् ।

१५) भगवान् बुद्धले भिक्षुहरूका लागि आमिस पूजाभन्दा प्रतिपत्ति-पूजा बढी महत्वपूर्ण छ भनि किन आज्ञा गर्नु भएको हो ?

१६) 'पूजा' को महत्व र विशेषता उल्लेख गरी दुईसय शब्दमा एउटा निवन्ध लेख्नुहोस् ।



https://dhamma.digital

# आदर्श बौद्ध महिलाहरू

Dhamma.Digital

लेखिका

**विद्यावती 'मालविका'**

नेपाली अनुवाद

**सम्यक्सम्बोधि प्राणपुत्र**

(अनु. नेपालभाषा : अनागारिका माधवी)

https://dhamma.digital

https://dhamma.digital

**द्वितीय खण्ड** :

## (क) बुद्धकालीन आदर्श बौद्ध महिलाहरू

# १. महाप्रजापती गौतमी

हिमालयको फेदीमा कोलिय वंशीय राजाको राजधानी देवदह नामक शहर थियो । त्यहाँका यशस्वी राजा अञ्जन शाक्यका दुईटी रुपवती छोरीहरू थिए । एउटी मायादेवी र अर्की प्रजापती । रूप र गुणका सजीव मूर्ति भइरहेका यिनीहरूको यौवनावस्थाको विहानीपखमा नै कपिलवस्तुका राजा शुद्धोदनसँग विवाह भयो । जेठी भएकीले मायादेवी प्रधान राजमहिषी भइन् र प्रजापती द्वितीय । उसैलाई नै गौतम वंशीय बुहारी भएकीले प्रजापतीलाई "महाप्रजापती गौतमी" भनेर पनि बोलाउन थालियो । प्रधान राजमहिषीबाट, हाल रूपन्देही जिल्ला लुम्बिनीको शालवनमा बैशाख पूर्णिमाको पावन पर्वमा असंख्य उत्तम लक्षणयुक्त भएको सिद्धार्थको जन्म भयो । पुण्यशीला अग्रमहिषी मायादेवीले भने सिद्धार्थ जन्मेको सातौं दिनमा नै आफ्नो शरीर त्याग्नुपर्‍यो ।

महाराज शुद्धोदनलाई अपूर्व गुणयुक्त बच्चा हुर्काउन चिन्ता हुनथाल्यो, किनकि जुन बच्चालाई ज्योतिषि, सामुद्रिक शास्त्री तथा महामुनिहरूले चक्रवर्ति नरेश अथवा प्राणी मात्रको हृदय देवता हुने भन्ने भविष्यवाणी गरेका थिए । त्यसैले उसलाई सुयोग्य व्यक्तिको हातमा सुम्पिनु परिरहेको थियो । देवी प्रजापती गौतमी आफ्नी दिदीप्रति अगाध श्रद्धा र स्नेह राख्दथिन् । महामायादेवी परलोक भएपछि प्रजापती गौतमी प्रधान राजमहिषी भइन् । त्यसै दिन उसको पनि छोरा जन्मियो । जसको नाम नन्द राखियो । तर स्नेहीमयी गौतमीले आफ्नो बच्चा धाईआमाको हातमा सुम्पेर बोधिसत्व सिद्धार्थलाई आफ्नो छोरासमान पालन गर्ने भार सम्हालेर आफूलाई आफैले धन्य सम्झिइन् । आफ्नी दिदीप्रति अर्पण गरिएको अगाध श्रद्धाको फलस्वरूप उनले शान्ति एवं ममतायुक्त भएर सिद्धार्थको पालनपोषण गरिन् । उनको ममतामय मातृप्रेममा कुमार सिद्धार्थले दया,



https://dhamma.digital

दान कार्यकुशलता एवं अनेक गुणको साथसाथै विद्याभ्यास गरे । फेरि यशोधरा जस्ती बुहारी पर्न आएकीले देवी गौतमी झन् हर्षले गद्गद भइन् ।

छोरा सिद्धार्थको जुनसुकै काममा उत्साहित भइबस्ने गौतमीको मातृहृदयमा उत्साहित गृहत्यागले अति नै चोटपऱ्यो । तापनि त्यागमयी यशोधराको दुःख देखेर उनले आफ्नो दुःखलाई बिर्सेर दिन बिताइन् । सिद्धार्थले धेरै वर्षसम्म कठिन तपश्या गरी मार विजय गरी धर्मचक्र प्रवर्त्तन गरिसकेपछि भगवान् बुद्धले अमृतोपदेशद्वारा प्राणी मात्रलाई तृप्त गर्नु हुँदै कपिलवस्तुतिर पाल्नुहुँदा देवी गौतमीको एक्लो छोरा नन्द पनि भर्खरकी तरुनी युवती र राजसिंहासनलाई त्यागी त्रिरत्नको शरणमा गयो । यशोधराको एउटै मात्र छोरा राहुलले पनि प्रव्रज्या ग्रहण गऱ्यो । उसैको कल्याणकारी उपदेशले देवी प्रजापती त झनै धेरै प्रभावित भइन् । तब उनले विश्वकल्याणको मार्गमा हिँडेर सर्वस्व त्याग गर्ने आकाँक्षा देखाइन् तर भगवान् बुद्धले बन्धनमा मात्र बसिरहने महिलाहरूलाई त्यागमय साधनापथमा आउने आज्ञा दिनुभएन । तापनि उनले निराश नभइकन पाँचसय महिलाहरूलाई यस असल विचारले प्रभावित गरिदिइन् ।

एक समय भगवान् वैशालीको उपवनमा धर्मोपदेशको अमृतवृष्टि गर्नुहुँदै प्राणी मात्रलाई मङ्गल गरिरहनुभएको थियो । त्यस समयमा हृदयमा उत्साह र गम्भीरताले भरिएकी देवी गौतमी पाँचसय शाक्य सुकुमारीहरूसँग कपिलवस्तुदेखि वैशालीसम्म पैदल हिँडिन् । सुकुमारीहरूको अनुहार ओइलाएर जान थाल्यो तापनि हृदयमा उच्च श्रेणीको सङ्कल्प थियो, त्यो थियो भिक्षुणीसङ्घको स्थापना गर्नु । जब भगवान्को प्रिय हुनुभएको शिष्य आनन्दले ध्यान दिनुभयो तब महाकारूणिक भगवान्सँग सोध्नुभयो "भन्ते ! के तपाईको मुक्तिदायक धर्ममा नारीवर्गको कल्याण हुने मार्ग छैन ?"

भगवान्ले आफ्नो मङ्गलमय वचनले आफ्नो धर्म सबैको लागि पनि हो भन्नुभयो । फेरि आनन्दले निवेदन गर्नुहुँदा उहाँले महिलाहरूको लागि पनि भिक्षुणी हुने त्यो ऐतिहासिक स्वीकृति प्रदान गर्नुभयो । नारीवर्गको लागि त्यस दिन गौरवनीय स्वर्णिम दिन हो । जहिले समान अधिकारकी नेतृ देवी



https://dhamma.digital

गौतमीको कठिन प्रयासको परिणामस्वरूप सबैभन्दा पहिले भिक्षुणीसङ्घको स्थापना भयो । पाँचसय शाक्य सुकुमारीहरूले पनि काषायवस्त्र धारण गरे । देवी गौतमी उनीहरूको नायिका बनिन् । यी साधिकाहरूले आफ्नो साधनाद्वारा भगवान्लाई प्रसन्न गरे । तब उनीहरूलाई पनि उपसम्पदा एवं भिक्षुहरूलाई जस्तै अन्य अधिकारहरू प्राप्त भए ।

धेरै जन्मदेखि साधना गर्दै अवतरण भएकी गौतमीको यस जन्म अन्तिम जन्म हो, जसले सिद्धार्थजस्ता दिब्य पुत्ररत्नलाई पालन गरिन् फेरि जसले भगवान्को उपदेशद्वारा समाधियोग, एकाग्रचिन्तन र अलौकिक ध्यान गरी अरहन्त पद पनि प्राप्त गरिन् । वैशालीको कुटागारशालाको नगिच रहेको महावनमा पाल्नुभएको समयमा प्रजापती गौतमी पनि भिक्षुणीसङ्घ सहित त्यहीँ नै बसिरहेकी थिइन् । एकदिन चारिकापछि उहाँले विचार गर्नुभयो । भगवान्को परिनिर्वाण, कुमार नन्द, त्यसै गरी राहुलको निर्वाणलाई उहाँको ममतामयी हृदयले कसरी सहन गर्ला ? त्यसैले स्वयं आफैले पहिला देहत्याग गर्नेछु । यही कारणले उहाँले भगवान्सँग विन्ती गर्नुभयो । भगवान्ले शान्त एवं गम्भीर वचनले उहाँहरूलाई उपदेश दिनुभयो, जसले गर्दा उहाँले समाधिमा बसेर परम शान्तमय निर्वाण लाभ गर्नुभयो ।

भगवान्प्रति देवी गौतमीको अटूट श्रद्धा थियो । अतः उहाँलाई विश्व कल्याणको हेतुले अवतरण भएको सम्झिने गर्नुहुन्थ्यो । थेरीगाथामा उहाँले कतिसम्म भावुकता र सरसताले भन्नुभएको थियो भन्ने प्रमाण यसप्रकार छ -

"सुगत ! म एउटी आमा हुँ तर पनि हजुर मेरो पिता हुनुहुन्छ ।" किनकि उहाँले तथागतको पालन गरिन् तर भगवान् बुद्धले बुबाले जस्तै गरी उहाँहरूलाई ज्ञान एवं अनुपम उपदेशद्वारा अभिनव शान्ति प्रदान गर्नुभयो । अर्को ठाउँमा पनि भनिएको छ - "अहो ! बहुजन हितको लागि मायादेवीले गौतमलाई जन्म दिइन्, तब उहाँले प्राणीहरूलाई वृद्धत्व, रोग र मरणभयले मुक्त गरिदिनुभयो । आज म पनि दुःख निरोधगामी आर्य अष्टाङ्गिक मार्गमा विचरण गरिरहेकी छु ।"



https://dhamma.digital

"बुद्धवीर ! मैले हजुरलाई वन्दना गरेँ । हजुर श्रेष्ठ हुनुहुन्छ । म जस्तै कति नारीहरूलाई दुःखरूपी आगोको ज्वालाबाट उद्धार गरेर यहाँले शान्तिको वरदान दिनुभयो । यो मेरो अन्तिम जन्म हो । यहाँको ज्ञानले गरेर ममा अहिले तृष्णा नष्ट भइसक्यो, हजुरले प्राणीहरूको दुःख नाश गरिदिनु भएको छ ।"

कतिसम्म श्रद्धा भएकी, कतिसम्म भक्ति भएकी, महाकारुणिक कल्याणकारी उपदेशमाथि । धन्य हो ! त्यस नारीरत्नलाई जसको ध्येय नै संसारको सारा प्राणीहरूलाई मङ्गल होस् तथा सारा ज्ञान प्राप्त गरेर जीवनमुक्त होस् भन्ने थियो । त्यस नारी जगतनेतृ महान् हो, जसले महिलाहरूलाई पुरुषहरूको समकक्षमा पुऱ्याएर अमृततत्व प्राप्त गराएर महिलाजातिको कल्याण गरी दिइन् ।

## आदर्श बौद्ध महिलाहरूः अभ्यास – १

Dhamma.Digital

१) प्रजापती गौतमीको मातृवात्सल्य कस्तो थियो ?

२) प्रजापती गौतमी किन बुद्धशासनमा प्रव्रजित हुने इच्छा गरिन् ?

३) प्रजापती गौतमीले कसरी भिक्षुणी दीक्षा प्राप्त गरिन् ?

४) बुद्धशासनमा प्रजापती गौतमीको बारे चर्चा गर्नुहोस् ?

५) 'सुगत ! म एउटी आमा हुँ तर पनि हजुर मेरो पिता हुनुहुन्छ ।' यस कथनलाई स्पष्ट पार्नुहोस् ।



https://dhamma.digital

# २. खेमा

आमा-बुबाको प्रिय सागल देशकी राजकुमारी क्षेमा (खेमा) मानौं सौन्दर्यको साकार मूर्ति जस्तै थिइन् । उक्त शौभाग्यसालिनी रूपवती खालि बाहिरी रूपले मात्र राम्री देखिएकी होइनन् किन्तु भित्री रूपले पनि त्यत्तिकै राम्री थिइन् ।

चम्पाको फूल जस्तो सेतो छाला भएकी सुन्दरी खेमाको जन्म मद्द देशको सागल नगरमा भएको हो । आमा-बुबाले आफ्नी प्रिय पुत्रीलाई शिक्षा दीक्षा दिलाउने प्रबन्ध गरिदिनु भयो । उमेर चढ्‌दै आइसकेपछि खेमाको सौन्दर्य सँगसँगै गुण पनि धेरै नै वृद्धि भए । यस्ती रूपवती र गुणवतीसँग विवाह गर्न अनेक राजकुमारहरूले सागलको अधिपतिसँग अनुरोध गर्न आए, ती मध्ये मगधका यशस्वी नरेश बिम्बिसार पनि एक हुन् । सागल राजा र महारानी यस्ता योग्य वरको हातमा आफ्नी स्नेहमयी, गुणवती छोरी दिन पाएकोमा धेरै खुशी थिए । त्यस्तै राजनन्दिनी खेमाले मगधका राजमहिषीहरूको समूहमा अग्रस्थान प्राप्त गरिन् । उनको प्रिय बिम्बिसारको सबै प्रेम आफ्नो योग्य पत्नीलाई प्राप्त भयो ।

मगध नरेश बिम्बिसारको भगवान् बुद्धमाथि अपार श्रद्धा थियो । जुनबेला देखि सिद्धार्थ राजवैभव त्यस्तै ममतामयी परिवारको स्नेहलाई त्याग गरी ज्ञान खोज्नको निम्ति बाहिरिनु भयो त्यति बेलादेखि मगधराजाले उनलाई वैभव त्याग नगरी पुनर्गमनको निम्ति निवेदन गरे किन्तु आफ्ना दृढ निश्चयको कुरा मगधराजालाई बताई राजकुमार सिद्धार्थले सांसारिक बन्धनमा बाँधिन स्वीकार गर्नुभएन । अनि मगध नरेशले निवेदन गर्नुभयो – "जहिले तपाईं मुक्ति मार्गलाई जानी लिनुहुन्छ त्यसबेला मलाई पनि ज्ञान दानले तृप्त पार्नुहोस् ।"

ऋषिपतन मृगदावनमा धर्मचक्र प्रवर्तन गरी अमूल्य र राम्रो उपदेशलाई बताई भगवान् बुद्ध राजगृहमा जानुभयो । त्यस्तै महाराज बिम्बिसारको निमन्त्रणालाई स्वीकार गरी मगध जानुभयो । महाराजाले



https://dhamma.digital

आफ्नो भाग्यमाथि धन्य सम्झनुभयो । साथै वेणुवन भन्ने अति राम्रो उपवन तथा विहार भगवान् र भिक्षुसङ्घलाई अर्पण गरी दिनुभयो । उहाँले दिनहुँ भगवान्कहाँ जानु भई उपदेश ग्रहण गर्थे तर उनको रूप लावण्यले परिपूर्णजहान प्रिय प्रधान महिषी सधै नै भगवान्को दर्शनबाट पछि हट्ने मात्र प्रयत्न गर्ने गर्थ्यो । यद्यपि गुणवती खेमा शास्ताप्रति श्रद्धा भएकी नारी थिइन् । परन्तु उनलाई भय थियो कि भगवान् सुगतले भने सौन्दर्यलाई तुच्छ पारी दिने गर्नुहुन्थ्यो । तर उनी आफ्नो रूपमाथि अभिमान भएकोले कसैले पनि रूपलाई तुच्छ नगरिदेऊन् भन्ने चाहना राख्दथिन् ।

यसप्रकारले स्वयं आफ्नो इच्छाले महारानी नगएकोले उनको हृदयश्वर महाराजले काव्य र संगीतले महारानीलाई वेणुवनको प्रशंसा गरी गीत सुनाउनुभयो । कला प्रिय नारीको मन वेणुवनमाथि आकर्षित भयो । साथै विहारमा जाने इच्छा जागृत भयो । पंक्षीहरूको शब्द, फूलहरूको शोभा त्यस्तै रमाइलो प्राकृतिक वातावरणमा रानी रमाउन थालिन् । तर ऊ दरबारमा फर्कन लागेको बेलामा उसलाई त्यहीँ बाटोबाट ल्याएको थियो, जहाँबाट महाकारुणिक हरियो रूखको छहारीमा बसी शान्ति सुधा वर्षा गरी बस्ने हो । महाकारुणिकले आफ्नो करुणा दृष्टिले हेर्दा रानीलाई ज्ञान दिन योग्य हुने सम्झेर शास्ताले आफ्नो ऋद्धिबलले एउटा अति नै राम्री अप्सरा प्रकट गर्नुभयो, जसले आफ्नो सुन्दर हातले उहाँलाई पङ्खा हम्काइरहेको थियो ।

मगधका सौन्दर्यमयी राजमहिषीले शास्तालाई अलौकिक रूप भएकी अप्सराले पङ्खाले हम्काइ रहेको देखेपछि उनी श्रद्धाले झुकिन् र विचार गरिन् – "म पनि कस्तो मान्छे । यस्ता देवता मेरो घरमा पाल्नु भएर पनि म दर्शन गर्नबाट टाढा भई राखेँ । एकछिन पछि उसले देख्यो– "उक्त तरुनीको रूप परिवर्तन हुँदै गएर छाला चाउरियो, साथै बुढी भएर गयो । उसको रूप नष्ट भएर गयो, दाँत झरेर गयो, कम्मर बाङ्गिँदै गयो, फेरि तेज बिलाएर गयो ।" राजमहिषी खेमा रूप भन्ने तुरुन्त परिवर्तन भएर जाने रहेछ भनेर झस्याङ्ग भए । उनको मन भयभीत हुन्छ । अनि भगवान्को शरण गई आफ्नो भूललाई स्वीकार्दछिन् । शास्ताले उनलाई

सम्झाई धर्मको उपदेश दिनुभयो र त्यसपछि बुद्धिमती खेमाको अभिमान चूर्ण भएर गयो ।

शास्ताको दर्शन गरी रानी राजप्रासादमा फर्किनुभयो र प्रव्रज्याको निम्ति आफ्नो पति मगधराजसँग अनुमति माग्नुभयो । आफ्नो प्रियपत्नीबाट वियोग हुने कुरा सुनी राजाको मन खल्बलियो तैपनि आफ्नो पत्नीको मङ्गलमय बाटोमा उनी बाधक नभई आफ्नो मनलाई दह्रो बनाई सहर्ष प्रव्रज्या हुने अनुमति दिनुभयो ।

सुनको पालकीमा बसी मगध राजमहिषी भिक्षुणीसङ्घको निवासमा प्रवेश गरिन् । त्यहाँ गई विधिवत् प्रव्रजित भई काषायवस्त्र धारण गर्नुभयो । साथै कठिन साधना गरी अर्हत्व प्राप्त गर्नुभयो । शास्ताले पनि उनलाई महाप्रज्ञावतीको दर्जा प्रदान गर्नुभयो ।

अति नै राम्री भएकी कारण साधिका खेमालाई पथ-विचलित गर्नलाई मार र कामुक पुरुषहरूबाट धेरै नै कोशिस भए किन्तु शास्ताको शरणमा गई त्रिरत्नप्रति धेरै नै श्रद्धा राखेर बसेकी प्रज्ञावती भिक्षुणीले सबैलाई जिती अर्हत भईन् ।

मारसँग वादविवाद भएको र सुन्दर गाथा आज पर्यन्त पनि उनको ज्ञान र श्रद्धाको स्मृति भइराखेको छ ।

मारले स्वयं एक तरुण भई भन्यो - "खेमा !, तिमी असाध्यै राम्री युवती हौ; त्यस्तै म पनि एक युवक हुँ; तसर्थ, हामीले विषयसुखको (कामवासनापूर्ण) आनन्द लिऔं ।" शास्ताको उपदेश पालन गरिराख्ने सुविज्ञा खेमाले "मैले जुन कामतृष्णा भाला जस्तै रोपिने हो भनेर भनें तिमीले त्यसलाई आनन्द दिने भनेर भनी राखेको र ? मैले भगवान् सम्यक्सम्बुद्धलाई पूजा गरिराखेको छु, शास्ताको शासनलाई पालन गरी म सबै दुःखबाट मुक्त भइसकें" भनेर जवाफ दिइन् ।



https://dhamma.digital

## आदर्श बौद्ध महिलाहरूः अभ्यास – २

१) बुद्धिमती खेमाको अभिमान कसरी चूर्ण भयो ?

२) खेमाको सौन्दर्यका विषयमा चर्चा गर्नुहोस् ।

३) खेमाको हृदय कसरी परिवर्तन भयो ? प्रव्रज्याको लागि उनले कसरी अनुमति पाइन् ?

४) खेमाको मारसँग के-कस्तो वादविवाद भएको थियो ?

५) खेमा महारानीको जीवनीलाई आफ्नै शब्दमा प्रस्तुत गर्नुहोस् ।

Dhamma.Digital



https://dhamma.digital

# ३. सुजाता

निरञ्जना नदीलाई आजकाल फलगु नदी भनिन्छ। यो नदीको एकातिर बुद्धगया अर्कोतिर सेनानी वन थियो। भनाई छ, सेनानी नामको सरदारको नामले त्यो वन र गाउँको नाम सेनानी भएको हो। सेनानीको दायाँबायाँ धेरै खेतबारी र गाईबस्तु छन्। यो सेनानी गाउँ त्यही उरुवेलको पवित्र प्रदेशमा समावेश छ जहाँ कुमार सिद्धार्थले ज्ञान प्राप्तिको लागि अति गाह्रो तपस्या गरी बुद्धत्व प्राप्त गर्नुभएको थियो। फेरि प्राणीमात्रको कल्याण गर्नुभयो। आजपनि त्यहाँ पिपल बोट, बरको बोट, तित्रीको बोट, आँपको बोट र जामुनको बोटको शोभाले मानिसहरूलाई मुग्ध गरिरहेको छ। साँच्चै नै त्यहाँको धूलो धूलोमा पवित्रताको वासना देखिन्छ।

त्यही सेनानीको गुण र रूपलेयुक्त भएकी कन्यारत्नको नाम हो सुजाता। आफ्नो सौन्दर्यको उसलाई अलिकता पनि अभिमान छैन। उसले मुसुमुसु हाँस्दै आफ्ना बाबाका गाईवस्तुहरूलाई खुवाउने पिलाउने र हेर-विचार गर्दथिन्। कहिलेकाहीँ मुग्धजस्तै गाई गोरुहरूलाई स्नेहपूर्वक हेरिरहन्थिन्। सुशीलता र नम्रताले उसको निर्विकार अनुहार सधैं राम्रो हुनुको साथै नरम कलिलो देखिन्थ्यो। जसले उसलाई भेट्दछ ऊ नरमाइकन बस्न सक्दैनथ्यो। विनयशील सुजाता गाउँनजिक रहेको वरको बोटमा वृक्षदेवता छ भनि अति श्रद्धा राख्दथिन्। त्यस समय साँच्चैकै हृदयदेखि केही कुनैवस्तुको कामना गरेमा अवश्य पनि पूर्ण हुन्छ भन्ने किंवदन्ति प्रचलित थियो। श्रद्धामयी सुजाताले पनि वरको बोटमा वृक्षदेवतासँग वर मागिराखिन् - "मनले सोचेझैँ लोग्ने पाइयोस् फेरि पहिलो जन्मिने छोरा नै होस्। मैले पानी एक थोपा नराखेको दूधको खीर पकाएर नैबेद्य चढाएर पूजा गर्ने छु।"

असल-असल गुणले अति नै राम्री त्यस महिलाको ढोकामा यौवनले पाइला सार्‍यो। फेरि एकजना राम्रो र त्यसै गरी असल गुणले युक्त भएको सज्जन कुलको एकजना तन्नेरीसँग उसको विवाह भयो। उसको मनपरेकी आफ्नी विवाहिता स्वास्नीलाई अति नै हेरविचार गर्दथ्यो। साथै उसको



https://dhamma.digital

प्रसन्न अनुहार हेरेर मक्ख, प्रफुल्लित भएर बस्थ्यो । नरम हृदय भएकी सुजाताले पनि आफ्नो लोग्नेको सुखमा नै आफ्नो सुख सम्भिmने गर्दथी । जहिले पनि उसप्रति आफ्नो कर्तव्यको ध्यान राखी बस्दथिन् । केही समयपछि प्रसन्नले युक्त सुजाताको एउटा बच्चा भयो त्यो पनि छोरा नै । सुजाताको कामना पूर्ण भयो । दुई दम्पतिको पनि प्रसन्नताको सीमा नै रहेन । श्रद्धामयी सुजाताको मनमा वृक्षदेवताप्रति कृतज्ञत हुन थाल्यो । उसलाई मनले सोचेभैंm लोग्ने साथै राम्रो छोरा दुबै प्राप्त भयो ।

पूजा गर्न आफ्नो लोग्ने र बच्चा लिएर त्यसैले माइति आइन् । वैशाख पूर्णिमाजस्तो असल दिनमा उनले आफ्नो वृक्षदेवताको पूजा गर्ने दिन तोकिन् । हरेक वर्ष त्यस वृक्षदेवताको सम्मानमा पूजा गर्दै आइन् । यसमा पनि त्यसरी नै उत्साहपूर्वक पूजाको तयारी गरिन् । नैवेद्य बनाउन दूधको आवश्यकता भएकोले दूधको लागि राम्रो प्रबन्ध गरिन् । हजारवटा गाईको दूध दुहेर पाँचसय गाईलाई पिलाएर फेरि त्यही पाँचसय गाईको दूध दुहेर दुईसय पचास गाईलाई पिलाएर, यसरी गर्दै गाईको दूध गाईलाई मात्र पिलाउँदै पुष्ट गर्दै आफूलाई मन परेको आठवटा गाईको दूधले उसले बैशाख पूर्णिमाको दिन खीर पकाइन् । तब एउटी दासीलाई बरको बोट वरीपरी सर-सफाई गर्न पठाइन् र आफैले श्रद्धापूर्वक पूजा सामग्री ठीक पारिन् ।

दासीले बरको बोटनजिकै एकजना दिब्यपुरुष साधनामा लिन भएको देखिन् । दासीले उसलाई साँच्चै कै वृक्षदेवता सम्भेmर ऊ रमाइन् र तुरून्त नै ऊ रुखमुनि सफासुग्घर गरी प्रसन्न हुँदै आफ्नी मालिक्नीकहाँ गएर एउटै श्वासले त्यस दिब्य देवताको वर्णन गरिन् ।

"साक्षात वृक्षदेवता !" सुजाताको मन नाच्न थाल्यो । लुगा गहना लगाएर सुनको थालीमा त्यस पानीरहित खीर राखेर कल्याणी सुजाता बरको बोट भएको ठाउँमा पुगिन् । फेरि कतिबेरसम्म त्यो तेजश्वी महान साधकलाई आँखा भिmमिक्क नै नपारी हेरिरहिन् । उसले विचार गरिन् कि उसको पुण्यले उसलाई साक्षात देवताको दर्शन दियो । ऊ श्रद्धाले निहुरिइन् । फूल र धूप बत्तीले पूजा गरी वन्दना गरिन् । तब पानीरहित वास्नादार खीर



https://dhamma.digital

समर्पित गर्न आफूपनि देवताजस्तै एक डेक नचलिकन बसेर ध्यान समाप्त हुने प्रतिक्षा गर्दै बसिन् । दासी त प्रसन्न हुँदै नाच्दै उसको गुणगान नै गर्दै रहिन् । वर्षौं-वर्ष साधनामा तल्लीन हुनुभएको वोधिसत्वको ध्यान पूर्ण भयो, आँखा खुल्यो ।

खुशीले भरिएको श्रद्धाले सुजाताले प्रार्थना गरिन् - "देव ! मेरो मनोकामना पूर्ण भयो । तपाईलाई यो खीर अर्पण गर्न आइरहेकी छु । देव ! मैले सोचे झैं लोग्ने पाइयो । पहिलो बच्चा छोरा नै जन्मियो । देव ! म सन्तुष्ट भएँ । त्यसैले यो खीर ग्रहण गरेर मलाई कृतार्थ गर्नुहोस् ।"

बोधिसत्वले सुवर्णको पात्र सहित क्षीर ग्रहण गर्नु हुँदै सुजाताको मुख ताक्दा सुजाताले "आर्य ! मैले यो सुवर्णको पात्र क्षीर-भोजन सहित तपाईलाई समर्पण गरिसकेकी छु । तपाई जस्तो चाहनु हुन्छ उस्तो गर्नुहोस्" भन्दै वन्दना गरी उनले "जस्तो मेरो मनोरथ पूर्णभयो उस्तै तपाईको पनि मनोरथ पूर्ण होस्" भनी शुभ-कामना व्यक्त गरी फर्केर गइन् ।

पानीरहित खीर ग्रहण गर्नुभएर सुजातासँग बिदा लिनुभएर त्यहाँबाट जानुभई पिपल बोटको शीतल छायाँमा बज्रासन मुद्रामा बस्नुभयो । मारको मुटु थरथर काँप्यो । ऊ शैन्य जम्मा गरेर अगाडि आयो । राम्री काम-वासनाले उत्तेजित गराउन सक्ने तरुनी महिलाहरूको विलाषिताले पूर्ण नाच र गानले त्यस देव-पुरुषलाई कुनै प्रभावित गर्न सकेनन् । तब उसले शस्त्र अस्त्र प्रयोग गऱ्यो । पानी आँधीबेहरी वर्षा गराएर उहाँको मनोरथ सिद्ध हुनमा बिघ्न गर्न खोज्यो । तर सारा प्रयास नै व्यर्थ । मारलाई भगवान्ले जित्नुभयो । उहाँलाई बुद्धत्व लाभ भयो । देवताहरूले फूल वर्षा गराउन थाले ।

उहाँ भगवान् बुद्ध हुनुभएर धर्मचक्र प्रवर्त्तन गर्नको लागि ऋषिपतन मृगदावनतिर प्रस्थान गर्नुभयो । सुजाताले यो कुरा थाहापाएर कति खुशी भइन् होली ? जुन नारीरत्नले आफ्नो नरम हातले पकाएको खीर भगवान्ले ग्रहण गर्नुभयो साथै उहाँको शरीरको शिथिलतामा बल दिने सौभाग्य प्राप्त भयो । त्यहीँ खीर भोजन ग्रहण गर्नुभएर उहाँ बज्रासनमा बस्नुभएर विश्व कल्याण हुने बोधिज्ञान प्राप्त गर्नुभई बुद्ध हुनुभयो । फेरि प्राणी मात्रको



https://dhamma.digital

लागि विपत्ति हरण गर्नुभयो । त्यसैले त्यस नारीले आफूलाई कतिसम्म धन्य सम्झिईन् होली ? त्यसैले जबसम्म बौद्ध साहित्य रहन्छ तबसम्म श्रद्धामयी सुजाताको गाथा वा पवित्र कथा पनि कहिलै बिर्सिने छैन । आजपनि निरञ्जनाको उत्तरतिरको भव्य प्रासाद खण्डहरले त्यस युगको सम्झना गराइराखेको नै छ । वन-वृक्षको शीतल छायाँले देखाइरहेको त्यस सुजाता कुटीको भग्नावशेष, आकाशमा छुने झैँ भएको पवित्र मन्दिर साथै झ्याम्मिएको तरुराज बोधिवृक्षले सुजाताको श्रद्धापूर्ण खीर दानले भगवान्को बुद्धत्व प्राप्तिको पुण्य समयको सम्झना बिस्तारै उम्लिन दिइरहेको छ । फेरि बैशाख पूर्णिमाको पवित्र समयको श्रद्धाले भरिएको मनले नभनी पुग्दैन - "कल्याणी सुजाता तिमी धन्य हौ; साथै धन्य छ तिम्रो श्रद्धा ।"

## आदर्श बौद्ध महिलाहरू: अभ्यास – ३

१) सुजाताले वृक्ष देवतासँग के वर मागेकी थिइन् ?

२) सुजाताको मनोकामना कसरी सम्पन्न भयो ?

३) साक्षात् वृक्षदेवताको विषयमा दासीबाट केही कुरा सुनेर सुजाताको मन किन प्रफुल्लित भयो र त्यसपछि उनले के गरिन् ?

४) सुजाताको खीर दानसँग बुद्धत्व ज्ञान प्राप्तिको के सम्बन्ध रहेको छ ?

५) 'कल्याणी सुजाता तिमी धन्य हौ, साथै धन्य छ तिम्रो श्रद्धा' यसलाई आफ्नै शब्दमा प्रष्ट पार्नुहोस् ।

६) सुजाताको खीर-दान प्रसङ्गलाई आफ्नै शैलीमा चित्रण गर्नुहोस् ।



https://dhamma.digital

# ४. काली उपासिका

जसले आफ्नो छोरालाई जन्मेदेखि नै त्रिरत्नको मङ्गलमय उपदेशतिर डोऱ्याइन्, फेरि उसलाई एउटा स्थविरको रूपमा देखेर आफ्नो हृदय हर्षले भरिन्, त्यस भाग्यशाली आमाको नाम हो काली उपासिका ।

काली राजगृहको धनी कुलघरमा जन्म लिनआइन् । केटाकेटीदेखि नै हँसिलो अनुहार भएकी र गाह्रो काममा पनि सजिलै आरामसाथ गर्ने उनको बानी थियो । शिक्षाको साथसाथै घरकाम पनि राम्ररी सिकेर यौवन चढ्दै आएपछि अवन्ति जनपदको एकजना धनी युवकसँग विवाह भयो । विवाहपछि काली आफ्नो स्वामीसँग अवन्ति जनपदको कुररघर नामक शहरमा बस्ने गरिन् । त्यहाँ उनले एकजना श्रद्धालु महिला कात्यायनी भेटिन्, जो गुण, स्वभाव र उमेर पनि आफूजस्तै थिइन् । उसले कात्यायनीलाई त्रिशरणको विषयमा कुरा सुनाउने र कात्यायनीले त्यसलाई श्रद्धापूर्वक सुन्ने गर्थिन् ।

उत्तम शीलमय जीवन बिताउँदै साथै घरको आवश्यक सेवा गर्दै जाँदा केही दिनपछि गर्भवती भइन् । आफ्नो कुलको रीतिथितिअनुसार पहिलो बच्चा जन्माउन आफ्नो माइती (आमाबाबाको घर) राजगृहमा गईन् ।

एकदिन राती आफू सुत्ने कोठामा झ्यालमा बसी उसले झकिझकाऊ राजगृहको सुन्दरता हेरिरहेकी थिइन् । एक प्रहर रात बितिसकेको थियो र अन्धकारको साथसाथै सुनसान पनि भइसकेको थियो । तिरमिरी रहेको बत्तीको प्रकाश झ्यालबाट छिरीरहेको थियो । त्यसै नीरवतामा हराएर गएको झैँ भएकी त्यस काली उपासिकाले सातागिरि र हेमवत यक्षहरूले त्रिरत्नको गुणगान गरेको सुनिन् । उनी मुग्ध भएर सुनिरहिन् । उनको मन बुद्धगुण सुनेर साह्रै प्रसन्न भयो । हुन त उनलाई भगवान् महाकारूणिकको दर्शन गर्ने अवसर प्राप्त भएको थिएन तापनि उनी श्रद्धा विभोर भएकी उपासिका गुणगान सुन्दासुन्दै नै श्रोतापन्न भइन् ।



https://dhamma.digital

पेटमा भएको बच्चालाई पनि आमाको राम्रो विचारको प्रभाव पर्नगयो । कालीले सुन्दर बच्चा जन्माएर अवन्ति जनपदमा फर्किन् । तर उनको समय घरकाममा भन्दा शील एवं उपदेश पालन गर्नुमा नै बित्ने गर्थ्यो । सानैदेखि बाल्यकालमा उसमा आमा चाहिँको असल प्रभाव पर्नगयो । पछि ठूलो भएदेखिन् बच्चाले प्रव्रज्या ग्रहण गरेर साधनामय जीवनलाई नै असल सम्झेर अपनाउन थाल्यो ।

कालान्तरमा त्यहीँ बच्चा धर्म लाभ गरी कुटिकण्ण सोण स्थविर भनि प्रख्यात भयो । जेतवन विहारमा भगवान् शास्ताको दर्शन गरी जब आफ्नो जन्म भएको ठाउँ कुररघर आउनुभयो तब उहाँको जननी काली र आमाजस्ती कात्यायनीले हृदयदेखि स्वागत गरे । उनीहरूले धर्मकथा सुन्ने इच्छा गरे ।

रात्रीको नीरवतामा चोरहरूले विचार गरे, मानिस त भए कै होइन, किन चोर्न नजाने ? अतः कति चोरहरूले नगरको एक छेउदेखिन् सुरुङ खन्न थाले । उनीहरूलाई काम लगाएर प्रधान सरदार सारा जनसमुदाय भेला भएको स्थानमा किन भेला भएको रहेछ भनी बुझ्न गयो । ऊ जनसमूहको बिचमा सबैभन्दा प्रधान भएकी काली र कात्यायनीको पछाडि उभिन गयो । उतातिर ध्यान नदिइकन उपासिका कात्यायनीले आफ्नी शिष्यलाई भनिन् - "सेविका ! घरमा गएर घिउबत्ती आदि लिएर आऊ । म पनि सखीहरूसँग प्रार्थना गर्दै पुण्यफलको भागी हुनेछु ।" कालीले आफ्नी सखीलाई तेलको बत्ती लिनको लागि भन्नुभयो र श्रद्धाशील कात्यायनीले दासीलाई घर पठाइदिइन् । दासीले घरमा के के आवाज सुनिन् । उसले प्वालबाट लुकेर हेर्दा घरको दायाँबायाँ भागमा प्वाल पारेर चोरहरू पसिरहेको देखिन् । उनीहरूले धन, आभरणहरू चोरी लान जम्मा गर्दै थिए । दासी डराएर थरथर काँपिन् । पछि त्यहीँ पाइलाले गएर उसले कात्यायनीलाई कुरा सुनाइन् । चोरको सरदारले बिचार गर्दै बस्यो कि यदि कात्यायनी घर जान खोजेमा यहीँ नै दुईटुक्रा पारी दिनेछु ।



https://dhamma.digital

धर्मोपदेश शुरू भइसक्यो, कात्यायनी श्रद्धापूर्वक उपदेश सुन्दै रहिन् । उसले दासीलाई भनिन् "लान देऊ । उपदेश सुनिरहेकोबेला बाधा दिन नआऊ । चोरहरूले भौतिक धन लगिरहेको छ, लान देऊ । आज मैले अमूल्य उपदेशरूपी धन जम्मा गर्दैछु । यसमा विघ्न दिन नआऊ ।" श्रद्धायुक्त कात्यायनीको गम्भीर स्वर सुनेर सरदारको कडा हृदय पग्लियो । उसको मनले आफूलाई धिक्कार गऱ्यो कि के ऊ, एउटी महिलाभन्दा पनि मूल्यहीन छ कि जुन धनलाई उसले एकरति पनि चित्त नदुखाई त्याग गऱ्यो, त्यो पनि उसले चोर्न आँटेको । यो कस्तो पाप ? त्यस्तो पुण्यवतीको धन चोरेर लाँदा ऊ पृथ्वीमा धसेर जानेछ ।

उसको विचार बदलियो । पछि आफ्ना चोर साथीहरूलाई सारा कुरा भनेर धन त्यहीँ नै छाडी मण्डली सबै नै धर्मोपदेश सुन्न थाले ।

रात बित्यो, उज्यालो भएर आउँदा मानो अमृत वर्षाए झैं भएको उपदेश सुनेर हर्षपूर्वक मङ्गल सुमङ्गल छर्न थाले । सारा नरनारीहरूको हृदय प्रसन्नताले छचल्किँदै दौडिदै गए ।

कात्यायनी पनि आफ्नो घर आईन् । केही समयपछि चोरको सरदारले कात्यायानीको खुट्टा ढोकेर क्षमा माग्यो । तब पश्चाताप गरी भन्यो - "आर्या ! क्षमा गरिदिनु होस् ।" कात्यायानीले उसलाई नचिनेर भनिन् - "भाई ! तपाईहरूले मेरो उपर के अपराध गर्नुभएको छ ? मसँग किन क्षमा माग्नुभएको ?"

चोरहरूले राती भएको सारा कुराहरू बताए । उनीहरूको विचार बदलिएको कुरा सुनेर कात्यायनी साह्रै खुशी भइन् अनि भनिन् - "मैले सबैलाई क्षमा दिन्छु ।"

यो कुरा सुनेर चोरहरूले "हामीलाई शान्ति कहाँ पाइन्छ देवी ? हाम्रो नराम्रो कर्मलाई त्याग गरी असल जीवन बिताउने इच्छा भयो । तब मात्र शान्ति प्राप्त हुनेछ । तपाइको कारणले हामीलाई नयाँ मार्ग प्राप्त भयो । नयाँ किरण पायौं । तपाइले हामीलाई प्रव्रजित गराई दिनुहोस् देवी ।"



https://dhamma.digital

उनीहरूको त्रसित भावयुक्त कुरा सुनेर दया भएकी उपासिका कात्यायनीले उनीहरूलाई स्थविर कुटिकण्ण सोणको अगाडि लगिन् । उनीहरू सबैले प्रव्रज्या ग्रहण गरी भिक्षु भए । सबैले कठिन साधना गरी ज्ञान लाभ गरी अर्हत पद प्राप्त गरी लिए ।

काली उपासिकाको हृदय हर्षले भरियो किनकि उनको छोराले त्यतिका चोरहरूलाई चोर्नुबाट अलग गरेर साधनामय जीवन बिताउन टेवा दियो जसले गर्दा उनीहरूको जीवन सुधार भयो ।

प्रसन्नतापूर्वक धर्मकथा सुनेर दानमय जीवन बिताइन् । काली उपासिकाको श्रद्धाले प्रसन्न भएर भगवान् तथागतले जेतवनमा विहार गर्नुहुँदा काली उपासिकालाई प्रशंसा गर्नुहुँदै उसलाई अनुश्रुतिद्वारा प्रसन्न हुने उपासिकाहरूमध्ये श्रेष्ठ पद दिनुभएर कृतार्थ गर्नुभयो ।

## आदर्श बौद्ध महिलाहरू: अभ्यास – ४

१) काली उपासिकाको विवाह अघिको संक्षिप्त जानकारी दिनुहोस् ।

२) काली उपासिका कसरी श्रोतापन्न भए ?

३) पेटमा भएको बच्चालाई कस्तो राम्रो विचारको प्रभाव पर्‍यो ?

४) त्यो बच्चाको जीवन कसरी अगाडि बढ्यो ?

५) चोरहरूको हृदय कसरी परिवर्तन भए ? उनीहरू पछि के भए ?

६) 'काली उपासिकाको हृदय हर्षले भरियो ।' पुष्टी गर्नुहोस् ।



https://dhamma.digital

# ५. खुज्जुत्तरा

खुज्जुत्तरा एउटी तल्लो जातकी महिला थिइन्, जसको लागि त्यसबेलाको समाजमा कठिन परिश्रमपूर्वक जीविका गरी बस्नु नै उनको कर्तव्य थियो । वास्तबमा उनको नाम उत्तरा थियो । तर लङ्गडी भएकीले उनलाई खुज्जुत्तरा भनी बोलाइने गरियो । ऊ कौशाम्बी नरेश उदयनको पटरानी श्यामावतीको सेवामा बसेर परिचारिका भई काम गर्दथिन् । रानीले उसलाई सधैं आठ कार्षापण (रूपैया) को फूल लिन पठाउँथिन् । खुज्जुत्तराले चार कार्षापणको मात्र फूल किनेर आफ्नी मालिक्नी रानी श्यामावतीकहाँ लाने गर्थिन् ।

एकदिन खुज्जुत्तरा रानीको लागि फूल किन्न गइरहेको बेला बाटोमा नै उनले देखिन्, उपवनको नगीच राम्रो भ्वाम्म परेको रूखको शीतल छहारीमा एकजना देवतुल्य तेजस्वी श्रमणले आफ्नो मङ्गलमय उपदेश दिई रहनुभएको छ । फेरि सारा श्रोताहरू मन्त्रमुग्ध भई उपदेश सुनिरहेका छन् । उनी पनि नगीचै गएर उभिन गईन् । उनलाई त्यस उपदेशले केही न केही शान्ति प्राप्त भयो । त्यसैले उनले पनि एक ठाउँमा बसेर सुन्न थालिन् । असल उपदेश थियो - "गृहपतिहरू ! जब व्यक्तिले दुराचरणलाई थाहा पाउँछ फेरि त्यसको मूल कारण थाहा पाउँदछ । असललाई असल भनी जान्दछ फेरि त्यसको पनि यथार्थ कारण जान्दछ तब उसको दृष्टि सम्यक्‌दृष्टि हुन्छ । त्यसैले आ-आफैले छुट्याएर लिन श्रेयस्कर हुन्छ । यही नै सम्यक्‌दृष्टिको रहश्य हो ।"

खुज्जुत्तराले सुनिन् । उनले एउटा नयाँ प्रसन्नताको अनुभव गरिन् । मङ्गलमय उपदेशलाई हृदयमा राखेर फूल किन्न गइन् । उनले बुझेर लिइन् अनित्ययुक्त विनाश भएर जाने जीवनमा पनि उसले चोरी काम गरिरहिन् । के चोरी गर्नु उचित हुन्छ होला ? उनको मालिकले उनीप्रति विश्वास गरिराखेको साथै उनले पनि उसैसँग कृतघ्न व्यवहार गरिरहिन् । विचारवान भएकी खुज्जुत्तराको मनमा क्षोभले भरिएर आयो । अब के हुन्छ ? उसको



https://dhamma.digital

मनले भन्यो । खुज्जुत्तराले दृढ निश्चय गरिन् जुन भइसकेको थियो त्यस अपराधलाई समय हेरी आफ्नी स्वामिनीलाई भन्ने छु, तब पछि म भगवान् तथागतको उपदेशलाई पालन गर्नेछु ।

खुज्जुत्तराले आफ्नो निश्चयानुसार आठ कार्षापणको फूल किनेर आफ्नी स्वामिनीलाई दिइन् । केही दिनसम्म रानी श्यामावती चुप नै बसिन् । एकदिन उनले सोधी नै हालिन् - "खुज्जुत्तरा ! पहिलेपहिले तिमीले फूल ल्याएको फूलभन्दा केही दिनदेखि धेरै फूल ल्याउन थाल्यौ ?" खुज्जुत्तरालाई परीक्षा गर्ने समय आयो । उनले सँधैजस्तो भगवान्को उपदेश सुन्ने गर्थिन् साथै त्यसलाई पालन गर्ने पनि प्रयत्न गर्थिन् । त्यसैले ऊ सत्यमा दृढ भइन् । उनले आफ्नी स्वामिनीलाई केही पनि लुकाएर राखिनन् सारा कुरा बताइन् - "स्वामिनी क्षमा गर्नुहोस् ! पहिले मैले चार कार्षापण चोरेर राख्थैं । एकदिन भगवान्को मङ्गलमय उपदेश सुनेर पछि चार कार्षापण चोरेर लिएको अपराधलाई सम्झिन थालें । त्यसदिनदेखि आठै कार्षापणको फूल तपाईलाई ल्याउन थालेकी हुँ ।"

बुद्धिमती रानी श्यामावतीले नोकर्नीको कुरा सुनेर विचार गरिन् कि यस्ती साधारण दासीले नै जसको उपदेश सुनेर त्यति परिवर्तन भइन् भने उहाँको उपदेश कति कल्याणकारी हुन्छ होला ? उनले दासीबाट त्यो उपदेश सुनिन् जुन उनले सुनेर आइसकेकी थिइन् । भगवान् तथागतप्रति उनको श्रद्धा बढ्न थाल्यो । उनले छिटै खुज्जुत्तरालाई दासीपदबाट मुक्त गरेर राजमहिलाको स्थान दिइन् । त्यस बेलादेखि खुज्जुत्तराको काम भगवान्को उपदेश सुनेर आउने र पछि रानी श्यामावती र उनकी सखीहरूलाई, सेविकाहरूलाई सुनाउने भयो । उपदेशलाई पालन गर्ने रानी श्यामावतीको भगवान् तथागतको दर्शन गर्ने अति नै इच्छा भयो । तापनि उनले श्रीचरणको अगाडि जाने कुनै उपाय नदेखेपछि झ्यालबाट मात्र दर्शन गरी मनमनले वन्दना गरिरहिन् । साथै आफूले त्यस पुण्यको श्रेय खुज्जुत्तरालाई दिइन् ।



https://dhamma.digital

विस्तारै विस्तारै खुज्जुत्तरा धर्ममार्गमा बढ्न थालिन् । उनले जुन उपदेश सुन्थिन्, त्यसलाई सम्झना गर्थिन् फेरि त्यसलाई पालन गर्ने पूर्ण प्रयत्न गर्थिन् । त्यसरी नै उनले बुद्ध शासनलाई पूर्ण गरी लिइन् । उनले त्यागमयी जीवन बिताउन खोजिन् । त्रिरत्नको शरणमा गइन् । मन आनन्द शीतल पारिन् । तापनि उनले काषायवस्त्र ग्रहण गरिनन् । जीवनभर आफ्नी मालिक्नी रानी श्यामावतीको केही न केही काम गरिरहिन् । उदारताले गर्दा उनले भगवान्को मङ्गलमय उपदेश सुन्न पाइन् साथै तथागतको दर्शन गर्न सौभाग्य पाइन् । त्यसैले रानी श्यामावतीप्रति उनले आफ्नो कर्तव्यलाई मान्दैरहिन् ।

महाकारुणिक भगवान्ले उनको साधना, सदाचार साथै कर्तव्यशीलले प्रसन्न हुनुभएर उनलाई बहुश्रुता उपासिकाहरूमध्ये सर्वश्रेष्ठ घोषित गर्नुभएर कृतार्थ गरिदिनुभयो । खुज्जुत्तरा धन्य भइन्, जसले भगवान्को उपदेश सुनेर सुन्नुको साथै त्यसको अनुत्तर जीवनलाई सुधार गरी धर्मलाई साक्षात्कार गरी लिइन् । उनी उपेक्षित श्रेणीको महिला भएर पनि उच्च कोटिको स्थान प्राप्त गरिन् । उनले शास्ताले दिनुभएको ज्ञानदर्शन आफ्नो जीवनमा समाहित गरिन् ।



https://dhamma.digital

## आदर्श बौद्ध महिलाहरूः अभ्यास – ५

१) उत्तराको पारिवारिक अवस्था कस्तो थियो र उही उत्तरालाई किन खुज्जुत्तरा भनियो ?

२) देवतुल्य तेजस्वी श्रमणको कस्तो मङ्गलमय उपदेश सुनेर श्रोताहरू मन्त्रमुग्ध भए ?

३) खुज्जुत्तरालाई स्वयम् आफ्नो चोरी कामप्रति किन हीनताबोध उत्पन्न भयो ?

४) रानी श्यामावतीसँग खुज्जुत्तराले आफ्नो अपराध कसरी स्वीकार गरिन् ?

५) खुज्जुत्तराको हृदय परिवर्तनले रानी श्यामावतीमा कस्तो प्रभाव पऱ्यो ?

६) खुज्जुत्तरालाई बहुश्रुता उपासिकाहरूमध्ये सर्वश्रेष्ठ किन घोषित गरियो ?

७) उपेक्षित श्रेणीको महिला भएपनि खुज्जुत्तराको जीवन सफल हुनाका कारण प्रस्तुत गर्नुहोस् ।

८) खुज्जुत्तराको जीवनीलाई आकर्षक ढङ्गले आफ्नै भाषामा लेख्नुहोस् ।



https://dhamma.digital

# ६. उत्तरा नन्दमाता

महाकारूणिक भगवान्को मङ्गलमय उपदेश पृथ्वीदेखि आकाशसम्म घन्किरहेको थियो । घरघरपिच्छै, दरबारपिच्छै उहाँको उपदेश पालन गर्दै ल्याए । नीलो रंगिएको सागरको लहरले त्यस शब्दलाई प्रतिध्वनित गरेर आफूलाई धन्य सम्झिए जसले गर्दा प्राणी मात्रलाई विपत्तिबाट तारिदियो । भगवान्को जीवमानकालमा राजगृहमा सुमन श्रेष्ठी नामक एकजना महाजन थियो । उसको दासको नाम हो पूर्ण दास । निर्धन भएको पूर्णले आफ्नो स्वामीको आज्ञा पालन गर्दै भगवान्को दिब्य उपदेश अनुसार हिँड्ने कोशिस गरिरह्यो । एकसमय राजगृहमा एउटा ठूलो उत्सव मनाइयो । श्रेष्ठी सुमन पनि त्यस परिषद्मा सपरिवार भाग लिन जान लाग्यो । तब उसले पूर्णलाई बोलाएर भन्यो - "पूर्ण गरीबहरूको लागि के उत्सव मनाउने ? त्यसैले खेतमा जोत्न र मल छर्न जाऊ । यसको सट्टामा तिमीलाई मैले केही न केही बढी ज्याला दिनेछु ।" पूर्णले आफ्नो मालिकको आज्ञा आफ्नी जहानलाई भन्यो । विचरा महिलाले पनि प्रसन्न भएको मनले आफ्नो लोग्नेलाई खेतमा पठाउन विदा दिइन् । आफ्नो लोग्ने गएको केही क्षण बितेपछि पूर्णको जहानले दिउँसोको लागि केही न केही खाना तयार गर्न थालिन् ।

राजगृहका धनीहरू सारा उत्सवमा डुबिरहेका थिए । त्यसरी नै पूर्णजस्तै गरीबहरू किसानी काम गर्न शहर बाहिर खेततिर लागेका थिए । केही समय खेत जोतिसकेपछि उसले आराम गर्ने विचार गऱ्यो । त्यसैबेला उसको आँखा अग्रश्रावक सारिपुत्रकहाँ पुग्यो । किनकि महास्थविर सारिपुत्रले त्यसदिन निरोध समापत्तिबाट उठ्नुभएर विचार गर्नुभएको थियो कि आफूबाट कोही दुःखीलाई उपकार हुनेछ । त्यसैले उहाँ पूर्णकहाँ जानुभयो । आउनासाथ नै उहाँलाई वन्दना गर्दै पूर्णले पानी र दतिवन अर्पित गऱ्यो । हातमुख धोइसकेपछि उहाँ अग्रश्रावक नगरतिर प्रस्थान गर्नुभयो । श्रद्धावन्त



https://dhamma.digital

विचरा पूर्णले विचार गऱ्यो यदि मेरी जहानले भोजन ल्याएकी भए उहाँलाई भोजन चढाएमा म कति खुशी हुने थिएँ ।

दिउँसो पूर्णको जहानले आफूसँग भएअनुसारको भोजन व्यवस्था गरेर छिट्टै नै लोग्नेकहाँ गइन् । बीच बाटोमा नै उनले अग्रश्रावक सारिपुत्रलाई देखिन् । उहाँको दर्शन पाउनासाथ श्रद्धामयी महिलाले अति नै प्रसन्न भएर लोग्नेलाई सम्झाउने छु भनेर विचार गर्दै महास्थविरलाई वन्दना गरिन् । साथै आफूसँग भएको भोजन उहाँलाई चढाइन् । उहाँले यस श्रद्धाले भरिएको दानलाई आफ्नो पात्रमा थाप्नुभयो । फेरि "इच्छा पूर्णहोस्" भनी आशीर्वाद दिनुभएर आफ्नो बाटो लाग्नुभयो ।

उनले फेरि घरमा गएर छिटछिटो अर्को खाना पकाएर लोग्नेकहाँ गइन् । लोग्नेले पर्खिबसेको देखेर क्षमा माग्दै भनिन् "मेरो सर्वस्व ! आज मैले बाटोमा अग्रश्रावकसँग भेट भयो । मैले विचार गरेँ त्यस्तो समय फेरिफेरि आउँदैन । मैले भोजन दान गरेँ । त्यसैले तपाईको लागि फेरि अर्को भोजन पकाएर ल्याएकीले ढिलो भएको हो ।" दास पूर्णले स्वास्नीको कुरा सुनेर धेरै खुशी भयो र भन्यो - "मेरो पनि यहीँ नै इच्छा हो, प्रिय ।" उसले खाने पिउने सकेर आफ्नो जहानको काखमा टाउको राखेर निदायो । उठेर हेर्दा उसले देख्यो कि जोतिराखेको खेत सारा सुनको ढिक्काले भरिएको छ । पहिला त उसले केही पनि निश्चय गर्न सकेन । तर परीक्षा गरिहेर्दा सत्य नै भइरह्यो । लोभ नभएको पूर्णले आफ्नो जहानलाई त्यहीँ नै बस्ने आदेश दिएर मुट्ठीभर सुन लिएर राजाकहाँ गएर उसले सम्पूर्ण घटना सुनाएर सुन राजालाई दियो । राजाले सारा सुन ओसार्न लगायो । साथसाथै पूर्ण देखी खुशी भएर उसलाई धनधान्य दिएर धनी श्रेष्ठीको स्थान दियो ।

पूर्णको त्रिरत्नप्रति धेरै नै श्रद्धा थियो । अतः उसले यहीँ नै उपलक्ष्य लिएर भगवान् तथागत साथै भिक्षु सङ्घहरूलाई सातदिनसम्म दान दियो । अन्तिम दिनमा आफ्नी एक्ली लक्षणयुक्त छोरी उत्तरा, आफू र आफ्नी जहानसहित भगवान्को मङ्गलमय उपदेश सुने । जसले गर्दा तीनैजना श्रद्धायुक्त उपासक उपासिकाहरूले श्रोतापत्ति फल प्राप्त गरी लिए ।



https://dhamma.digital

सुमन श्रेष्ठीले गुणसम्पन्न राम्री उत्तरालाई छोराबुहारी बनाउने कुरा प्रस्ताव गऱ्यो । पछि सुबेलामा हर्ष उत्सव गर्दै उत्तराको विवाह सुमन श्रेष्ठीको छोरासँग भयो । तर केही दिनसम्म नयाँ दुलही भएकीले दानधर्मदेखि टाढिएर बसिन् । एकदिन उनले आफ्नो स्वामीलाई प्रार्थना गरिन् - उनको महिनाको आठ आठ दिन उपोसथ व्रत बस्ने इच्छा छ । तर उनको स्वामीले स्वीकार गरेन । विवश भएर उनले फेरि अनुरोध गरिन् वर्षावास तीन महिनासम्म उपोसथ बस्ने । उसले त्यो पनि स्वीकार गरेन । तब उनले एक महिनाको लागि भनिन् । पन्ध्र दिनको लागि भनिन् तर उसको लोग्नेले कडा शब्दमा भन्यो - "एकदिनको लागि पनि व्रत बस्ने आज्ञा पाउने छैनौ ।"

व्यथित भएकी उत्तरालाई उसको जीवन बन्दी जीवनभन्दा पनि अति नै दयनीय लाग्यो, किनकि व्रत बस्नको लागि वचन पाइनन् । विवश भएर उनले आफ्नो बाबालाई चिठ्ठी लेखिपठाइन् । "आफूले क्षणिक भए पनि पुण्य गर्न पाएको छैन, केवल बन्धनमा जस्तै जीवन बितारहेकी छुँ । त्यसैले पन्ध्र हजार कार्षापण पठाइदिनुहोस् ।"

आफ्नी एक्ली छोरीलाई पूर्णले तुरुन्त नै पैसा पठाइदियो । उनलाई त्यो पैसा हात पर्नासाथ शहरमा प्रसिद्ध सिरिमा नामकी गणिका बोलाएर ल्याइन् - "बहिनी ! म पन्ध्र दिनको लागी उपोसथ व्रत बस्न गइरहेकी छु । तिमीले मेरो स्वामीकहाँ परिचर्या गरी दिनुपऱ्यो । त्यसैले पन्ध्र दिनको लागि मेरो स्वामीकहाँ बसिराख । मैले तिमीलाई पन्ध्र हजार दिनेछु ।" गणिकाले स्वीकार गरेपछि उनले आफ्नो लोग्नेलाई विन्ती गरिन् - "तपाइले सिरिमालाई सँगै राख्नुहोस् । मलाई व्रत गर्न दिनुहोस् ।" उनको लोग्नेले उनले भनेको कुरा मान्यो । श्रद्धाले विभोर भएर बसेकी उत्तराले सँधै भगवान्कहाँ गएर उपदेश सुनेर व्रत बसेर सुखी जीवन बिताइरहिन् । व्रत बस्दै पन्ध्र दिन बित्यो । समाप्तिको दिन हुन आयो । उत्तराले दान गर्नको लागि जलपान र पूजाको प्रबन्ध गरी पवित्रवस्त्र धारण गरी सुशोभित भएर दान दिन तयार भई बसिन् । तब अचानक उनको आँखा झ्यालमा पुग्यो ।



https://dhamma.digital

उनले देखिन् - कोठामा सिरिमासँगै उनको लोग्ने उठेर उनीतिर हेरिरहेको छ । उत्तरा देख्नासाथ उनको लोग्ने मुसुक्क हाँसे । उत्तराको ओठबाट पनि मुस्कानको चिन्ह बिजुली चम्केझैं भयो । तब उनी लाज मानेर निहुरिइन् । सिरिमाले उनको प्रेमी आफ्नी महिलातिर आकृष्ट भएको देखिन् । उनले ईर्ष्याले भरिएर रिसाउँदै आवाज निकाल्दै हिँडेर उत्तराकहाँ पुगिन् । उनी टाढादेखि रिसले उफ्रिँदै आएको देखेर उत्तराले मैत्री भावनामा निमग्न भई बसिन् । सिरिमाले चुल्होमा तताइराखेको तेलको कराहि उचालेर उत्तरा माथि खन्याइदिइन् । मैत्रीबलको प्रभावले उत्तरालाई त्यो तातो तेल शीतल जल जस्तै भइदियो । दोषरहित मालिक्नीलाई त्यसरी गरेको देखेर दासीहरूले दौडिएर सिरिमालाई वेस्सरी गालि गरे - “पैसाले किनिएकी वेश्या ! तिमीले मालिक्नीलाई यस्तो कठोर अपराध गरिस् पापिनी !”

सिरिमाले आफ्नो अपराधलाई बुझिन् । तब उसले उत्तराको खुट्टामा ढोक्दै रूँदै भनिन् - “आर्या ! क्षमा गरी दिनुहोस् ।”

उत्तराले शान्त मधुर स्वरले भनिन् - “अहिले तुरून्तै होइन, भगवान्को अगाडि क्षमा गर्नेछु ।”

भगवान् भिक्षुसङ्घसहित निमन्त्रित भएर उत्तराको घरमा पाल्नुभयो । उनले आदरपूर्वक योग्य आसनमा बसाएर भोजन दान गरिन् । तब सिरिमा त्यहाँ आएर भगवान्को चरण समिपमा ढोकेर क्षमा मागिन् । उहाँ कारुणिकको सामु उत्तराले सिरिमालाई क्षमा गरेर आफूसँगै उपदेश सुन्नको लागि बसाइन् । मङ्गलमय उपदेश निम्न गाथा सुनेर ती गणिका पनि श्रोतापन्न भइन् ।

**अक्कोधेन जिने कोधं, असाधुं साधुना जिने ।**
**जिने कदरियं दानेन, सच्चेन अलिक वादिनं ॥**

(अक्रोधले क्रोधलाई जित्नु, असाधुलाई साधुभएर जित्नु, कन्जूसलाई दान गरेर जित्नु, असत्यवादीलाई सत्यवादी भएर जित्नु ।)



https://dhamma.digital

श्रद्धामयी उत्तराको प्रेरणाले सिरिमालाई उपदेश सुन्ने मङ्गलमय अवसर प्राप्त भयो । साथै उनको जीवन सुधार भयो । ध्यानी उत्तरा उपासिकाको पनि आफ्नो उपोसथ व्रत समाप्त गरेर इच्छापूर्ण भएकोले आफैले आफैलाई धन्य सम्भिन् ।

जेतवनमा भिक्षुगणहरूसहित विहार गर्नुहुँदा महाकारूणिक भगवान् बुद्धले उत्तरालाई ध्यानी उपासिकाहरूमध्ये अग्रस्थान दिनुभएर उत्तरालाई कृतार्थ गरी दिनुभयो ।

## आदर्श बौद्ध महिलाहरू : अभ्यास – ६

१) उत्सवको समयमा सुमन श्रेष्ठीले पूर्णलाई के भनेका थिए ?

२) "इच्छा पूर्णहोस्" भनी कुन अवस्थामा कसले कसलाई भनेका थिए ? स्पष्ट पार्नुहोस् ।

३) पूर्णको जहानले आफ्नो स्वामीलाई भनी पकाई ल्याएको भोजन अग्रश्रावकलाई दान दिइसकेको कुरा थाहा पाएर कस्तो प्रतिक्रिया व्यक्त गरे ?

४) आफ्नो जहानको काखमा निदाइरहेको पूर्ण ब्यूँझेपछि किन राजाकहाँ तुरुन्त गइहाले ?

५) उत्तराको मैत्रीबल कस्तो थियो ? सिरिमाले उनीप्रति गरेको दुर्व्यवहारप्रति कस्तो प्रतिक्रिया जनाइन् ?

६) उत्तरानन्द माताको जीवनी संक्षिप्तमा प्रस्तुत गर्नुहोस् ।



https://dhamma.digital

# ७. सुप्रिया

जसले त्रिरत्नप्रति अगाध श्रद्धा राखिरहिन्, श्रद्धा र सेवाको बलले सेवा टहल गर्ने उपासिकाहरूले श्रेष्ठपद् प्राप्त गरिलिइन्, वाराणसीमा बस्ने ती नारीरत्नको नाम हो सुप्रिया ।

पद्मोत्तर बुद्धको पालामा नै उनी हंसावती नगरको एक सम्पन्न घरमा जन्मिइन । उनले शील पालन र दान धर्म गर्दै जीवन बिताइन् । धर्म सुन्ने र पालन गर्नुमा उनको मन सँधै प्रसन्न हुन्थ्यो । एकदिन उनले शास्ता पद्मोत्तर बुद्धको धर्मोपदेश सुनिरहिन् । उपदेश सकिनासाथ शास्ताले एउटी राम्री उपासिकाको उत्कृष्ट सेवाको प्रशंसा गर्नुभएर उनलाई रोगीसेवा गर्नेहरू उपासिकाहरूमध्ये श्रेष्ठपद प्रदान गर्नुभयो । त्यस गम्भीर उपासिकाको शिर श्रद्धाले निहुरियो । उनले भगवान्को श्रीचरणमा झुकेर वन्दना गरिन् । त्यसबेला अन्य उपासिकाहरूले पनि सेवाको महत्वलाई बुझे । यी सब श्रद्धामयी सुप्रियाले पनि देखिन्, बुझिन् मनमा राखिन्, साथै उनको हृदयदेखि नै कामना गरिन् - “यदि मैले पनि यसरी नै श्रेष्ठपद प्राप्त गर्नसकेमा कति अहो भाग्य हुनेछ ।” उनले त्यस महानपदको अभिलाषा गरी पद्मोत्तर बुद्धलाई वन्दना गरी साधनापथतिर अग्रसर भईन् ।

जन्ममरणको चक्र एक लाख कल्पसम्म घुम्दैघुम्दै त्यही सुप्रिया शाक्यमुनि गौतम् बुद्धको पालामा वाराणसी देशमा जन्म लिइन् । केटाकेटीदेखि नै धर्ममा निपूर्ण भएकी, घरको लागि आवश्यक शिक्षा समाप्त गरेर वाराणसी देशको एकजना गृहस्थसँग उनको विवाह भयो । पूर्वजन्मको असल कर्मको कारणले सुप्रियाको मन धर्म सुन्नेमा बढी श्रद्धा रहन्थ्यो । उनले कहिले पनि झूठ कुरा गरिनन् । न हिंसा द्वेष नै गरिन् । शुद्ध सात्विक जीवन बिताएर जनताको सेवा गर्नु नै त्यस उपासिकाको ध्येय थियो ।



https://dhamma.digital

जब भगवान् बुद्ध भिक्षुसङ्घसहित वाराणसी पाल्नुभयो, तब उहाँको मङ्गलमय उपदेश सुनेर जीवन सफल गर्नको लागि धेरै नर-नारीहरू उहाँको शरणमा गए। शीलवती सुप्रिया पनि भगवान्को दर्शन गर्न गईन्। वन्दना गरी उहाँको कल्याणकारी उपदेश सुनिन् जसले गर्दा उनी श्रोतापति फलमा प्रतिष्ठित भइन्।

उनी सँधै विहारमा गएर धर्म सुनेर मन धीत मानेर बस्थिन्। दान र सेवा गर्नु त उनको जीवनका मुख्य कर्तव्य नै भइरह्यो। एकदिन ऊ घुम्दै एउटा विहारबाट अर्को विहारमा पुगिन्। अर्को विहारमा उनले एकजना भिक्षु रोगले पीडित भइरहेको देखिन्। दयावान भएकी उपासिकाले त्यस भिक्षुलाई वन्दना गरी कोमल शब्दले सोधिन् "के मैले तपाईको सेवा गर्ने कुनै न कुनै अवसर पाइन्छ कि ? भन्नुहोस् तपाईलाई के चाहियो ?"

भिक्षुले भन्यो - "उपासिका, मलाई मासुको रस चाहियो।"

सुप्रियाले सहर्ष स्वीकार गरी आफ्नो ठाउँमा फर्किएर गइन्। भोलिपल्ट सबेरै आफ्नी दासीलाई पैसा दिएर मासु किन्न पठाइन्। दासीले शहरमा जताततै मासु खोजे तापनि कतै पनि पाइएन। किनकि त्यसदिन चारैतिर हिंसा गर्न बन्द गरिएको थियो। उनले यो कुरा आफ्नी मालिक्नी सुप्रियालाई भनिन्। यो वचन सुनेर उनलाई चिन्ता भयो। किनकि उनले वचन दिइसकेको छ। साथै अति नै रोगले ग्रस्त भएको भिक्षुलाई चाहिएको पनि छ। उसले निश्चय गरिन् - "रस अवश्य दिएर पठाउने छु चाहे जस्तोसुकै होस्। रस प्राप्त भएन भने आर्यको मन दुःखी हुनेछ।" यसरी विचार गरेर उनले धारिलो छुराले आफ्नो नरम तिघ्राको मासु सहर्षपूर्वक काटिन्। पछि केही नभएझैं गरेर दासीलाई बोलाएर मासु दिएर भनिन् - "त्यसको जतिसक्दो त्यति मीठो रस बनाएर ल्याऊ।" उनी आफै विहारसम्म जानलाई पनि असमर्थ भइन्। रस तयार हुनासाथ उनले दासीलाई भनिन् - "सेविका ! यो रस विहारमा गएर आर्यलाई दिन लैजाऊ। उहाँले सोध्नुभयो भने भनिदिनु कि म विरामी भएकी छु।"



https://dhamma.digital

दासीले एक्लै आएर केही न केही दिएर गएकोले शास्ताले पनि सुप्रियाको सेवा बुझ्नुभयो । महाकारूणिकको करूणा पनि उनको सेवा र श्रद्धा देखेर रसित भयो । शास्ता करूणापूर्वक स्वयं भिक्षुहरूसँग भिक्षाटन गर्नुहुँदै सुप्रियाको ढोकामुनि पुग्नुभयो । सुप्रियाले यो कुरा सुनेर हर्षले गद्‌गद् भइन् । उनले आफ्नो स्वामीलाई भनिन् - “आर्यपुत्र ! शास्ता हाम्रो ढोकामा पाल्नुभएको छ । उहाँलाई गौरवपूर्वक बसाउनुहोस् । म उहाँकहा जान सक्दिनँ ।”

उनको स्वामीले नमस्कार गर्दै भगवान्‌सहित भिक्षुसङ्घलाई योग्यस्थानमा बसायो । शास्ताले पनि शान्त स्वरले भन्नुभयो - “सुप्रिया कहाँ छिन् ?”

उनको स्वामीले नम्र स्वरले भन्यो - “भगवान् ! उनी रोगी भएकी छिन् ।” शास्ताले फेरि त्यही ममतामयी शब्दले आज्ञा गर्नुभयो - “गृहपति ! उसलाई बोलाऊ ।” भगवान् आफैले नै उनीप्रति कुशल समाचार सोध्नु भएको सुप्रियाले सुनिन् । उनको श्रद्धा छचल्किन थाल्यो । उनले विचार गरिन् सारा लोकलाई असल गर्ने भगवान्‌ले विनाकारण बोलाउनु हुन्न । उनी उठिन्, उनले देखिन् उनको तिघ्रामा मासु भरिएर आएर पहिलाभन्दा पनि अझ राम्रो भएको छ । बुद्धानुभावले उनको स्वास्थ्य ठीक भयो । उनको खुशीको सीमा रहेन् । उनले हर्षित मन गर्दै भगवान् सहित भिक्षुसङ्घलाई श्रीचरणमा निहुरिएर प्रणाम गरिन् । वन्दना गरिसकेपछि एक छेउ बसेर शान्त भई बसिन् । भगवान्‌ले सोध्नुभयो - “उपासिका ! केही भन्नु बाँकि छ कि ?”

भाव विभोर भएकी सुप्रियाले ममतायुक्त वचन सुनेर केही न केही भनिन् । उनको तर्फबाट समर्पित गरेको भोजन दान स्वीकार गर्नुभएर आशीर्वाद दिनुभएर शास्ता भिक्षुसङ्घसँगै विहार फर्कनुभयो । त्यसपछि सङ्घहरूलाई भेला गराउनुभएर त्यस्तो कष्ट दिने निन्दित हुने काम अह्राउनु हुँदैन भनी आज्ञा गर्नुभयो ।



https://dhamma.digital

केही दिनपछि भगवान् जेतवनमा धर्मदेशना गरी सक्नुभएपछि रोगी सेवा गर्नेहरूमध्ये अग्र भएकी सुप्रिया उपासिकालाई श्रेष्ठपद दिनुभयो । सुप्रियाको जन्म जन्मान्तरको लालसा पूर्णभयो ।

आजकाल सुप्रिया रहेन् । तापनि उसको सेवा भावना तथा सद्‌गुण पालि साहित्यले सम्झना गरिराखेको छ, फेरि गरिराख्ने पनि छ ।

## आदर्श बौद्ध महिलाहरूः अभ्यास – ७

१) सुप्रियालाई रोगी सेवा गर्ने उपासिकाहरूमध्ये किन श्रेष्ठ मानिन्छ ?

२) 'सुप्रिया कहाँ छिन् ?' भनी भगवान् बुद्धले सोध्नुहुँदा रोगी सुप्रियाको जीवनमा कस्तो परिवर्तन देखियो ?

३) "सुप्रियाको सेवा-भाव तथा सद्‌गुणलाई पालि साहित्यले सदा स्मरण गरिरहनेछ ।" प्रष्ट गर्नुहोस् ।

४) सुप्रियाको कहानी पढेर के शिक्षा पाउनुभयो ? लेख्नुहोस् ।



https://dhamma.digital

# ८. कात्यायनी

अवन्ती जनपदको कुररघर नामको स्थानमा एउटा सम्पन्नशाली परिवारमा कात्यायनीको जन्म भयो । कात्यायनी केटाकेटीदेखि नै हँसिलो अनुहार भएकी थिइन् । साथसाथै ऊ उदार हृदयकी पनि थिइन् ।

कोही न कोही याचक ढोकामा उभिन आउनासाथ केही न केही नदिइकन पठाउन्न थिइन् । दुःखीहरूको सेवा गर्नुमा ऊ सदा प्रसन्न चित्तकी थिइन् । तरुनी भएदेखि आफ्नो उदारताले गर्दा ऊ साह्रै प्रख्यात भइन् ।

राजगृहको काली नामकी एक कुलीन युवतीको विवाह कुररघरमा भयो । आफ्नो स्वभावसँग मिलेकोले उनीसँग कात्यायनीले तुरुन्त मित्रता गाँस्यो । उनीहरू दुबै सँगै बस्दा भगवान्को उपदेश छलफल गर्दै गुणगान गर्दथे । साथै उत्तम उपदेशको विषयमा कुरा गरी बस्दथे । त्यस मङ्गलमय उपदेशको पालन गर्ने कोशिस गर्दथे । केही समयपछि कालीको सुपुत्र कुटिकण्ण सोण स्थविर जेतवन विहारबाट भगवान्को दर्शन गरेर फर्किनुभयो । उहाँलाई माया गरिराखेकी काली र आमाजस्तै भएकी कात्यायनीले कुररघरमा उहाँलाई स्वागत गरी भित्र्याए ।

आमाको आग्रहद्वारा उहाँ सजाइएको मण्डपमा अत्तर तथा फूलले सुगन्धित पारिएको मञ्चमा पाल्नुभयो । नगरको असंख्य मानिसहरूले आफ्नो भाग्यलाई तारिफ गर्दै भगवान् बुद्धको पवित्रमय उपदेश सुन्नको लागि त्यहाँ भेला हुन आए । त्रिरत्न वन्दना गरिसकेपछि उपदेश सुन्ने योजना बनाइएको थियो । कात्यायनीकी साथी काली उपासिकाले धूपदीप आदि पूजाको सामान जोरजाम गरिन् ।

रात्रीको नीरवतामा चोरहरूले विचार गरे, मानिस त भएकै होइन, किन चोर्न नजाने ? अतः कति चोरहरूले नगरको एक छेउदेखि सुरुङ खन्न थाले । उनीहरूलाई काम लगाएर प्रधान सरदार सारा जनसमुदाय भेला



https://dhamma.digital

भएको स्थानमा किन भेला भएको रहेछ भनी बुझ्नगयो । ऊ जनसमूहको बिचमा सबैभन्दा प्रधान भएकी काली र कात्यायनीको पछाडि उभिन गयो । उतातिर ध्यान नदिइकन उपासिका कात्यायनीले आफ्नी सेविकालाई भनिन् - "सेविका ! घरमा गएर घिउबत्ती आदि लिएर आऊ । म पनि सखीहरूसँग प्रार्थना गर्दै पुण्यफलको भागी हुनेछु ।" काली आफ्नी सखीलाई तेलको बत्ती लिनको लागि भन्नुभयो र श्रद्धाशील कात्यायनीले दासीलाई घर पठाइदिइन् । दासीले घरमा के के आवाज सुनिन् । उनले प्वालबाट लुकेर हेर्दा घरको दायाँबायाँ भागमा प्वाल पारेर चोरहरू पसिरहेको देखिन् । उनीहरूले धन, आभरणहरू चोरी लान जम्मा गर्दै थिए । दासी डराएर थरथर काँपिन् । पछि त्यही पाइलाले गएर उनले कुरा सुनाइन । चोरको सरदारले विचार गर्दै बस्यो कि यदि कात्यायनी घर जान खोजेमा यहीँ नै दुईटुक्रा पारी दिनेछु ।

धर्मोपदेश शुरू भइसक्यो, कात्यायनी श्रद्धापूर्वक उपदेश सुन्दैरहिन् । उनले दासीलाई भनिन् - "लान देऊ । उपदेश सुनिरहेकोबेला बाधा दिन नआऊ । चोरहरूले भौतिक धन लगिरहेको छ, लान देऊ । आज मैले अमूल्य उपदेशरूपी धन जम्मा गर्दैछु । यसमा विघ्न दिन नआऊ ।" श्रद्धायुक्त कात्यायनीको गम्भीर स्वर सुनेर सरदारको कडा हृदय पग्लियो । उसको मनले आफूलाई धिक्कार गऱ्यो कि के ऊ, एउटी महिलाभन्दा पनि मूल्यहीन छ कि जुन धनलाई उनले एकरति पनि चित्त नदुखाई त्याग गऱ्यो, त्यो पनि उसले चोर्न आँटेको । यो कस्तो पाप ? त्यस्तो पुण्यवतीको धन चोरेर लाँदा ऊ पृथ्वीमा धसेर जानेछ ।

उसको विचार बदलियो । पछि आफ्ना चोर साथीहरूलाई सारा कुरा भनेर धन त्यहीँ नै छाडी मण्डली सबै नै धर्मोपदेश सुन्न थाले ।

रात बित्यो, उज्यालो भएर आउँदा मानो अमृत वर्षाएझैँ भएको उपदेश सुनेर हर्षपूर्वक मंगल सुमङ्गल छर्न थाले । सारा नर-नारीहरूको हृदय प्रसन्नताले छचल्किँदै दोडिँदै गए ।



https://dhamma.digital

कात्यायनी, पनि आफ्नो घर आईन् । केही समयपछि चोरको सरदारले कात्यायनीको खुट्टा ढोकेर क्षमा माग्यो । तब पश्चाताप गरी भन्यो - "आर्या ! क्षमा गरी दिनुहोस् ।" कात्यायनीले उसलाई नचिनेर भनिन् - "भाई ! तपाईहरूले मेरो उपर के अपराध गर्नुभएको छ ? मसँग किन क्षमा माग्नु भएको ?"

चोरहरूले राती भएको सारा कुरा बताए । उनीहरूको विचार बदलिएको कुरा सुनेर कात्यायनी साह्रै खुशी भइन् अनि भनिन् - "मैले सबैलाई क्षमा दिन्छु ।"

यो कुरा सुनेर चोरहरूले "हामीलाई शान्ति कहाँ पाइन्छ देवी ? नराम्रो कर्मलाई त्याग गरी असल जीवन बिताउन इच्छा भयो । तब मात्र शान्ति प्राप्त हुनेछ । तपाईको कारणले हामीलाई नयाँ मार्ग प्राप्त भयो । नयाँ किरण पायौं । तपाईले हामीलाई प्रव्रजित गराईदिनुहोस् देवी ।"

उनीहरूको त्रसित भावयुक्त कुरा सुनेर दया भएकी उपासिका कात्यायनीले उनीहरूलाई स्थविर कुटिकण्ण सोणको अगाडि लगिन् । उनीहरू सबैले प्रव्रज्या ग्रहण गरी भिक्षु भए । सबैले कठिन साधना गरी ज्ञान लाभ गरी अर्हत पद प्राप्त गरी लिए ।

आफ्नो त्यागभाव र अधिक श्रद्धाले चोरहरूको जीवन बदलिएर कात्यायनीको त्याग र श्रद्धा साथै उपदेश सुनेर पालन गरेकोमा महाकारूणिक भगवान् तथागत अति नै खुशी हुनुभयो । फेरि जेतवन महाविहारमा निवास गर्नुभएको बेला उहाँले उपासिकाहरूलाई स्थान दिनुहुँदै कात्यायनीलाई अति नै प्रसन्न भएर बस्ने उपासिकामध्ये अग्रस्थान दिनुभएर कृतार्थ गर्नुभयो ।



https://dhamma.digital

## आदर्श बौद्ध महिलाहरू: अभ्यास – ८

१) युवती अवस्थामा नै कात्यायनी किन प्रख्यात भइन् ?

२) कात्यायनीलाई अति नै प्रसन्न भएर बस्ने उपासिकाहरूमध्ये अग्र किन मानिन्छ ?

३) आफ्नो घरमा चोरले चोर्ने काम गरिरहेको कुरा थाहा पाउँदा समेत 'अमूल्य उपदेशरूपी धन जम्मा गरिरहेको छु' भनी कात्यायनीले किन भनिन् ?

४) चोरहरूको हृदय कसरी परिवर्तन भयो ? उनीहरूले बाँकी जीवन कसरी बिताए ?



https://dhamma.digital

# ९. धम्मदिन्ना

त्यस श्रेष्ठीकी छोरीले स्वामीलाई सर्वस्व सम्झिइन् । लोग्नेको जस्तो इच्छा उनको पनि त्यस्तै इच्छा । पतिको धर्म उनको कर्तव्य हुन गयो । जबसम्म उनी घरमा बसिरहिन् उनले आफूलाई आफ्नो हृदयको देवतासँग एक जीउजस्तै भएकी विचार गरिन् । उनको स्वामीले जब संसारको झँझटलाई पन्छायो तब उनी साँच्चै कै आफ्नो पतिसँग हिँड्ने महिलाले पनि वैभवलाई त्यागेर त्रिरत्नको शरणमा गएर आकिञ्चन एवं अर्हतरूपी महान पद प्राप्त गरी लिइन् ।

यस पुरुषार्थी महिला धम्मदिन्नाको जन्म राजगृहको एक धनी श्रेष्ठिको कुलमा भयो । राम्री भएकी र गुण सम्पन्न भएकी यस सजीव प्रतिमालाई विवाहित रूपमा प्राप्त गरेर श्रेष्ठ विशाख हर्षले गद्गद् भयो । यद्यपि धम्मदिन्ना भगवान्को भक्तितर्फ आकर्षित भएकी थिइनन् तापनि भगवान्को श्रद्धालु उपासक विशाखले कहिले पनि आफ्नी प्रिय पत्नीको स्वतन्त्रतामा बाधा दिएन् । विशाख सेँठ मगध नरेश बिम्बिसारको मन परेको मित्र हुनुको साथै भगवान् बुद्धको पूर्ण कुशल भक्त थियो ।

ऊ महाकारूणिक भगवान्को उपदेश अति नै ध्यान दिएर सुन्ने साथै पालन पनि गर्ने गर्दथ्यो । ऊ आध्यात्मिक उन्नतितिर तिब्रगतिले दौडिँदै अगाडि बढिरहेको थियो । धम्मदिन्नाले आफ्नो स्वामीको सेवा गरी आफूलाई धन्य सम्झिने गर्दथिइन् भने उनको स्वामी पनि उनको सुखमा पूर्ण ध्यान राख्ने गर्दथे । सँधै जस्तो ऊ घरमा फर्किंदा दर्शन गर्ने आशा लिएर सुन्दरी धम्मदिन्ना आफ्नो हृदय देवतालाई पर्खिरहन्थिन् । फेरि नानाप्रकारको स्वादिष्ट भोजन बनाएर सेवा गरी आनन्दित हुने गरी हँसिलो अनुहार पारी प्रेमले विभोर पारिदिने गर्दथिन् ।

एकदिन प्रणयमयी धम्मदिन्नाले आँखा झिमिक्क नै नपारी हेर्दै बसिन् । विशाख आयो तर केही पनि बोलेन । त्यस सुन्दरीले केही पनि बुझ्न सकिनन् । पतिको निरसताले आँधीबेरी ल्याएको दुःखलाई छोपेर बाहिर



https://dhamma.digital

बाहिर मात्र मुस्कुराएर उनले नम्र व्यवहार गर्दै भोजन गराइन् । तर, उनको स्वामीले त्यो पनि ग्रहण गरेन । आफ्नो सर्वस्व आफ्नो स्वामीको यस व्यवहारले उनको हृदय आशङ्काले गर्दा अति नै धड्किन थाल्यो । तर साहस गर्दै उनले नरम स्वरमा सोधिन् “आर्यपुत्र ! के दासीको तर्फबाट केही बिगार भयो कि ? तपाईं किन यतिका रिसाउनुभयो ?”

विशाखले भन्यो - “शुभे ! तिम्रो कुनै गल्ति भएको छैन । मैले शीलमय नयाँ एउटा बाटो ग्रहण गरें । जसमा स्त्री स्पर्श, भोग विलास, त्यसै गरी मीठोमीठो खाने काम गर्नु हुँदैन । यो घर तिम्रै हो । शुभे, तिमीलाई इच्छा भएमा यहाँ राजारानीजस्तै भएर बस अथवा तिमीलाई मनपर्ने सबै रत्नाभरण लिएर माइती जाऊ ।”

यो गम्भीर जवाफ सुनेर धम्मदिनाको नारी हृदय रोयो । आँसु बहन थाल्यो । तब केही क्षणपछि मन केही हलुँगो भएजस्तो भयो । उनले स्थीरबुद्धिले विचार गरिन् कि पुण्यमय बाटोमा आफ्नो हृदयदेवतालाई बाधा दिन प्रयत्न गर्नु पतिव्रता, पतिपरायण महिलालाई सुहाउँदैन । फेरि आफ्नो स्वामीको आफू पनि अनुगामिनी नै हो । परिणीताको प्रणय रत्नाभरणको मुल्यले परिवर्तन गर्न सकिन्छ कि ? उनको निश्चय हो, सकिन्दैन ।

उसले आफ्नो स्वामीलाई विन्ती गरिन्, मलाई रत्नाभरण चाहिएको छैन । जहाँ आफ्नो स्वामी आराध्य नै त्यागको मार्गमा गयो भने आफू पनि शास्ताको शरणमा नै गएर प्रव्रज्या लिन जाने इच्छा भयो । विशाख आफ्नी पत्नी देखेर खुशी भए । पछि उनलाई बिदा दिएर शुभकामनासहित सुनको पाताले मोडेको पालकीमा राखेर भिक्षुणीसङ्घको निवासस्थानमा पुऱ्याइदियो । त्यहाँदेखि एकान्तमा बसेर साधनाद्वारा धर्मज्ञान प्राप्त गर्दै गइन् । फेरि त्रिरत्नको शरण गएर भएभरको बन्धनलाई चुँडाएर अर्हत्व प्राप्त गरी लिइन् । अर्हत्व प्राप्त गरिसकेपछि उहाँलाई प्रेरणा प्राप्त भयो । उहाँले शहरका पीडित महिलाहरूलाई शान्तिमय उपदेशले सुखी बनाउन राजगृहमा फर्किएर आउनुभयो । त्यसबेला उहाँको पूर्वस्वामी विशाखको



https://dhamma.digital

मनमा यस्तो लाग्छ - "महलमा बसेर जीवन बिताएकोले साधनामय जीवनमा बस्नुपर्दा उराठ त लागेन ?"

यो कुरा जान्नको लागि धम्मदिनालाई भेट्न गएर धेरै धार्मिक प्रश्न गरे । धम्मदिनाले त्यस धार्मिक प्रश्नको राम्ररी सन्तोषपूर्वक जवाफ दिनुभयो । तर कुनै प्रश्नको लागि भने भन्नुभयो - "यो भगवान्सँग नै सोध्न जाऊ ।" विशाखले यो कुरा भगवान्कहाँ गएर सोध्न गए । यसबाट भगवान् धम्मदिना देखेर अत्यन्त प्रसन्न हुनुभयो ।

एक समय भगवान् जेतवन विहारमा निवास गर्नुहुँदै प्राणीमात्रको कल्याण हुने उपदेश दिँदै हुनुहुन्थ्यो । त्यसैबेला त्यही दिनमा उहाँले भिक्षुणीहरूलाई योग्यता अनुरूप पद दिनुभयो । महाबुद्धिमती त्यस नारीलाई उहाँले भिक्षुणीसङ्घमा धर्मकथिकमध्ये श्रेष्ठ स्थानमा प्रतिष्ठित गर्नुभयो ।

परम साधिका थेरी धम्मदिन्नाले धर्मकथाद्वारा असल उपदेश दिनुहुँदै साथै धेरै दुःखी महिलाहरूलाई त्रिरत्नको शरणमा लगेर शान्ति प्रदान गर्नुभयो ।

आफूले साधना गर्नुहुँदा उहाँले स्वयं नै गाथाको रूपमा भन्नुभएको थियो - "जसले अन्तस्करणको सम्पूर्ण वृतितर्फ परम शान्तिको इच्छा गर्दछ फेरि भोग तृष्णाको आकर्षणमा अल्झिएर बस्दैन उसलाई नै संसाररूपी श्रोतको माथि हिँड्ने भनिन्छ ।"

उहाँले आफ्नो सारा जीवन साधना एवं धर्मोपदेश गर्दै बिताउनुभयो । साथै कल्याणको लागि आफूलाई नै विस्मृत गर्नुभयो । तर पालि साहित्यमा आजकाल पनि उहाँको स्मृति आदरको वस्तु भइरहेको छ ।



https://dhamma.digital

## आदर्श बौद्ध महिलाहरू: अभ्यास – ९

१) धम्मदिन्नाको पारिवारिक परिचय प्रस्तुत गर्नुहोस् ।

२) धम्मदिन्नाको नारी हृदय किन रोयो ?

३) धम्मदिन्नाको वैवाहिक जीवन कसरी बित्यो ?

४) धम्मदिन्ना देखी भगवान् बुद्ध किन प्रसन्न हुनुभयो ?

५) धम्मदिन्नाको जीवनी प्रस्तुत गर्नुहोस् ।

Dhamma.Digital



https://dhamma.digital

# १०. भद्रा कुण्डलकेशा

गायकहरूको गीत सानो स्वर हुँदै गए । श्रावस्तीको वैभवशाली एउटा प्रासादको कोठामा एउटी राम्री भरखरकी तरुनी खाटमा बसिरहेकी थिइन् । उनले कङ्कण र हीरा जडिएको हार आदि अमूल्य गहना लगाएकी थिइन् तापनि वाराणसीको गहनापसलले उनको कमलफूलजस्तो नरम छबीको सुन्दरतालाई लुकाउन सकेन । फूल र धूपको मगमगाउँदो सुगन्ध भरिएको कोठामा बसेर बारबार ढोकातिर हेरिरहेकी थिइन् । उनको गाजल कोरिएको आँखामा मानौँ कोही एकजना पर्खिरहेको जस्तो छ । अकस्मात् ढोका खुल्यो । तब उसको सर्वस्व मानिएको एकजना तन्नेरी भित्र आयो । पछ्यौरा ओढेकी त्यस नारीको आँखा लाजले झुक्यो । तन्नेरी अर्को छेउमा आएर चुपचाप बस्यो । पछि बिस्तारै भन्यो - "किन अपराधी सम्झेर मलाई जीवन दिने हृदयश्वरीले मलाई उपेक्षा गरिराखेकी ?"

वैँशको दुलही भद्रा राजगृहको धनी श्रेष्ठको राम्री र गुणवती छोरी थिइन् । केही दिनअघि उनले आफ्नो प्रासादमा झ्यालको नगिच उभिएर बाटोतर्फ हेरिरहेकी थिइन् । अकस्मात् उनको आँखा होहल्ला गरिरहेको मानिसहरूको हुलमा पुग्यो । ती मानिसहरूको हुल त्यहीँ प्रासादको नगिचको बाटो भएर आइरहेको थियो । हुलको अगाडि एकजना तन्नेरी सुन्दर तर राजगृहको राजपुरोहितको छोरा सुत्थक बन्दी अवस्थामा थियो । उसले चोरी काम गऱ्यो । त्यहीँ अपराधमा उसलाई सैनिकहरूले राजाज्ञा लिएर प्राणदण्ड दिने स्थानमा लगिरहेको थियो । भद्राले उसलाई देखेर नराम्ररी नै आशक्त भइन् र ऊसँग भेट नभएसम्म, खाने पिउने छाडिदिइन् । उसकै चिन्तामा आफूलाई बिर्सिदिइन् । साथीहरूले कति सम्झाए तर सारा व्यर्थ भए । दिक्क भएर, कायल भएर उनीहरूले उनको आमाबुबाहरूलाई बताए । उनीहरूले आफ्नो मन परेकी छोरीलाई अनेकतरहले फकाए तर भद्राले त्यस युवकलाई आफ्नो सर्वस्व सम्झिसकेकीले भुलाउन सकेन । विवश भएर श्रावस्तीको कोषाध्यक्ष भएको उनको बुबाले धेरै पैसा र सुन



https://dhamma.digital

गुप्तरूपले राजकर्मचारीलाई दिएर सुत्थकलाई छोडाइलियो । तब अनेक रत्नाभरणले सजाएर उनीहरूले भद्राको विवाह त्यहीँ उनको मनपरेको सुत्थकसँग गरिदियो ।

नयाँ विवाह भएको भद्राले यहीँ कुरा सम्झिरहेकी थिइन् । त्यही पुरुष उनको लोग्ने, उनको आराध्य अगाडि नै थियो तर लाजले गर्दा बोल्न सकिनन् । तब सुत्थकले सोध्यो - "भन प्रिय ! मलाई अपराधीजस्तै नठानेको भए किन यस्तो रिस ?"

साहस बटुलेर दुलही भद्राले सानो स्वरले भनिन् - "होइन ! जीवन, धन तपाई नै मेरो सर्वस्व हो, म त तपाईको सेविका मात्रै हुँ ।"

श्रेष्ठपुत्री भद्रा र सुत्थकको जीवन आरामसाथ आनन्दित तवरले बित्दै गयो । सुत्थकले जति पनि इच्छा गर्छ ती सारा पुऱ्याएर पतिपरायण भद्रा खुशी थिइन् । उनले लोग्नेको इच्छालाई आफ्नो इच्छा सम्झेर उसको सेवा गर्दै मक्ख थिइन् ।

एकदिन भद्राको लोग्नेले भन्यो - "शुभे ! मैले पर्वतमा अवस्थित देवतालाई भाकल गरेको छुँ । यदि म मुक्त भएँ भने उसको पूजा गर्ने छु । म मुक्त भएको धेरै भइसक्यो, त्यसैले पूजा गर्नु नै पऱ्यो । तिमीले पूजालाई चाहिने सामान तयार गर ।"

सोझी भद्राले खुशी हुँदै पूजा सामाग्री तयार गरिन् साथै धेरै मूल्यपर्ने वस्त्राभरणले सजिएर आफ्नी सखि नन्दासँगै लोग्नेको पछिपछि हिँडिन् । पर्वतमुनि पुग्नासाथ उसको लोग्नेले भन्यो - "भद्रा ! यी सेविकाहरू र आफ्नी सखिलाई घर पठाइदेऊ । सुनको पूजाथाल तिमी आफैले लिएर मसँग आऊ, किनकि मैले एकान्तमा बसेर पूजा गर्नुपर्छ ।"

भद्रालाई केही केही अप्ठ्यारो भएझैँ त भयो । तापनि प्रिय स्वामीको वचनलाई अस्वीकार गर्न सकिनन् । उनले आफैले नै पूजा सामाग्री लिएर लोग्नेसँगै पर्वतको टुप्पामा पुगिन् । तब लोग्नेलाई पूजाको लागि अनुरोध गरिन् । तर सुत्थकले डरलाग्दो अनुहार गरेर भन्यो - "सबै गहना फुकाल ।" भद्राले तर्सिएर भन्यो - "देव ! किन, मैले के अपराध गरेको छु ?" उनको



https://dhamma.digital

स्वामीले क्रूर अट्टहास गर्दै भन्यो - "तिमीलाई थाहा नै थियो कि म एक चोर हुँ । तापनि तिमीले मसँग प्रेम गर्‍यौ । मलाई छोडाइदियौ । मैले तिमीलाई मलाई छोडाइदिनु भनेको थिइन् । त्यसैले सारा गहना फुकालेर मर्न तयार होऊ ।"

भद्रा थरथर काँपिन् । अनुनय विनय गरिन् तर सारा बेकार । विवश भएर भद्राले डरलाई हँसिलो अनुहारले छोपेर भनिन् - "आर्यपुत्र ! त्यसो हो भने मेरो अन्तिम इच्छा पूर्ण गर्न दिनोस् । म त सधैँको लागि तपाइसँग बिछोडिने नै भएँ । त्यसैले केवल एकपल्ट मात्र नै आलिङ्गन गर्दछु ।" सुत्थकले उपेक्षापूर्वक स्वीकार गर्‍यो । भद्राले आलिङ्गनको बहाना बनाएर छलेर उसलाई जोडले घचेटिदिइन् । त्यो धूर्त पहाडमुनि खस्यो र मर्‍यो ।

भद्रालाई मर्नु त परेन तर त्यस्तो जङ्गलमा एक्ली भइन् । उनको संसार चकनाचूर भयो । उनको हृदयमा पनि भुईचालो आयो । केही क्षणपछि उनले टाढाको एउटा देश राजगृह देखिन् । उनले घर फर्किने विचार एकपल्ट भूलले मात्र ल्याउन सकिन् । त्यसैबेला उसले बिचार गरिन् - जुन राजगृहबाट सिउँदो लगाएर श्रृङ्गार गरिआएको थिएँ त्यहाँ फेरि विधवाजस्तै भएर जाने ? उनले आफूलाई कसैले मन नपराउने गरी सुत्थकको स्वास्नी भइन् । तर त्यहीं सुत्थक नै धूर्त भएर निस्कियो । उसको धूर्ततालाई आफैले नै दिएको दुःखदायी परिणामलाई कसरी अरुलाई बताउन सक्छिन् ? कसलाई बताउन मिल्छ ? उनको मन वैराग्य भयो र यताउता घुम्दाघुम्दै निर्ग्रन्थ साधुको आश्रममा पुगिन् । त्यहाँ उनी साध्वी भएर तर्कशास्त्रमा बाँधिन पुगिन् । उनलाई त्यहाँ दीक्षा दिएर कालो केश सबै उखेलिदियो । त्यसपछि उनको जुन केश लामो भएर आएको हो त्यो घुँघुरिएर रह्यो । त्यसैले त्यहाँबाट उसको नाम कुण्डलकेशा हुन गयो ।

उनले राम्ररी शिक्षा लिइसकेपछि गाउँ-गाउँमा प्रचार गर्न गईन् । साथसाथै शास्त्रार्थ पनि गर्दै गइन् । उनको शास्त्रार्थमा जोडिएको एउटा कथा प्रचलित भयो । उनी जहाँ गइन् त्यहाँ गाउँको अगाडि बालुवा बिछ्याएर सानो हाँगा गाडिदिन्थिन् र भन्थिन् - "जसले यसलाई



https://dhamma.digital

केटाकेटीहरूबाट बिगार्न लगाउँछ उसले मसँग शास्त्रार्थ गर्नुपर्नेछ ।" सात दिनसम्म यसरी भनेर शास्त्रार्थ गरेर गाउँको सिमानामा फर्केर आएर आफूले गाडेको हाँगालाई हेर्न आउँथिन् । यदि हाँगा सोझै भएमा केही कुरा छैन, होइन भने उखाल्न लगाएको वा बिगार्न लगाएकोसँग शास्त्रार्थ गर्थिन् । अनेक विद्वानहरूलाई हराईसकेकि थिइन् । तब एकदिन अग्रश्रावक भेटिन् । उहाँले भद्रालाई भन्नुभयो - "यहाँले नै पहिले सोध्नुहोस् ।" भद्राले अनेक प्रश्न सोधिन् । अग्रश्रावकले सबैको सन्तोषपूर्वक जवाफ दिनुभयो । तब भद्राले भनिन् - "अब तपाईंले सोध्नुहोस् भन्ते ।" धर्मसेनापति सारिपुत्रले सोध्नुभयो - "एक नाम किं ?"

भद्राले कुनै जवाफ दिन सकिनन् । उसले उहाँको खुट्टामा ढोकेर विन्ती गरिन् । तपाईंले नै बुझाई दिनुहोस्, दया गर्नुहोस् । उहाँले बुझाई दिनुभयो । ज्ञानले अतृप्त भएकी भद्रा तृप्त भइन् । उनलाई नयाँ तरिकाले शान्ति भयो । तब उनले श्रद्धापूर्वक भनिन् - "भन्ते ! म तपाइको शरणमा आएँ ।"

धर्मसेनापतिले गम्भीर स्वरमा भन्नुभयो - "शुभे ! मेरो शरण नलेऊ । यो सबै महाकारूणिक भगवान् तथागतको मङ्गलमय उपदेश हो । त्यसैले उहाँ शास्ताको शरण नै लेऊ । तिमीलाई उहाँको कल्याणकारी उपदेशले अनुपम शान्ति हुनेछ ।"

उहाँको कुरा सुनेर भद्रा गृद्धकूट पर्वतको शिरानमा पुगिन् । त्यहाँ करूणानिधि भगवान् बुद्धले भिक्षुहरूलाई धर्मदेशना गरिरहनुभएको समयमा भद्राले दर्शन गरिन् र प्रशन्न भइन् । उहाँलाई वन्दना गरिन् ।

भगवान्ले आश्वासनयुक्त नरम स्वरले आज्ञा गर्नुभयो - "भद्रे ! आऊ ।" उहाँको श्रीचरण नगिच पुगेर त्यहीं नै उनको उपसम्पदा भयो । प्रव्रजित भएर साधना र धर्मप्रचार गर्दै उनी मगध, कोशल, काशी, वज्जी र अङ्ग प्रदेशमा चारिका गर्दै हिँडिन् ।

दानी उपासकहरूले उनलाई चीवर दान दिए । भद्राले साधना गर्दै अर्हत्व लाभ गरिन् ।



https://dhamma.digital

उहाँको जीवन धन्य भयो । उहाँ मुक्त हुनुभयो । उहाँले विश्वशान्तिको लागि जुन त्रिरत्न शरणको पवित्र मार्ग देखाएर हिँड्नुभयो, त्यो चिरकालसम्म सदाको लागि नयाँ जस्तै भइरहने हुन्छ ।

## आदर्श बौद्ध महिलाहरूः अभ्यास – १०

१) भद्रा कुण्डलकेशा कुन अवस्थामा अपराधी सुत्थकप्रति आशक्त भइन् ?

२) अपराधी सुत्थकसँग भद्राको कसरी विवाह सम्भव भयो ?

३) सुत्थकले भद्रालाई पर्वततिर जान किन प्रस्ताव राखे ?

४) 'सबै गहना फुकाल' भन्ने सुत्थकको हिंस्रक व्यवहारपछि भद्राले कस्तो अक्कलपूर्ण व्यवहार प्रदर्शन गरिन् ?

५) धूर्त सुत्थकलाई आलिङ्गनको बहानामा पहाडबाट घचेटेपछि भद्राको चिन्तनमा के परिवर्तन आयो ?

६) भद्रा कसरी कुण्डलकेशामा परिणत भइन् ?

७) भद्रा कुण्डलकेशाको प्रव्रजित जीवन कसरी अगाडि बढ्यो ?

८) अन्धो प्रेममा आशक्त भई अपराधीलाई समेत प्रेममा आलिङ्गन गर्न सक्ने भद्राले अन्ततः आफ्नै प्रेमीलाई जिउँदै पहाडबाट धकेलिएको त्यो अवस्थालाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ? आफ्नै शब्दमा विवेचना गर्नुहोस् ।



https://dhamma.digital

## (ख) बुद्धको महापरिनिर्वाण पछिका आदर्श बौद्ध महिलाहरू

# १. संघमित्रा

कलिङ्ग विजय त भयो तर भारत सम्राट अशोकलाई त्यसको मूल्य उकास्न धेरै नै हानि सहनुपर्‍यो । उनको हृदयमा हाहाकार मच्चियो । त्यो चित्कार करूण पुकार कलिङ्ग युद्धको परिणाम थियो । त्यसैले उनलाई आँखा झिमिक्क पारूञ्जेलसम्म पनि शान्ति भएन । महाकारूणिक भगवान् तथागतको अमृतमय उपदेशले उनलाई शान्ति भयो । तब उनको हृदय तनमन सारा त्रिरत्नको शरणमा श्रद्धाले झुक्यो ।

विहानको बतास चल्यो । बगैंचाको रूख विरुवाहरू हल्लिन थाले । त्यसमा जम्मा भएको शीत थोपा हीराको कणजस्तै भरखरै उदाएको सूर्यको किरणले चम्किन थाले । त्यही नै शान्त वातावरणमा भारत सम्राट अशोकले शान्तिपथ प्रेरक महास्थविर मोग्गलिपुत्तको चरणमा वन्दना गरे । उहाँको शुभ आशीर्वादले उनको मन उच्च दृढ भावनामा विभोर भए । सम्राट देवानप्रिय अशोकले हृदय नरम पारेर भने - "भन्ते ! धर्मको उत्तराधिकारी हुने सौभाग्य मलाई प्राप्त हुन्छ कि ?" उनको दृष्टि उत्सुकता र हृदयमा हलचल भइरह्यो । त्यसबेला कल्याणकारी स्थविरले गम्भीर स्वरले भन्नुभयो - "हुन सक्दैन ।" "किन भन्ते ?" उनको हृदय कम्पित भयो । स्थविरले अनुभवपूर्ण नयनले सम्राटलाई हेरेर भन्नुभयो - "मात्र एउटा यत्न छ, त्यो हो आफ्नो सन्तानलाई त्रिरत्नको शरणमा समर्पित गर्नु ।"

यो कुरा सुनेर सम्राट स्तब्ध भए । उनले स्नेहपूर्ण आँखाले वैभवमा हुर्किएका स्नेहका सजीव प्रतिमाजस्तै भएका छोराछोरीहरूलाई देखे । सम्राटको आँखामा मानौं उनीहरूलाई वैभवलाई त्याग गर्ने मौन प्रस्ताव राखिरहेको जस्तै थियो ।

षोडशी सुकुमारी राजनन्दिनी र गुणयुक्त सुकोमल राजकुमारले आफ्नो बाबाको स्नेह र उद्देश्यलाई थाहा पाएर विचार गरे - "धर्मको निम्ति जीवन अर्पण गरी उनीहरू धन्य हुनेछन् ।" उनीहरूको राम्रो सुन्दर



https://dhamma.digital

शरीरमा प्रसन्नताको किरण प्रफुल्लित हुन थाल्यो । पछि नरम स्वरले भन्यो - "धर्मको अर्चना जीवनको महान सौभाग्य हो । त्यसैले विलम्ब गर्नु हुँदैन ।" सम्राटलाई सबै प्राप्त भयो । उनको इच्छा पूर्ण हुने झैं लाग्यो । तब उनको रौं रौंको प्वालबाट आफ्नाहरूलाई आशीर्वाद दिइरह्यो । राजकुमार महेन्द्र र उनकी बहिनी संघमित्रालाई उनीहरूका आमाले पनि सुदूर विदिशा नगरदेखि उनीहरूलाई आशीर्वाद दिए झैं लागे ।

बाबाको इच्छा र धर्म अर्चनाको निम्ति सर्वस्व त्याग गरेकी संघमित्रा सम्राट देवानप्रिय अशोककी गुणवती सौन्दर्यशीला छोरी थिइन् । सम्राट अशोक युवराज हुँदाखेरि र शासक भएर उज्जेनमा जानुपर्दा श्रेष्ठी कन्या विदिसादेवीसँग उनको विवाह भएर विवाहिताको रूपमा सँगै उज्जैनमा बसिरहेका थिए । त्यहीं नै महेन्द्र र संघमित्रा जन्मिएका थिए । दुबै बच्चाहरूले पनि त्यहीं नै बाल्यकाल बिताएर ठूलो भएपछि आफ्नो बाबासँग मगधमा आएका थिए । यी दुई छोराछोरीहरूसँग सम्राट अशोकको अति नै स्नेह छ । उनको ममताको छायाँमा उनीहरूको शिक्षाको प्रबन्ध पनि राम्ररी नै भयो । फेरि रूपको साथसाथै गुण पनि अद्वितीय भयो ।

तरूनी हुनासाथ नै संघमित्राको विवाह भयो । राजनन्दिनी संघमित्रा वैभवको बिच बस्नुपर्ने भए तापनि दया, ममता र शील पालन गर्नमा आदर्श लिने गर्थिन् ।

संघमित्रा सम्राटको प्रस्ताव र आफ्नो धार्मिक भावनाले गर्दा यौवनको ढोकामा प्रवेश गर्नासाथ समस्त वैभवलाई त्यागेर प्रव्रज्या ग्रहण गरेर भिक्षुणी भइन् ।

धर्म संगायनापछि सम्राट देवनांप्रियले भगवान्‌को मङ्गलमय उपदेशलाई विश्वमा प्रचार गर्नको लागि धेरै स्तम्भ, स्तूप र विहारहरू निर्माण गराए । फेरि सुदूर देशसम्ममा धर्मप्रचार गराउन विद्वान भिक्षुहरू पठाए । नीलो समुद्रको बिचमा रहेको सिंहल (श्रीलंका) मा पनि धर्मज्ञान प्राप्त गर्न धेरै समयदेखि तृष्णा थियो । त्यहाँको राजा तिष्यको निमन्त्रणामा भिक्षु महेन्द्र जान तयार हुनुभयो । स्वागत र शुभकामना साथसाथै मगधवासीसँग बिदा



https://dhamma.digital

लिनुभएर आफ्नी आमाको दर्शन गर्न महेन्द्र विदिशा जानुभयो । उहाँको शौभाग्यशाली आमा र बहिनी संघमित्राले गौरवशाली महेन्द्र स्थविरलाई बिदा दिए । जनसमूहले हर्ष, वियोग र गर्वले उहाँलाई फूल वर्षाए । वियोगको आँसुलाई स्मृतिको आवरणमा लुकाएर विदिशादेवीले आफ्ना छोरालाई आशीर्वाद दिइन् । स्नेहमयी बहिनी संघमित्राले पनि कल्याण कामना गरी आफ्नो छोरा सुमनलाई आफ्नो दाजुको हातमा सुम्पिइन् । उनले शान्त मधुर र रूवाई स्वरले भनिन् - “जानुहोस् ! भरखरै उदाएको सूर्यको लालिमाजस्तै भएको यो धर्मको ज्योतिले विश्वलाई शान्ति र अहिंसाको जलले शीतल पारी दिनोस्, हाम्रो यही कामना छ ।”

उनको दाजु महेन्द्र भाञ्जा सुमनसहित चारजना भिक्षुहरूसँगै सिंहल जानुभयो । भरखरै उदाएको सूर्यको किरणमा गौरवमयी आमा र बहिनीको अनुहार उज्यालो भएर आयो । बुद्धं सरणं गच्छामि ! धम्मं सरणं गच्छामि !! सङ्घं सरणं गच्छामि !!! को आवाज टाढादेखि सानो हुँदै गए ।

दाजु सिंहल गइसकेपछि भिक्षुणी बनेकी संघमित्राले साधनामय जीवन बिताइन् । प्राणीमात्रको सेवा गर्ने उनको जीवनको लक्ष्य हुन गयो । सिंहलको राजा तिष्य, भाइबुहारी अनुलादेवी र प्रजाहरूले महेन्द्रलाई हृदयदेखि स्वागत गरे । बाटो बाटोमा श्रद्धाको फूल फुले । जनसमूह हर्षले विभोर भए । महेन्द्रको उपदेशले सिंहलमा धर्मको ज्योति जग्मगाउन, झक्झकाउन थाल्यो । अनगिन्ति नर-नारीहरूले त्रिरत्नको शरणमा आएर नयाँ शान्ति प्राप्त गरी लिए ।

सिंहलका महिलाहरूले त्यागमय मार्ग अपनाउने आकाँक्षा व्यक्त गरे । दयाले भरिएको महेन्द्रलाई यो कुरा बिन्ती गरे । उहाँले पनि उनीहरूको धर्मानुरागलाई बुझेर आफ्नो बाबा सम्राट अशोकलाई सन्देश पठाउनुभयो - “तपाइले सिंहलको महिलाहरूको लागि ज्ञानको प्यास मेटाउन पुण्यमयी थेरी संघमित्रालाई पठाईदिनुहोस् ।”

संघमित्रा थेरीले आफ्नो दाजुको आव्हान सुनेर त्यो पनि धर्मको लागि भएकोले आनन्द विभोर हुनुभयो । तपस्विनी राजकन्या भिक्षुणीको भेषले



https://dhamma.digital

पावन बोधिबृक्षको हाँगा लिएर सिंहलतर्फ प्रस्थान गर्नुभयो । समुद्रको किनारसम्म हर्ष र गर्वले महिला पुरुषहरूले श्रद्धाको फूल फुलाए । एकलाखभन्दा बढी मानिसहरूले हृदयदेखिको शुभकामना लिएर सुनील सागरको तरङ्गमा संघमित्राको डुङ्गा त्यागमयी भिक्षुणीहरू र बोधिबृक्ष रक्षा गर्न श्रेष्ठिहरूसहित सिंहलतर्फ प्रस्थान गरे । बाटो हेर्दै गरेका सिंहल निवासीहरूले उनीहरूको स्वागत गरे । उनीहरूको तेजस्वी अनुहारको भाव र अपूर्व त्याग व्यवहारले उहाँहरूलाई श्रद्धाले झुकाए । उनीहरूको हृदयमा असर गर्ने उपदेश सुनेर राजबधू अनुला पाँचसय सुकुमारीहरूसहित साथै राजमहिलाहरूसहित संघमित्राको शिष्य भएर आफूलाई धन्य सम्झिदै प्रव्रज्या ग्रहण गरे ।

पूर्ण ज्ञानमयी संघमित्रा सिंहलको भिक्षुणी विहारमा निवास गर्नुभएर समस्त जीवन धर्मप्रचारमा व्यतित गर्नुभयो । उहाँ विदेश जानुभई प्रथम धर्म प्रचार गर्ने भिक्षुणीले एकासी वर्षको उमेरमा निर्वाण प्राप्त गर्नुभयो ।

सागरको तरंग चुम्बन गरिराखेको सिंहलमा अत्यन्त सम्मानपूर्वक उहाँको अन्तिम संस्कार भयो । आज सम्राट देवानप्रियकी गुणवती पुत्री, श्रेष्ठ भिक्षुणी र धर्मप्रचारको लागि सर्वस्व त्याग गर्नुभएकी नारीरत्न संघमित्रा रहनुभएन तर उहाँको गाथा आज पनि नारी जातिको लागि गर्वको वस्तु भइरहेको छ । विशेषरूपले धर्मचक्र (अशोकचक्र) अंकित झण्डाको छायाँमा भारतीय महिलाहरूको लागि गौरवको विषय भइरहेको छ । सिंहलको विशाल बोधिबृक्षले उहाँको गौरवमयी कथा र अनुपम त्यागको सम्झना दिलाएर सदा हरियो भएर साकार गरिराख्ने छ ।



https://dhamma.digital

## बुद्धको महापरिनिर्वाण पछिका आदर्श बौद्ध महिलाहरूः अभ्यास – १

१) महेन्द्र र संघमित्राको प्रारम्भिक जीवन चित्रण गर्नुहोस् ।

२) 'भन्ते ! धर्मको उत्तराधिकारी हुने सौभाग्य मलाई प्राप्त हुन्छ कि ?' यस वाक्यलाई कसरी पुष्टी गर्नु हुन्छ ?

३) सिंहल देशमा महेन्द्र किन गए ? चर्चा गर्नुहोस् ।

४) संघमित्राको प्रव्रजित जीवनको घडी उल्लेख गर्दै उनको परिनिर्वाणसम्म क्रमबद्ध कुरा लेख्नुहोस् ।

५) सिंहल (श्रीलंका) को बुद्धशासनमा महेन्द्र र संघमित्राको उल्लेखनीय सम्बन्धका बारे आफूलाई थाहा भएको कुरा प्रकाश पार्नुहोस् ।

Dhamma.Digital



https://dhamma.digital

# २. चारूमती

सम्राट अशोकले विश्व विजयको महात्वाकाँक्षाले कलिङ्गमा हमला गऱ्यो । तलवारको चमक, हाहाकार र चित्कारले कलिङ्ग घन्कियो । रगतको नदी बग्यो । सम्राटको कडा हृदयमा भुइँचालो आयो । अशान्तिको आगो दन्कियो । त्यसैले शीतल पारी बस्न उनले त्रिरत्नको शरण लिए । तब उनलाई आफ्नो महत्वाकाँक्षा पूर्ण भयो । मनले सोचेको भन्दा पनि धेरै उनले मानव मात्रको मात्र होइन प्राणी मात्रको हृदय जित्यो । त्यस उपदेश सुनेर सो उपदेश जनमानसमा बाँड्नका लागि उसले धेरै स्तूप, विहार र स्तम्भ बनाउन लगाए । विभिन्न देशहरूमा धर्म प्रचारकहरू पठाए ।

ऊनै सम्राटको अर्की एक छोरीको नाम हो चारूमती । धार्मिक वातावरण तथा सम्राटको देवानप्रिय अशोकको ममतामा हुर्किएकी चारूमतीको मन केटाकेटीदेखि नै धर्मतिर झुक्दथ्यो । विद्वान स्थविरहरूको शिक्षाले उनले छिटै आफ्नी दिदी संघमित्राजस्तै धार्मिक सिद्धान्तलाई बुझिलिइन् । गुणको साथसाथै श्रद्धाले गर्दा चारूमतीको सौन्दर्य अझ बढी विकसित भयो । तरुनी हुनासाथ राजनन्दिनी चारूमतीको विवाह रूप र गुणले पूर्ण भएको श्रद्धालु देवपालसँग भयो । देवपालले पनि आफ्नी अर्धाङ्गिनीमा यस्ती सुलक्षण जुर्न आएकीले आफ्नो भाग्यलाई धन्य सम्झे । चारूमतीले भगवान्‌को पूजा र दान धर्ममा धेरै समय बिताउने गर्दथिन् । देवपालले पनि आफ्नी जहानको काममा तारिफ गर्दै आफूले पनि सहयोग गर्ने गर्दथ्यो । उनीहरू दुबै धेरैजसो सम्राटको नगीच पाटलिपुत्रमा नै बस्ने गर्दथे । महेन्द्र र संघमित्रा टाढिएको कारणले चारूमतीको मन राजनिकेतनमा अलिअलि मात्र जान थाल्यो । साथसाथै सम्राट अशोकको महारानी तिष्यरक्षित (सानीआमा)को भीषण राजनैतिक षडयन्त्रले गर्दा उनलाई विरक्त जस्तै गरिदिने गर्दथ्यो । जब सम्राट अशोकले बौद्धतीर्थ भ्रमण गर्न राजभवन छाड्ने विचार गऱ्यो तब चारूमती पनि आफ्नो वृद्ध बाबासँगै जान तयार भइन् । राजाले यात्रामा जाँदा कष्ट हुन्छ भनेर



https://dhamma.digital

सुकुमारी छोरीलाई रोके । तर राजकन्या चारूमतीले विनयपूर्वक भनिन् - "तात ! दिदी संघमित्रा धर्मप्रचार गरी जीवन सार्थक गरिरहनुभएको छ । म पनि उत्तम स्थानको धूलो शिरमा राखेर कृतार्थ हुनेछु । मेरो पनि यहीँ नै मनसुवा छ ।"

सम्राटले उनलाई रोक्न सकेन । मनपेरेकी छोरी चारूमती र ज्वाँई देवपालसँग भगवान्को जन्मभूमि लुम्बिनी र उत्तराखण्डको पुण्यस्थान दर्शन गर्न नेपालतर्फ प्रस्थान गरे । पवित्र तीर्थस्थल दर्शन गरेर चारूमतीको चित्त अति नै खुशी भयो । त्यहाँ उनले धूप बत्ती आदि पूजा प्रार्थना गरी दीनदुःखीहरूलाई भोजन वस्त्रले तृप्त गराउने गर्थिन् । यात्रा गर्दै उनीहरू ललितपुर, नेपालमा पुगे । गिरिराज हिमालयको फेदिमा अवस्थित उपत्यकाले चारूमतीको मनलाई मुग्ध पाऱ्यो । उनको जहानलाई पनि यो ठाउँ रमाइलो लाग्यो । उनीहरूले त्यहीँ बस्ने मनसुवा गरे । छोरीको जुनसुकै मनसुवा पुरा गरिदिने स्नेही बाबा सम्राट देवानप्रिय अशोकले त्यहाँ एउटा राम्रो नगर स्थापना गरिदिए । जुन नगर राम्राराम्रा दरबार र झकिझकाऊ भएको विहारले गर्दा वैभवशाली हुनगयो । सम्राटले त्यहाँ पाँचवटा स्तूप पनि बनाउन लगाए । जुन आजसम्म उनको स्मरण दिई नै रहेको छ । यी स्तूपहरूलाई थूर भनिने गर्दछ ।

जीवनको बाँकि दिन बिताएर चारूमती आफ्नो स्वामी देवपालसहित अशोक महलमा नै बसिन् । केही समयपछि एउटा नयाँ नगर उनीहरूले बनाएर त्यसलाई देवपालको नामबाट देवपट्टन भनी भनियो । त्यहाँ चारूमतीले भव्य हुने गरी विहार निर्माण गराइन् जसमा आजसम्म पनि उसको धर्म भावनाको वर्णन गरी नै रहेको छ ।

सम्राटको नेपाल यात्रापछि यहाँ धर्मप्रचारकहरू, विद्वानहरू र भिक्षुहरू आउने गर्न थाले । रानी चारूमतीले नयाँ नयाँ संघाराम विहार निर्माण गराई भिक्षु भिक्षुणीहरू बस्नको लागि र पूजा गर्न राम्रा राम्रा विहार बनाइन् । सारा नेपाल नै अमृतमय उपदेश एवम् पावन सूत्रको पवित्र ध्वनीबाट प्रतिध्वनित भई जनता हर्षित भए । त्रिरत्नको शरणमा



https://dhamma.digital

नेपालवासीहरूलाई नयाँ जीवन प्राप्त भयो, जसबाट सुख शान्ति प्राप्त भईरह्‍यो ।

देवानांप्रिय अशोकको प्रिय छोरीहरूले सुदूर उत्तरदेखि सुदूर दक्षिणसम्म धर्मको तेजले प्रकाशित गरिदिए । चारूमती पनि संघमित्राजस्तै प्रव्रज्या ग्रहण गरी बाँकि जीवन धर्म प्रचारमा बिताइन् । समस्त नेपालको स्वर्णीम युगको दर्शन भयो । स्तूप, विहार, चैत्यले नेपाल झक्झकायो । ललितपुरको सोह्रसय जति चैत्यहरू त्यस्तै असंख्य स्तूप विहारले त्यसबेलाको धर्म प्रचारको चिन्ह भएकोले श्रद्धामयी चारूमतीको धर्मप्रचार र त्यागपूर्ण प्रव्रजित जीवनको यशगान गरिरहन्छ । जसरी श्रेष्ठ भिक्षुणी संघमित्राले सुदूर दक्षिणमा सुनील सागरको बिचमा धर्मको ज्योति बाल्नुभयो । त्यसरी नै उहाँकी बहिनी राजकन्या भिक्षुणी चारूमती उत्तर हिमालयको फेदिमा शोभायमान भइरहेको नेपाललाई धर्मको ज्योति जगमगाउँदै प्रज्वलित गराइदिनुभयो ।

Dhamma.Digital



https://dhamma.digital

## बुद्धको महापरिनिर्वाण पछिका आदर्श बौद्ध महिलाहरूः अभ्यास – २

१) सम्राट अशोक किन अशान्त भए र शान्तिको लागि उनले के अभियानको थालनी गरे ?

२) चारूमतीको यौवनावस्थालाई चित्रण गर्नुहोस् ।

३) चारूमतीले किन बुबासँग पछि लागी प्रव्रजित हुने चाहना गरिन् ?

४) चारूमतीको लुम्बिनी दर्शन र उपत्यका प्रवेशबारे प्रकाश पार्नुहोस् ।

५) नेपालको इतिहासमा चारूमतीको प्रवेशले के-कस्ता परिवर्तनहरू आए ?

६) जसरी सिंहलमा संघमित्राको स्वर्ण इतिहास छ त्यसरी नै नेपालमा पनि चारूमतीको स्वर्णमय इतिहास रहेको छ भन्ने कुरालाई यहाँले कसरी पुष्टि गर्नुहुन्छ ?

Dhamma.Digital



https://dhamma.digital

# ३. भृकुटी

भारतवर्षमा सम्राट हर्षवर्धनले राज्य गरिराखेको थियो । उसको उदारताको अगाडि प्रत्येक जनताको शिर निहुरिने गर्दथ्यो । सम्राटको बहिनी राज्यश्री राज्यको मात्र होइन सम्पूर्ण भारतको लक्ष्मी र सुख सौभाग्यको निर्मल श्रोतजस्तै थिइन् । उनको असल प्रेरणाले नै सम्राट त्रिरत्नको शरणतर्फ तानेर ल्याइन् । त्यसैबेला नै नेपालमा अंशुवर्माले राज्य गरिराखेको थियो । उनको समयमा नेपाल पनि बौद्ध धर्मको केन्द्र भइरहेको थियो । सम्राट हर्षवर्धन र अंशुवर्मा दुबैजनामा अति नै गाढा मैत्री पनि थियो ।

यहीँ अंशुवर्माको छोरीको नाम हो भृकुटी । सौन्दर्यले युक्त भएकी राजकन्यालाई शिक्षाको राम्रो प्रबन्ध गरी अंशुवर्मा राजा अति नै प्रसन्न भए । उनले सधैं नै त्रिरत्न वन्दना गर्ने र विहारमा गएर दान र पूजा गरी सन्तोष अनुभव गर्ने गर्थिन् । कोपिला विस्तारै विस्तारै फक्रिएर सुवास छरेझैं उनको रूपको वर्णन टाढा टाढासम्म फैलिन थाल्यो । नेपालको छिमेकी राज्य भोटको राजा स्रोङचङगम्पो त्यसबेला आफ्नो पराक्रमले अति नै प्रख्यात थियो । उनले नै सभ्यताले गर्दा टाढिएर बसेको आफ्नो देशमा, शिक्षाको प्रसार गर्न र यहीँ कुरा सुनेर भोट राजाले विचार गऱ्यो यदि नेपालकी ती सुन्दर फूलले भोट देशको दरबार उनको सुन्दर र सुगन्धले सजाउन सकेमा भोट देश साँच्चै कै भाग्यमानी हुने थियो ।

राजा गम्पोले नेपालमा आक्रमण गरे । वीर नेपाली सैन्यहरूले पनि सामना गरे । तर पराक्रमी गम्पोको अगाडि उनीहरू हार्नुपऱ्यो । छर-छिमेकीसँग वैरभाव राख्नु दूरदर्शी राजा अंशुवर्मालाई राम्रो र सुहाउँदो लागेन । उनले सन्धिको सन्देश पठाए । सम्राट स्रोङचङगम्पोले पनि एउटा शर्तमा सन्धि स्वीकार गरे । त्यो शर्त हो भृकुटीलाई उनको रानी बनाउने ।



https://dhamma.digital

सौन्दर्यको आराधिका राजकन्या भृकुटीले यो कुरा सुनिन् । उनको वीरता सुनिसकेपछि मुग्ध भएर उनी खुशी भइन् । सन्धिको शर्त स्वीकृत भइसकेको र टाउकोदेखि खुट्टासम्म राजाभरणले र बहुमूल्य गहनाले सजाएर राखिएकी राजनन्दिनीको विवाह सम्राट गम्पोसँग मङ्गल वाद्य बजाएर सम्पन्न भयो । असंख्य दाइजो दिएर आँशुलाई रोकेर नरेश अंशुवर्माले आफ्नी छोरीलाई बिदा दिए ।

भोट देशको दरबार रानी भृकुटीको रूप ज्योतिले झक्झकायो । उनलाई पटरानी पद दिइयो । गम्पो राजाले आफ्नी रानीको सुखमा धेरै विचार राख्दथे । रानी पनि तथागतको साँच्चै कै आराधिका थिइन् । उनको धार्मिक भावनालाई देखेर उनको बाबाले उनलाई भगवान् शाक्यमुनि, मैत्रेय एवं ताराको श्रीखण्डको पावन प्रतिमा दाइजोको रूपमा दिएका थिए ।

पटरानी सधैँ नै ती देवमूर्तिमा धूप, दीप, पुष्पले पूजा गरी मग्न हुन्थिन् । आफ्नो धार्मिकता र ममतामय जीवनमा उनले आफ्नो स्वामी गम्पोप्रति गर्नुपर्ने कर्तव्यमा कुनैपनि कमी हुन दिइनन् । रमाइलो दरबारमा नयाँ विवाह गरेको गहना वस्त्रको झिलिकमिलिक र सराकसुरुक आवाज प्रियको अभिनन्दनमा हुने संगीतले कल्पनातीत वैभवले दंग हुने गर्दथ्यो । यसप्रकार उनी आफ्नो स्वामी तिब्बत नरेश गम्पोको साँच्चै कै मनपरेकी जीवन संगिनी भइन् ।

विहानको पूजापछि अग्लाअग्ला पर्वत बार्दलीमा बसेर नै हेर्थिन् । हिउँले ढाकिएको ठूलठूला पर्वतको टुप्पा टाढा सेतो चाँदीको शिरपेच लगाएर राजपुरुषहरू सभा बसिरहेको झैँ लाग्दथ्यो । धूपको धुँवाले सुगन्धित वातावरणमा उनको कोमल हृदयमा अनेक अनेक प्रकारका भावले जन्म लियो । त्यसबेला राजा सधैँ कहाँ कहाँ जान्थ्यो थाहा थिएन । कहिले चिसो भएको शीतमा, कहिले विहान, कहिले साँझको समयमा । उनले विचार गरिरहेको थियो, त्यसैबेला उनले विस्तारै आएर उसको प्रणयिनीलाई आँखा छोपिदियो । रानी भृकुटीले नरम स्वरले भनिन् - "मैले चिनेँ ।" तब दुबै हाँसे । यो हाँसोको आवाजको जवाफ विशाल प्रासादले प्रतिध्वनित गरिदियो ।



https://dhamma.digital

राजा गम्भीर शब्दमा बोले - "मैले तिम्रो लागि एउटा विशेष वस्तु निर्माण गर्न लागेको छु । यदि त्यो मेरी भृकुटीलाई मनपर्‍यो भने मैले आफूलाई धेरै नै भाग्यशाली सम्झिने छु ।"

नवनिर्मित देवालय (विहार) मा पुष्पवृष्टि भई नै रह्‍यो । असंख्य नरनारीहरूले आफूमा भएको सर्वश्रेष्ठ रत्नाभूषणले सजिएर पूजा गर्नको लागि सुनको पात्र लिएर उभिरहेका थिए । धार्मिकता र सौन्दर्यकी रानी भृकुटीले ढोगिन् । सूत्र ध्वनि घन्किरहेको विहारमा उनको आराध्य देवताको मूर्ति स्थापना भईसकेको छ । उनले आफ्नो दाहिने उभिरहेको प्रियतमालाई हेरिन्, तब महाकारूणिक शाक्यमुनि, मैत्रेय एवं ताराको दिव्य प्रतिमाको अगाडि श्रद्धाले निहुरिइन् । उनले विधिपूर्वक पूजापाठ गरी दानादिले सबैलाई सन्तुष्ट गरिदिइन् । साथै आशीर्वाद थाप्दै दरबारतर्फ लागिन् । उनको हृदय हर्षले भरिन थाल्यो । विजेता भोट देशमा यो नेपालको धर्मविजय हुनगयो । बुद्धधर्मको कल्याणकारी आलोकले भोट देशको अज्ञान अन्धकार पन्छिदैं गयो । भोट देशमा यो पहिलो विहार बनाउन गम्पोलाई धेरै नै परिश्रम गर्नुपर्‍यो । कारूणिक विहार बनाउन राजाले भूमि छान्ने विषयमा आफ्नी दोस्री रानी चीनी राजकन्यासँग सल्लाह लिए । ज्योतिष शास्त्रमा पारंगत रानी कोजोले आफ्नी सौतेनी भृकुटीप्रति ईर्ष्या राखी राजमहलदेखि टाढा रहेको सरोवर नै हुन्छ भनी भनेकी थिइन् । राजा गम्पोको दृढनिश्चयको कारणले धेरै ठूलो दृढ कोशिसले त्यस सरोवरलाई ढुङ्गा ईंटा भरेर विहार बनाउन योग्य बनाइदियो । त्यस स्थानमा देवस्थान (भोट भाषामा ल्हा) विहार (भोट भाषामा सा) निर्माण गरायो । यसरी वर्तमान ल्हासा बन्न पुग्यो । तब ल्हासामा देवमूर्ति स्थापना भयो । रानी कोजोले यो विहार निर्माण गर्दा अनेक विघ्न गरिन् । तर सफल भइनन् । त्यहीं नै ल्हासाको नामले आजकालको तिब्बतको राजधानी ल्हासा प्रसिद्ध हुन गयो ।

रानी भृकुटीले उनको मातृभूमि नेपालमा भारतीय विद्वान् कुमार पाल्नुभएको छ भनी सुनेर श्रद्धापूर्वक उहाँलाई निमन्त्रणा गरिन् । उहाँलाई



https://dhamma.digital

स्वागत गरी उहाँसँग भगवान्‌को मङ्गलमय उपदेश सुनेर आफूलाई धन्य सम्झिन् ।

कालान्तरमा नेपालमा पाल्नुभएका भारतीय भिक्षु मञ्जुशीललाई उनले भोट देशमा आमन्त्रण गरिन् । धर्मप्रचारक भिक्षुसँग राजा र रानीले प्रार्थना गरिन् - "तपाईंले भोट देशलाई तथागतको विमल उपदेशले तृप्त गरी दिनोस् ।" भिक्षु मञ्जुशीलले यस कुरालाई स्वीकार गरी अनेक धर्मग्रन्थलाई भोटे भाषामा अनुवाद गरी दिनुभयो । धर्मशीला रानी भृकुटीको सुप्रयत्नले भोट देश धन्य भयो । त्रिरत्नको मङ्गलमय उपदेश सुधाले जनजनको जीवन कृतार्थ भयो ।

आज रानी भृकुटी छैनन्, न उसको प्रिय सम्राट गम्पो नै छ । तर ल्हासाको त्यो विहार आजसम्म पनि उनको धार्मिक भावनाको सम्झना बचाएर श्रद्धाविभोर गरिरहेको नै छ ।

त्यस विहारमा एउटा विचित्रता छ । त्यहाँ जोसुकै व्यक्ति भए तापनि जुत्ता फुकालेर जाँदैन । त्यहाँ जुत्ता लाएर नै जानुपर्छ । लगाएर गएन कि अनर्थ हुन्छ भन्ने विश्वास छ । जेसुकै होस् तिब्बतको राजधानी ल्हासा नामको पछि रानी भृकुटीको धर्म भावना कहिल्यै पनि बिर्सने छैन ।

Dhamma.Digital



https://dhamma.digital

## बुद्धको महापरिनिर्वाण पछिका आदर्श बौद्ध महिलाहरूः अभ्यास – ३

१) भृकुटीको सामान्य परिचय दिनुहोस् ।

२) भृकुटीको सौन्दर्यबारे आफूलाई थाहाभएको कुरा प्रकाश पार्नुहोस् ।

३) भृकुटी स्रोङचङगम्पोको विवाह कसरी सम्पन्न भए ?

४) भृकुटीलाई दाइजो सँगै के पठाइयो ?

५) भृकुटीको विवाहित जीवन कस्तो थियो ?

६) 'मैले तिम्रो लागि यौटा विशेष वस्तु निर्माण गर्न लागेको छु । यदि त्यो मेरी भृकुटीलाई मनपर्‍यो भने मैले आफूलाई धेरै नै भाग्यशाली सम्भिmने छु ।' यस वाक्यलाई खुलस्त पारी आशय समेत प्रस्तुत गर्नुहोस् ।

७) गम्पोले ल्हासामा कारुणिक विहार निर्माणमा के-कस्ता समस्या भोग्नुपरेको थियो ?

८) भृकुटीको जीवनीले ल्हासामा बुद्धधर्म प्रचार गर्न ठूलो योगदान पुगेको थियो । यस भनाइलाई पुष्टी कसरी गर्नुहुन्छ ?

९) आज रानी भृकटी छैनन्, न उनको प्रिय सम्राट गम्पो नै छ । तर ल्हासाको त्यो विहार आजसम्म पनि उनको धार्मिक भावनाको सम्झना बचाएर श्रद्धाविभोर गरिरहेको नै छ । यस भनाईलाई आफ्नै भाषा र शैलीमा प्रष्ट हुनेगरी लेख्नुहोस् ।



https://dhamma.digital

# ४. मेरी फोस्टर

नीलो सागरको पानीको छालसँगै तैरिँदै गएको जहाज जापानतिर बढ्दै गयो । साधारण लुगा लगाएको एकजना सिंहली तेजश्वी युवक शिकागोको धर्म सम्मेलनको विषयमा कोही एकजनासित कुरा गरिरहेको थियो । नजिक नै बसिरहेकी गहना, वस्त्र, रहनसहनले धनी र घरानिया देखिने एउटी महिलाले ध्यान दिएर ती कुरा सुनिरहेकी थिइन् । कुराकानी सकिनासाथ उनले त्यस युवकलाई भनी - “म हवाईद्वीप जानु छ, तपाईंको कुरा सुनेर मलाई धेरै हर्ष लागेको छ ।”

युवकले गम्भीर स्वरमा भन्यो - “म शिकागोको सर्वधर्म सम्मेलनमा सम्मिलित भएर आइरहको छु । अहिले सिंहल फर्किरहेको छु ।”

परिचयपछि त्यस महिलाले भनिन् - “मलाई आफ्नो घरको सेवक सेविकाहरू देखेर स-साना कुरामा पनि अति नै रिस उठ्छ । उनीहरूलाई गालि गरेपछि फेरि आफैलाई दुःख लाग्छ । यदि हुन्छ भने यस्तो कुनै यत्न बताइदिनुहोस् जसले क्रोध मार्न सकिन्छ ।” युवकले मैत्री भावना गर्ने सल्लाह दियो । पछि ती महिला बौद्ध धर्ममा अति नै प्रभावित भईन् । मैत्री भावनाले उनलाई पूर्णलाभ पनि भयो । तब केही बर्षपछि उनले त्रिशरण पनि ग्रहण गरिन् ।

त्यस महिलाको नाम हो मेरी एलीजावेथ फोस्टर । ऊ हवाईद्वीपको राजधानीको धनी जेम्स रेबेका रोविन्सनकी छोरी थिइन् । उसको जन्म २१ सेप्टम्बर १८४४ मा हवाईद्वीपको राजधानी होनोलुलुमा भएको थियो । धनी बाबाकी छोरी मेरीको विवाह उत्तरी अमेरिकाको एकजना धनी व्यक्ति बेङ्कर श्री टी. आर. फोस्टरसँग भयो । तब मेरी एलिजावेथ फोस्टर नामले विख्यात भइन् । होनोलुलु जाँदा जो प्रभावशाली युवक भेट भएकोमा उनलाई अति नै खुशी लागेको थियो । उनले उसलाई आफ्नो घर बोलाउन आमन्त्रित गरिन् । पछि त्यस पहिलो मिलनले मेरीको हृदयमा धर्मको किरण



https://dhamma.digital

उदायो । उनको प्रेरक उहीँ नै २९ वर्षीय युवक बौद्धधर्मको विख्यात पुनरुद्धारक “अनगारिक धर्मपाल” थियो ।

सम्राट अशोकले बनाएको मूलगन्धकुटी विहार, ऋषिपतन मृगदायको बाक्लो झारले छोपिएर बिर्सिसकेको थियो । कल्याण सङ्घ र धर्मचक्र प्रवर्तनको पावन भूमि ऋषिपतन फेरि खोजी पत्ता लगाउन र त्यसलाई सुरक्षित गर्न अनगारिक धर्मपालले कठिन कोशिस गर्ने शुभारम्भ गऱ्यो । श्रद्धामयी मेरी फोस्टरले धर्मपालको धार्मिक आव्हान सुनेर प्रसन्न भइन् । चिठ्ठी पुग्नासाथ नै सारनाथ ऋषिपतनको पुनरुद्धार काममा उनले सन् १९०२ मा ५०० डलर दान दिइन् । त्यसबेलादेखि उसको श्रद्धाले टेवा दिने काम हुँदै गयो । अर्को वर्ष उनकोतर्फबाट २०० डलरको सहायता अनगारिक धर्मपालकहाँ पुग्यो । सारनाथको झार काटेर नाश गरी पठायो । ध्वंशावशेषको रूपमा मूलगन्धकुटी विहार र काशीको बौद्ध महारानी कुमार देवीको श्रद्धाको चिन्ह धर्मचक्र जिन विहार परिवण, स्तूप आदि देखिन थाले । सन् १९१३ सम्मको १० वर्षभित्र धर्मानुरागी श्रीमती मेरी फोस्टरले धर्मपालको तर्फबाट बनाएको महाबोधि सोसाइटिलाई धर्मकार्यको लागि ३०,००० रूपैया दान दिइन् ।

सन् १९१३ मा श्रद्धामयी उपासिका मेरी फोस्टरलाई धन्यवाद दिने हेतुले अनगारिक धर्मपाल हवाईद्वीप गए । आफूलाई मार्ग देखाउने व्यक्तिको स्वागत श्रीमती मेरीले अति नै श्रद्धापूर्वक गरिन् । पछि उनले सुदूर सिंहलमा निःशुल्क अस्पताल बनाउने आफ्नो मनसुवा पोखिन् । यसको लागि उसले आफ्नो पूज्य बाबा रोबिन्सनको नाममा ६०,००० दान दिइन् । श्रीलंकाको कोलम्बो शहरमा बनाइएको फोस्टर रोबिन्सन निःशुल्क अस्पताल अहिले पनि उनको दानशीलताको चिन्ह भएर उभिरहेको छ ।

भारत र श्रीलंकामा बुद्धधर्मको पुनरुत्थानको लागि धर्मपालले विचार गर्दै योजना बनाउने र काममा ल्याउन उनले प्रसन्नतापूर्वक सदा कोशिस गर्ने र मेरी फोस्टरले पनि उसको कामबारेमा सुन्दै उसको सुखद् कल्पनालाई साकार गर्न सहायता दिने गर्थिन् । धर्मपालले पनि श्रीमती



https://dhamma.digital

फोस्टरलाई आमाजस्तै आदर गर्दथ्यो । उनले पनि धर्मपाललाई भाई सम्झिन्थिन् । धर्मपालको अथक प्रयत्नले गर्दा आज सारनाथको पावन प्राङ्गणमा नयाँ बनाइएको मूलगन्धकुटी विहारले शान्तिको भरोसा दिइरहेको छ । यो निर्माण गर्नुमा श्रीमती मेरी फोस्टरको पनि धेरै धन खर्च भएको छ । श्रद्धामयी उपासिका मेरी जहिलेदेखि त्रिशरणमा आइन् तबदेखि आफ्नो जीवन र धन सबै भनेझैं धर्मको पुनरुत्थानको लागि त्याग गरिन् ।

महाबोधि सभाको सहायता गर्नु नै उनको जीवनको मूल कार्य हुनगयो । किनकि छोपिएर बिर्सिएर गईसकेको पावनस्थल फेरि अगाडि खडा भएर बाँचेर आउँछ र धर्मप्रसारले विश्वमा शान्तिको पवित्र धारा बग्दछ भन्ने उनलाई खुब मनपर्छ । तथागतको पवित्र कल्याणकारी उपदेश प्रचार गर्नको लागि सोसाइटिले यी सब काम अझै गरिरहेकै छ । दानशीला श्रीमती फोस्टर महाबोधि सभाको लागि ममतामयी आमाजस्ती नै हुन् । उनले सभालाई भरखरैको उत्थान हुँदा सम्हालेर गईन् । विश्व कल्याणकारी बुद्धधर्मको पुनरुत्थान होस् भन्ने उसको हार्दिक कामना हो । यसको लागि उनले सन् १९१८ र सन् १९२३ मा ५०,००० र १,००,००० डलर दान अर्पण गरिन् । उनको दानशीलताले बुद्धकालको त्यस श्रद्धामयी उपासिका विशाखाको दानलाई झल्झल् सम्झना गराउँछ, जसले भिक्षुसङ्घहरूलाई वस्त्र, भोजन र औषधी आदि दान दिएर भगवान्सँग आठ वर मागेकी थिइन् । त्यसैले श्रीमती मेरी फोस्टरको निस्वार्थ दानले गर्दा उनलाई आधुनिक युगको विशाखा भन्नु कुनै नसुहाउने हुँदैन ।

महाबोधि सभाको कामको सफलताको श्रेय मेरी फोस्टरको दानलाई पनि छ । धर्मको लागि आफूलाई नै समर्पण गर्ने अनगारिक धर्मपालद्वारा जम्मा गरेको पैसा र श्रीमती मेरी फोस्टरको दानद्वारा प्राप्त भएको धन आजसम्म श्रीलंकाको बैङ्कमा जम्मा भईरहेको छ । जसको सङ्कलित ब्याजले सभाको काममा ठूलो सहायता भइरहेको छ ।



https://dhamma.digital

## बुद्धको महापरिनिर्वाण पछिका आदर्श बौद्ध महिलाहरू : अभ्यास – ४

१) मेरी फोस्टरलाई कुन मोडले त्रिशरण ग्रहणतर्फ धकेलिदिएको थियो ?

२) मेरी फोस्टर र अनगारिक धर्मपालको भेट कसरी भएको थियो ?

३) अनगारिक धर्मपालले कस्तो महत्वपूर्ण कामको थालनी गऱ्यो र त्यसमा मेरी फोस्टरले कस्तो सहयोग पुऱ्याइन् ?

४) मेरी फोस्टरको दानशीलतालाई चित्रण गर्नुहोस् ।

५) धर्मको पुनरुत्थानमा मेरी फोस्टरको योगदानबारे चर्चा गर्नुहोस् ।

६) 'दानी मेरी फोस्टर महाबोधि सभाको लागि ममतामयी आमा जस्ती नै हुन् ।' यस कथनलाई सहमति जनाउन विविध उदाहरण दिई प्रष्ट्याउनुहोस् ।

७) 'मेरी फोस्टर आधुनिक युगका विशाखा हुन् ।' भनी आफ्नै शैलीमा चरित्र चित्रण गर्नुहोस् ।

Dhamma.Digital



https://dhamma.digital

# वर्तमान नेपालका आदर्श बौद्ध महिलाहरू

लेखिका

**लोचनतारा तुलाधर**

(नोटः लेखक लोचनतारा तुलाधरको “नेपालमा बुद्धधर्मको प्रचारप्रसारमा थेरवादी अनागारिकाहरूको योगदान” लेखलाई आवश्यकता अनुसार सम्पादन गरी प्रकाशन गरिएको छ ।)

https://dhamma.digital

https://dhamma.digital

### (ग) वर्तमान नेपालका आदर्श बौद्ध महिलाहरू

## १. धम्मचारी गुरुमां

नेपालमा थेरवादी बुद्धधर्ममा पुनर्जागरणसँगसँगै महिलाहरू अनागारिका (गुरुमां) बन्न अग्रसर भएको देखिन्छ। बीसौँ शताब्दीको प्रारम्भसम्म नेपालमा महायानी र बज्रयानी बुद्धधर्मको मात्र ब्यापकता थियो। बज्रयानी गुरुज्यूहरू र महायानी लामाहरू जनतालाई धर्मकथा भन्ने र व्रत राख्ने गर्थे। राणाशासनको प्रचुर दमनकाल रहेको त्यतिबेला नेपालीहरूले कुनै किसिमको प्रव्रज्या लिन पनि निषेध थियो। महिलाहरूले गृहत्याग गरी प्रव्रजित हुने साहस गरेको पनि देखिँदैन।

वि.सं. १९८२ मा महायानी परम्पराअनुसार प्रव्रजित हुने पाँचजना भिक्षुहरूलाई श्री ३ चन्द्रशमशेरको सरकारले देशनिकाला गरेको थियो। वि.सं. १९८७ मा कुशीनगरमा ऊ चन्द्रमणि महास्थविरबाट प्रव्रज्या ग्रहण गरी श्रामणेर प्रज्ञानन्द नेपाल आएपछि उनी नै स्थविरवादी बुद्धधर्मलाई पुनः स्थापना गर्ने पहिलो भिक्षु भए। उनको धर्मप्रचार र प्रेरणाले महिलावर्गमा पनि प्रव्रजित हुने जाँगर आयो। बुद्धधर्ममा निर्वाणको मार्ग नारीपुरुषलाई समानरूपमा नै छ भन्ने कुरा दर्शाउन भिक्षु प्रज्ञानन्दले वि.सं. १९८८ मा तीनजना नारीहरूलाई प्रव्रज्या दिलाए। उनीहरू थिए – **अनागारिका रत्नपाली, अनागारिका धर्मपाली र अनागारिका संघपाली।**

वि.सं. १९५५ मा काठमाडौँको असन टोलमा बुबा मानकाजी र आमा रत्नमाया तुलाधरको कोखबाट लक्ष्मीनानी तुलाधरको जन्म भयो। लक्ष्मीनानी बहाः चोकमा खेल्दै आमालाई घरको काममा सघाउँदै ८ वर्षको उमेरमा न मो बा गी स्व रा य देखि साँवा अक्षर वर्णमाला सिक्न थालिन्। त्यसबेलाको सामाजिक चलनअनुसार बालिका लक्ष्मीनानीको ११ वर्षको उमेरमा इतुंबहालको सेतेकाजी बनियाँसँग विवाह भयो। १८ वर्षको उमेरमा लक्ष्मीनानीले छोरो जन्माइन्। तर उक्त बालकको १८ महिनामा नै मृत्यु भयो। त्यसपछि उनको जीवनमा वियोगान्त कथा सुरु भयो।



https://dhamma.digital

अर्को बच्चा पेटमा छँदै श्रीमान् सेतेकाजीको पनि निधन भयो। त्यस्तै बाबुको मृत्युपछि जन्मिएको छोरीको पनि ७/८ वर्षको उमेरमा मृत्यु भयो।

यस्तो अवस्थामा उनले विभिन्न ठाउँमा गई व्रत बसी धर्मकर्म गर्न थालिन्। पछि उनी काठमाडौँको स्वयम्भूस्थित किण्डोल विहार (किन्द्व बहाः) मा पुगिन् जहाँ महायानी क्रियाकलाप र बज्रयानी क्रियाकलाप सँगसँगै चलिरहेको थियो। उनले न्यूनव्रत (महायानी) बस्ने र अष्टमी व्रत (बज्रयानी) बस्ने चर्या निरन्तर गरिरहिन्। किन्द्वबहाःमा दसरत्न तुलाधर, लोकरत्न तुलाधर, मञ्जुहर्षको सक्रियतामा अष्टसहस्रीका प्रज्ञापारमिता पाठ, विभिन्न देवदेवीको धारणी पाठ, अष्टमी व्रत, लामा मतअनुसार करुणामय बुद्धको पूजा र न्यूनव्रत बस्ने गरिन्थ्यो। उक्त धार्मिक कार्यमा लक्ष्मीनानी सक्रियरूपमा सहयोग गर्थिन्। लक्ष्मीनानीको कथाब्यथा पनि भन्ने गर्दै जाँदा त्यसको प्रभावबाट अरू गृहिणी आइमाईहरू पनि किन्द्वबहाःमा आउन थाले। अष्टमी, पूर्णिमाको दिनभरि त्यहीँ बसी व्रत बस्ने र कथा सुन्न आउने महिलाहरूको जमात बढ्न थाल्यो।

प्रज्ञानन्द स्थविरको आगमनपछि किन्द्वबहाःमा धार्मिक गतिविधिले नयाँ मोड लिई पञ्चशील, अष्टशील, परित्राण, धर्मसाकच्छा आदि कार्यक्रमहरू चल्न थाले। लक्ष्मीनानी वि.सं. १९९१ मा भारतको कुशीनगरमा ऊ कित्तिमा भन्तेद्वारा प्रव्रजित भइन्। पछि आएर नेपालमा नै अनागारिका (गुरुमां) हरूका लागि **प्रथम आवास निर्वाणमूर्ति विहार** स्थापना गरिन्। गृहस्थ जीवनका लागि लक्ष्मीनानी उपासिका र प्रव्रजित जीवनमा धर्मचारी गुरुमां दुवै नाउँ उत्तिकै प्रख्यात छ। निडर, साहसी, नेतृत्व गुण भएको धर्मचारी गुरुमां '**म्हासु अजि**' अर्थात् पहेँलो वस्त्रधारीको नाउँले पनि प्रख्यात थिइन् भने नेपालभाषाको आधुनिक काब्य साहित्यमा जनस्तरमा उठेकी **प्रथम कवयित्री** पनि थिइन्।



https://dhamma.digital

## धर्मचारी गुरुमांका क्रियाकलाप र सङ्घर्ष

नेपालमा राणा शासनकालको प्रचुर दमनकालमा धर्मचारी गुरुमांले विभिन्न किसिमका सामाजिक तथा राजनीतिक मार खेप्नुपरेको थियो । तर अलिकति पनि हार नखाई उनले एकपछि अर्को विजय प्राप्त गर्दै गइन् । उनको योगदान प्रव्रज्याअघि र प्रव्रज्यापछि गरी दुई भागमा विभाजन गरेर बुझ्न योग्य देखिन्छ ।

### क) प्रव्रज्या अघिकी धर्मचारी

लक्ष्मीनानी उपासिकाले किन्द्रबहाःमा बज्रयानी चर्याको अष्टमी व्रत लगाउनुमा आफै गुरुज्यू अर्थात् पुरोहित भई व्रतको मूल विधि सिकाउने र घण्टा बजाई पूजा गराउने गर्थिन् । यसले गर्दा महिला श्रद्धालुहरूको बाक्लो उपस्थिति हुन्थ्यो । यस कुरालाई महिलाहरूले कहिल्यै नगरेको काम गऱ्यो भनेर समाजमा निकै वादविवाद पनि भएको थियो ।

कवि योगविरसिं कसाः, सिद्धिरत्न कसाः र लोकरत्न उपासकहरूको प्रभावले लक्ष्मीनानी उपासिकाले पनि कविता रच्नुभएको थियो । उनको कविता सर्वप्रथम **"बुद्धधर्म व नेपाल भाषा"** पत्रिकामा वि.सं. १९८५ मा लक्ष्मीनानी उपासिका नाउँबाटै प्रकाशित भएको छ । ***"स्वदेशवासी तताकेहें मय्जुपिं विद्या ब्वना दीयेमाल ...."*** अर्थात् *"स्वदेशवासी दिदीबहिनीहरू विद्या पढ्नुपऱ्यो ...."* बोलको यो कविता ज्ञानमाला भजनका रूपमा गाउने गरियो । तत्कालीन सामाजिक अवस्थाको उजागर गरेर दिदीबहिनीहरूलाई शिक्षित बन्नमा आह्वान गरेको यो गीतले त्यस समयमा निकै चर्चा पाएको थियो । एक वर्षपछि सोही पत्रिकामा **"बागेश्वर मञ्जुश्रीयात छम्ह मय्जुया आत्म-समर्पण"** अर्थात् *"बागेश्वर मञ्जश्रीलाई एउटी मपहलाको आत्म-समर्पण"* नाउँको कविता छापियो । यसरी उनी नेपाल भाषाकी आधुनिककालकी प्रथम कवयित्री बनिन् ।

वि.सं. १९८७ मा श्री ३ भीमशमशेरको पालामा किन्द्रबहाःमा विभिन्न किसिमका धार्मिक क्रियाकलाप बढ्दै गए र त्यो ठाउँ चेतनशील, बुद्धिजीवी



https://dhamma.digital

व्यक्तिहरू जम्मा हुने केन्द्र जस्तै बन्यो। त्यसकारण १२ जना अगुवा व्यक्तिलाई मुलुकी अड्डामा हाजिर हुने पुर्जी दिइयो। १२ जनामा एकजना मात्र महिला लक्ष्मीनानी थिइन्। उनीहरूलाई लागेको मुद्दा –

- किन्द्रबहाःमा धेरै मानिस जमघट।
- माछा, मासु नखाने।
- ब्राह्मणलाई ढोग नगर्ने।
- नयाँ किसिमको व्रत बस्ने।
- आइमाईले कथा भन्ने गर्‍यो भन्ने मुद्दा थियो।

पछि लक्ष्मीनानी उपासिकाले त्यहाँ पनि चन्द्रबहादुर कप्तानसँग प्रति-प्रश्न गर्दै विजय प्राप्त गरिन्।

वि.सं. १९८८ तिर लक्ष्मीनानी उपासिकाको पतिका घरमा कुलायन देउता पूजा गरी भोज खाने देवालीमा बोका बलि दिने प्रथा थियो। उक्त प्रथा न्याय सङ्गत नभएको भनी आफूभन्दा ठूलाबडालाई सम्झाई उनले बलि दिने प्रथा पूरै बन्द गराइन्।

वि.सं. १९८९ मा श्री ३ जुद्धशमशेर ज.ब.रा.को पालामा पनि जावलाखेल दरबारमा लक्ष्मीनानीसहित ८ जनालाई हाजिर हुने पुर्जी दिई बोलाइयो र हुकुम भयो - "............. सबैले आ-आफ्नो काम गरी बस्नू ............ तिमीहरू आइमाईहरूले कथा भन्दै, प्रवचन दिँदै हिँड्यौ रे कस्तो जमाना आयो ? पहिले कहिल्यै आइमाईले त्यस्तो गरेका छैनन् त्यसैले अब यस्तो नगर्नू" भनेर हुकुम भयो। यसरी पटक-पटक राणा प्रधानमन्त्रीका सामु उभिनु परे पनि धर्मचारीले आफ्नो कामलाई निरन्तरता दिन छाडिनन्।

**ख) प्रव्रज्यापछि**

वि.सं. १९९१ मा कुशिनगरमा लक्ष्मीनानी ऊ कित्तिमा महास्थविरद्वारा धर्मचारीको नाउँबाट प्रव्रजित भइन्। धर्मचारी प्रवजित भए देखि



https://dhamma.digital

उपत्यकाको चारैतिरबाट अनागारिकाहरूको उदय भयो - बनेपाकी धम्मानन्दी, पोखराकी धर्मशीला, बुटवलकी महानन्दी, तानसेनकी थुलनन्दी, चुलनन्दी र काठमाडौँकी उत्तरा, विरति, विमुखा, आरति आदि । त्यसमध्ये विरति र विमुखा गुरुमांले धर्मचारी गुरुमांलाई निर्वाणमूर्ति विहार स्थापनामा विशेष सहयोग पुऱ्याउने काम गरिन् । उनीहरू किन्द्रबहाःमा नै बस्दथे । सोही बहाःमा बसोबास गर्ने भन्तेहरूमा धर्मालोक, प्रज्ञानन्द, शाक्यानन्द र श्रामणेर सुमङ्गल आदि थिए ।

किन्द्रबहाःमा थेरवादी भन्ते, गुरुमां, लामा भन्ते, लामा आनीहरू एकै ठाउँमा बसोबास गर्नुपर्दा अनेक समस्याहरू आइपरेकोले धर्मचारी गुरुमांले अनागारिकाका लागि छुट्टै आवासको खाँचो महसुस गरी बहाःको उत्तरपट्टिको जग्गा रु. २५५/- मा किन्ने काम भयो । सो जग्गा किन्नुमा पनि उनले निकै सङ्घर्ष गर्नुपऱ्यो । आर्थिक भार त आफू र आफ्ना सहकर्मीहरू विरति र विमुखा गुरुमांहरूले नै जुटाए ।

वि.सं. २००१ मा श्री ३ जुद्ध शमशेरको सरकारले भन्ते-गुरुमांहरूलाई

(१) विहारमा बुद्धपूजा नगर्नू,

(२) गृहस्थहरूलाई प्रव्रज्या नदिनू,

(३) धर्मदेशना नगर्नू ।

यी ३ वटा बन्द-सबालमा दस्तखत गराउने उर्दी जारी गऱ्यो । सो कुरालाई नकारेको कारण भिक्षुहरूलाई तत्काल देश निकाला र गुरुमांहरूलाई ४ महिनापछि पठाउने आदेश जारी भयो । धर्मालोक भन्तेसहित ८ जनालाई देशबाट निकाला गरियो । तत्कालीन गुरुमांहरूले श्री ३ को सरकारसामु देश बाहिर नजाने उल्लेख गरी बिन्ती पत्र दिए र सोलाई मान्यता दिइएकाले गुरुमांहरू बाहिरिनु परेन । त्यति बेलाका गुरुमांहरूको उत्साह स्वागत योग्य थियो ।

धर्मचारी गुरुमांसहित अरू गुरुमांहरू आफूले किनेको जग्गामा भएको टहरामा बस्न थाले । धर्मालोक भन्ते पनि आनन्दकुटी विहार निर्माण गरी



https://dhamma.digital

त्यतै सर्ने काम भयो। धर्मचारी गुरुमांले आफ्ना उपासक-उपासिकाहरूको ठूलो सहभागितामा भगवान् बुद्धको महापरिनिर्वाण मूर्ति स्थापना गरिन् जसको उद्घाटन वि.सं. २००८ सालमा अन्तर्राष्ट्रिय भिक्षुसङ्घको सामु तत्कालीन युवराजधिराज महेन्द्र वीर विक्रम शाहबाट भयो। त्यहाँदेखि धर्मचारी गुरुमांको प्रसिद्धि झन् व्यापक भयो। अहिलेसम्म नेपालमा हेर्न नपाएको भनी निर्वाणमूर्तिको दर्शन गर्न टाढा-टाढाबाट मानिसहरूको भीड लाग्यो।

निर्वाणमूर्तिको स्थापनापछि धर्मचारी गुरुमांसहित थुप्रै गुरुमांहरू उपासिकाराममा बस्दै आएको उक्त ठाउँलाई "**निर्वाणमूर्ति उपासिकाराम**" भन्ने नामकरण गरियो। वि.सं. २०१८ मा धर्मचारी गुरुमांको प्रधान संयोजकत्वमा बस्ने ठाउँको विस्तार गर्न अतिथि-भवन बनाउन "उपासिकाराम निर्माण कमिटी" गठन भयो। वि.सं. २०२६ मा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष सहितको कमिटी पुनर्गठन भयो, जसको अध्यक्ष धर्मचारी गुरुमां नै थिइन्।

वि.सं. २०३३ मा धर्मचारी गुरुमां आफ्नो वृद्धावस्थाको कारण निष्कृय हुँदै गएपछि निर्वाणमूर्ति उपासिकारामको गतिविधि पनि निष्कृय हुँदै गयो। त्यस समयमा पुग्दा नेपालमा प्रभावशाली नेतृ धम्मवती गुरुमांको ख्याती व्यापक भइसकेको थियो। दूरदर्शी धर्मचारी गुरुमांले आफ्नो शेषपछि पनि विहार गृहत्यागी महिलाहरूले उपभोग गर्न पाउने गरी कसलाई जिम्मा दिऊँ भन्ने सोच्दै थिइन्। अनागारिका सङ्घको स्थापना भएको थिएन। त्यसैले 'आनन्दकुटी दायक सभा' लाई सुम्पिने निर्णय भयो र धर्मचारी गुरुमां प्रमुख विरति र विमुखा गुरुमांले निर्वाणमूर्ति संरक्षणका लागि आनन्दकुटी दायक सभाको पदाधिकारीहरूलाई हस्तान्तरण गरिन्।

सोही सालमा बुद्धधर्म प्रचारप्रसार र सम्वर्धनका लागि जीवन समर्पण गर्ने धर्मचारी गुरुमांको देहावसान भयो।



https://dhamma.digital

## वर्तमान नेपालका आदर्श बौद्ध महिलाहरू : अभ्यास – १

१) वर्तमान नेपालमा थेरवादी बुद्धधर्ममा पुनर्जागरणसँगसँगै महिलाहरू अनागारिका (गुरुमां) प्रव्रज्या परम्पराको सुरुवात कसरी भयो ?

२) धर्मचारी गुरुमांको प्रव्रजित जीवन भन्दा अघिको जीवनीबारे विवेचना गर्नुहोस् ।

३) धर्मचारी गुरुमांको प्रव्रजित जीवन कस्तो भयो ? आफ्नै शैलीमा लेख्नुहोस् ।

४) वर्तमान नेपालमा थेरवाद बुद्धधर्म प्रचार-प्रसारमा धर्मचारी गुरुमांको योगदान के, कसरी भयो ? स्पष्ट पार्नुहोस् ।

Dhamma.Digital



https://dhamma.digital

# २. सुशीला गुरुमां

वि.सं. १९७२ (ने. सं. १०३५) फागुन पूर्णिमाको दिन भोजपुरको टक्सारमा आशामाया शाक्यको जन्म भयो। पितृप्रधान समाजमा छोरा पाउने ठूलो आसमा रहेका उनका पिता पूर्णरत्न शाक्यलाई आशामायाको जन्मले ठूलो आघात पुऱ्याएको थियो। छोरीहरू अक्षर पढ्न वञ्चित थिए। आशामायालाई विद्या-आर्जन गर्ने ठूलो इच्छा थियो। भाइहरूले पढेको-लेखेको हेरेर चित्त बुझाउनुपर्थ्यो। बिस्तारै उनमा धर्मप्रति आस्था बढ्न थाल्यो। गुरुजुहरूले राखिने अष्टमी व्रततिर लागिन्। पं. निष्ठानन्द बज्राचार्यद्वारा लिखित ललितविस्तरको कथामा उनले महारानी प्रजापति गौतमी र यशोधरा देवीहरू भिक्षुणी भएको कुरा प्रसङ्गवश सुनेपछि आफू पनि त्यसरी नै गृहत्याग गरी प्रव्रजित हुन सक्छु भन्ने मनमा आशा जाग्यो।

त्यसबेला किण्डोलमा धर्मचारी र विशाखा गुरुमांहरूले धर्मउपदेश दिएर बुद्धधर्म प्रचार गरिरहेको कुरा आशामायाले थाहा पाइन्। वि.सं. १९९३ मा भिक्षु अमृतानन्द र भिक्षु महाप्रज्ञा भोजपुर आए। आशामायाले ज्ञानको खोजी गर्दै गरेको बेला बुद्धधर्मको उपदेश सुन्ने मौका मिल्यो। भोजपुरमा आएका भिक्षु शाक्यानन्दबाट पनि केही सिक्ने मौका मिल्यो।

वि.सं. २००० मा आशामाया आमासँग वचन लिई पाटन पुगिन्। त्यहाँबाट किण्डोल विहारमा धर्मचारी गुरुमांकहाँ बसी आरती र विरती गुरुमांसँगै अध्ययन गर्ने मौका मिल्यो। वि.सं. २००१ कार्तिकमा आशामाया धातुजात्रा हेर्ने निहुँमा सारनाथ पुगिन्। त्यहाँबाट कुशीनगर पुगेर ऊ चन्द्रमणि महास्थविरलाई भेटिन्। एक वर्षअगाडि नै प्रव्रज्या दीक्षा लिन आएकी आशामाया पुनः आएको देखेर महास्थविरले उनलाई प्रव्रज्या दीक्षा दिए। यसरी वि.सं. २००१ पौष पूर्णिमाको दिन उनी प्रव्रजित भएर अनागारिका सुशीला भइन्। त्यसबेला उनको उमेर २९ वर्षको थियो। कुशीनगरमा नै दुई वर्ष बसी उनले अभिधर्म, हिन्दी र गणित सिकिन्।



https://dhamma.digital

त्यहाँ भिक्षु अनिरुद्ध र बुद्धघोष पनि आए। भिक्षु बुद्धघोषले सुशीला गुरुमांलाई "**हाम्रो नेपालमा बुद्धधर्म प्रचार गर्न राम्ररी अध्ययन गर**" भने। त्यस अनुरूप गुरुमां ठूलो मेहनतका साथ अध्ययनमा लागिन्।

वि.सं. २००३ मा सङ्घमित्रा र विरति गुरुमांसँग सुशीला गुरुमां तानसेन पुगिन्। तानसेनमा पद्म पब्लिक हाईस्कुलका हेडमास्टर विद्वान् अयोध्याप्रसाद प्रधानसँग उनको भेट भयो। अयोध्याप्रसाद प्रधान १२ वर्षसम्म लगातार जङ्गलमा बसी सतिपट्ठान ध्यान अभ्यास गरिसकेका विद्वान थिए। यसरी सुशीला गुरुमांले तानसेनमा अयोध्याप्रसाद प्रधान, भिक्षु शाक्यानन्दबाट औपचारिक शिक्षा, धम्मपद र अभिधर्म आदि अध्ययन गर्ने मौका पाइन्। तानसेन टक्सारको महाचैत्य विहारमा गुरुमांले बुद्धशिक्षा पढाउन थालिन्। वि.सं. २०१३ मा राजा महेन्द्रको देश भ्रमणअन्तर्गत भोजपुरको शाक्यमुनि विहार हेर्ने कार्यक्रम बन्यो। त्यसबेला सुशीला गुरुमां भोजपुरमा नै थिइन्। त्यहींका उपासिकाहरूसँग मिली **महिला संघ**को स्थापना गरिन्।

वि.सं. २०१९ सालमा उपासक धर्मरत्न शाक्यको निमन्त्रणामा सुशीला गुरुमां त्रिशूली पुगिन्। त्रिशूलीको सुगतपुर विहारमा बुद्धघोष भन्ते पनि आएकाले गुरुमांले त्यहाँ राम्ररी अध्ययन गर्ने मौका पाइन्। बुद्धधर्मसम्बन्धी अध्ययनलाई व्यवस्थित ढङ्गले शिक्षा दिन पाए हुन्थ्यो भनी गुरुमांले राखेको प्रस्ताव अनुसार छलफल भयो। सो कुरा त्रिशूलीका उपासक धर्मरत्न शाक्य र भिक्षु बुद्धघोषको अगुवाइमा अखिल नेपाल भिक्षु महासङ्घमा निवेदन पठाइयो। सो निवेदन स्वीकृत भई वि.सं. २०२० सालमा "**नेपाल बौद्ध परियत्ति शिक्षा**" नामले संस्थागत रूपमा परीक्षा दिने व्यवस्था भयो। यसरी सुशीला गुरुमां नेपाल बौद्ध परियत्ति शिक्षाको संस्थापकत्रयमध्ये एक भइन्।

नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापना भएको लगत्तै सुशीला गुरुमांले ४७ वर्षको उमेरमा परियत्ति परीक्षा दिइन्। जहाँ इच्छा त्यहाँ उपाय भनेजस्तै गुरुमांले बडो उत्साहपूर्वक मेहनत गरी दसौँ कक्षासम्म अध्ययन



https://dhamma.digital

गरी नेपालमा पहिलो समूहकी विद्यार्थी भएर “परियत्ति सद्धम्म कोविद” उपाधि लिइन् । यसरी ‘परियत्ति सद्धम्म कोविद’ उत्तीर्ण भएपश्चात् उनी बौद्ध परियत्ति अध्यापनमा लागिन् । वि.सं. २०७० मा “नेपाल बौद्ध परियत्ति शिक्षा” को स्वर्णजयन्ती मनाइयो ।

श्रद्धेय बुद्धघोष महास्थविरबाट गुरुमांहरूको संघ स्थापनामा बारम्बार जोड दिनुभएपछि वि.सं. २०४९ कार्तिक १२ गते **अनागारिका संघ नेपाल** स्थापना भयो । सुशीला गुरुमां संस्थापक अध्यक्ष लगायत धम्मवती गुरुमां उपाध्यक्ष, माधवी गुरुमां सचिव, कमला गुरुमां कोषाध्यक्ष र रत्नमञ्जरी, ञाणशीला, सत्यशीला, उत्तरा, चमेली, अनुपमा र सुजाता गुरुमां सहित ७ जना सदस्य सँगै ११ जना गुरुमांहरू पदाधिकारीहरू हुनुभयो । सुशीला गुरुमांको अध्यक्षताको कार्यकालमा निम्न कार्यहरू थालियो –

१) आषाढ पूर्णिमाको महत्वबारे गुरुमांहरूबाट प्रवचन ।

२) अनागारिका संघको परिचय-पत्र प्रदान ।

३) नेपालव्यापी अनागारिकाहरूको नियम निर्माण ।

४) वर्षको एकपटक बैठक ।

वि.सं. २०५१ मा सुशीला गुरुमां प्रव्रजित भएको ५० वर्ष र उनको ८० औं जन्मोत्सवको उपलक्ष्यमा अभिनन्दन गरियो । जीवनको अन्तिम समयतिर उनी पाटनको जयमङ्गल विहारमा बसिन् । बुद्ध शासनको निम्ति जीवन समर्पित गरेकी सुशीला गुरुमां ८५ वर्षको उमेरमा वि.सं. २०५७ फागुन ९ गते यस संसारबाट बिदा भइन् ।

सुशीला गुरुमांले आफ्नो अधबैंसे उमेरमा शिक्षा आर्जन गरी धेरै उपलब्धि हासिल गरेर जनमानसमा ठूलो गुण छाडेर गएकी छिन् । उनीद्वारा लिखित, सम्पादित तथा अनुवादित गरिएको गरी ९ वटा पुस्तकहरू प्रकाशित भएका छन् ।



https://dhamma.digital

## वर्तमान नेपालका आदर्श बौद्ध महिलाहरू : अभ्यास – २

१) सुशीला गुरुमांको प्रव्रजित जीवनमा प्रवेश कसरी भयो ? व्याख्या गर्नुहोस् ।

२) नेपालमा थेरवाद बुद्धधर्म प्रचार-प्रसारमा सुशीला गुरुमांको योगदान के, कसरी भयो ? स्पष्ट पार्नुहोस् ।

३) नेपाल बौद्ध परियत्ति शिक्षा स्थापना गर्नुमा सुशीला गुरुमांको भूमिका उल्लेखनीय छ । यसबारे आफ्नै शैलीमा प्रकाश पार्नुहोस् ।

Dhamma.Digital



https://dhamma.digital

# ३. धम्मवती गुरुमां

पाटनको रुद्रविहार, ओकुवहालमा वि.सं. १९९१ असार पूर्णिमाको दिन बुबा हर्षमान शाक्य र आमा हेराथकुंको कोखबाट जन्मेकी गणेशकुमारी शाक्य दुई दाजु र दुई भाइको बीच एक्ली छोरी भई पुलपुलिएर हुर्केकी बालिका हुन्। तीक्ष्ण बुद्धि भएकी गणेशकुमारीको सानैदेखि बुद्धशिक्षा अध्ययन गर्ने ठूलो अभिलाषा थियो । त्यतिबेला पाटनको सुमङ्गल विहारमा भिक्षु बुद्धघोषले स-साना बालबालिकाहरूलाई बुद्धधर्मको प्रारम्भिक शिक्षाको कक्षाहरू सञ्चालन गरिरहेका थिए । त्यसबेला नेपालमा बालिकाहरूले स्कुलमा नै उच्चस्तरको अध्ययन गर्ने चलन थिएन। सुमङ्गल विहारमा नै बुद्धधर्मको प्रारम्भिक शिक्षा अध्ययन गर्दागर्दै गणेशकुमारीले उच्च अध्ययनको लागि बर्मा जाने अठोट गरिन्। किनभने त्यसबेला नेपालमा सुमङ्गल विहारमा आइराखेका बर्मी भिक्षु धम्मावुधबाट तिनले थाहा पाइन् कि बर्मा देशसम्म पुग्न सके बुद्धधर्मको उच्चस्तरीय अध्ययन गर्न सकिनेछ। नेपालमा राणाशासनको त्यो शोषित, सङ्कुचित समाजमा एउटी बालिकाले विदेश गएर पढ्नु ठूलो चुनौतीको कुरा थियो। तर पनि गणेशकुमारीले आमाबाबुसामु बर्मा गएर बुद्धधर्मको उच्चशिक्षा अध्ययन गर्ने ढिपी छाडिनन्। अन्ततः उनी सक्दो प्रयास गरी आफ्ना दुई सखीहरू मनोहरादेवी शाक्य र शोभालक्ष्मी शाक्यसँग परिवारको अनुमतिबिना भारतको कुशीनगर पुगिन्।

**प्रव्रज्या ग्रहण**

वि.सं. २००६ कार्तिक १० गते कुशीनगरमा बर्मी भिक्षु ऊ चन्द्रमणि महास्थविरद्वारा गणेशकुमारीसहित उनका दुई सखीहरूलाई प्रव्रज्या मिल्यो । क्रमशः उनीहरूको प्रव्रजित नाम **धम्मवती** (**गणेशकुमारी**), **मागधी** (**मनोहरा**) **र माधवी** (**शोभालक्ष्मी**) रह्यो। कुशीनगरमा उनीहरू बर्मा जान तयार भएर बसेका थिए। तर त्यहाँ पासपोर्ट र भिसाको व्यवस्था मिलाउन

सकिएन । त्यसैबीच गुरुमांहरूलाई फिर्ता लिएर जान उनका आफन्त कुशीनगरसम्म पुगे । मागधी र माधवी गुरुमांलाई आफन्तले नेपाल फर्कन बाध्य गरे भने दृढसङ्कल्प लिएकी धम्मवती गुरुमां जस्तोसुकै कठिन अवस्था आइपरेपनि बर्मा जाने निष्कर्षमा पुगिन् । १४ वर्षकी यी कलिली धम्मवती गुरुमां भिक्षु धम्मावुधका साथमा आसाम नागाल्यान्डको जङ्गली बाटो भई बाघ, भालु, अजिङ्गरसँगको जम्काभेटसँगै माउतेहरू साथ लिई बर्माको मिचिना शहर पुगिन् ।

बर्माको मोलमिनमा बुद्धधर्म अध्ययनका लागि **खेमाराम नन्स स्टडी सेन्टर** भन्ने प्रसिद्ध विहारमा भर्ना भइन् । यस विहारको विहाराधिपति **दो पञ्ञाचारी गुरुमां**को छत्रछायामा धम्मवतीले रातदिन मेहनत गरी पढ्न थालिन् । वि.सं. २०१५ सालभित्रमा विभिन्न तहको परीक्षामा उत्तीर्ण हुँदै अत्यन्त कठिन “धम्माचरिय” परीक्षाका लागि उनी तयार भइन् । यसरी १२ वर्षको अध्ययनकाल पूरा भएपछि **सासनधज धम्माचरिय** जस्तो अति उच्चस्तरको उपाधि हासिल गर्न सफल भइन् । म्यान्मारको बुद्धधर्मको इतिहासमा ‘सासनधज धम्माचरिय’ उपाधि पाउने उनी पहिलो विदेशी महिला भइन् । बर्मामा रहुन्जेल जेहेनदार छात्राको रूपमा चर्चित उनी **मा निपो** (नेपाली केटी) नाउँले प्रख्यात भइन् । त्यसपछि उनी २ वर्ष बर्मामा नै थप अध्ययन तथा अध्यापनको कार्य गरी बसिन् ।

### धम्मवतीको नेपाल आगमन

धम्मवती गुरुमांको उद्देश्य नेपालमा थेरवादी बुद्धधर्मको प्रचार गर्नु थियो । त्यसैले उनले प्रव्रजितहरूलाई विशेष सुविधा र संरक्षण प्राप्त बर्मा देश छाडी नेपाल फर्कने तरखर गरिन् । तर जातीय विभेदको संस्कारले ग्रसित अनि नारी जातिप्रति अवहेलनाको दृष्टि राख्ने त्यतिबेलाको समाज सम्झिँदा आफू एक्लैले धर्म-प्रचार गर्न कठिन हुने अनुमान भयो । आफ्ना सहपाठीहरू बर्मी अनागारिकाहरूतिर उनको दृष्टि फैलियो । सयौं अनागारिकाहरूबीच उनले आफूसँग नेपालमा धर्म प्रचार गर्न साथ दिन सक्ने व्यक्ति दो गुणवती (मा गुणवती) लाई देखिन् ।



https://dhamma.digital

मा गुणवती एक करुणाको प्रतिमूर्ति छिन् जसको साथ धम्मवती गुरुमांले नपाएको भए यस महान् कार्यमा सफलता पाउन गाह्रो हुने थियो । मा गुणवती गुरुमां धम्मवती गुरुमांको जीवनमा एउटा छुट्टै अध्याय हो । नेपालका अज्ञानी मानिस, विशेष गरी समाजमा महिलाहरूप्रति हुने विभेदपूर्ण व्यवहारका कुराहरू धम्मवती गुरुमांबाट सुन्दै गर्दा मा गुणवतीको मनमा नेपालीहरूप्रति असीम करुणा जाग्थ्यो । त्यसैले उनी नेपालमा ज्ञानको ज्योति फैलाउने कार्यमा धम्मवतीलाई सघाउँन उनीसँगै नेपाल आउन तयार भइन् । कलकत्तामा पुग्दा अनागारिका रत्नमञ्जरीलाई उनीहरूले भेटे । त्यहाँबाट बर्मी मा गुणवती र रत्नमञ्जरी गुरुमांसँगै धम्मवती गुरुमां वि.सं. २०२० मा नेपाल फर्किइन् ।

**बसोबासको समस्या**

काठमाडौँ पुग्नासाथ यहाँ गुरुमांहरूका लागि बस्ने विहार नभएको कारण धम्मवतीको आमा हेराथकुं शाक्यले आफ्नो घर पाटनमा लगिन् । दुई महिनासम्म उनीहरूको बसाई त्यहीँ भयो । तर गृहत्यागी भइसकेकाहरू त्यसरी गृहस्थको घरमा बसिरहनु उचित लागेन । हुन त त्यहीँ घरबाटै गुरुमांहरूले बुद्धधर्मको प्रचार कार्य थालनी गरिसकेका थिए । त्यसताका भिक्षु सुमङ्गल काठमाडौँको गणवहालस्थित गणमहाविहारमा स-साना बालबालिकाहरूलाई बौद्ध शिक्षाको अध्यापन कक्षा सञ्चालन गरिरहेका थिए । सञ्चालक भिक्षु सुमङ्गल जापान यात्रामा जानुपरेकोले उनले सो बाल कक्षा सञ्चालन गर्ने अभिभारा तीनजना गुरुमांहरूलाई सुम्पिए । त्यसपछि उनीहरूको बसाई ज्याःबहालस्थित भाजुरत्न, ज्ञानमान शाक्यको घरमा भयो र त्यहीँ बालबालिकाहरूलाई पढाउने काम भयो । त्यस समयमा धम्मवती गुरुमांले काठमाडौँ, ललितपुर र भक्तपुरको टोलटोलमा प्रवचन दिँदै धर्मप्रचारमा तीव्रता ल्याउँदै गइन् । यसरी धम्मवती गुरुमांको प्रवचनले प्रभावित उपासक-उपासिकाहरूको जमात बढ्न थाल्यो र गुरुमांहरूको स्थायी बसोबासको व्यवस्था गर्नुपर्ने कुरा सबैले महसुस गरे ।



https://dhamma.digital

त्यतिन्जेलसम्म धम्मवती गुरुमांले निकै लोकप्रियता हासिल गरिसकेकी थिइन् फलस्वरूप ललितपुर निवासीहरूले गुरुमांलाई उतै विहार बनाई राख्ने इच्छा व्यक्त गरे। कसैले ज्या:बहालतिर विहार बनाउनुपर्छ भन्ने सोचाइ राखे त कसैले काठमाडौँको नयाँसडक र दुगंबही भगवान् बहालतिर ठाउँ हेर्न लागे। भिक्षु सुमङ्गलले पाटनमा केही धर्म प्रचार भइसकेको सन्दर्भलाई लिएर पाटनमा भन्दा काठमाडौँतिरै विहार बनाई बस्नुपर्छ भन्ने सल्लाह दिए। अन्त्यमा न:घलस्थित श्रीघ: बहालको जग्गा पायक पर्ने ठानियो र त्यहीँ विहार बनाउने योजना सबैको सहमति अनुसार भयो।

श्रीघ:मा विहार बनाउनका लागि धम्मवती गुरुमांले आफ्नो दिवंगत **पिता हर्षमान शाक्य**ले दानस्वरूप दिएको तीन हजार रकमले जग्गा किनिन्। **चतुरत्न शाक्य**सहित **लक्ष्मीप्रभा तुलाधर, केशरीलक्ष्मी कंसाकार र दानलक्ष्मी कंसाकार**हरूले विशेष टेवा दिई विहार निर्माण कार्य थालनी भयो। ज्या:बहालदेखि आउन जान टाढा भएकाले नजिक पर्ने आफ्नो घरमा बस्नका लागि उपासिका दानलक्ष्मी कंसाकारले अनुरोध गरेकोमा धम्मवती गुरुमांले स्वीकार गरिन्। त्यसपछि गुरुमांहरूको बसाई काठमाडौँको केलटोल त:खाछेँ स्थित दानलक्ष्मी कंसाकारको घरमा भयो।

यसरी विभिन्न श्रद्धालुहरूको श्रद्धादानले वि.सं. २०२२ वैशाख २६ गते "**धर्मकीर्ति विहार**" को नाउँले विहार समुद्घाटन भयो। पछिबाट धर्मकीर्ति विहारमा **मा गुणवती, रत्नमञ्जरी, धम्मवती गुरुमां**का साथ अर्का दुईजना **चमेली र कमला गुरुमां**हरू पनि विहारवासी भएर बसे।

## बुद्धधर्म प्रचारसँगै बाल तथा प्रौढ कक्षा

धर्मकीर्ति विहार निर्माणपछि धम्मवती गुरुमांको अगुवाइमा विभिन्न धार्मिक कृयाकलापहरू द्रुत गतिमा सञ्चालन भए। तीमध्ये नियमित बुद्धपूजा, पञ्चशील, अष्टशील ग्रहण गराउने, धर्मदेशना, बाल कक्षा र प्रौढ कक्षा प्रमुख हुन्।



https://dhamma.digital

विहारमा धम्मवती गुरुमांको धर्मदेशना सुन्न आउने गृहिणीहरू अधिकांश अक्षर पनि नचिन्ने निरक्षर महिलाहरू थिए। गुरुमांहरूले त्यस समूहका महिलाहरूलाई स्वर र व्यञ्जन अक्षरदेखि लेख्न र पढ्न सिकाए। साक्षर भइसकेपछि तिनीहरू बुद्धधर्मसम्बन्धी महत्वपूर्ण पुस्तकहरू पढ्न सक्षम भए। बाल तथा प्रौढ कक्षामा बुद्धपूजा विधि, पञ्चशील, अष्टशील, परित्राण पाठ, धम्मपद, गृही विनय र अभिधर्म आदि विषयको पालि गाथा र अर्थसहित पठनपाठन हुन्थ्यो। परीक्षा लिने र परीक्षामा सम्मिलित हुनेहरूलाई गुरुमांहरूले आफ्नै तर्फबाट पुरस्कारको व्यवस्था गरी दिने चलनले पनि प्रौढ तथा बालबालिकाहरू पढ्नमा उत्साहित हुने गर्दथे। वि.सं. २०२० मा अखिल नेपाल भिक्षु महासङ्घद्वारा नेपाल बौद्ध परियत्ति शिक्षाको औपचारिक थालनी भएको थियो। धर्मकीर्ति विहारमा पनि उपासक-उपासिकाहरूलाई परियत्ति शिक्षा अध्ययन गराउने तर्फ गुरुमांहरू लागे।

### धर्मकीर्ति विहार भवनको विकासक्रम

धम्मवती गुरुमांको लोकप्रियताका कारण विहारमा आउने जनसमूहको भीड बढेको कारणले धर्म-श्रवण गर्न आउनेहरूका लागि विहारमा बस्ने ठाउँको कमी हुन थाल्यो। उपासक-उपासिकाहरूको बढ्दो चाप तथा विहारवासी गुरुमांहरूको सङ्ख्या पनि बढ्दै गएपछि विहार भवनको विस्तार गर्ने काम पनि अगाडि बढ्यो। विभिन्न दाताहरूको पटक/पटक सहयोगमा विहारका कोठाहरू र तल्लाहरू थप हुँदै विहारले ठूलो भवनको रूप लियो।

### धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना

बाल र प्रौढ बौद्ध कक्षा सुरु भइरहे कै समयमा विशेष गरी युवावर्गलाई बुद्धधर्म सिकाउने उद्देश्य लिई वि.सं. २०२८ जेठ ७ गते शुक्रबारमा धम्मवती गुरुमांको अध्यक्षतामा **धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**को स्थापना भयो। उक्त गोष्ठीको प्रमुखमा गुरु श्रद्धेय भिक्षु अश्वघोष रहे



https://dhamma.digital

जसले धम्मवती गुरुमांलाई बुद्धशासनिक कार्यमा समानान्तर भई सहयोग गरे। भिक्षु अश्वघोषले युवाहरूलाई नयाँ ढङ्गबाट बुद्धका व्यवहारिक शिक्षा दिए र रचनात्मक तवरबाट छुट्टै किसिमले बुद्धधर्मको प्रचार गर्ने तरिका सिकाउँदै लेख, रचना लेख्ने र सार्वजनिक कार्यक्रमहरूमा बोल्ने तालिमहरू दिने कार्यहरू अघि बढ्यो।

## बौद्ध साहित्यमा धम्मवती गुरुमांको देन

धम्मवती गुरुमांले बुद्धधर्मको प्रचार गर्ने सिलसिलामा विभिन्न पुस्तकहरू लेख्ने तथा सम्पादन गरी प्रकाशनमा ल्याउने कार्य पनि गरिन्। सुरुमा उनले त्रिरत्न वन्दना (बुद्धगुण, धर्मगुण र सङ्घगुण), बुद्धपूजा विधिको पुस्तक सम्पादन गरी प्रकाशनमा ल्याइन्। अनि *"बुद्धया झिनिगू विपाक"* नामक पुस्तकबाट लेखनी थालिन्। *लक्ष्मी द्यो, मति भिंसा गति भिनी, अभिधर्म भाग १/२, बुद्धया मूल उपदेश* आदि गरी उनका नेपाल भाषामा ४० वटा र नेपाली भाषामा ३ वटा पुस्तक प्रकाशित भएका छन्। उनले '**धर्मकीर्ति प्रकाशन**' को नाममा थुप्रै बौद्ध पुस्तकहरू प्रकाशन पनि गरिन्। दिवङ्गत आफन्तहरूको सम्झनामा पुण्य कार्य गर्ने नाउँमा पुस्तक धर्मदान गर्ने चलन ल्याई बौद्ध साहित्य प्रकाशनमा टेवा दिने कामको थालनी भयो।

वि.सं. २०२४ मा भिक्षु प्रज्ञानन्द महास्थविरद्वारा सम्पादन गरिएको **महासतिपट्ठान सूत्र** नामक पुस्तक धर्मकीर्ति प्रकाशनको प्रथम पुस्तक हो। यस धर्मकीर्ति प्रकाशनद्वारा वि. सं. २०८२ कार्तिकसम्म नेपालीमा १६४ वटा, नेपाल भाषामा १८१ वटा र अङ्ग्रेजीमा ८ वटा पुस्तकहरू प्रकाशन भइसकेको छ। त्यस्तै वि.सं. २०२९ देखि विहारको मुखपत्र "**धर्मकीर्ति**" पत्रिका निरन्तर प्रकाशित हुँदै आइरहेको छ।

## काठमाडौँबाहिर थेरवादी विहार निर्माण

धम्मवती गुरुमांले बुद्धको शिक्षालाई व्यापक मात्रामा प्रचार गर्न धर्मकीर्ति विहारमा मात्रै सीमित भैर बसिनन्। काठमाडौँमा बाहेक बाहिर पनि विहार स्थापना भएको खण्डमा त्यहाँका स्थानीय बासिन्दालाई



https://dhamma.digital

बुद्धशिक्षा ग्रहण गर्न सजिलो हुने उनको विचार थियो। यसरी उनले आफैँले नेतृत्व लिएर उपत्यकाबाहिर विहार निर्माण गर्ने कार्यलाई अगाडि बढाइन्।

वि.सं. २०३० मा काभ्रे जिल्लाको बनेपामा स्थापना भएको '**ध्यानकुटी विहार**' निर्माण कार्यमा धम्मवती गुरुमांको महत्वपूर्ण भूमिका रहेको छ। वि.सं. २०३५ सालमा ध्यानकुटी विहार कै पछाडिपट्टि दुईतल्ले विहार बनाउने काम भयो। उक्त विहार निर्माणको खर्च गुरुमांले आफूलाई दानस्वरूप प्राप्त पैसा बेहोरिन्। पछि आएर वि.सं. २०५० सालदेखि धम्मवती गुरुमां कै इच्छा अनुसार सो विहार भत्काएर '**बौद्ध वृद्धाश्रम**' निर्माणका लागि सुम्पियो।

वि.सं. २०३५ सालतिर शङ्खमूलमा निर्माण भएको '**अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र**'को स्थापनामा पनि धम्मवती गुरुमांको प्रमुख भूमिका रहेको छ। वि.सं. २०३८ मा काठमाडौँको बसुन्धरा टोलमा एक उपासिकाले विहार निर्माणार्थ दान दिएको जग्गामा धम्मवती गुरुमांको सकृयतामा '**धर्मकीर्ति बसुन्धरा विहार**' नाउँबाट विहार स्थापना भयो।

वि.सं. २०५१ तिरको कुरा हो। बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रमा नेपाल सरकारको नीतिअनुरूप विभिन्न बौद्ध देशहरूबाट आ-आफ्नो किसिमले मन्दिर र विहारहरू निर्माण गर्न थालियो। विदेशीहरूको त्यत्रा भव्य विहारहरू निर्माण भइरहेको ठाउँमा नेपालको तर्फबाट भने केही बनिरहेको थिएन्। यस तथ्यले धम्मवती गुरुमांको मनमा निकै दुःख लाग्यो। फलस्वरूप उनी आफैँ अग्रसर भई लुम्बिनीको गुरुयोजना क्षेत्र भित्र मै ८० वर्ग मिटर जग्गा अन्तर्राष्ट्रिय भिक्षुणी सङ्घ नेपालको नाउँमा लिइन्। वि.सं. २०५१ साल फाल्गुणदेखि त्यहाँको निर्माण कार्य सुरु भयो। लुम्बिनी क्षेत्रमा वि.सं. २०५४ माघ २८ गते स्वयम्भू आकारको चैत्य र धर्मशाला निर्माण गरी '**गौतमी विहार**'को निर्माण कार्य पूरा गराइन्।

कीर्तिपुरको चोभार, सुन्दरीघाटमा निर्मित '**सुलक्षणकीर्ति विहार**' निर्माणको सूत्रधार पनि धम्मवती गुरुमां नै छिन्। धर्मकीर्ति विहारको



https://dhamma.digital

नाउँमा जग्गा प्राप्त भएपछि धम्मवती गुरुमांले सो निर्माण कार्य आफ्नी शिष्या अनोजा गुरुमांलाई सुम्पिइन् । वि.सं. २०५३ सालमा जग हाली शिलान्यास गरीयो ।

सतुङ्गलमा निर्माण भएको '**शाक्यमुनिकीर्ति विहार**' पनि धम्मवती गुरुमांले केही आर्थिक सहयोग जुटाएकी छिन् । विहार स्थापना पश्चात् सतुङ्गलवासीहरूले बुद्धधर्मसम्बन्धी ज्ञान सिक्न पाएका छन् । यसबाहेक भारतको सारनाथमा वि.सं. २०४७ सालमा निर्मित '**नेपाली धर्मशाला**' पनि धम्मवती गुरुमां कै प्रयासमा बनेको हो ।

## निर्वाणमूर्ति विहार संरक्षणको जिम्मा

नेपालको पहिलो अनागारिकाहरूको विहार निर्वाणमूर्ति विहार धर्मचारी गुरुमांको देवहासानपछि डुबेको घामझैं हुन थालेको थियो । विहारको संरक्षण गर्न नसकेर भौतिक संरचना पनि जीर्ण अवस्थामा पुग्यो र विहार नै अरूको हातमा पर्न जान सक्ने स्थितिसम्म आइपुग्यो । यस्तो अवस्थामा उक्त विहारका शुभचिन्तक उपासकहरूले विहार संरक्षणका लागि धम्मवती गुरुमांकहाँ गुहार माग्न आए । धम्मवती गुरुमांको नेतृत्वमा विभिन्न चरणमा कार्यक्रमहरू गरी विहारमा बिस्तारै चहलपहल शुरु भयो । वि.सं. २०५९ मा उनले आफ्नी शिष्याहरू डा. धम्मविजया गुरुमां र डा. दो मोलिनी गुरुमांलाई उक्त विहार संरक्षणको जिम्मा लगाइन् । वर्तमानमा गुरुमांहरूले विहारको संरक्षण तथा सम्भार गर्न सफल भएका छन् ।

## धम्मवती गुरुमांको नेतृत्वमा धार्मिक यात्रा

एकै ठाउँमा बसी अध्ययन गर्नुभन्दा स्थलगत भ्रमणले मानिसलाई धेरै कुरा सिकाउँछ भन्ने विचार राखी धम्मवती गुरुमांले बौद्ध चारधाम तीर्थयात्राको कार्यक्रम शुरु गर्नुभयो । त्यस्तै नेपालका विभिन्न ठाउँमा रहेका मौलिक चैत्यहरू दर्शनार्थ यात्राको आयोजना गरिन् । धर्म-प्रचारका लागि नेपालका गाउँगाउँमा पुगी धर्मदेशना कार्यक्रमहरू गर्दै गइन् ।



https://dhamma.digital

लुम्बिनी, बुद्धगया, सारनाथ र कपिलवस्तु बौद्धहरूको लागि दर्शनीय तीर्थस्थल रेलबाट यात्रा गरिन्थ्यो । वि.सं. २०३० मा धम्मवती गुरुमांको नेतृत्वमा पहिलोपल्ट बसबाट बौद्ध चारधाम तीर्थयात्राको आयोजना गरियो । पछि आएर उनले भारतबाहेक अन्य बौद्ध देशहरूको रहनसहन, बुद्धपूजा गर्ने तरिका आदि हेर्न लायक छ भनी बर्मा र थाइल्यान्डको भ्रमण कार्यक्रम आयोजना गर्नुभयो । त्यस्तै पटक-पटक गरी श्रीलङ्का, मलेसिया, ताइवान, सिङ्गापुर आदि बौद्ध देशमा धार्मिक यात्राको आयोजना हुँदै गयो ।

देश, विदेश, गाउँ, शहरको अनुभव बटुल्ने र बुद्धधर्म प्रचारको उद्देश्य बोकेकी गुरुमांले वि.सं. २०३३ मा नेपालका विभिन्न ठाउँको गतिविधि जानकारी गराउनका लागि पूर्वदेखि पश्चिमसम्म ७ वटा अञ्चल समेटी **'नेपाल दर्शन यात्रा'** को आयोजना गरिन् । ग्रामीण क्षेत्र तथा जिल्लातिरको भ्रमणअन्तर्गत त्रिशूली, बनेपा, नमोबुद्ध, नाला, बुङ्गमती श्रीखण्डपुर, चोभार, चापागाउँ, बलम्बु, भक्तपुर, पोखरा, तानसेन, नारायणगढ, धरान, चितवन, विराटनगर, हेटौँडा आदि पर्छन् । यसरी धार्मिक यात्राको आयोजनाबाट श्रद्धालुहरूले धेरै ऐतिहासिक ठाउँहरू अवलोकन गर्न पाए । त्यसमा पनि धम्मवती गुरुमां स्वयंले ती ठाउँहरूबारे जानकारी दिएको सुन्न पाउनेले त कहिल्यै नबिर्सने गरी उनलाई सम्झन्छन् । यस्ता भ्रमणमा बुद्धपूजा, धर्मदेशना, प्रवचन, ध्यान र धार्मिक छलफल जस्ता कार्यक्रमहरू सम्मिलित गरिने गरिएको छ ।

## स्वास्थ्य सेवा कार्यक्रम

**"जसले रोगीको सेवा गर्छ उसले मेरो सेवा गरेको हो ।"** भन्ने बुद्ध वचनलाई हृदयङ्गम गरी धर्मकीर्ति विहारले वि.सं. २०३० देखि निःशुल्क स्वास्थ्य सेवा दिने काममा पाइला चाल्यो । नर्सिङ होम र प्राथमिक उपचार जस्ता तालिमहरू पनि बेला-बेलामा भइरहेको छ । वि.सं. २०४० देखि हालसम्म अटुट रूपमा रक्तदान कार्यक्रम पनि सञ्चालन भइरहेको छ ।



https://dhamma.digital

## समाजका रूढिवादी संस्कार र कर्मकाण्डमा रूपान्तरण

धम्मवती गुरुमां सुरुमा बर्माबाट नेपाल फर्केको बेला यहाँको समाजमा जातीय भेदभावको संस्कार ज्यादै गहिरो थियो। यहाँसम्म कि त्यसताका गुरुमांहरूलाई भोजन निमन्त्रणा दिए पनि उनीहरूले भोजन गरेको जुठो थाल तल्लो जातकाहरूले उठाउनुपर्थ्यो। गुरुमांहरू जो कसैको हातबाट भात खाने हुनाले उनीहरूको जात चोखो रहेन भन्ने मान्यता राखिन्थ्यो। बिस्तार–बिस्तारै धम्मवती गुरुमांले धर्मोपदेशद्वारा मानिसहरूलाई बोध गराइन्। सर-सफाई गरेर बस्नु मानिसको राम्रो आचरण हो, गल्ली चोकमा बढारेर, सफा गर्न आउनेलाई तल्लो जातको भनेर हेय दृष्टिले हेर्नु गलत हो भन्दै गुरुमांले शिक्षा दिँदै गइन्। यस्तो शिक्षाबाट विहारमा जलपान, भोजन कार्यक्रम हुँदा माथिल्लो र तल्लो जातका भनाउँदाहरू सँगै बसेर खाने बानी बस्दै गयो। यस्तैमा गुरुमांले धर्मकीर्ति विहार अवस्थित श्रीघः चैत्य परिसर सफाइ गर्न विहारका उपासक उपासिकाहरूलाई १३ वटा समूह बनाएर प्रत्येक पूर्णिमाको अघिल्लो दिन कूचो, खरेटो लिई बढार्ने सफाइ अभियानको थालनी गरिन्। १३ वटा समूहले पालैपालो चैत्य परिसर सफा गर्ने काम हाल आएर सिमित समूहले भने अद्यापि हुँदै छ।

पूजाको थाली लिई पूजा गर्दैमा धर्म गरेको हुँदैन बिरामीको सेवा गर्नु पनि धर्म हो भन्ने सिकाएर उपासिकाहरूलाई वैशाख पूर्णिमाको दिन काठमाडौं भित्रका अस्पतालहरूमा बिरामीहरूलाई फलफूल र बिस्कुट वितरण गर्ने-गराउने काम शुरु गरिन्। तर आजभोलि बढ्दो बिरामीको चाप र बढ्दो अस्पताल संख्याले गर्दा सो काम वीर अस्पतालमा मात्र सीमित भएको छ।

दिवङ्गत आफन्तहरूका नाउँमा पिण्ड दिई श्राद्ध गर्ने पुरानो चलनलाई प्रतिस्थापन गर्न पुण्यानुमोदन गर्ने, धर्मदान गर्ने चलन सिकाइन्। पिण्ड दिन छोरा नै चाहिन्छ भन्ने मान्यता हटाइनुपर्छ भन्ने चेतना फैलाइन् र बिस्तारै गुरुमांका उपासक-उपासिकाका बीच त्यो मान्यता पनि हराउँदै



https://dhamma.digital

गयो। दिवङ्गतका नाउँमा शिक्षामूलक पुस्तक प्रकाशन गरिदिने चलन ल्याइदिनाले बुद्धधर्मका पुस्तकहरू धेरै प्रकाशनमा आए। बौद्ध पुस्तक प्रकाशनको काम पुण्यदानको रूपमा धर्मकीर्ति विहारबाट यथेष्ट मात्रामा भइरहेको छ।

समाज सुधारस्वरूप अल्पकालीन ऋषिणी र श्रामणेर प्रव्रज्याको शुरुवात गर्नुमा धम्मवती गुरुमांको प्रमुख भूमिका छ। नेवार समुदायमा बालिकाहरूलाई रजस्वला हुनुअघि गुफा राख्ने चलन छ। बालिकाहरूलाई १२ दिनसम्म कोठामा थुनेर बाह्रौं दिनमा पूजाअर्चनासहित सूर्य देवतासँग विवाह गराइन्छ। यो परम्परा आधुनिक वैज्ञानिक दृष्टिकोणले औचित्यहीन देखिन आउँछ। गुरुमांले यसको विकल्पमा १२ दिनसम्म बालिकाहरूलाई थेरवादी बौद्ध परम्पराअनुसार ऋषिणी प्रव्रज्या दिने चलनको थालनी गरिन्। ऋषिणी प्रव्रज्या लिनेहरूले गेरु रङको वस्त्र धारण गरी विहारमा गुरुमांहरूको निर्देशनमा अष्टशील ग्रहण गरी बस्नुपर्छ। यो चलन वि.सं. २०२३ मा धर्मकीर्ति विहारमा नै पहिलोपल्ट दुई जना बालिकाहरूलाई ऋषिणी प्रव्रज्या गराएर सुरु गरिएको हो।

त्यस्तै केटाहरूलाई गरिने व्रतबन्धमा पनि श्रामणेर प्रव्रज्याले विकल्प दिएको छ। श्रामणेर प्रव्रज्यामा केटाले कपाल मुण्डन गरेर चीवर वस्त्र धारण गरी विहारमा बसी भिक्षुको सामु अष्टशील ग्रहण गर्नुपर्छ। यस्ता किसिमको अल्पकालीन श्रामणेर, ऋषिणी प्रव्रज्या अन्य बौद्ध देशमा जस्तै नेपालमा पनि थेरवादी बुद्धधर्मको विकास सँगसँगै बढेर अहिले नेपालका विभिन्न विहारमा यस्तो प्रव्रज्या शिविर राखी बुद्धशिक्षा दिने कार्य व्यापक मात्रामा भइरहेको छ। ऋषिणी तथा श्रामणेरको रूपमा अस्थायी प्रव्रजित हुने बालबालिकाहरूलाई बस्ने अवधिभर अष्टशील पालना गराउनुका साथै बुद्धधर्मका प्रारम्भिक ज्ञान दिने र ध्यान भावना सिकाउने आदि गराइन्छ जसबाट बालबालिकाहरू निकै लाभान्वित भए।



https://dhamma.digital

## ध्यान शिविर सञ्चालन

धम्मवती गुरुमां नेपाल फर्केको बेलामा नेपाली बौद्ध समुदायले शुद्ध बुद्धधर्मको ज्ञान बुझ्न सकेकै थिएन। हुन त कमै संख्यामा प्रव्रजित भएका भिक्षुहरूबाट पनि प्रभावशाली धर्मोपदेश त भइरहेकै हो। तैपनि घरबाट बाहिर निस्कन नपाउने महिलाहरूलाई त ढकी (डालो) र पूजाको थाली लिएर देवीदेउता पूजा गर्नु र व्रतहरू बस्नु नै धर्मको परिभाषा रहेको थियो। गौतम बुद्धले सिकाएका धर्ममा त बाह्य पूजाले चित्त शुद्धि हुँदैन। चित्त शुद्धिका लागि त अध्ययन र ध्यान अभ्यास नै हुनुपर्छ। विपश्यना सहायक आचार्य रत्नमञ्जरी गुरुमांले धर्मकीर्ति विहारमा नै ध्यान सञ्चालन त गर्थिन्। तर त्यो व्यापक मात्रामा भएको थिएन।

अभिधर्मको गहन अध्ययन पूरा गरेकी धम्मवती गुरुमांले ध्यानको अभ्यासबिना बुद्धको मौलिक दर्शन सही रूपमा बुझ्न सकिन्न भन्नुहुन्छ। त्यसैले आफ्ना गुरुमांहरू बर्माकी **दो पञ्ञाचारी** र **दो सुखाकारी** गुरुमांहरूलाई नेपालमा निमन्त्रणा गरी यहाँका उपासक उपासिकाहरूलाई ध्यान अभ्यास गराउने अवसर दिलाइन्। वि.सं. २०३६ मा धम्मवती गुरुमांको निर्देशन र धर्मकीर्ति विहारको व्यवस्थापनमा नेपालमा नै पहिलोचोटि थेरवादी ध्यान शिविरको आयोजना भयो। दो पञ्ञाचारी र दो सुखाकारी गुरुमांहरूपछि बर्माका महान् ध्यानगुरु **महासी सयादो**लाई पनि निमन्त्रणा गरी लुम्बिनीमा ध्यान शिविरको आयोजना गरिन्। बर्माका अन्य ध्यान गुरुहरू **सयादो ऊ ञाणीस्सर**, **सयादो ऊ सुन्दर**, **सयादो ऊ पण्डिताभिवंस** र **सयादो ऊ आसभाचार** आदिहरूलाई निमन्त्रणा गरी विभिन्न ठाउँमा ध्यान शिविरहरू सञ्चालन गरियो। यही क्रममा ध्यान आचार्य कल्याणमित्र श्री **सत्यनारायण गोयन्का**ज्यूलाई नेपालमा निमन्त्रणा गरी ध्यान शिविर सञ्चालन गराएपछि नेपालमा विपश्यना ध्यान अभ्यासको बेजोड प्रचार हुन थाल्यो।



https://dhamma.digital

## विभिन्न क्षेत्रमा धम्मवती गुरुमांको नेतृत्व

नेपालमा विभिन्न समयमा बुद्धधर्मको क्षेत्रमा समस्याहरू आइरहने गरेको छ। वि.सं. २०४६ मा बहुदलीय सरकार गठन भएपछि संविधानमा नेपाल धर्मनिरपेक्ष राष्ट्र हुनुपर्ने व्यापक माग जनताबाट आयो। यसलाई समर्थन गराउन थेरवादी बौद्ध समुदायबाट **भिक्षु अमृतानन्द, भिक्षु सुदर्शन** र महिलाको तर्फबाट **धम्मवती गुरुमां**ले अग्रणी भूमिका खेले। धम्मवती गुरुमांको नेतृत्वमा धर्मकीर्ति विहारका उपासक-उपासिकाहरू सबभन्दा बढी संख्यामा जुलुस न्यालीमा सहभागी भएका थिए।

वि.सं. २०५४ आषाढ १९ को रात नेपाल देश नै अन्तर्राष्ट्रिय बौद्ध जगत्मा अति लज्जित हुनुपर्ने गरी दुर्घटना भयो। बुद्ध जन्मभूमि लुम्बिनीमा जापानी सरकारद्वारा शान्ति स्तूप निर्माण भइरहेको कार्यमा समूहको इन्चार्ज रहेका **जापानी भिक्षु नावाताने**लाई नकाबधारीहरूद्वारा लुम्बिनी मै गोली हानी हत्या गरियो। लुम्बिनीमा भिक्षुको हत्या ! यो जस्तो ठूलो अपराध के होला ? सम्पूर्ण नेपालीका लागि अति दुःखद घटना ! यसको विरुद्ध बौद्ध जगत् जागी उठे। विभिन्न बौद्ध सङ्घ-संस्थाद्वारा विभिन्न ठाउँबाट विरोध जुलुस र विज्ञप्ति जारी गरे। टुँडिखेलको खुल्ला-मञ्चमा विभिन्न संस्थाद्वारा शोकसभा आयोजना गरियो। धम्मवती गुरुमांले पनि सयौं उपासक-उपासिकाहरूको जुलुसमा अगुवा भई भाग लिइन्।

प्रव्रजित भिक्षु तथा अनागारिकाहरूको देहावसानपछि थेरवादी विधिमा नै दाहसंस्कार गर्ने चलन छ। काठमाडौं क्षेत्रमा स्वयम्भू डाँडाको उत्तरतिर त्यसका लागि **प्रव्रजित दिप** भनी एक ठाउँ छुट्याइएको छ। अहिले आएर त्यस दिपमा विभिन्न तत्वहरूको अतिक्रमणबाट पटकपटक जग्गा मिच्दै आएर भिक्षु र अनागारिकाहरूको दाहसंस्कारको समयमा बाधा पुऱ्याउने काम भइरहेको छ। यस कुरामा धम्मवती गुरुमां धेरै नै चिन्तित छिन्। यस्तो बाधा हटाउन सम्बन्धित निकायसँग पटकपटक अनुरोध गरी विज्ञहरूसँग सहयोग लिएर जुटेकी छिन्। प्रव्रजित दिप चिरकालसम्म



https://dhamma.digital

प्रव्रजितहरूले चलाउन पाऊन् भन्ने प्रयासमा धम्मवती गुरुमां लागिरहेकी छिन् ।

**धम्मवती गुरुमांको अभिनन्दन**

धम्मवती गुरुमां प्रव्रजित भएको ५० वर्ष पूरा भएको अवसरमा वि.सं. २०५६ कार्तिकमा श्रीघः चैत्य परिसरमा भव्य कार्यक्रम भयो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा ३९ संस्थाद्वारा प्रदान गरिएको अभिनन्दन-पत्र गुरुमांलाई प्रदान गरियो । त्यस्तै धम्मवती गुरुमां ७७ वर्ष पूर्ण भएको उपलक्ष्यमा लुम्बिनीमा वि.सं. २०६७ फागुनमा विशेष र धार्मिक समारोह भयो । वि.सं. २०७० आश्विन १२ गते शनिवारमा नेवाः जागरण मञ्चको आह्वानमा काठमाडौँमा भव्यसँग जनस्तरबाट अभिनन्दन गरियो ।

वि. सं. २०८० बैशाख १ गते विशेष सामूहिक धम्मपूजा आयोजक समितिबाट धम्मवती गुरुमांलाई राष्ट्रिय सभागृहमा वहाँ गुरुमांको ९० औँ जन्मोत्सव र प्रव्रजित जीवन ७५ औँ वर्ष प्रवेशको उपलक्ष्यमा धम्मपूजाको आयोजना गरी विभिन्न सङ्घ-संस्थाबाट भव्यरूपमा अभिनन्दन गरियो ।

सोहि अवसरमा नेपालका प्रव्रजित गुरुमांहरूको सशक्तिकरणको निम्ति विभिन्न प्रकारका प्रशिक्षण, अध्यापन गर्ने हेतू "**धम्मवती धम्म प्रशिक्षण परियोजना**"को घोषणा पनि गरियो । उक्त प्रशिक्षण कार्यक्रमबाट नेपालमा रहेका गुरुमांहरूको बौद्धिक क्षमता वृद्धिका साथै गुरुमांहरूको सशक्तिकरणका लागि –

(क) त्रिपिटक परिचय कक्षा

(ख) गुरुमांहरूलाई विनय पिटक कक्षा

(ग) उपासक-उपासिकाहरूलाई अभिधर्म संक्षिप्त पालि र अर्थ कण्ठस्थ गर्ने कक्षा अन्तर्गत धम्मसङ्गणी र पट्ठान सम्पन्न गरी हाल विभङ्ग पालि र अर्थ कण्ठस्थ गर्ने कक्षा सञ्चालन



https://dhamma.digital

(घ) संक्षिप्त पट्ठान पालिलाई विभिन्न स्थानमा स्थलगतरूपमा वाचन कार्यक्रम सञ्चालन आदि ।

## धम्मवती गुरुमांको जीवनीमा आधारित पुस्तकहरू

१) **तेमि छेत्** (बर्मी भाषा)- बर्मी भिक्षु र वेथ्वं - सन् १९६३

२) तेमि छेत् को नेपालभाषामा अनुवाद; **यःम्ह म्ह्याय्** - अनुवादक - भिक्षु ज्ञानपूर्णिक महास्थविर - वि.सं. २०२७

३) यःम्ह म्ह्याय्को नेपाली भाषामा अनुवादः **स्नेही छोरी** - अनुवादक - मोतिकाजि शाक्य– वि.सं. २०४७

४) **अनागारिका धम्मवती** - लेखक - रत्नसुन्दर शाक्य - वि.सं. २०४९

५) स्नेही छोरी पुस्तकलाई गीता मानन्धरले **Beloved Daughter** अंग्रेजी भाषामा अनुवाद सन् २०१६

६) थाई भिक्षु फोकनाबाट Beloved Daughter पुस्तकलाई थाई भाषामा "**बुतरी फूपेन हाङ्गदुवङ्ग हरुथाइ**" (राजकिय सम्मानका साथ हृदयदेखि स्नेहि छोरी) अनुवादकः Assist. prof. Bhikkhu Phocana, प्रकाशकः वनिदा थिपसाक, थाइलैण्ड, ई. सं. सेप्टेम्बर २०२१

## धम्मवती गुरुमांले पाएको उपाधि

१) बुद्धशासनमा अद्वितीय योगदान पुऱ्याएको हुँदा त्यस कार्यको कदर गरी धम्मवती गुरुमांलाई बर्मी सरकारद्वारा प्रदान गरिने अति उच्चस्तरीय "**अग्गमहागन्थवाचकपण्डित**" उपाधि सन् १९९२ जनवरी ४ (वि.सं. २०४८ पुष २०) प्रदान गरियो ।

२) नेपालभाषा परिषद्बाट "**भाषा थुवाः**" उपाधि - ने.सं ११११९ (वि.सं. २०५६)



https://dhamma.digital

३) स्वयम्भू ज्ञानमाला भजनबाट "**ज्ञानमाला रत्नवत सिरपाः**" (वि.सं. २०५२ पुष)

४) अन्तर्राष्ट्रिय महिला ध्यान केन्द्र फाउण्डेशनको तर्फबाट अन्तराष्ट्रिय नारी दिवस सन् २०२४को उपलक्ष्यमा "**विश्वमा उत्कृष्ट बौद्ध महिला**" पदवी ताइवानमा २०८० फागुण २४ गते

५) लुम्बिनी बौद्ध विश्वविद्यालयबाट मानार्थ "**विद्यावारिधि**" (वि. सं. २०८१ मंसिर १४ गते)

६) म्यानमार सरकारबाट "**अग्गमहासद्धम्मजोतिकधज**" (वि. सं. २०८२ बैशाख ८ गते)

Dhamma.Digital



https://dhamma.digital

## वर्तमान नेपालका आदर्श बौद्ध महिलाहरू : अभ्यास – ३

१) धम्मवती गुरुमांको प्रव्रजित जीवनमा प्रवेश कसरी भयो ? व्याख्या गर्नुहोस् ।

२) थेरवाद बुद्धधर्म प्रचार-प्रसारमा धम्मवती गुरुमांको योगदान के, कसरी भयो ? स्पष्ट पार्नुहोस् ।

३) बुद्धशिक्षालाई नेवार समाजका महिला (उपासिका) हरू माझ पुऱ्याउनमा धम्मवती गुरुमांको भूमिका उल्लेखनीय छ । यसबारे आफ्नै शैलीमा प्रकाश पार्नुहोस् ।

४) धम्मवती गुरुमांले बुद्धशिक्षालाई जनमानसमा पुऱ्याउन गर्नुभएका विशिष्ट कदमलाई आफ्नै शैलीमा प्रकाश पार्नुहोस् ।

५) बुद्धशासनलाई चिरस्थायीका लागि अभिधर्मपिटकको संरक्षण, सम्वर्धन गर्नमा धम्मवती गुरुमांको भूमिका के, कस्तो रहँदै आएको छ ? स्पष्ट पार्नुहोस् ।

Dhamma.Digital



https://dhamma.digital

# मैत्री-भावना

## 'उपमा कथा प्रमुख भावनाविधि'

Dhamma.Digital

लेखक

भिक्षु विवेकानन्द महास्थविर

भावानुवादक

भिक्षु संघरक्षित

"परियत्ति सद्धम्म कोविद"

https://dhamma.digital

https://dhamma.digital

**तृतीय खण्डः**

# (क) भावना

## भावना कति प्रकारका छन ?

भावना धेरै प्रकारका छन तापनि समुच्च (समस्त) रूपमा भावना ४० प्रकारका छन् । यी चालीस प्रकारका भावनामध्ये योगावचरहरूले त्यसमध्ये छनौट गरी अनुकूल चरित्रलाई आ-आफ्नो लागि छानी चरित्रयोग्य भावना गर्दछन् । चरित्र ६ प्रकारका छन् । जस्तोः रागचरित्र, द्वेषचरित्र, मोहचरित्र, श्रद्धाचरित्र, बुद्धिचरित्र तथा वितर्कचरित्र । यी ६ चरित्रमध्ये आफ्नो जुन चरित्र हो, जुन अत्यधिकमात्रमा आफूभित्र विधमान छ, त्यसै अनुकूल भावनामा योगावचरहरू व्यस्त हुन्छन् ।

### द्वेषचरित्र

६ वटा चरित्रहरूमध्येको एक चरित्र द्वेष हो । द्वेषचरित्र नै द्वेषस्वभाव हो । त्यहीँ द्वेषको कारणले गर्दा नै सत्त्वप्राणीका बिचमा नानाप्रकारका अन्याय अत्याचर तथा झै-झगडा भइरहन्छ । असमानतापूर्ण व्यवहार, अप्रियसम्बन्धी कामकुरा सबै द्वेषको कारणले नै उत्पन्न हुने हो । जहाँसम्म द्वेषबाट दुषित भएर रहन्छ, त्यहाँसम्म प्राणीहरू अविद्यारूपी अन्धकारले आच्छादित भएर रहन्छ । तसर्थ, द्वेष पापको मूल तथा दुःखको तुषारारोपण पनि हो । द्वेष शान्त गर्नको निम्ति मैत्रीचित्तको ठूलो आवश्यक छ । द्वेषचित्त हटाउने एकमात्र उपाय, एकमात्र मार्ग, एकमात्र साधन नै मैत्रीभावना हो ।

**मेत्ताति अदोसो परेसं हितकामना**, मैत्रीले मात्र निर्दोषपूर्ण कृत्य अवलम्बन गरी परहित कामना गर्न सक्छ किन्तु मैत्री-भावना गर्ने व्यक्तिले माथि भनिएझैं द्वेषको कारणले हुने अन्याय अत्याचार आदिको दुष्परिणामलाई राम्ररी ज्ञात गर्नुपर्छ । द्वेष उत्पन्न भइसकेपश्चात् कसैले कसैलाई वा कुनै सत्त्वले कुनै सत्त्वलाई कुशल मङ्गल होस् भन्ने कामना गर्न सक्तैन । द्वेषी



https://dhamma.digital

मनुष्यले कहिल्यै कसैप्रति दयाको दृष्टिले व्यवहार गर्न सक्तैन । त्यस्तो व्यक्ति सदैव क्रुरभावमा रहेर दानव स्वभावमा लिप्त भएर बस्छ । ऊ व्यापाद (द्रोह, वैमनस्य) चित्तको साथमा अनैतिक मार्गमा अग्रसर भई नै रहन्छ ।

द्वेषको कारणले गर्दा नै एक प्राणीले अर्को प्राणीको हत्या गर्छ, परचित्तमा ठेस पुग्ने कुवचन प्रकाश पार्दछ । असमानताको आडमा जातिभेद, गोत्रभेद आदि कलङ्कलाई जागृत गराई कलह गर्ने कारण कै खोजीमा लागि पर्छ, अतः द्वेष कलहको बीज समान हो ।

**द्वेष उत्पत्तिको कारण**

द्वेष उत्पत्तिको कारण आफूबाट, आफ्नो मित्रबाट तथा आफ्नो शत्रुबाट हुने गरी नौ प्रकारका र अर्को एक गरी दश प्रकारले हुने गर्छ । यसलाई क्रमिकरूपमा यसरी भन्न सकिन्छ –

आफूबाट

(१) उसले मलाई अघि पनि दुःख दियो

(२) उसले मलाई अझ पनि दुःख दिई नै रह्यो

(३) भविष्यमा पनि दुःख दिने नै छ

आफ्नो मित्रबाट

(४) उसले मित्रप्रति अहित कार्य गऱ्यो

(५) हाल पनि अहित कार्य गरी नै रहेको छ

(६) भविष्यमा पनि अहित कार्य गरी नै रहनेछ

आफ्नो शत्रुबाट

(७) उसले शत्रुलाई उपकार गऱ्यो

(८) हाल पनि शत्रुलाई उपकार गर्दैछ



https://dhamma.digital

(९) भविष्यमा पनि शत्रुलाई उपकार गर्नेछ

(१०) समभाव धर्मको कारणले (सूर्य तात्दै छ, चन्द्रमा जाज्वल्यमान भइरहेछ, वर्षा भयो, हुरी बतास चल्यो .... इत्यादि ।)

फलानाले यस्तो गऱ्यो । ढिस्कानाले उस्तो गऱ्यो भन्ने वैमनस्य रहेसम्म चित्तमा वैरीभाव हट्न सक्तैन र शान्ति पाउन पनि मुश्किल नै हुन्छ । धम्मपदमा भनिएको छ –

**अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।**
**ये च तं उपनय्हन्ति, वेरं तेसं न सम्मति ॥**

अर्थात - मलाई गाली गऱ्यो, मलाई कुट्यो, मलाई हराइदियो र मेरो बस्तु लग्यो भनेर जसले आफ्नो मनमा बारम्बार विचार गर्छ, त्यसको मनमा वैरभाव कहिल्यै शान्त हुँदैन ।

त्यस्तै, नानाकारणले उत्पन्न भई नै रहने द्वेषलाई जसले निर्मूल गर्न सक्षम हुन्छ, त्यो नै वीर पुरुष हो ।

**यो वे उप्पतितं कोधं, रथं भन्तं व धारये ।**
**तमहं सारथिं ब्रूमि, रस्मिगाहो इतरो जनो ॥**

अर्थात - चतुर सारथीले द्रुतगतिमा दौडदै रहेको रथलाई रोके झैँ जसले आफूमा प्रस्फूटित क्रोधलाई रोक्छ, त्यो नै यथार्थको सारथी हो, अरु त लगाम समाउने झैँ मात्र हो ।

**मैत्रीको सम्बन्धमा तथागतको आज्ञा**

**मेत्ता बिहारी यो भिक्खु, पसन्नो बुद्धसासने ।**
**अधिगच्छे पदं सन्तं, संखारुपसमं सुखं ॥**

अर्थात - भिक्षुहरू ! जुन भिक्षुले बुद्धशासनमा प्रसन्न भई मैत्री-भावना राख्दछ, त्यो भिक्षुले सम्पूर्ण संस्कारलाई शान्त पारी सुख शान्ति प्राप्त गर्दछ ।



https://dhamma.digital

मैत्रीचित्त बनाउन द्वेषबाट हुने दुष्परिणाम उपद्रव आदि हरतरहले पनि थाहा पाउनुपर्छ । द्वेषको दुष्परिणाम सामुन्ने ल्याउनको निम्ति बुद्ध बोधिसत्वहरूको उपदेश कथा अनुस्मरण गरिरहनुपर्छ । अब यहाँ द्वेषले हुने दुष्परिणाम याद गर्न सानो कथा प्रस्तुत गरिन्छ ।

## द्वेषको दुष्परिणाम कथा

पूर्व समयमा हिमालय पर्वतमा एक ऋषि बस्दथ्यो । उक्त ऋषि एकदिन शहरतिर जान लाग्दा बिच बाटोमा एक सागर पार गर्नुपर्ने रहेछ । ऋषि डुङ्गाको सहारामा सागर पारी पुग्यो । तत्पश्चात् माझीले ऋषिसँग आफूलाई चाहिने ज्याला माग्यो तर त्यस त्यागी ऋषिले माझीलाई ज्याला दिन असमर्थ भयो । यता माझीले कसरी ज्याला लिने हो पनि भन्न सकेन । आफ्नो ज्याला नपाएर माझी क्रोधित भयो । क्रोधाग्नि भनेको स्वभावतः बढ्नुसिवाय नघट्ने रहेछ । माझीलाई लिनुपर्ने ज्याला सम्झी सम्झी झन्झन् क्रोध आउन थाल्यो । अनि माझीले ऋषिलाई जगल्टा समाएर गालामा चड्काइदियो । त्यसरी पनि चित्त नबुझेर भुईंमा पछारी घुँडाले छातीमा टेकेर गालामा चड्कन दिई नै रह्यो, निरन्तर हिर्काउँदै रह्यो ।

यस्तै बेलामा माझीकी गर्भवती पत्नी माझीलाई खाना लिएर आउँदै गरेकी थिइन, उक्त घटना हेर्न नसकेर 'अरे ! अरे ! के गरेको, अहो !' भन्दै पतिलाई रोक्न गइन् किन्तु माझीको क्रोध भने आगोमा घ्यू थपेझैं झन्झन् दन्किन थाल्यो । बढेको क्रोध स्वास्नीको चर्याले पनि शान्त हुन सकेन, बरु झन् क्रोधले अन्धो झैं हुन पुग्यो । श्रीमतीलाई पनि कराउन आउँछौ तिमी भन्दै लात्ताले हिर्कायो । स्वास्नीचाहिँ उत्तानो पर्ने गरी लड्न पुगिन् । गर्भवती स्वास्नीको गर्भको बच्चा र उनी आफै पनि कहिल्यै नउठ्ने भई, तिनको देहावसान भएछ ।

यो कथाको सारांश यहीँ हो कि द्वेषको स्वभाव अन्धो हुन्छ, जसको परिणाम भयङ्कर हुन्छ र भएरै छोड्छ । यस्तै दुर्व्यवहारबाट जोगिन नै मैत्री-भावना आवश्यक हुन्छ ।



https://dhamma.digital

**मैत्री-भावना : कसरी र किन ?**

मैत्री-भावना कसरी गर्ने ? कसरी गर्दा मैत्री-भावना सफल हुन्छ त ? मैत्री-भावना गर्न त यस्तै नै द्वेषको दुष्परिणाम, द्वेषका अवगुणहरूलाई दृष्टिगत गर्नुपर्छ । मित्रताले दिने शान्ति र सुखलाई अनुभव गर्नुपर्छ । पुनः यसलाई मैत्री चित्तसम्मुख राख्नुपर्छ । आफ्नो सुख शान्ति साक्षीरूपमा अघि राख्दै सम्पूर्ण प्राणीप्रति हित सुखको कामना जसरी आमाले आफ्ना सन्ततिहरूप्रति गर्ने हो, त्यसरी नै गर्नुपर्छ ।

**माता यथा नियं पुत्त, आयुसा एक पुत्तमनुरक्खे ।**
**एवम्पि सब्ब भूतेसु, मानसं भावये अपरिमाणं ॥**
**मेत्तञ्च सब्बलोकस्मिं, मानसं भावये अपरिमाणं ।**
**उद्धं अधो च तिरियञ्च, असम्बाधं अवेरं असपत्तं ॥**

अर्थात - आमाले जसरी एक्लो पुत्रप्रति आफ्नो प्राण समान रक्षा गर्छ, त्यसरी नै सम्पूर्ण सत्त्वहरूप्रति हित कामना गरिरहनुलाई असीम मैत्री-भावना भनिन्छ ।

कतै कुनै कुरालाई बाँकी नराखिकन सबै दिशामा रहेका सम्पूर्ण प्राणीप्रति सुख र हितको कामना गर्नेलाई अपरिमाण मैत्री भनिन्छ ।

जुन व्यक्तिले सदा सम्पूर्ण सत्व प्राणीप्रति हितको कामना गरिरहन्छ, उसको हृदयमा क्रोधले बास गर्न सक्तैन, कारण क्रोध भन्ने कुरा नै परअहितको कारणबाट उत्पन्न गर्न हुने अकुशल चित्त हो । जुन व्यक्तिले कुनै व्यक्तिप्रति हित कामना गरिरहन्छ, उसको चित्तमा त्यस व्यक्तिप्रति अनर्थ गर्ने गराउने क्रोधचित्त र द्वेषचित्त कहिल्यै पनि उत्पन्न हुन सक्तैन ।

तसर्थ, द्वेषचरित्रका व्यक्तिले सम्झीबुझी सदैव मैत्री-भावना गरी नै रहनुपर्छ । द्वेषचरित्रको निम्ति मैत्री-भावनासिवाय अन्य बच्ने साधन केही पनि छैन । एक अमानवीय व्यक्तिभन्दा अन्य बच्ने साधन केही पनि छैन । एक अमानवीय व्यक्तिभन्दा पनि द्वेषचित्त अत्याधिक खराब तथा भयङ्कर हुन्छ ।



https://dhamma.digital

**दिसो दिसं यं तं कयिरा, वेरिवापन वेरिनं।**
**मिच्छा पणिहितं, पापियोन ततो करे ॥**

अर्थात - शत्रुले शत्रुलाई, वैरीले वैरीलाई त्यति हानी गर्दैन जति अनैतिक पथमा अग्रसर भएको चित्तले आफूलाई हानी गर्ने हुन्छ।

द्वेष अति नराम्रो बस्तु हो किनकि क्रोधीहरूको रगत सदा तातिई नै रहन्छ। उनीहरूको अनुहार पनि सदैव तातिई रहन्छ। क्रोधले आँखा पनि दुर्वल हुन्छ। त्यस्तो व्यक्ति चाँडै बुढा पनि देखिन्छ। जो अति क्रोधी हुन्छ, उसको आयु पनि अल्पकाल मै क्षीण हुन्छ। अतः क्रोधबाट बच्नु सबैको निम्ति कल्याण हो।

**मैत्री आनिशंस**

यसअनुसार द्वेषको दुष्परिणामलाई ज्ञात गरी, मैत्री-भावनाबाट प्राप्त आनिशंस तथा गुण पनि अवबोध गरी मैत्री-भावना गर्नुपर्छ। मैत्री-भावना गर्नाले अनेक दुष्परिणामबाट बचिन्छ। साथै अन्य सद्‌गुणका आनिशंस पनि प्राप्त हुन्छ। यी गुणहरू हुन् –

**मेत्ता चेतो विमुत्ति भावेत्वा योगावचर पुग्गलो एकादसनिसंसे पटिलभति कतमे एकादस** ?

अर्थात - जुन व्यक्तिले दत्तचित्त भएर मैत्री-भावना गर्छ, त्यसलाई ११ प्रकारका आनिशंस (फल) प्राप्त हुन्छ। ती निम्न प्रकारका छन्।

(१) सुखं सुपति - सुखपूर्वक निन्द्रा लाग्छ।

(२) सुखं पटिबुज्झति - सुखपूर्वक ब्युँझिन्छ। (जसरी कमलको फूल फुल्दा बिस्तारै फुल्ने हो, त्यसरी नै मैत्री-भावना गर्ने योगी पनि बिस्तारै निन्द्राबाट ब्युँझिन्छ।)

(३) न पापकं सुपिनं पस्सति - नराम्रो स्वप्न देख्दैन। देखिहाले पनि डर लाग्यो भन्ने कहिल्यै हुँदैन।



https://dhamma.digital

(४) मनुस्सानं पियो होति - मनुष्यहरूको प्रिय हुन्छ ।

(५) अमनुस्सानं पियो होति - अमनुष्यहरूको पनि प्रिय हुन्छ ।

(६) देवा रक्खन्ति - देवताहरूले रक्षा गर्छन् ।

(७) नस्स अग्गि वा दिसं वा सत्थं वा कमति - आगो, बिष, हतियार जस्ताले छुन सक्तैन ।

(८) तुवटं चित्तं समाधियति - समाधि भावनामा हो भने तुरन्तै समाधि प्राप्त गर्छ ।

(९) मुखवण्णो विप्पसीदति - अनुहारको रूप वर्ण राम्रो हुन्छ ।

(१०) असंमुल्हो कालं करोति - मरणासन्न अवस्थामा बेहोस हुँदैन ।

(११) उत्तरि अप्पटि विज्भन्तो ब्रम्हलोकूपगो होति - अति उत्तम अर्हत फल प्राप्त गर्न नसकेतापनि ब्रम्हलोक प्राप्त हुन्छ ।

यसप्रकारले मैत्री-भावनाको आनिशंस दृष्टिगत गरेर मैत्री-भावनामा दत्तचित्त हुनुपर्छ ।

**मैत्री ब्रम्हविहार**

मैत्री, करुणा, मुदिता र उपेक्षा यी चार ब्रम्हविहार हुन् । यी चारमध्ये पनि प्रमुख मैत्री-भावना हो । मैत्री-भावना गर्न इच्छुकजनहरूले भावना गर्न अप्ठ्यारो, तगारो आउने स्थानदोष, व्यक्तिदोष तथा आहारदोष आदि सबैलाई पन्छाएर विघ्न बाधा जति निराकरण गरेर, सबै प्रपञ्चबाट अलग्ग भई कर्मस्थान भावना ग्रहण गर्नुपर्छ । कर्मस्थान ग्रहण गर्नुअघि पनि द्वेष स्वभावबाट आउने क्रूरतालाई त्यागी शान्ति सुख प्राप्तिका लागि जाँदैछु भन्ने विचार गर्नुपर्छ, परन्तु आफूले नदेखेको, नबुझेको अवगुणबाट टाढा हुन सक्दैन, न त आफूले नजानेको शान्ति फल नै अनुभव गर्न सकिन्छ । तसर्थ, द्वेषले दूषित भइराखेको चित्तले जीवहिंसादि नानाप्रकारका पाप गर्न



https://dhamma.digital

सक्छ भन्ने सूत्रानुसार द्वेषको अवगुण अवबोध गर्ने भएर पनि सदाचारबाट प्राप्त सुख शान्तिको गुणलाई दृष्टिगत गर्नुपर्छ ।

**खन्ती परमं तपो तितिक्खा, निब्बाणं परमं वदन्ति बुद्धा ।**

अर्थात - क्षान्तिको नामले बताइराखेको 'तितिक्खा' सहनशीलता नै परम तप हो । बुद्धहरूले निर्वाणलाई परम पद भन्नुभएको छ ।

**खन्तिबलं बलानीकं तमहं ब्रुमि ब्राम्हणं ।**

अर्थात - "क्षमाबल नै जसको बलरूपी सेनापति रहेको छ, उसलाई नै म ब्राम्हण भन्छु ।"

**खन्त्या भिययो नविज्जति ।**

अर्थात - क्षमा जस्तो सर्वश्रेष्ठ धर्म केही पनि छैन भनिए अनुसार क्षमा क्षान्तिले प्रदान गर्ने आनिशंस फललाई यथार्थ ज्ञात गर्ने हुनुपर्दछ ।

## मैत्री-भावनाः अभ्यास - १

१) चरित्र कति प्रकारका हुन्छन् ? द्वेष चरित्रबारेमा प्रकाश पार्नुहोस् ।

२) द्वेष उत्पत्तिका कारणहरू कति प्रकारका छन् ? लेख्नुहोस् ।

३) द्वेषी माझीले त्यागी ऋषिलाई कस्तो व्यवहार गऱ्यो ? पछि द्वेषको दुष्परिणाम कसरी भोग्नुपऱ्यो ?

४) आमा र छोराको उपमासँग तुलना गरेर मैत्री-भावना गर्नुपर्ने कुरा प्रष्ट्याउनुहोस् ।

५) मैत्री-भावनाको आनिशंस कति प्रकारका छन् ? लेख्नुहोस् ।



https://dhamma.digital

# (ख) मैत्री-भावना विधि

भावना गर्ने योगावचरले प्रथमतः अनैतिक अकुशल कर्म, दुशील स्वभाव आदिलाई त्यागेर शील सदाचारद्वारा चित्तलाई सुसंयमित बनाई जङ्गलमा गएर अथवा वृक्षको मुनि बसेर अथवा एकान्तमय स्थानमा रहेर पलेटी कसी शरीरलाई सीधा राखी बस्नुपर्छ। यदि भोजन (खाना) पश्चात् भए भोजनद्वारा हुनसक्ने आलस्यता निर्मूलहेतु क्षणभर विश्राम गर्नुपर्छ। तत्पश्चात् माथि उल्लेख भए झैं एकान्तपूर्ण स्थानमा बसेर द्वेषको अवगुण तथा मैत्रीद्वारा सुखशान्तिको प्रतिवेक्षण गरी मैत्री-भावनाको आरम्भ गर्नुपर्छ।

कहिल्यै भावना नगरेकाहरूले मैत्री-भावना गर्दा निम्न चार प्रकारका व्यक्तिहरूप्रति मैत्री-भावना गर्नु हुँदैन।

(१) अप्रिय व्यक्ति,

(२) अतिप्रिय व्यक्ति,

(३) मध्यस्थ व्यक्ति (प्रेम पनि नभएको, वैर पनि नभएको) तथा

(४) वैरी व्यक्ति

फेरि, शुरूशुरूमा मैत्री-भावना गर्नेहरूले असमान लिङ्ग अर्थात पुरुषले महिलाप्रति र महिलाले पुरुषप्रति मैत्री-भावना गर्नुहुँदैन। यस्तै नै, मृतकहरूप्रति पनि मैत्री-भावना राख्नुहुँदैन। अप्रिय व्यक्तिहरूलाई मित्रतामा परिणत गर्न सजिलो छैन। उनीहरूलाई मित्रता अथवा प्रेमभावमा ल्याउन खोज्दा खोज्दै नसकेर मन दिक्क भई भावनाप्रति नै चित्त वितृष्णा भएर जानसक्छ।

अत्यन्त प्रेम भएकाहरूलाई मध्यस्थतामा ल्याउन पनि सजिलो छैन। अति नै प्रेम भएकाहरूलाई दुःख भएमा आफूलाई पनि दुःख हुन्छ। उनीहरूको दुःखद् अश्रुधारासँगसँगै आफूद्वारा पनि अश्रुधारा प्रवाहित हुन्छ। फेरि मध्यस्थहरूलाई पनि प्रिय सम्बन्धमा गाभिन गाह्रो हुन्छ। तव



https://dhamma.digital

वैरीजनहरूको त कुरै छैन । वैरीलाई त त्यसका कुराहरूको यादमात्र आएपनि क्रोध आउन थालि हाल्छ ।

असमान लिङ्गीप्रति मैत्री-भावना गर्नाले राग उत्पन्न हुन्छ । कुनै एक अमात्यपुत्रले कुलुपक स्थविरकहाँ गएर सोधेछ - "भन्ते ! मैत्री-भावना गर्दा शुरुमा कसप्रति गर्ने ?"

"उपासक ! प्रिय व्यक्तिप्रति ।" स्थविरले भन्नुभयो । तत्पश्चात् उसले विचार गऱ्यो "मलाई यहाँ प्रिय त आफ्नै स्त्री लाग्छ ! अब म तिनीप्रति नै मैत्री-भावना शुरु गर्छु ।" उसले आफ्नी श्रीमतीप्रति मैत्री-भावना शुरु गर्न थाल्यो, परन्तु उसको चित्तमा मैत्री नभई राग उत्पन्न भयो । अनि त ऊ भित्तामा टाँसिन पो पुग्यो ।

यस कुरालाई बुझाउन सानो एउटा घटना उल्लेख गरिन्छ । एकदिन एक उपासकले आफ्नी स्त्रीप्रति मैत्री राख्छु भन्दै शील अधिष्ठान गरी एकान्त कोठामा प्रवेश गरी ढोका बन्द गरेर मैत्री-भावना सुरु गऱ्यो । मैत्री भावना गर्दागर्दै चित्तमा राग उत्पन्न भएर रागद्वारा अन्धो भयो । तत्पश्चात् उसले स्त्री बसेको ठाउँमा जानलाई ढोका खोजीमा लागेछ, किन्तु उसले ढोका भेट्टाउन सकेन । ढोका पत्ता लगाउन नसकी उसले भित्ता नै फोडेर जाने प्रयत्न गऱ्यो । तसर्थ, विपरीत लिङ्गीप्रति सुरू मै मैत्री-भावना गर्नुहुँदैन ।

मृतकको निम्ति मैत्री-भावना गर्नाले पनि अर्पणा र उपचार (ध्यान) केही पनि हुन सक्तैन । एकपटक कुनै एक नवयुवक भिक्षु आफ्नो आचार्यप्रति मैत्री-भावना गर्न शुभारम्भ गऱ्यो, परन्तु उनले मैत्रीलाई कुशल बनाउन सकेन । अनि उसले एक महास्थविर कहाँ पुगेर सोधेछ, "भन्ते ! मेरो मैत्री-भावना अभ्यस्थ भयो । यसको कारण के होला ?"

"आवुसो ! निमित्त अनुसन्धान गर ।" स्थविरको उक्त वचनले निमित्त पत्ता लगाँदा आफ्नो आचार्य मरिसकेको बोध भयो । तव, उसले अन्य जनप्रति मैत्री-भावना गरेर समापत्ति प्राप्त गर्न सफल भयो । तसर्थ, मृत्यु



https://dhamma.digital

भइसकेकाहरूप्रति मैत्री-भावना गर्नु निष्फल हो । यसअनुरूप व्यक्तिदोष ज्ञात गरी पहिले आफैमा मैत्री-भावना गर्नुपर्छ ।

## चार प्रकारका मैत्री-भावना

**अहं अवेरो होमि, अव्यापज्जो होमि ।**
**अनीघो होमि, सुखी अत्तानं परिहरामि ॥**

अर्थात - म वैरभाव रहित बनुँ । म ईर्ष्याविहीन बनुँ । म उपद्रवरहित बनुँ । आफूलाई प्राप्त सुखसम्पत्ति नासेर नजाने गरी बनुँ ।

यसरी बारम्बार भावना गरिरहनुपर्छ ।

**सब्बे सत्ता दुक्खा मुच्चन्तु ।**

अर्थात - सबै सत्त्वहरूको दुःख अन्त होस् भनेर कामना गर्नु करुणा भावना हो ।

**सब्बे सत्ता यथा लद्ध सम्पत्तितो माविगच्छन्तु ।**

अर्थात - सम्पूर्ण सत्त्वप्राणीहरूको सत्कर्मद्वारा लाभ भएको धनसम्पति नाश भएर नजाओस् भन्ने कामना मुदिता-भावना हो ।

**सब्बे सत्ता कम्मसक्का ।**

अर्थात - सबै प्राणीहरूको कर्म नै आफै हो भन्नु उपेक्षा भावना हो ।

प्रथमतः आफूलाई मैत्री-भावना गर्नु नै आफूलाई साक्षीरूपमा राख्नु हो । आफूलाई जसरी सुख शान्तिको आकांक्षा हुन्छ, त्यसरी नै सम्पूर्ण सत्त्वप्राणीहरू पनि सुख शान्ति चाहन्छन् भन्ने बोध गर्नलाई नै हो ।

विभङ्गगाथा अनुसार मैत्री-भावना गर्ने हो भने जसरी कुनै एक व्यक्तिलाई देखेर हर्ष उत्पन्न हुन्छ त्यसरी नै सम्पूर्ण सत्त्वहरूप्रति मैत्री चित्त प्रवाहित गरी विहार गर्ने हुन्छ ।

प्रतिसम्भिदा ग्रन्थ अनुसारबाट भए पाँचप्रकारले मैत्री-भावना गरीने हुन्छ ।



https://dhamma.digital

**सब्बे सत्ता अवेरा अब्यापज्जा अनीघा सुखी अत्तानं परिहरन्तु । सब्बे पाणा .......... सब्बे भूता ........ सब्बे पुग्गला........... सब्बे अत्तभाव परियापन्ना अवेरा अब्यापज्जा अनीघा सुखी अत्तानं परिहरन्तु ।**

अर्थात - सबै सत्त्वहरू वैरी रहित, व्यापाद रहित, उपद्रव रहित भएर सुखपूर्वक परिहरण गर्नसक्ने होउन् । सम्पूर्ण प्राणी, सबै भूत (बिती सकेका), सबै व्यक्ति, सबै आत्मभाव (शरीरधारक) गरिरहने सत्त्वहरू वैर रहित, व्यापाद रहित, उपद्रव रहित भई सुखपूर्वक आफूलाई परिहरण गर्नसक्ने होस् ।

**सुखिने वा खेमिनो होन्तु ।**
**सब्बे सत्ता भवन्तु सुखितत्ता ॥**

अर्थात - सम्पूर्ण सत्त्वप्राणीहरू सुखी होउन्, उनीहरूको कल्याण होस्, उनीहरू भय रहित होउन् ।

यसरी भन्दा परजनप्रति मैत्री-भावना गरेको हुन्छ । आफूमात्र सुखी हुन पाऊँ भनी सय वर्षसम्म चिच्याई रहेपनि अर्पणा हुन सक्तैन किन्तु आफूलाई साक्षी स्वरूपमा प्रस्तुत गरी अरूप्रति मैत्री-भावना गर्‍यो भने नै तरून्तै अर्पणा प्राप्त हुन सक्छ ।

**सब्बादिसा अनुपरिगम्म चेतसा ।**
**नेवज्झाव पियतरमत्तना क्वचि ॥**
**एवं पियो पुथु अत्तापरेसं ।**
**तस्मा न हिंसे पिरमत्तकामो ॥**

अर्थात – जुन दिशामा हेर्दा पनि आफूभन्दा प्रेमको बस्तु अरू कोही वा कुनै हुँदैन । तसर्थ, सम्पूर्ण सत्त्वहरूलाई आफ्नो स्वार्थसिद्धका निम्ति कसैले कसैलाई पनि हिंसा वा दुःखकष्ट नदिनू ।

आफू साक्षीरूपमा बस्नुपर्ने भएकोले पहिला आफैप्रति मैत्री-भावना गर्नुपर्छ तत्पश्चात् क्रमशः परिवर्तन हुँदै कुनै गुरु, आचार्य, उपाध्याय वा कुनै आदर सम्मान योग्य व्यक्तिप्रति मैत्री-भावना गर्ने हुनुपर्दछ ।



https://dhamma.digital

उहाँ हाम्रो आचार्य हुन् । उहाँ सदैव प्रयत्नशील भइरहुन् । उहाँ जुनसुकै प्रकारले पनि आनन्दले विहार गर्ने होउन् । उहाँको शारीरिक स्वास्थ्य पनि ठीक ठाक भइरहोस् । उहाँ सदा नै सुखी भई बसुन् साथै उहाँ जुन कुरामा पनि सन्तोषी होउन् । एवंप्रकारले मैत्री-भावना गर्दै जाने हो भने अवश्य पनि साधकलाई अर्पणा ध्यान प्राप्त हुन्छ ।

अब यहाँबाट अगाडि जाने हो भने प्रेमी व्यक्तिप्रति पनि होइन घृणित व्यक्तिप्रति पनि होइन्, मध्यस्थ व्यक्तिहरूप्रति मैत्री-भावना प्रारम्भ गर्नुपर्छ । मध्यस्थपश्चात् वैरी व्यक्तिप्रति मैत्री-भावना गर्नुपर्छ । त्यो वैरी व्यक्ति सुखी होस्, निरोगी होस् इत्यादि । मैत्री-भावना गर्ने व्यक्तिले आफ्नो चित्तलाई जसरी पनि कोमल गर्नेतिर उन्मुख हुनुपर्छ ।

महापुरूषहरूले वैरी र दुश्मन बनाउनेतिर चित्त नलगाइ सहनशीलतातिर चित्त राख्न प्रयत्न गरिरहनुपर्छ ।

**क्षमाशील सहनशीलताको कथा**

एक दिनको कुरा हो । पूर्ण नामक भिक्षु भगवान बुद्ध विराजमान रहेको स्थानमा पुगेर आफू सुनापरान्तमा वर्षावास बस्न जानको निम्ति निवेदन गऱ्यो ।

भगवानले भन्नुभयो - "पूर्ण ! त्यहाँका मान्छेहरू अति नै नराम्रा छन् । उनीहरूले तिमीलाई अपवचनले गाली गरे भने तब तिमी के गर्छौ ?"

पूर्ण - "भन्ते ! भगवन ! मलाई सुनापरान्तवासीहरूले गाली गरे भने म यसरी विचार गर्नेछुँ कि ती सुनापरान्तका मान्छेहरू राम्रा नै छन् किनकि तिनीहरूले मलाई हातले त कुट्न आएका छैनन् ।"

"पूर्ण ! यदि उनीहरूले तिमीलाई हातैले कुट्न आएभने तिमी के विचार गर्छौ ?"

"भन्ते ! भगवन ! त्यस अवस्थामा म विचार गर्नेछुँ कि उनीहरूले मलाई लट्ठीले त कुट्न आएका छैनन् ।"



https://dhamma.digital

"पूर्ण ! यदि तिमीलाई लट्ठीले नै कुट्न आए तिमी के सोच्छौ ?"

"भन्ते ! भगवन ! उनीहरूले मलाई शस्त्रले त प्रहार गर्न आएका छैनन् भन्ने बिचार गर्नेछुँ ।"

"पूर्ण ! यदि तिमीलाई उनीहरूले शस्त्र प्रहार गरेर प्राण नै हरण गर्न आएभने त्यसबेला तिमी के विचार गर्छौ ?"

"भन्ते ! भगवन ! त्यसबेला म विचार गर्नेछु कि भगवान बुद्धका कतिका श्रावक सङ्घहरू छन् जो आफ्नो जीवनदेखि घृणित भई जीवित भइरहनमा पनि वितृष्णा भएर शस्त्रधारकहरू (शस्त्रयुक्त चोर/डाका) खोज्दै हिँड्छन् परन्तु आज मलाई कहीँ पनि खोज्नै नपर्ने गरी उक्त शस्त्रधारकहरू सामुन्ने आउँदैछन् भन्ने विचार गर्नेछुँ ।"

भगवान्ले "साधु ! साधु ! पूर्ण ! तिमीले राम्रो कुशल बिचार नै राख्यौ भन्दै प्रशंसा गर्नुभयो । यसअनुरूप जसरी पनि गुणमात्र दृष्टिगत गरी क्षमाधर्म आफूमा विद्यमान गराउनु नै महापुरूषहरूको पहिचान हो । महापुरूषहरूले आफूलाई अनर्थ गर्न आउनेहरूप्रति पनि मैत्री-भावना गरी नै रहन्छन् ।

जो अन्याय अत्याचार गर्न आउने हो, त्यसप्रति पनि द्वेषचित्त नभएमा उसप्रति मैत्री मध्यस्थ हुन्छ । अनि उसले वैरीप्रति मैत्री-भावना गरिराख्नु आवश्यक हुँदैन कारण उसको निम्ति शत्रु भन्ने नै छैन किन्तु जससँग वैरीभाव भई नै राख्छ, उसले मध्यस्थपश्चात् वैरी व्यक्तिप्रति मैत्री-भावना गर्नमा निरन्तरता दिई नै रहनुपर्छ । वैरीहरूको स्मरणमात्र भएपनि वैरीद्वारा भइराखेको अन्याय अकर्तव्य आदि अवगुण सबै सम्झेर क्रोधको प्रस्फूटन भई नै रहनसक्छ । त्यतिमात्र होइन्, उनीहरूलाई दुःख कष्ट दिएर पतन गरिदिने कुभावना पनि मनमा उत्पन्न भइरहनेछ । यस्ता यस्ता अकुशल चेतनाले पनि स्वयंलाई दुःख दिइरहने तथ्य ज्ञात गरी, प्रथमतः आफूले मैत्री गरिराखेका मित्रहरूको गुणानुस्मरण गरेर चित्तलाई शान्त पारिकन वैरीप्रति



https://dhamma.digital

मैत्री-भावना गर्न जान्नुपर्छ । यसअनुरूप पनि आफ्नो चित्तमा वैरभाव परिशान्त भएर नगए यहाँ यसप्रकारका उपदेशहरू स्मरण गरौं -

**ककचूपम ओवादआदिनं अनुसरतो ।**
**पटिघस्स पहानाय घटितब्बं पुनप्पुनं ॥**

अर्थात – करौतीको उपमा दिएर बताउनुभएको उपदेशलाई अनुस्मरण गरी प्रतिहिँसाको भाव नाश गरी बारम्बार प्रयत्न गर्ने ।

मैत्री भावना गर्ने श्रद्धालुजनले आफूले आफैलाई उपदेश दिनुपर्छ - "हे ! क्रोधी मनुष्य ! तिमीले बुद्धको उपदेश (आज्ञा) लाई राम्ररी याद गरेर मनमा राख । यदि दुईतिर धार भएको करौँतिलाई समाएर कुनैपनि चोर, डाँका वा बदमासहरू आएर तिम्रो अङ्ग - प्रत्यङ्ग छिन्न भिन्न हुने गरी काट्न आएतापनि तिमी उसप्रति किञ्चित् द्वेष नगर । जसले द्वेष गर्नतिर लाग्छ, त्यो मेरो अनुशासनमा बसेको हुनेछैन ।"

**तस्सेव तेन पापियो, यो कुद्धं पटिकुज्झति ।**
**कुद्धं अप्पतिकुज्झन्तो, संगामं जेति दुज्जयं ॥**

अर्थात – "जसले क्रोधीहरूप्रति आफूले पनि क्रोध गरिराख्छ, उसले आफैलाई हानी गरिराखेको हुन्छ । क्रोधीको निम्ति अक्रोधी भई बस्नु नै जितेर जित्न कठिन महायुद्ध (महासंग्राम) हुन्छ ।"

**उभिन्नमत्थं चरित, अत्तनो च परस्स च ।**
**परं सकुपिंत ञत्वा, यो सतो उपसम्मति ॥**

अर्थात – "अरू रिसायो भन्ने जानेर जो स्मृतिवान् व्यक्तिले सहन गरी क्रोधित हुँदैन, उसले आफूलाई र परलाई पनि हित एवं उपकार गरेको हुनेछ ।"

## द्वेषको कामना तथा दुष्परिणाम

भिक्षुहरू ! वैरीले वैरीप्रति सातप्रकारका अकुशल कामना गर्छन् । ती सात यी हुन् -



https://dhamma.digital

(१) त्यो म प्रतिको वैरी मान्छे जतिसुकै राम्रो भएर हिँडेपनि नराम्रो नै होस् ।

(२) त्यो वैरी सर्वदा दुःखपूर्वक बस्नुपर्ने होस् ।

(३) त्यो वैरी धनवान कहिल्यै नहोस् ।

(४) त्यो यशवान् पनि नहोस् ।

(५) त्यो मित्रादि हुने पनि नहोस् ।

(६) त्यो यहाँबाट मरेर नरकगामी होस् ।

(७) त्यसलाई कहिल्यै सुगति प्राप्त नहोस् ।

द्वेषी (क्रोधी) व्यक्तिलाई पनि सात प्रकारका दुष्परिणामको सामना गर्नुपर्ने हुन्छ -

(१) क्रोधित मान्छे जति नै राम्रो वस्त्राभरण पहिरेर राम्रो बन्न प्रयत्न गरे तापनि रूप - सम्पत्ति मलिन भई नराम्रो नै बन्छ ।

(२) क्रोधित व्यक्ति सदैव दुःखमा डुबेर नै रहन्छ ।

(३) क्रोधित मान्छेले धन पनि प्राप्त गर्न सक्तैन ।

(४) क्रोधित व्यक्ति कहिल्यै महा धनवान पनि हुँदैन ।

(५) क्रोधित व्यक्तिलाई सच्चा मित्रता पनि प्राप्त हुँदैन ।

(६) क्रोधित मान्छे यशवान् पनि हुन सक्तैन ।

(७) क्रोधित व्यक्तिहरू मसानमा चिता बनाएर जलाई फालिसकेको काठ समान मात्र हो । जसरी मसानमा दुईतिर बलेर पनि बिचमा फोहर भइसकेर फालेको काठ न गाँउबासीहरूले सङ्कलन गर्छ, क्रोधी व्यक्ति मसानको ठुटो झैं हुन्छ ।

क्रोधी व्यक्तिले न आफ्नो हित उपकारार्थ काम गर्छ, न अरूहरूको हित उपकारार्थ कार्य गर्छ । उसले कुनै कार्य गरेतापनि आफू र अरू दुबै



https://dhamma.digital

पक्षलाई हानि हुने काम नै गर्नपुग्छ । यसरी क्रोधको अवगुण स्मरण गरी पुनः त्यसअनुरूप आफूलाई उपदेश दिने - "हे मनुष्य ! तिमी सदैव क्रोधी भइरह्यौ भने तिमीले कहिल्यै पनि बुद्धको उपदेशलाई पालना गर्न सक्नेछैनौ । क्रोध महान शत्रु हो । क्रोधले आफूमा बास गरी आफैलाई शत्रुले भन्दा अधिक दुःख दिइरहन्छ । तसर्थ क्रोधको बशमा नपर, पर्दै नपर ।" यसरी आफूलाई आफैले उपदेश दिएर आफूमा विद्यमान क्रोध शान्त भएर गएमा अति नै राम्रो भयो । यदि यसरी पनि क्रोध शान्त नभइदिएमा एकचोटि फेरि बिचार गरौं ।

## मैत्री-भावनाः अभ्यास - २

१) मैत्री भावनाको प्रारम्भिक अवस्थामा मैत्री राख्नु नहुने व्यक्तिहरू कति प्रकारका छन् ? कारणसहित उल्लेख गर्नुहोस् ।

२) चार प्रकारका मैत्री भावना कसरी पूर्ण गर्न सकिन्छ ?

३) पूर्ण भिक्षुको मैत्रीचित्त कस्तो थियो ? स्पष्ट पार्नुहोस् ।

४) द्वेषी व्यक्तिले कामना गर्ने सात प्रकारका अकुशलहरू उल्लेख गर्नुहोस् ।

५) द्वेषी व्यक्तिले सामना गर्नुपर्ने सात प्रकारका दुष्परिणामहरूबारे उल्लेख गर्नुहोस् ।



https://dhamma.digital

## (ग) काय-वची-मनोकर्म भावना

कुनै कुनै व्यक्तिहरूको काय-कर्म कुशल भइराखेको हुन्छ । उसले आफू सक्दो कार्यमा किञ्चित अल्सी नभइकन हार गुहार गर्नुपर्नेसम्म गरिदिन्छ तर उसको वचन र मनोकर्म भने कति पनि कुशल हुँदैन । त्यस्ता व्यक्तिहरूको वचीकर्म र मनोकर्ममा उपेक्षा गर्ने, बरू उसको काय कर्मका गुणहरू स्मरण गरिराख्ने । जसको वचीकर्म राम्रो हुन्छ उसको बोली वचनमा मिजास र नम्रता हुन्छ । उसले विस्तार विस्तारै सबैसँग मिजास राख्दै भलाकुसारी गरिराख्छ - "अहो ! तपाईलाई नदेखेको त धेरै भयो नि ! तपाईलाई कुशलै त छ ? तपाईको कायिक, मानसिक कुरामा कुनै तकलिफ त भएन ? इत्यादि तर उसको कामकुरो तथा मनोकर्म भने कति पनि राम्रो छैन । यस्ता व्यक्तिहरूका कायकर्म र त्यो मनोकर्ममा उपेक्षा राखी वचीकर्ममात्र सम्झेर बस्नुपर्छ । उनीहरूले जिन र चैत्य आदिलाई वन्दना गर्दैनन् । कथंकदाचित गर्नै परेपनि श्रद्धाचित्तले गर्दैन, केही भन्ला, गर्ला भन्ने डरले मात्र मन नलागेपनि शिर झुकाउने गर्छ । कतै धर्म उपदेश सुनेर बस्दा पनि विक्षिप्त तालले वा मनोरञ्जनात्मक पाराले सुन्छ अझ भन्ने हो भने निदाएर पनि बस्छ, किन्तु मनोवृत्ति राम्रा भएकाहरू यस्ता हुँदैनन् । फेरि कसैको मनोकर्म राम्रो छ किन्तु उसको कायकर्म, वचनकर्म पनि राम्रो हुँदै मनोवृत्ति राम्रा हुनेहरूले जिन, चैत्य आदिलाई वन्दना गर्दा खूब श्रद्धापूर्वक, भक्तिपूर्वक वन्दना गर्छन् । धर्मोपदेश श्रवण गर्दा पनि राम्ररी ध्यान दिएर सुन्छन् । फेरि आदर गौरव गर्नुपर्नेहरूलाई पनि त्यति नै आदर गौरव गर्छन् । यसरी मनोकर्म राम्रो भए उसको कायकर्म, वचीकर्मलाई उपेक्षा गरी केवल मनोकर्म नै मात्र सम्झेर मित्रता गरी राख्नुपर्छ ।

कुनै सत्त्वहरूका तीनै कर्म नराम्रा हुन्छन् । त्यस्ता सत्त्वहरू भने यो लोक त्यागेर परलोक पुग्दा आठ महानरक वा सोह्र (१६) उत्सद नरकमध्ये एक न एकमा अवश्य पुग्छ । आठ महानरक भन्नाले सञ्जीव, कालसूत्र,



https://dhamma.digital

संघात, रौरव, महारौरव, तापन, महातापन र अवीचि हुन् । यहीँ अवीचिका द्वारमा चार चार कुक्कुलादि नरक गरी सोह्र (१६) उत्सद नरक छन् । यस्ता नरकमा गएर दुःख भोग गर्नुपर्ने भन्ने अवबोध गरेर आफूलाई जसले जतिसुकै अत्याचार गर्दा पनि त्यस्ताप्रति रिस राग नगरी, मात्र निर्दोषता हेरी दया र करूणाले हेर्न सकेमा सहजताका साथ नै शत्रु शान्त भएर जान्छ ।

कसै-कसैलाई त, आफूलाई प्रिय तथा मन प्रसन्न बस्तु आदि देख्दामात्र पनि क्रोध शान्त भएर जान्छ किन्तु यसरी देखेर सम्झेर पनि क्रोध परिशान्त भएर जान्छ भने उसले मैत्री-भावना गरी नै राख्नुपर्छ भन्ने आवश्यकता छैन ।

मैत्री-भावना गर्ने श्रद्धालु व्यक्तिहरूले स्मरणयोग्य उपदेशहरूमध्ये एउटा उपदेश यो पनि हो, कतै खेतमा उब्जाऊ गरिराखेको धान-गहुँमा राम्ररी विचार पुऱ्याउन नसके ती बलियो भएर कसैलाई पनि घाउचोट गर्न सक्तैन । त्यस्तै नै राम्ररी शीलपालन गरी संयमित भएर आरक्षा नगरिएको चित्त भएमा उक्त चित्तले अविद्या अन्धकारलाई छेदन गरी बाहिरिन सक्तैन । पुनः कतै खेतको धान-गहुँमा राम्ररी बिचार गरिएको छ भने उक्त धान गहुँले हात खुट्टा आदि जहाँपनि सियोले घोचेसरी घोचेर रगत वमन हुनेगरी चोटपटक पुऱ्याइदिन सक्षम हुन्छ । ठीक त्यस्तै राम्ररी शीलपालन गरी संयमित भएर आरक्षा गरिएको चित्त भएमा उक्त चित्तले अविद्या अन्धकारलाई सहजै छेदन गरी बाहिरिने शक्ति प्राप्त हुन्छ ।

एकजना द्वेषयुक्त दुराचारी व्यक्तिलाई सधैँ भन्न सकिन्छ कि त्यो व्यक्ति मरणपश्चात् दुर्गतिमा पतन हुनेछ कारण उसको द्वेषले उसलाई त्यस्तै किसिमको अकुशल मार्गमा डोऱ्याइरहेको हुन्छ ।

फेरि, एक श्रद्धालु श्रद्धावानलाई यसै पनि भन्न सकिन्छ कि त्यो व्यक्तिले मरणपश्चात् सुगतिमा अवतरण हुनेछ कारण उसको श्रद्धाले उसलाई जसरी पनि कुशल स्थानमा, कुशल गतिमा पुऱ्याइरहेको हुन्छ ।



https://dhamma.digital

एक स्थानमा एक पोखरी छ । त्यो पोखरीको पानी धमिलो भएकोले त्यसमा भएका सिपी, शङ्ख, ढुङ्गा, माटो केही पनि देख्न सकिन्न, न त त्यसमा रहेका माछाहरू नै देख्न सकिन्छ । त्यस्तै नै अकुशल, असंयमित चित्तले गर्दा उसले आफूलाई पनि अरूलाई पनि हित सुख हुने सत्कार्य केही पनि ठम्याउन सक्तैन ।

फेरि, अर्को स्थानमा एउटा पोखरी छ । उक्त पोखरीको पानी स्वच्छ निर्मल भएकोले त्यसमा निहित सिपी, शङ्ख, ढुङ्गा, माछा आदि सम्पूर्ण छर्लङ्ग देखिन्छ । ठीक यस्तै राम्रो, कुशल, संयम चित्तले गर्दा आफूलाई पनि हित सुख हुने कृत्यहरू सबै देखिन्छन् । अनि उसले परोपकार हुने कार्यहरू पनि गर्नपुग्छ ।

जङ्गलमा जतिसुकै नै कोमल रूखहरू भएतापनि चन्दन (श्रीखण्ड) जस्तो कोमल र नरम रूखहरू पाईदैनन् । त्यस्तै योगाभ्यासमा अर्पित चित्त जस्तो नरम, कोमल हुने पदार्थ अरू केही पनि हुँदैन । त्यसैले चित्तलाई सदा सर्वदा ध्यानभावनामा केन्द्रित गर्ने प्रयत्न गर्नुपर्छ ।

संसारमा चित्त जस्तो छिटो छिटो परिवर्तन हुने अन्य बस्तु केहि पनि छैन । चित्त स्वभावतः निर्मल हो तर बाहिरी उपक्लेशले त्यसलाई धमिल्याइ दिन्छ । चित्त स्वभावैले निर्मल हुन्छ, झन् त्यसमा पनि बाहिरी शुद्ध आचरण, शुद्ध व्यवहारको कारणले अझै स्वच्छ निर्मल गरेको हुन्छ । एवंरीतले स्वच्छताको गुणानुस्मरण गर्दै वैरीभाव शान्त भएर गए त कल्याणै हो परन्तु वैर कतिपनि शान्त नभएमा आफूले आफैलाई यसअनुरूप उपदेश गर्नुपर्छ ।

**स्वयंलाई उपदेश**

**अत्तनो विसये दुक्खं कतं ते यदि वेरिना ।**
**किं तस्साविसये दुक्खं सचित्ते कत्तुमिच्छसि ॥**

अर्थात - "यदि तिमीलाई वैरीले दुःख-कष्ट नै मात्र प्रदान गरिरहेको छ भने पुनः त्यस अनर्थकारी कै पछि पछि धाएर किन दुःखको भोग गरिराख्छौ ।"



https://dhamma.digital

**बहूपकारं हित्वाना ञातिवग्गं रूदम्मुखं ।**
**महानत्थकरं कोधं सपत्तं न जहासि किं ॥**

अर्थात - "अति उपकार गरिराखेका, आफ्नै कारणले माया गरी सहानुभूति राखेर रोइराखेका, आफ्ना बन्धुहरूलाई पनि त्यागेर छोडेर गइराखेकाछौ भने फेरि एकपल्ट यो महान अनर्थकारी दुष्ट क्रोधलाई तिमी किन परित्याग नगरी आफ्नै बनाइ बस्यौ ?"

**यानि रक्खसि सीलानि तेसं मुल निकन्तनं ।**
**कोधं नामुपलालेसि का तया सदिसो जलो ॥**

अर्थात - "जुन शील पालन गरेको हो, त्यस शीलको जरैसमेत उखेल्नु क्रोध हो । त्यस्ता क्रोधलाई प्रेम गरिराख्ने अनि तिमी जस्तो महामूर्ख कोही होला ?"

**कतं अनरियं कम्मं, परेन इति कुज्झसि ।**
**किं नु त्वं तादिसं येव सयं कत्तुमिच्छसि ॥**

अर्थात - "अन्य शत्रुहरूले नराम्रो अनर्थपूर्ण कार्य गर्दैछन् । अब के तिमी पनि उनीहरूले गरे कै अकुशल कुकार्यको अनुसरण गर्न लाग्यौ, जुनकारण स्वयंलाई नै नाश गर्नु हो ।"

**रोसेतुकामो यदि तं अमनापं परो करि ।**
**रोसुप्पादेन तस्सेव किं पुरेसि मनोरथं ॥**

अर्थात - "हे मानव ! पराइले तिमीलाई क्रोधी बनाउन अनेकानेक अप्रिय व्यवहार गरेर देखाएको हुन्छ । अनि के तिमी पनि उनीहरू कै इच्छालाई परिपूर्ति गर्न क्रोधी भइराखेकाछौ त ?"

**दुक्खं तस्स च नाम त्वं कुद्धो काहसि वा न वा ।**
**अत्तानं पनिदानेव कोधदुक्खेन बाधसि ॥**

अर्थात - "तिमी क्रोधी भई पराइलाई बिगार्छौ वा बिगार्दैनौ तर क्रोधले पहिला तिमीलाई नै बिगारेको हुन्छ ।"



https://dhamma.digital

**कोधन्धा आहितं मग्गं आरूल्हा यदि वेरिनो ।**
**कस्मा तुवम्पि कुज्झन्तो तेसं येवानुसिक्खसि ॥**

अर्थात - "यदि क्रोधले अन्धो भई वैरीहरू अकुशल पथमा अग्रगामी छन् भन्ने स्वयंले ज्ञात गरेर पनि, पुनः एकपल्ट तिमी किन उनीहरू कै अनुकरण गरेर क्रोधलाई जगाई दुःखमा लिप्त भइराख्छौ ?"

**यं रोसं तव निस्साय सत्तुना अप्पियं कतं ।**
**तमेव रोसं छिन्दुस्सु किमट्ठाने विहञ्ञसि ॥**

अर्थात - "शत्रुले जुन क्रोधको कारणले तिमीलाई मन नपर्ने पाराले कार्य गर्दैछ, त्यो जानेर तिमी उक्त क्रोधलाई त्याग गरी देऊ । तिमी किन व्यर्थमा दुःखको भोग गरिराख्छौ ?"

**खणिकन्ता त धम्मानं येहि खन्धेहि ते कतं ।**
**अमनापं निरुद्धा ते कस्स दानीध कुज्झसि ॥**

अर्थात - "सम्पूर्ण धर्म क्षणिक हो । जुन स्कन्धले तिम्रो अप्रिय काम गरिराख्छ, त्यही नै निरोध भइसक्यो भने अब तिमी यहाँ कसलाई देखेर कसको निम्ति क्रोधी भएर रिसाएर बसेको ?"

यस अनुरूप आफूलाई आफैले उपदेश गर्नुपर्छ । यसरी उपदेश गर्दा पनि वैरीभाव शान्त नभए आफूले गरेका कर्मफल, कर्मविपाक स्वयं आफैले भोग गर्नुपर्नेबारे प्रतिवेक्षण गर्न जाऔं ।

## प्रतिवेक्षणको विधि

"हे पुरुष ! तिमी किन क्रोधी भई मन बिगार्छौ, जुन क्रोधको कारणले निर्माण हुने कर्म विपाक हो, त्यो तिमीले नै भोग नगरी सुख छैन् । कर्म नै आफ्नो हो । कर्म नै आफ्नो दायाद (सम्पत्ति) हो । कर्म नै आफ्नो गति हो । कर्म नै आफ्नो मित्रबन्धु हो । तसर्थ तिमी कर्म कै शरणमा पर ।" आदि भनी अनि यसरी पनि भन्ने - "तिमी यहाँ जुन क्रोधद्वारा कर्म बनाउँदैछौ, उक्त कर्मद्वारा तिमी न सम्यकसम्बुद्ध बन्न सक्छौ, न प्रत्येक बुद्ध बन्न



https://dhamma.digital

सक्छौ, न श्रावक बुद्ध बन्न सक्छौ । न तिमी ब्रम्हा बन्न पाउँछौ, न त इन्द्र बन्न पाउँछौ, न चक्रवर्ती राजा नै बन्न सक्छौ । क्रोधको कारण तिमीलाई सुगतिको लेश पनि प्राप्त हुँदैन । बरू तिमी बुद्धशासनबाट च्युत भई मरणपश्चात् केवल नरक मै पतन हुने हुन्छौ । अनि तिमीले दीर्घकालसम्म नरकमा भयङ्कर दुःखमात्र भोग गर्नुपर्ने हुन्छौ ।

तिमी त दुइटै हातले आगो र फोहर समाति रहेकोझैं हुनेछौ । मूर्ख मनुष्यहरूले परजनलाई बिगार्ने तथा दुःख दिने मनसायले हातमा आगो वा फोहर लियो भने प्रारम्भ मै कसलाई हानि हुनपुग्छ ? आफैलाई नै हानि हुन्छ भन्ने जानेर, देखेर आफ्नो कर्मप्रति प्रतिवेक्षण गर्नुपर्छ । तत्पश्चात् अरूहरूको कर्मप्रति पनि प्रतिवेक्षण गर्दै लग्नुपर्छ । "त्यो मलाई देखेर क्रोधी भइराखेको छ किन्तु उसको क्रोधले उसलाई नै अनर्थ गरिराख्ने छ किनकि कर्म नै आफ्नो हो । अरूलाई बिगार्ने बिचार गर्नु त हावाको दिशामा धूलो फाल्नु जस्तै मात्र हो ।" यसरी दुईतिर कै कर्मप्रति प्रतिवेक्षण गर्नुपर्छ । यसप्रकार अभ्यास गर्दा पनि क्रोध शान्त भएर नगएमा शास्ताको पूर्वचर्याप्रति प्रतिवेक्षण गर्नुपर्छ ।

**प्रतिवेक्षण**

हे पुरूषहरू ! तिमीहरूले वहाँ भगवान् बुद्धको पूर्व बोधिसत्व अवस्थाका चार असख्य एक लाख कल्पसम्म पारमिता पूर्ण गरिरहेको कालमा आफूलाई हत्या गर्न आउने दुश्मनलाई देखेर पनि किञ्चित् रिसाउनु भएन । जसरी शीलव राजा भइराखेको समयमा आफ्नी देवीसँग अत्याचार गरिरहने पापी अमात्यहरू राज्यबाट बाहिरिएर अर्को दुष्ट राजासँग मिलेर आफ्नो राज्य सम्पत्ति लुटन आए । तथापि त्यहाँ अलिक पनि ईर्ष्याभाव राख्नुभएन । आफूसँग भएका अमात्यहरूले युद्ध गरी ती दुष्टहरूलाई निष्काशन गरौं भन्दा पनि तिनीहरूलाई झगडा गर्न दिइएन र वैरी राजाप्रति द्वेष नगरिकन मैत्री-भाव नै राखिरहे ।



https://dhamma.digital

वैरी राजाहरूले ती मन्त्रीहरूलाई समाती मशानमा लगेर टाउको मात्र देखिने गरी खाल्डोमा पुरी दिए । तापनि राजा तथा मन्त्रीहरूले दुष्ट राजाप्रति वैरभाव राखेनन् । त्यसबेला त्यहाँ मरेका लाशहरू खान आएका स्यालहरूले ती पुरिरहेका मन्त्रीहरूलाई खाल्डोबाट झिकेर खान तम्तयार भए । अनि, अब त त्यत्तिकै बस्नु उचित भएन भनेर समय मै बल, वीर्य निकाली चतुरतापूर्वक सबै स्यालहरूलाई धपाई पठाए । तत्पश्चात् केही समयपछि दुई यक्षहरूको आफ्नो सीमानामा छोडी गएका मृतक शरीरलाई भागबण्डा गरी बाँडेर खान नसकी उक्त शीलव राजाकहाँ आए । राजाले पनि मृतक शरीरको आधा आधा भाग बाँडिदिए । अनि ती दुई यक्षहरूले शीलव राजालाई दुष्ट राजा सुताइराखेको श्रीशैय्यामा पुऱ्याइदिए । आफ्नो श्रीशैय्यामा सुतिरहेको राजादेखि कति पनि मन बिगारेन, बरू दुष्ट राजालाई बोध गराएर परस्पर वैरभाव नराखिकन बस्ने कराल गराई यसरी भने -

**आसिंसेथेव पुरिसो न निब्बिन्देयय पण्डितो ।**
**पस्सामि वोहमत्तानं यथा इच्छिं तथा अहु ॥**

अर्थात - "पण्डित पुरूषले कुनै कुराको आशा गरी कहिल्यै दिक्क हुनु हुन्न । म आफैलाई नै देखिराखेको छुँ, जसरी इच्छाएको थिएँ, त्यसरी नै काममा सफल हुँदै आएँ ।"

खन्तिवाद जातकमा पनि बुद्धिहीन काशी राजाले "श्रमण ! तिम्रो वाद र तिम्रो सिद्धान्त के हो ?" भनी सोद्धा "क्षान्तिवाद" भनी जवाफ पायो । त्यति नै कुरामा क्रोधित भई बोधिसत्वलाई काँडेदार कोर्राले पिट्न लगाई हात खुट्टा, नाक, कान सबै काट्न लगाए । तब पनि उहाँ रिसाउनु भएन् । अब यो कुरालाई अलिकति प्रष्ट गर्नको निम्ति कथा अलि विस्तार गरौं ।

## खन्तिवाद जातक कथा

उहिले काशी देशमा "कलाबु" भन्ने राजाले राज्य गर्दथे । त्यस अवस्थामा बोधिसत्व ८० करोड धन भएको ब्राम्हण महासाल कुलमा जन्म



https://dhamma.digital

भएछ । उसको नाम थियो - कुण्डकुमार । ऊ ठुलो भएपश्चात् तक्षशीलामा गई सबैप्रकारका शिल्पशास्त्र अध्ययन गरी घरमा फर्के । अनि आफैले घरको कामकाज लगायत आफ्ना मातापितालाई पनि राम्ररी पालन पोषण गरी बसे । एकदिन आमाबाबुको परलोक भएपश्चात् आफ्ना धनसम्पत्ति कति छ भनी हेर्दै यसरी बिचार गऱ्यो - "मेरा माता पिताले यतिसम्म धनसम्पत्ति आर्जन गरेको पनि मेरेर जाँदा केही लगेनन् । आखिरमा सबै यहींको यहीं छोडेर गए किन्तु म यी सम्पत्ति केही पनि छोडेर जान्न । म सबै धनसम्पत्ति साथ मै लग्नेछुँ ।" यति बिचार गरेर सम्पूर्ण सम्पत्ति क-कसलाई के-के चाहिन्छ, क-कसलाई के-के लाने इच्छा छ, इच्छित बस्तु लग्नु भनी ढुकुटी सबै खुल्ला गरी दान दिए ।

सम्पूर्ण सम्पत्ति दान दिइसकेपश्चात् स्वयं आफू हिमालय प्रस्थान गरी प्रव्रजित भए । त्यस हिमालयमा उपलब्ध कन्दमूल सेवन गरी बृहत्कालसम्म हिमालय मै बसे । हिमालयमा बस्दाबस्दै एकदिन नून तथा तीतो पिरो सेवन गर्ने इच्छाले हिमालयबाट क्रमशः वाराणशी पुगे । त्यहाँ पुगेर राजाको बगैंचामा बसे । अनुकूल समयमा नगरमा भिक्षाटन गए । भिक्षाटन जाँदाजाँदै सेनापतिको गृहस्थानमा पुगे । सेनापति उसको इर्यापथ (चालचलन) देखि खुशी भएर घर मै लगी आफ्नोलागि तयार गरेको भोजन सत्कारपूर्वक दान गरेर राजउद्यानमा बस्न आग्रह गरे । तत्पश्चात् बोधिसत्व त्यहीं नै बस्न थाले ।

एकदिन कलाबु राजा मदिरा (रक्सी आदि) सेवन गरी मस्त भएर वृहत् जनसमूहका साथ जनताद्वारा परिक्रमा गराई उद्यानमा आइपुगे । उद्यान भ्रमणपश्चात् मङ्गलशीलामा आसन बिछ्याउन लगाई एक प्रिय महारानीको काखमा टाउको राखी शयन गरे । अन्य स्त्रीहरूले गीत गाउने, वीणा बजाउने, कुनै जान्ने स्त्रीहरूले गीत गाएर वीणा बजाई त्यहाँ संगीत सुर बनाउन थाले । राजा देवराज इन्द्रसरी ठाँटबाँठले शयन गरी निदाउन थाले ।

अनि ती गीत गाइरहने स्त्रीहरूले बिचार गरे - "हामी जसको निम्ति यो संगीत बजाउँदैछौं, उनी राजा नै निदाए भने अब यहाँ यो गीत गाउँदै



https://dhamma.digital

संगीत बजाउनुको मतलब नै के ?" तिनीहरू वीणा आदि त्यहिँ नै छाडेर सबै बगैँचामा चारिका गर्न हिँडे । बगैँचामा राम्रा राम्रा फूल, फल देखेर मुग्ध भई आनन्दले घुम्दै फूल टिप्दै समय व्यतीत गर्न थाले ।

त्यसैबेला बोधिसत्व प्रव्रज्या सुखको अनुभव गर्दै जसरी मत्त हात्ती बसिराख्ने हो, त्यसै गरी एक विशाल फूलको बोटमुनि आनन्दले विराजमान थिए । त्यसबेला ती राजस्त्रीहरूले उहाँलाई देखेर एकजनाले भनिन् - "आर्यहरू ! यहाँ हेर त, यहाँ फूलको बोटमुनि एक ऋषि विराजमान छन् । जबसम्म राजा सुतिराख्नेछ, तबसम्म हामी सबै उहाँको समीपमा गएर धर्मको उपदेश सुन्न जाऔं ।" ती सबै गएर उहाँलाई प्रणाम गरी एक अलग स्थानमा बसी प्रार्थना गरे - "भन्ते ! हामीलाई योग्य उपदेश दिनुहोस् ।"

त्यहाँ बोधिसत्वले उनीहरूलाई हित-सुख कामना गर्दै उपदेशको शुभारम्भ गरे । धर्मको कुरा हुँदाहुँदै उता राजाकहाँ बसिराख्ने महारानीलाई थकित अनुभव भएर उनीले घुँडा हल्लाइन् । त्यसैबेला राजाको निन्द्रा टुट्यो । त्यहाँ गीत गाइराख्ने राजस्त्रीहरू एकजना पनि नदेखेर राजा जङ्गिए - "खै ती चण्डालनीहरू ?"

महारानी - "महाराज ! तिनीहरू सबै ऊ त्यहाँनिर एक तपस्वीकहाँ बसिराखेका छन् ।"

यो कुरा सुनेर राजालाई एक्कासी रिस उठ्न थाल्यो । अनि तरबार झिक्दै "ती दुष्ट तपस्वीलाई ठीक गरिदिन्छु ।" भन्दै बेगले उतैतिर दौड्न थाले ।

ती राजस्त्रीहरूमध्ये राजाको सबैभन्दा प्रिय रानीले राजाको हातमा रहेको तरबार खोसिदिइन् । तापनि राजा बोधिसत्वकहाँ गएर सोध्नथाले- "श्रमण ! तिम्रो वाद के ?"

बोधिसत्व - "महाराज ! क्षमावाद ।"

राजा - "क्षमावाद भनेको के हो ?"



https://dhamma.digital

"महाराज ! गाली गर्दा, प्रहार गर्दा, अपमान हुँदा क्रोधित नहुनु ।"

राजाले - "त्यसो हो त हेरौंला, तिमीमा क्षमावाद छ कि छैन ।" यति भन्दै अझ रिसाएर एक चण्डाललाई बोलायो । त्यो चण्डाल पहेँलो लुगा लगाएर रातो माला घाँटीमा झुण्ड्याएर राजा बसिराखेको स्थानसम्म आइपुग्यो । राजालाई नमस्कार गर्दै एक छेउमा उभिएर बिन्ति गर्नथाल्यो - "महाराज ! जे हुकुम छ ।"

राजाले भने - "यो चोर तपस्वीलाई समात । अनि जगल्ट्याएर भुइँमा पछार । तत्पश्चात् त्यो काँडा भएको कोर्राले अगाडि पछाडि दुई हजार चोटि हान ।" उक्त चण्डालले उस्तै नै गऱ्यो ।

बोधिसत्वको छाला सबै छिया छिया पर्न थाले । शरीरका मासु सबै फुट्न थाले । रगतको धारा बग्यो ।

राजाले फेरी भन्यो - "हे श्रमण ! तिम्रो वाद के हो ?"

"महाराज ! क्षमावाद महाराज ! तपाईले मेरो क्षमा मेरो छालाभित्र लुकेको छ भनी सम्झनुभयो के ? महाराज ! मेरो क्षमा मेरो छालाभित्र होइन । तपाईले मेरो क्षमालाई देख्न सक्नुहुन्न । मेरो क्षमा मेरो हृदयभित्र छ ।

चण्डालले सोध्यो - "महाराज ! जे आज्ञा छ ।"

राजा - "चण्डाल ! यो दुष्ट तपस्वीका दुईटै हात छिनाई देऊ ।"

चण्डालले बसिला लिई काठको अचानोमा राखेर दुइटै हात काटिदियो ।

"महाराज ! अब जे आज्ञा छ ।"

"अब खुट्टा काटिदेऊ ।"

उसले खुट्टा पनि छिनाई दियो । हात खुट्टा काटिसके पश्चात् हातबाट पनि खुट्टाबाट पनि गाग्रीबाट खन्याए झैं रगतको धारा बग्नथाल्यो ।

राजाले फेरि सोधे - "अरे श्रमण ! तिम्रो वाद के हो ?"



https://dhamma.digital

"महाराज ! क्षमावाद महाराज ! मेरो क्षमा मेरो हातमा, मेरो खुट्टामा छ भनी सम्झनुभयो के ? मेरो क्षमा अन्तरगहिराइमा समाहित छ ।"

राजाले गर्जेर आज्ञा दिए - "यसका कान-नाक काटिदेऊ ।" त्यो चण्डालले राजाको आज्ञानुरूप नाक-कान काटिदियो । शरीरभरि रगतमात्र मुछिन थाल्यो ।

पुनः सोधे - "तिम्रो वाद के हो ?"

"महाराज ! क्षमावाद हो । तपाईले यो सोच्नु भयो कि ? मेरो क्षमा नाक कानको जरामा छ भनी । मेरो क्षमा मेरो हृदयको भित्रसम्म रहेको छ ।"

राजाले तपस्वीको छातीमा भ्वाक्क लात दिएर "दुष्ट तपस्वी ! तिम्रो क्षमा तिमी नै राख" भन्दै आफ्नो बाटो लागे ।

राजाले यति गरेर गईसकेपश्चात् सेनापतिहरू आएर बोधिसत्वलाई बिस्तारै उठाई, शरीरभरि लागेका रगत सबै सफा गरी, नाक-कानमा कपडाले बेर्दै बिन्ति गर्न थाले - "भन्ते ! तपाई रिसाउनु परे जो अपराधी राजा हो, उसप्रति नै मात्र रिसाउनुहोस् । अरू कसैसँग पनि क्रोध नउठाउनुहोस् ।" यस्तो भन्दै प्राथना गरे -

**यो ते हत्थे च पादे च कण्णनासञ्च छेदयि ।**
**तस्स कुज्झ महावीर मारट्ठं विनस्स यदं ॥**

अर्थात - "हे महावीर ! जसले तपाईका हात-खुट्टा तथा नाक-कान काट्का हुन्, उसैप्रति नै मात्र रिसाउनुहोस् । यो काशी देशलाई अनिष्ठ नगर्नुहोस् ।" यो कुरा सुनेर बोधिसत्वले यस्तो आज्ञा गर्नुहुन्छ -

**यो मे हत्थे च पादे च कण्णनासञ्च छेदयि ।**
**चिरं जीवतु सो राजा नहि कुज्झन्ति मादिसा ॥**

अर्थात - "जसले मेरा हात-खुट्टा, नाक-कान काट्का हुन् त्यो राजा दीर्घकालसम्म बाँचिरहोस् । यहाँ म जस्तो व्यक्ति रिसाउने छैन ।"



https://dhamma.digital

उता राजा बगैँचाबाट बाहिरिएर बोधिसत्वको आँखाबाट टाढा-टाढा हुँदै गयो । क्रमशः ढोकाको बाहिर पुग्दा ४० योजन मोटाई भएको पृथ्वी, गोरूको शरीरमा भएको वस्त्र च्यातिएसरी फाटेर अवीचि नरकबाट आगोको भयङ्कर ज्वाला निस्केर खास्टोले गुट्मुटाए झैँ गरी राजालाई पृथ्वीबाट नरकमा तानेर लग्यो ।

बोधिसत्वको पनि त्यसै दिन मरण भयो । राजपूरूषहरूले धुप पुष्प आदिले पूजा गरी उहाँको पार्थिव शरीरको अग्निसंस्कार गरे । यो बोधिसत्वको अवस्थाको क्षान्ति कुरा हो ।

फेरि, 'चुल धम्मपाल' जातकमा अबोध निर्वल नाबालकलाई मारेको छ । चुल धम्मपालको विषयमा पनि छोटकरी उल्लेख गरौं ।

## चुल धम्मपाल जातककथा

परापूर्व समयमा वाराणशी देशमा "महाप्रताप" भन्ने राजाले राज्य गरिरहेका थिए । त्यसबेला बोधिसत्व महारानी चन्दादेवीको गर्भबाट जन्म भयो । नामकरण गरिँदा "धम्मपाल कुमार" भनी राखियो । धर्मपाल सात महिना हुँदा महारानीले धर्मपाललाई सुगन्धयुक्त जलले स्नान गराई, गर्नुपर्ने स्याहारसुसार सिध्याई आनन्दले बसेर बच्चालाई खानपिन गराई रहिन् । यस्तो बेला राजा महाप्रताप महारानी भएस्थानमा आए तर महारानी पुत्रस्नेहमा मुग्ध भइराखेको कारणले गर्दा राजालाई देखेर पनि उठ्न सकिनन् । राजाको मनमा चिसो पस्यो - "अहिले नै तिनीले पुत्रको कारणले अभिमानी भई मलाई नै देख्न छाडिन् । भविष्यमा यो राजकुमार ठूलो भएमा झन् तिनले मलाई मान्छेसम्म पनि गन्ने छैनन् । तसर्थ, यो बच्चालाई अहिल्यै नै मारी दिन्छु ।"

त्यहाँबाट फर्केर राजसिंहासनमा बसी हत्यारालाई बोलाउन पठाए - "सबै ठीक गरेर आऊ ।" हत्यारा पनि गेरुवावस्त्र लगाई घाँटीमा रक्तिम माला लगाएर सम्पूर्ण सामान ठीक गरी आयो । राजालाई नमस्कार गरी बिन्ति गऱ्यो - "महाराज ! जे आज्ञा छ ।"



https://dhamma.digital

"महारानीको शयनागारमा गएर धर्मपाल राजकुमारलाई लिएर आऊ ।" महारानी पनि राजा क्रोधित हुँदै गएको जानी राजकुमारलाई लिएर अब के पो हुने हो भन्दै भयभीत भई रोएर बसिराखिन् ।

हत्याराले पनि राजाज्ञा अनुरुप गएर महारानीको कम्मरमा एक झड्का दिएर बच्चा खोसेर ल्यायो । राजाको सम्मुखमा बच्चालाई राखेर भन्यो - "महाराज ! जे आज्ञा छ ।"

राजाले भन्यो - "यसलाई एउटा अचानो ल्याई त्यसमा सुताइदेऊ । घातकले पनि त्यस्तै गऱ्यो ।" चन्दादेवी पनि पुत्रस्नेहको कारण रुँदै रुँदै त्यहाँ आइपुगिन् ।

घातकले सोध्यो - "महाराज ! अब के गर्ने ?"

"धर्मपालको हात काट ।" राजाको कर्कश स्वर सुनेर चन्दादेवी चिच्याइन् "महाराज ! मेरो छोरा मात्र सात महिना पुग्यो, उसले केही जानेको छैन् । बच्चाको गल्ती पनि छैन । केही गल्ती भए मेरो मात्र होला । महाराज मेरो हात काट्न लगाउनुहोस् ।" भन्दै बिन्ति गर्न थाली -

**अहमेव दूसिया भूनहता रञ्ञो महापतापस्स ।**<br>**एतं मुञ्चतु धम्मपालं हत्थे मे देव छेदेहिं ॥**

अर्थात - "दोषी म हूँ । राजा महाप्रतापको दोषी मै हुँ । हे देव ! यो धर्मपाललाई छोडेर मेरा हात काटिदिनुस् ।"

राजाले घातकतिर हेरे । घातकले सोध्यो - "महाराज जे आज्ञा छ !" "ल ! बिस्तार नगर, यसको हात चाँडै काट् ।" राजाले रिसाउँदै भने ।

घातकले पनि तीखो बन्चरो लिएर नरम र नयाँ बाँस छिनाएसरी नै धर्मपालको दुइटै हात काटिदियो । यसरी हात काट्दा पनि धर्मपाल न रोयो, न चिच्यायो । ऊ त शान्तिपूर्वक बस्दै मैत्रीलाई सम्मुख राखेर दुःख सहेर बसे । चन्दादेवी भने काटिएका दुईवटा हात काखमा राखी रगत यताउता पर्ने गरी रुँदै यता र उता गर्दै रहिन् ।



https://dhamma.digital

घातकले पुनः सोध्यो - "महाराज ! जे आज्ञा छ ।"

राजाले भन्यो - "यसका दुइटै खुट्टा पनि काटिदेऊ ।"

यो कुरा सुनेर चन्दादेवीले एवांनुरूप बिन्ति गरी -

**अहमेव दुसिया भूनहता रञ्ञो महापतापस्स ।**
**एतं मुञ्चतु धम्मपालं पादे मे देव मे देव छेदेहि ॥**

अर्थात - "दोषी म हूँ । राजा महाप्रतापका दोषी मै हुँ । हे देव ! यो धर्मपाललाई छोडेर मेरो खुट्टा काटिदिनुहोस् ।"

राजाले पुनः घातकलाई कुमारको दुइवटै खुट्टा पनि चाँडै काट्ने आज्ञा दिए । घातकले दुइटै खुट्टा पनि काटिदियो । चन्दादेवी ती दुइटा खुट्टा पनि काखमा लिँदै रगत यता उतासम्म पारी चिच्याएर रुँदै कराइन "महाराज हात खुट्टा काटिसकेका भएपनि कुमारलाई पालन गर्न म दुःखी आमालाई सुम्पिदिनुस् । म दासी काम गरेर पनि यसको पालन गर्नेछुँ ।"

घातकले सोध्यो - "महाराज ! राज आज्ञा पालन गरी सके । के मेरो कार्य समाप्त भएन र ?"

"पख ! सकिएको छैन ।"

"अब के गर्न बाँकी छ र ?"

"यसको टाउको पनि काटिदेऊ ।"

चन्दादेवी आएर आफ्नो टाउको कुमारको ठाउँमा राखीदिई । घातकले सोध्यो - "महाराज । के गर्ने ?"

"यो बच्चाको टाउको काट ।" घातकले कुमारको शिर पनि काट्र सोध्यो - "महाराज । राज आज्ञा सकिएन र ?"

"सकिएको छैन, पख ।"

"महाराज । अब जे गर्नुपर्छ ।"



https://dhamma.digital

"तरबारको चुच्चोमा राखी असिमालो (असि = तरवार) बनाई देऊ ।"

घातकले धर्मपालको लाशलाई आकाशमा हुत्याएर तरबारको चुच्चोमा अडाई असिमाला बनायो र दरवारको सबैभन्दा माथिको तलामा लगी छरिदियो । चन्दादेवी माथि गई बोधिसत्वको टुक्रा टुक्रा शरीर लिई काखमा राख्दै र रुँदारुँदै यसो भन्न थाली - "अवश्य पनि यी राजाका हित चिन्तकहरू, मित्र-अमात्यहरू कोही छैनन् होला । कसैले पनि आफ्नो पुत्रलाई मार्न लाग्दा पनि नमार भन्ने कोही छैन ।" धर्मपालको हात खुट्टा एवं हृदयको मासु समाउँदै महारानीले यस्तो भन्दै गइन -

**चन्दनरसानुलित्ता बाहा छिज्जन्ति धम्मपालस्स ।**
**दायदस्स पथव्या पाणा मे देव रूज्झन्ति ॥**

अर्थात - "पृथ्वी (राज्य) को उत्तराधिकारी धम्मपालको श्रीखण्ड लेपन गरिएका हात काटदैछन् । खुट्टा काटदैछन् । टाउको काट्दैछन् । हे देव ! यो देखेर मेरो प्राण छुट्न लाग्यो । मेरो प्राण टुटिँदैछ ।"

एवं तरिकाले रूँदारूँदैं महारानीको छाती फुटेर मरेर गइन् । यता आफ्नो टाउको काट्न लाग्दा धर्मपालले आफ्नो चित्तलाई वशमा राख्नुपर्ने अवस्था भयो भन्ने जानेर चित्तलाई बोध गरी घातकप्रति पनि कुनै क्रोध नगरिकन मैत्रीचित्त बनाइरहेको थियो ।

यी कुराहरू बोधिसत्वको मनुष्यजीवनका अवस्थाको हो किन्तु, एकपटक पशुयोनिमा ६ वटा दन्त पूर्ण हुँदाको बखत एक ब्याधाले देखी चक्कुले घोचेर मार्दा पनि कति पनि रिसाउनु भएन् । यस अनुरूप बोधिसत्त्वहरूको पूर्व आचरणलाई स्मरण गरेर भएपनि क्रोध शान्त गर्नतिर प्रयत्न गर्नुपर्छ । यद्यपि, यसो गर्दापनि क्रोध शान्त नभएमा अनादि कालको प्रतिवेक्षण गर्नुपर्छ ।



https://dhamma.digital

## मैत्री-भावनाः अभ्यास – ३

१) काय, वची र मनोकर्मलाई ध्यानमा राखेर कसरी मैत्री भावना गर्नुपर्छ ?

२) "द्वेषयुक्त दुराचारी व्यक्ति दुर्गतिगामी हुन्छ" उदाहरण सहित स्पष्ट पार्नुहोस् ।

३) स्वयंलाई उपदेश गरेर कसरी द्वेष भावनालाई निर्मूल पार्न सकिन्छ ?

४) द्वेषलाई दमन गर्न प्रतिवेक्षणको विधि कुन हदसम्म महत्वपूर्ण हुन्छ ?

५) बोधिसत्व ऋषिले कसरी द्वेषलाई दमन गरी मैत्री भावनालाई प्रबल पार्नुभयो ? खन्तिवाद जातकको आधारमा लेख्नुहोस् ।

६) "चुल धम्मपाल जातककथा" संक्षेपमा लेख्नुहोस् ।

Dhamma.Digital



https://dhamma.digital

# (घ) अनादि कालको प्रतिवेक्षण

अनादि कालको प्रतिवेक्षण कसरी गर्ने त ? यो संसारमा यस्ता पुरुषहरू सुलभ हुने छैनन् जुन पुरुष पिता नभएको होस् । जुन स्त्री आमा नभएको होस् न दाजु नभएको होस् न कुनै सत्त्वलाई भाइ नबनाएको होस् । यस्तै कुनै सत्त्वलाई दिदी, कुनैलाई बहिनी बनाएर नआएका पनि हुँदैनन् ।

जो आमा भएर आइसकेकी हुन्, तिनीहरूले मलाई सकी नसकी केही नभनी १० महिनासम्म गर्भमा राखी जन्म दिए । त्यसमा पनि फेरि दिसा पिशाब समेतलाई चन्दनझैँ गरी अलिकति पनि घृणित नभइकन सफा सुग्घर गरेर छातीमा राखी नचाएर, खेलाएर, काखमा राखी फकाएर दुधपान गराई पालन पोषण गरेर आएका हुन् ।

पुनः जो पुरुषहरू बाबु भएर आइसकेका हुन्, तिनीहरूले आफ्ना सन्तानहरूलाई पाल्नुपर्छ भनी खसी बोकाहरू मात्र जाने बाटोमा लागेर पनि ब्यापार गर्न जान्छन् । यतिमात्र होइन, सन्तानको निम्ति आफ्नो जीवनसमेत त्याग गरी डुङ्गामा बसी भयङ्करको समुद्र पार गरेर युद्धमा पनि गई राख्छन् । यस्तै नै, अन्य पनि कठोरमय कामकार्य सम्पन्न गरेर पनि धन संग्रह गर्छन् तथापि परिवारहरूलाई पालन पोषण गरिराख्छन् ।

पुनः दाजु भाइ, दिदी बहिनी भएर आएकाहरूले मेरो निम्ति दया माया राखी दुःख सहेर कति उपकार गरेर आए होलान् । तसर्थ, म कुनै सत्त्वको कारणले पनि रिसाएर कुमतिको भई बस्नु योग्य छैन ।

यसरी चिन्तना गर्दा पनि क्रोध शान्त गर्न सकेन भने मैत्री भावनाद्वारा लाभ हुने ११ प्रकारका गुणलाई याद गरेर चित्तलाई शान्त गर्नमा प्रयत्न गर्नुपर्छ ।

मैत्री भावनाका आनिशंस फललाई सम्झेर पनि क्रोध शान्त भएर नगएमा धातुलाई विभाजन गरी हेर्नुपर्छ ।



https://dhamma.digital

## धातु विभाजन

"हे पुरुष ! तिमी को देखि वा के देखि क्रोधी भई राख्यौ ? केश देखेर ? कि रोम देखेर ? केश, रोम, मासु, नङ्ग, छाला, यी शरीरका ३२ बटा अङ्गमध्ये तिमी के देखि रिसाइरहेका छौ ?" यसरी स्मरण गर्नुपर्छ ।

फेरि धातुतिर हेर्नुपर्छ । "पृथ्वी, जल, वायु, अग्निमध्ये तिमी कुन धातुदेखि क्रोध गरिराख्यौ ? पञ्चस्कन्ध, द्वादश आयतन र १८ धातुमध्ये तिमी कुन धातुदेखि रिसाई रहेकाछौ ? पुनः वेदना, संज्ञा, संस्कार र विज्ञानमध्ये तिमी के देखि क्रोधित भइराखेकाछौ ? पुनः चक्षुआयतन, रूपआयतन, श्रोतआयतन, शब्दआयतन, घ्राणआयतन, गन्धआयतन, जिव्हाआयतन, रसआयतन, कायआयतन, स्पर्शआयतनमध्ये तिमी के देखि क्रोधी भइराखेका छौ ? पुनः चक्षुधातु, रूपधातु आदिमा पनि तिमी कुन धातुदेखि नराम्रो मान्ने भइराख्यौ ?" यसअनुरुप धातु विभाजन गरी हेर्नुपर्छ । यसरी पनि नभएमा द्वेषका अवगुण फेरि सम्झनुपर्छ । जसरी आकाशमा चित्र कोर्ने स्थान छैन, त्यसरी नै हृदयमा पनि क्रोध पालेर मङ्गल हुने स्थान छैन भनी, जसरी पनि क्रोधलाई प्रश्रय नदिने नै प्रयत्न गरी उपायमा लागि रहनुपर्छ ।

धातु विभाजन गर्न नजान्नेहरूले दान बस्तुतिर बिचार गर्नुपर्छ । "मैले आफ्नो बस्तु अरूलाई दिनुपर्छ । फेरि अरूको बस्तु मैले लिनुपर्छ । यदि अरूको जीविका नभएमा मसँग भएको बस्तु केही न केही दिएर पनि त्यसलाई संग्रह गर्नुपर्छ ।" यसरी विचार गर्दा पनि त्यस व्यक्तिप्रतिको द्वेष सबै शान्त भएर जान्छ । अतीत संस्कारले उत्पन्न क्रोध भएतापनि त्यस अवस्थामा नै शान्त भएर जानसक्छ । त्यसैले भनिएको पनि छ -

**अदन्न दमनं दानं, सब्बत्थ साधकं ।**
**दानेन पियवाचाय, उण्णमन्ति नमन्ति च ॥**

अर्थात - "दमन गर्न नसक्ने व्यक्तिलाई पनि दानले दमन गर्न सकिन्छ । दान र प्रिय वचनद्वारा दायक उच्च अधिकारी बन्छ । प्रतिग्राहक नरम हुन्छ ।"



https://dhamma.digital

यसरी दानतिर अनुस्मरण गरी वैर शान्त भयो भने त्यसप्रति प्रिय व्यक्ति तथा अतिप्रिय व्यक्ति तथापि सहायक र मध्यस्थहरूलाई पनि यसरी नै बिचार गरेर हेर्नुपर्छ । यसअनुरूप हेरिसके पश्चात् बारम्बार मैत्रीभाना गरेर आफूलाई, आफ्नो प्रियजनलाई, मध्यस्थहरू लगायत वैरीहरू गरी यी चार प्रकारका पुरूषहरूलाई समान चित्त गरी सीमानालाई छेदन गरी दिनुपर्छ ।

**सीमा छेदन (समानताको व्यवहार)**

एउटा कुरा यदि प्रिय व्यक्ति, मध्यस्थ व्यक्ति, वैरी व्यक्ति र आफू गरी चारजना एकैस्थानमा बसेको बेला चोरहरू आएर "भन्ते हामीलाई एक भिक्षु देऊ भनी माग्न आउँदा सोधिन्छ किन ? "के गर्नलाई ?" चोरहरूले भन्नेछन् "भन्ते मारेर बलिकर्म गर्नलाई", अब यहाँ यो भिक्षु हो, फलाना फलानालाई समात भन्दा सीमा छेदन गरेको हुँदैन । फेरि, मलाई समात, यी तीनजनालाई छोडिदेऊ भन्दा पनि सीमा छेदन गरेको हुँदैन किनभने जुन जुनलाई समाउने हो, त्यो त्योप्रति नराम्रो नै भावना हुनजान्छ तर, यहाँ चारमध्ये एकजना पनि नदिइएमा समानताले व्यवहार गरेको हुन्छ । यसमा पूर्वकालीन व्यक्तिहरूले पनि यसरी भनेका छन् -

**अत्तति हितमज्झत्ते अहिते च चतुब्बिधे ।**
**यदा पससति नानत्तं हितचित्तो व पाणिनं ।**
**न निकामलाभी मेत्ताय कुसली ति पवुच्चति ॥**

अर्थात - "आफू, प्रिय, मध्यस्थ र अप्रिय यी चारसँग पनि भिन्न भिन्न देखेमा (त्योसँग) प्राणीहरूको बिचमा हित र अहित कामना भएको हुन्छ । तसर्थ, यसलाई मैत्री कूल भनी भनिन्दैन् कारण एकजनालाई हित कामना अनि अर्कोलाई अहित कामना हुनेहुँदा त्यस्तालाई मैत्री भावना भन्नु हुँदैन ।"

चारवटै सीमानालाई उल्लङ्घन गरी देवतासहित सारा लोकलाई एउटै दृष्टिले, समानरूपले मैत्री भावना पूर्ण गर्ने हो भने त्यसमा सीमाना छ भनी भन्न सकिन्दैन । अनि, यो मैत्री महान् गुणवान बन्नपुग्छ ।



https://dhamma.digital

यसप्रकारले समकाल नै सीमानाको भिन्न गर्नेलाई उपचार निमित्त प्राप्त हुन्छ । त्यस निमित्तलाई वृद्धि गर्दै लग्यो भने केही समय मै पृथ्वी कसिणमा भनिए झैं अर्पणालाई प्राप्त हुन्छ । यहाँसम्म कि पाँच अङ्गले पूर्ण त्रिविध कल्याण तथा १० लक्षणयुक्त मैत्री सहगत प्रथम ध्यान प्राप्त हुन्छ । प्रथम ध्यान प्राप्त भएपश्चात् निमित्तलाई पुनः बढाएर तृतीय, चतुर्थ ध्यानसम्म प्राप्त हुन्छ ।

**प्रथम ध्यान वा कुनै एक ध्यानमा –**

> **मेत्तासहगतेन चेतसा एकं दिसं फरित्वा विहरति, तथा दुतियं, तथा ततियं, तथा चतुत्थं, इति उद्धमधो तिरियं सब्बधिं सब्बत्तताय सब्बावन्तं लोकं मेत्तासहगतेन चेतसा विपुलेन महग्गतेन अप्पमाणेन अवेरेन अब्यापज्झेन फरित्वा विहरति ॥**

अर्थात - "मैत्रीयुक्त चित्तले एक दिशालाई पूर्ण गरी विहार गर्छ । त्यसै नै अर्को दिशालाई पनि, त्यस्तै तेस्रो दिशा, चौथो दिशालाई पनि मैत्रीयुक्त चित्तले विहार गर्छ । यसप्रकारले तल माथि बिचमा गरी सकल दिशा हेरी, सकल प्राणीहरूलाई महान लोक धातुमा प्रमाणरहित भई मैत्रीयुक्त चित्तले विहार गर्छ ।"

प्रथम ध्यान आदिका अनुसारले अर्पणाध्यानलाई विविध क्रियाले सिद्ध हुनआउँछ ।

यहाँ 'मेत्ता सहगतेन चित्तेन' भने झैं मैत्रीयुक्त चित्तले एक दिशाका सत्त्वहरूलाई हेर्छ । त्यसपछि दोस्रो दिशाका, अनि तेस्रो दिशाका, अनि चौथो दिशाका प्राणीहरूलाई हेर्छ । 'सब्बसत्ताय' अर्थात सर्वचित्तभावले चित्तलाई अलिकति पनि बाहिर विक्षिप्त नबनाई 'सब्बासत्तं' अर्थात सकल सत्त्व वा सकल सत्त्वहरूप्रति मैत्रीयुक्त चित्तले भावना गर्नु नै अप्रमाण (असीमित) चित्त हो ।



https://dhamma.digital

## मैत्री आनिशंस व्याख्या

मैत्रीयुक्त चित्तको निम्ति श्रद्धा चित्त सम्मुख राखी मैत्री-भावनामा रहेर बस्नु परम कल्याणकारक हो । मैत्रीयुक्त पुद्‌गललाई माथि भनिए झैँ ११ प्रकारका आनिशंस फल प्राप्त हुन्छ ।

यहाँ पनि एकचोटि भन्ने हो त सुखपूर्वक सुत्छ । मैत्री नभएका व्यक्तिहरू अस्तव्यस्त हुने गरी चलेर घुर्र, घुर्र घुरेर दुःखपूर्वक सुत्छन् तर मैत्रीचित्त भएकाहरू यसरी नभई आनन्दले सुतेर बस्छ ।

फेरि सुखपूर्वक निन्द्रा खुल्छ । उपमा भन्नुपर्दा जसरी कमलको फूल फुल्दा विस्तारै फुल्ने हो, त्यसरी नै मैत्रीयुक्त व्यक्ति पनि विस्तारै ब्युँझिन्छन् ।

नराम्रो दुस्वप्न देख्दैनन् । हरदम राम्रो मनले नै आनन्दले हुनेमात्र सपना देख्छ । जसरी कि जिन, चैत्य वन्दना गर्दैछु, बुद्धपूजा गर्दैछु, धर्म उपदेश सुन्दैछु जस्तामात्र सपना देख्छ । मलाई चोरहरूले लखेटे, चोरहरूले आफ्नो घेरामा राखे, हिंस्रक जन्तुहरूले दुःख दिइराखे, पर्वतबाट खस्दैछु आदि जस्ता भयानक सपना देख्दैन ।

फेरि त्यस्तालाई मान्छेहरूले पनि अति प्रेम गर्छन् । घाँटीमा लगाएको मोतिमाला, हीरामाला अथवा टाउकोमाथि सजाइएको फूल सरी नै प्रेम गरिने हुन्छ ।

'**अमनुस्सानं पियं होति**' अर्थात् - जसरी मनुष्यहरूले मन पराएका हुन् त्यसरी नै अमनुष्यहरूले पनि प्रेम गर्छन् । उदाहरणस्वरुप भन्नुपर्दा विशाख स्थविर समान ।

## मैत्री प्रभाव-देवरक्षा एवं अमनुष्य प्रिय (कथा)

ऊ पाटलिपुत्रका एक कुटुम्बिक थियो । वर्तमान समय पटनाको हो । उसले त्यहीँ बसेर नै सुन्यो कि ताम्रपर्णी (श्रीलंका) द्वीपमा चैत्यले भरिपूर्ण



https://dhamma.digital

छ । फेरि आफूलाई जहाँ मनलाग्छ, त्यहीँ बस्न सक्छ । ऋतु पुद्गल तथापि धर्मश्रमण आदि एकदम अनुकूलका छन् । इत्यादि ।

अनि उसले आफ्ना धनसम्पत्ति सबै छोराहरूलाई छोडेर आफ्नो घरबाट बाहिरिए । एक महिनासम्म समुद्रको किनारमा डुङ्गाको प्रतीक्षा गरी समय व्यतीत गऱ्यो तर व्यापारमा कुशल भएकोले त्यहाँ बसेर उसले केही व्यापार गरी हजारौं हजार धन संग्रह गरे । पछि समयानुकुल समुद्र पार गरी क्रमशः महाविहारमा गएर प्रब्रज्या याचन गऱ्यो ।

तत्पश्चात् उसलाई प्रब्रज्या गर्न सीमागृहमा लगियो । त्यसैबेला उसको शरीरबाट हजार रुपियाँको एक पोको खसेछ । भिक्षुहरूले यो के ? भनी सोद्धा भन्यो - "त्यो पैसाको पोको हो । उपासक ! प्रव्रजित भएपश्चात् यसलाई विधान गर्नुहुन्न । तसर्थ, अहिले नै के गर्नुपर्छ, गर ।"

भिक्षुहरूको यो कुरा सुनेर उसले आफू प्रब्रजित हुने ठाउँमा आएकाहरूलाई खाली हातले नजाऊ भन्दै धन सबैलाई बाँडेर आफू प्रब्रजित भयो ।

त्यसपश्चात् उसले ५ वर्षमा दुई मातिका (भिक्षु र भिक्षुणीहरूको प्रातिमोक्ष) पनि सिकेर पवारण गरी आफ्नो अनुकूल कर्मस्थान ग्रहण गरिकन एक एक विहारमा चार-चार महिनासम्म विहार गरी समवर्तवास अर्थात सकल सत्त्वहरूलाई समान चित्तले मैत्री विहार गर्ने चारिका गर्न गए ।

**वनन्तरे ठितो थेरो विसाखो गज्जमानको ।**
**अत्तनो गुणमेसन्तो इममत्थं अभासथ ॥**

अर्थात - "एकदिन जङ्गलको बिचमा बसी स्थविर विशाखले आफ्नो वर्तलाई प्रत्यवेक्षण गरी यसरी उद्गार व्यक्त गरे ।

**यावता उपसरम्पन्ने यावता इध मागतो ।**
**एत्थन्तरे खलितं नत्थि अहो लाभा ते मारिस ॥**



https://dhamma.digital

अर्थात - "जतिबेला उपसम्पन्न भएँ, जतिबेला यहाँ आएँ, यस बिचमा कुनै गल्ती छैन । तसर्थ, तिमीलाई लाभ नै भयो होइन र ?"

एकदिन चित्तल पर्वतमा विहार गर्न जाँदा दुइटा बाटो फेला पर्‍यो । अनि उसले विचार गर्‍यो - "बाटो यो हो कि त्यो ?" यस्तो विचार गरिरहँदा पर्वतका देवताले हातको इशाराबाट यो बाटो भनी निर्देश गरी दिए ।

त्यहाँ चित्तल पर्वतको विहारमा गई कतै नगइकन चार महिनासम्म त्यहीँ नै बसे । चार महिना बितेपश्चात् अब भोलि जाउँला भनी विचार गरेर शयन गरे । त्यहीँ नै चक्रमण गर्ने छेउको 'मणिलि' भन्ने वृक्षमा बस्ने देवता आएर भऱ्याङ्गमा बसी रोइरह्‍यो ।

स्थविर - "यहाँ आएर रोइरहने को हो ?"

देवता - "भन्ते ! म मणिलिको देवता ।"

स्थविर - "किन र तिमी यहाँ आएर रोइराखेको ?"

देवता - "तपाई जानुहुन्छ भनेकोले ।"

स्थविर - "म यहाँ बसेर तिमीलाई के लाभ छ र ?"

देवता - "भन्ते ! तपाई यहाँ बसिराखेकोले अमनुष्यहरू परस्पर मैत्रीचित्त राखेर बसेका छन् । अब तपाई यहाँबाट प्रस्थान गर्नुभयो भने तिनीहरू सबै आ-आफूमा झगडा गरी अमेल हुनेछन् । फेरि नराम्रो अपशब्दका बचन पनि बोल्ने हुन्छन् ।"

स्थविर - "यदि म यहाँ बसेर तिमीहरू सबैको कुशल मनोभाव भई सुखपूर्वक दिन यापन हुन्छ भने एकदम राम्रो कुरा हो ।" भन्दै पुनः चार महिनासम्म नै त्यहीँ बसेर चार महिनापश्चात् जाने विचार गर्नुभयो ।

देवता फेरि पनि आएर रून आयो । अनि स्थविर त्यहीँ नै बसेर परिनिर्वाण हुनुभयो । तसर्थ, मैत्री भावना गर्ने भिक्षु अमनुष्यहरूको पनि



https://dhamma.digital

प्रिय हुन्छ । जसरी आमाले छोराहरूलाई रक्षा गर्ने हो, त्यसरी नै देवताहरूले पनि रक्षा गर्छन् ।

मैत्री भावना गर्ने सत्त्वहरूलाई उत्तरालाई झैँ आगोले छुँदैन, चूल स्थविरलाई झैँ विषले छुँदैन सांकृत्य श्रामणेरलाई सरी हतियारले छुँदैन, मैत्री भावना गरिराख्ने पुरुषलाई दुःखले पिरोल्न सक्तैन ।

अब यहाँ 'धेनुसार गाई' को कुरा अलिकति पनि उल्लेख गरौँ । एकदिन एउटी गाईले आफ्नो बाछोलाई दुध पिलाइरहेकी थिई । त्यसै बखत एक ब्याधा आएर उसलाई मार्ने मनसायले हात घुमाएर लामो भाला फाल्यो । त्यो भाला गाईको शरीरमा पर्‍यो, तर ताल-पात झैँ भएर फर्किएर गयो । यहाँ, यो केवल उपचारको बलमात्र हो । यहाँ अर्पणाको बल केही पनि छैन । केवल आफ्नो बच्चाप्रति प्रेम अत्यन्त बलवान भएको फलमात्र हो । यस्तै नै बलवानयुक्त मैत्री भावना हो ।

मैत्री भावना गर्ने हो भने चित्त चाँडै एकाग्रह हुन्छ । मैत्री-भावनामा विहार गर्नेहरू तुरुन्त नै समाधिस्थलमा पुग्छन्, अनुहारको वर्ण पनि राम्रो हुँदै आउँछ । बन्धनमुक्त झैँ उसको मुहारमा कान्ति र सुन्दरता वृद्धि हुन्छ ।

मैत्री चित्तले विहार गर्ने व्यक्ति मोहरहित भई मरण हुन्छ । मैत्री समापत्तिले अरहन्तसम्म चढन नसकिए तापनि यहाँबाट मरणपश्चात् शयनासनबाट उठेसमान ब्रम्हलोकमा उत्पन्न हुनजान्छ ।



https://dhamma.digital

## मैत्री-भावनाः अभ्यास – ४

१) अनादि कालको प्रतिवेक्षण गरी कसरी द्वेष भावनालाई निरोध गर्न सकिन्छ ?

२) धातु विभाजनद्वारा द्वेषलाई हटाई कसरी मैत्री-भावना गर्न सकिन्छ ?

३) कुन अवस्थामा "सीमा छेदन" भएको हुन्छ, सप्रसंग उल्लेख गर्नुहोस् ।

४) चित्तल पर्वतमा स्थविर सामू वृक्ष देवता किन रोए ?

५) मैत्री-भावनाको राम्रो पक्ष औँल्याउँदै यसको सुपरिणामबारे खुलस्त पार्नुहोस् ।



https://dhamma.digital

**नमूना प्रश्नपत्र**

अखिल नेपाल भिक्षु महासङ्घद्वारा सञ्चालित
नेपाल बौद्ध परियत्ति शिक्षा
**प्रवेश तृतीय वर्ष (कक्षा ६)**
बु.सं. २५६४ (वि.सं.२०७७)
**तृतीयपत्र (नेपाली भाषा)**

समय : ३ घण्टा — पूर्णाङ्क – १००
दिन : २१ चैत्र, २०७७ — उत्तीर्णाङ्क – ३३

**प्र.नं १. तलका प्रश्नहरुको उत्तर संक्षिप्तमा लेख्नुहोस् । (४ वटा मात्र) ४×५ =२०**

क) चैत्यको प्रकार संक्षिप्तमा उल्लेख गर्नुहोस् ।
ख) चैत्य वन्दना भन्नाले के बुझिन्छ ? चैत्यको महत्व र विशेषता लेख्नुहोस् ।
ग) नेपालको सर्न्दभमा बोधिबृक्षको बिषयमा केहि चर्चा गर्नुहोस् ।
घ) पूजा भन्नाले के बुझ्नु हुन्छ र पूजाको के कस्तो महत्व रहेको छ ? लेख्नुहोस् ।
ङ) पुष्प र सुगन्धले किन पूजा गरिन्छ ?

**प्र.नं.२) तलका प्रश्नको उत्तर दिनुहोस् । (५ वटा मात्र) ५×६ = ३०**

क) महाप्रजापति गौतमीले भन्नुभयो । सुगत ! म एउटी आमा हुँ र तर पनि हजुर मेरो पिता हुनुहुन्छ । यस कथनलाई स्पष्ट पार्नुहोस् ।
ख) सुजाताको खीर दानसँग बुद्धत्व ज्ञान प्राप्तको के सम्बन्ध छ ? लेख्नुस् ।
ग) पूर्णको जहानले आफ्नो लागि भनी पकाई ल्याएको भोजन अग्रश्रावकलाई दान दिइसकेको कुरा थाहा पाएर कस्तो प्रतिक्रिया व्यक्त गरे ?
घ) चारूमतीको लुम्बिनी दर्शन र उपत्यका प्रवेशले नेपालको इतिहासमा के कस्ता परिवर्तनहरू आए ?
ङ) कात्यायानीलाई अति नै प्रसन्न भएर बस्ने उपासिकाहरूमध्ये अग्र किन मानिन्छ ?
च) ल्हासामा बुद्धधर्म प्रचार गर्नमा भृकुटीको ठुलो योगदान पुगेको थियो चर्चा गर्नुहोस् ।

**प्र.नं.३) तलका वाक्य कसले कसलाई भनेका हुन् ? लेख्नुहोस् । ५×१ = ५**

क) आर्यपुत्र ! के दासीको तर्फबाट केही बिगार भयो की ? तपाई किन यत्तिकै रिसाउनु भएको ?
ख) “म हवाईद्वीप जानु छ, तपाईको कुरा सुनेर मलाई धेरै हर्ष लागेको छ ।”
ग) “तपाईले भोट देशलाई तथागतको विमल उपदेशले तृप्त गरी दिनुहोस् ।”
घ) मात्र एउटा यत्न छ त्यो हो आफ्नो सन्तानलाई त्रिरत्नको शरणमा सर्मपण गर्नु ।



https://dhamma.digital

ङ) आर्यपुत्र ! शास्ता हाम्रो ढोकामा पाल्नुभएको छ । उहाँलाई गौरवपूर्वक बसाउनुहोस् ।

**प्र.नं ४. तलका खाली ठाऊ भर्नुहोस् ।** **५×१ = ५**

क) चैत्यलाई नेपाल भाषामा .............. भनिन्छ । पालि शब्द .................. यसको समानार्थी शब्द हो ।

ख) महाभिनिष्क्रमणको बेला ..........तिरमा केश छेदन गरिसकेपछि ........... ले स्वर्गमा लगी पुजा गरेको घटना एउटा नमूना हो ।

ग) बुद्धको विषयमा सुनेका ............ र ........... को आधारमा नै सर्वप्रथम बुद्ध प्रतिमा निर्माण भएको हो ।

घ) ............. स्वयम्विराजमान हुने कोठालाई ......... भनिन्छ ।

ङ) बुद्धले ........ प्राप्ति लगत्तै ............. लाई आँखा एकपल पनि नझिम्काई हेरिरहेको बहुप्रचलित कुरा हो ।

**प्र.नं ५. तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।** (**४ वटा मात्र**) **४×५ = २०**

क) स्वयम्लाई उपदेश गरेर कसरी द्वेषभावनालाई निर्मूल गर्न सकिन्छ ?

ख) काय, वची र मनोकर्मलाई ध्यानमा राखेर कसरी मैत्री भावना गर्नुपर्दछ ? लेख्नुहोस् ।

ग) मैत्री-भावना भनेको के हो ? मैत्री-भावना किन र कसरी गर्नुपर्छ ?

घ) द्वेषयुक्त दुराचारी ब्यक्ति दुर्गतिगामी हुन्छ । उदाहरण सहित स्पष्ट पार्नुहोस् ।

ङ) द्वेषी ब्यक्तिले सामना गर्नुपर्ने सात प्रकारका दुष्परिणामहरूबारे उल्लेख गर्नुहोस् ।

**प्र.नं ६. भावार्थ लेख्नुहोस् ।** (**४ वटा मात्र**) **४×५ = २०**

क. आसिंसेथेव पुरिसो न निब्बिन्देय्य पण्डितो ।
पस्सानि वोहमत्तान यथा इच्छिं तथा अहु ॥

ख. मेत्ता विहारी यो मिथवु, पसन्नो बुद्ध सासने ।
अधिगच्छे पदं सन्तं, संखारुपसमं सुखं ॥

ग. अदत्तं दमनं दानं, सब्बत्थ साधक ।
दानेन पियवाचाय, उण्णमन्ति नमन्ति च ॥

घ. यानि रक्खसि सीलानि तेसं मूलं निकन्तनं ।
कोधं नामुपलालेसि का तया सदिसो जलो ॥

ङ. चन्दनरसानुलित्ता बाहा छिज्जन्ति धम्मपालस्स ।
दायदस्स पथव्या मे देव रुज्झन्ति ।

**समाप्त**



https://dhamma.digital

# परियत्ति सद्धम्म पालक प्रवेश तृतीय वर्ष (तह ६)

## तृतीय पत्र

## चैत्य-पूजा, आदर्श बौद्ध महिलाहरू, मैत्री-भावना

**समग्र उद्देश्य :**

विद्यार्थीहरूले बौद्ध परम्परा अनुसार चैत्य-पूजाको दार्शनिक अर्थ बुझ्नेछन् तथा मैत्री-भावनाको ठुलो आनिशंस रहेको कुरा सिक्नेछन् । बुद्धकालीन समयदेखि इतिहासको कालक्रममा बौद्ध क्षेत्रमा योगदान पुऱ्याएका विशिष्ट महिलावर्गको जीवनी अध्ययन गरेर प्रेरणा प्राप्त गर्नेछन् ।

**सिकाइगत उद्देष्यहरू :**

१. विद्यार्थीहरूले बौद्ध परम्परा अनुसार चैत्य-पूजाको दार्शनिक अर्थ बुझ्नेछन् ।

२. बुद्धकालीन आद्धर्श बौद्ध महिलाहरूको जीवनी तथा उनीहरूले प्राप्त गरेको लोकुत्तर ज्ञानको बारेमा सिक्नेछन् ।

३. बुद्धको महापरिनिर्वाण पछिका आदर्श बौद्ध महिलाहरूको जीवनी अध्ययन गरेर प्रेरणा प्राप्त गर्नेछन् ।

४. वर्तमान नेपालका आदर्श बौद्ध महिलाहरूको थेरवाद बुद्धधर्मको इतिहासमा भिक्षुवर्गको सरह अनागारिका गुरुमांहरूको पनि अटुलनीय योगदान रहेको तथ्य जान्नेछन् ।

५. मैत्री-भावनाको अभ्यासले लौकिक तथा लोकुत्तर दुबैतिर आनिशंस प्राप्त हुने कुरा थाहा पाउनेछन् ।

अखिल नेपाल भिक्षु महासङ्घ
**नेपाल बौद्ध परियत्ति शिक्षा**
केन्द्रिय कार्यालय : विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीनभवन, काठमाण्डौ ।
फोन नं.: ४१०६९३६, ४१०६९४१, E-mail : pariyatti2556@gmail.com

https://dhamma.digital